# शिक्षा

## कक्षा ९

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

© सर्वाधिकार : पाठ्यक्रम विकास केन्द्र

वि.सं. २०७६

मुद्रण : मुद्रण : जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानोठिमी, भक्तपुर

ISBN : 978-9937-601-38-2

पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

# हाम्रो भनाइ

शिक्षालाई उद्देश्यमूलक, व्यावहारिक, समसामयिक र रोजगारमूलक बनाउन विभिन्न समयमा पाठ्यक्रम, पाठ्यपुस्तक विकास तथा परिमार्जन गर्ने कार्यलाई निरन्तरता दिइँदै आएको छ । विद्यार्थीहरूमा राष्ट्र, राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराई नैतिकवान् अनुशासित र स्वावलम्बी, सिर्जनशील, चिन्तनशील भई समावेशी समाज निर्माणमा योगदान दिन सक्ने, भाषिक तथा गणितीय सिपका साथै विज्ञान, सूचना तथा सञ्चार प्रविधि, वातावरण, स्वास्थ्य र जनसङ्ख्यासम्बन्धी ज्ञान र जीवनोपयोगी सिपको विकास गराउनु जरुरी छ । उनीहरूमा कला र सौन्दर्य, मानवीय मूल्य मान्यता, आदर्श र वैशिष्ट्यहरूको संरक्षण, संवर्धनप्रतिको भाव जगाउन आवश्यक छ । समतामूलक समाजकको निर्माणमा सहयोग पुऱ्याउन उनीहरूमा विभिन्न जातजाति, लिङ्ग, अपाङ्गता, भाषा, धर्म, संस्कृति र क्षेत्रप्रति समभाव जगाउनु र मानव अधिकार तथा सामाजिक मूल्य मान्यताप्रति सचेत भई जिम्मेवारीपूर्ण आचरण विकास गराउनु पनि आजको आवश्यकता बनेको छ । विद्यार्थीको विशेष क्षमता उजागर गर्न ऐच्छिक विषयहरूको पनि व्यवस्था गरिनुपर्छ । यही आवश्यकता पूर्तिका लागि माध्यमिक तह (कक्षा ९-१०) ऐच्छिक शिक्षा विषयको पाठ्यक्रम, २०७४, शिक्षासम्बन्धी विभिन्न आयोगका सुझाव, शिक्षक, विद्यार्थी तथा अभिभावकलगायत शिक्षासँग सम्बद्ध विभिन्न व्यक्ति सम्मिलित गोष्ठी र अन्तरक्रियाका निष्कर्षका साथै विभिन्न पृष्ठपोषणसमेतलाई आधारमानी यो पाठ्यपुस्तक तयार पारिएको हो ।

यस पाठ्यपुस्तकको लेखन डा. सुशान आचार्य, डा. जीवन खड्का, डा. गणेश धमलाद्वारा भएको हो । पाठ्यपुस्तकलाई यस स्वरूपमा ल्याउने कार्यमा केन्द्रका महानिर्देशक डा. लेखनाथ पौडेल, श्री कृष्णप्रसाद काप्री, निर्देशकद्वय श्री प्रेम भट्टराई र श्री गणेशप्रसाद भट्टराई, डा. बासुदेव काफ्ले, डा. भरतविलाश पन्त, श्री माधवप्रसाद ढकाल, श्री मधु तिमिल्सिना, श्री सरस्वती भट्टराईलगायतको विशेष योगदान रहेको छ । यस पाठ्यपुस्तकको विषयवस्तु सम्पादन श्री विष्णुमाया सापकोटा, भाषा सम्पादन श्री पुरुषोत्तम घिमिरे र श्री चिनाकुमारी निरौला, चित्राङ्कन, टाइप सेटिङ र लेआउट डिजाइन सन्तोषकुमार दाहालबाट भएको हो । यस पाठ्यपुस्तकको विकास तथा परिमार्जन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

पाठ्यपुस्तकलाई शिक्षण सिकाइको महत्त्वपूर्ण साधनका रूपमा लिइन्छ । यसबाट विद्यार्थीले पाठ्यक्रमद्वारा लक्षित सक्षमता हासिल गर्न मदत पुग्ने अपेक्षा गरिएको छ । यस पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमुखी, रुचिकर र सिकारु केन्द्रित बनाउने प्रयत्न गरिएको छ । पाठ्यपुस्तकलाई अझै परिस्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत महत्त्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

वि.सं. २०७६

# विषयसूची


| एकाइ | विषयवस्तु | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १ | शिक्षाको परिचय | १ |
| २ | शैक्षिक उद्देश्य, संरचना र शिक्षा विकासका प्रयासहरू | १४ |
| ३ | बालविकास र बालमनोविज्ञान | २१ |
| ४ | पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री | ३० |
| ५ | शैक्षणिक योजना र कक्षाकोठा व्यवस्थापन | ३९ |
| ६ | शिक्षण विधि तथा प्रविधि र शैक्षिक सामग्री | ६० |
| ७ | विद्यार्थी मूल्याङ्कन | ७३ |
| ८ | असल विद्यार्थी तथा शिक्षकका गुणहरू | ८३ |
| ९ | विद्यालयमा सञ्चाल गरिने अतिरिक्त/सहक्रियाकलाप | ८९ |
| १० | सिकाइ र उत्प्रेरणा | १०० |
| ११ | शिक्षक तालिम | ११० |
| १२ | शिक्षा र अधिकार | ११६ |
| १३ | विद्यालय र समुदायबिचको सम्बन्ध | १२५ |
| १४ | शिक्षा परियोजनाहरू | १३३ |
| १५ | नेपालका शैक्षिक प्रशासनसम्बद्ध निकायहरू | १४० |

एकाइ १

# शिक्षाको परिचय

# (Introduction to Education)

## १.१ शिक्षाको अर्थ र परिभाषा (Meaning and Definition of Education)

'शिक्षा' शब्द 'शिक्ष्' धातुमा आ (टाप्) प्रत्यय लागेर बनेको संस्कृत शब्द हो । कुनै कुरा सिक्ने इच्छा, सिकाइको तरिका र सिकाइ उपलब्धिको प्रस्तुति नै शिक्षा हो । शिक्षा शब्द अङ्ग्रेजीको Education को नेपाली रूपान्तरण हो । Education शब्द ल्याटिन भाषाको एडुकेटम (Educatum) र एडुकेयर (Educare) बाट आएको हो । यसको अर्थ क्रमशः तालिम दिनु (to train) र प्रस्फुटन गर्नु, प्रकाशमा ल्याउनु (to lead out/to draw out) भन्ने हुन्छ । कुनै पनि विषयवस्तुको ज्ञान दिनु अथवा व्यक्तिलाई कुनै पनि प्रकारको सिप र व्यवहार सिकाउनु नै शिक्षा हो । शिक्षा विषयवस्तुको जानकारी र त्यसको सिपपरक पक्ष हो । शिक्षा व्यक्तिले दैनिक घर, परिवार, विद्यालय तथा सामाजिक अन्तरक्रियाबाट प्राप्त गरेको हुन्छ । व्यक्तिको अन्तरमनमा लुकेर रहेको क्षमतालाई बाहिर ल्याउनु र समयक्रमसँगै विकास गर्नुलाई नै शिक्षा भनिन्छ । शिक्षाले व्यक्तिको शारीरिक, मानसिक, बौद्धिक, आध्यात्मिक तथा नैतिक पक्षहरूको विकासमा सघाउ पुऱ्याउँछ । शिक्षालाई सङ्कुचित र व्यापक गरी दुई किसिमबाट अर्थ लगाउन सकिन्छ ।

### शिक्षाको सङ्कुचित अर्थ (Narrow Meaning of Education)

सङ्कुचित अर्थमा विद्यालय, क्याम्पस तथा महाविद्यालयको औपचारिक घेराभित्र मात्र सीमित राखी प्रदान गरिने ज्ञान र सिप नै शिक्षा हो । विद्यालयमा विद्यार्थीले प्रायःजसो किताबका विषयवस्तुका बारेमा सुनाइ, बोलाइ, पढाइ र लेखाइमार्फत सिक्छन् । त्यसैले सङ्कुचित अर्थमा किताबी ज्ञान नै शिक्षा हो । परम्परागत औपचारिक रूपमा दिइने र लिइने शिक्षा नै सङ्कुचित शिक्षा हो । यसका निम्ति तहगत संरचनाहरू निर्धारण गरिएको हुन्छ । यसका निम्ति पाठ्यक्रम र पाठ्यपुस्तक तोकी निश्चित समयावधिभित्र पठनपाठन क्रियाकलाप सञ्चालन गर्ने भन्ने कुराहरू तोकिएका हुन्छन् । तोकिएको पाठ्यक्रमबाट लिखित र आवश्यकताअनुसार मौखिक परीक्षाका माध्यमद्वारा समय समयमा विद्यार्थीको सिकाइ उपलब्धिलाई मापनसमेत गरिन्छ । यसै औपचारिक माध्यमबाट नै विद्यार्थीले विभिन्न कक्षा र तहहरू उत्तीर्ण गरी योग्यताका प्रमाणपत्रहरू प्राप्त गर्छन् र सोही आधारमा रोजगारीका निम्ति प्रयास गर्छन् ।

### शिक्षाको व्यापक अर्थ (Wider Meaning of Education)

व्यापक अर्थमा शिक्षालाई विद्यालय तथा महाविद्यालयको औपचारिक घेराभित्र मात्र सीमित नराखी जीवनपर्यन्त चलिरहने प्रक्रियाका रूपमा हेरिएको हुन्छ । शिक्षालाई व्यक्तिको जन्मदेखि मृत्यु पूर्वसम्म प्राप्त हुने सम्पूर्ण व्यवहार र अनुभवलाई शिक्षाको व्यापक अर्थले समेट्छ । शिक्षालाई किताबी ज्ञानमा मात्र सीमित नगरी व्यवहार र अनुभवबाट प्राप्त गरिने ज्ञान तथा सिपलाई समेत समेटिएको हुन्छ । व्यक्तिले विद्यालय गएर

किताबी ज्ञान प्राप्त नगरे तापनि शिक्षा प्राप्त गर्न सक्छ । एकपटक प्राप्त गरेको ज्ञानले जिन्दगीभरलाई पुग्दैन । तसर्थ सिकाइ एक निरन्तर प्रक्रिया हो । यसका निम्ति विद्यार्थी सक्रिय भइरहनुपर्दछ । परिवर्तित समाजसँग व्यक्तिको सक्रिय सहभागिताले शिक्षा आर्जन भई नै रहेको हुन्छ । यस प्रकारको शिक्षा नै व्यक्तिको जीवनोपयोगी हुन सक्छ । यस प्रकारको शिक्षाले किताबी ज्ञानलाई भन्दा जीवनोपयोगी अनुभव र सिपहरू सिकाएर व्यक्तिलाई आत्मनिर्भर बनाउन सहयोग पुऱ्याउँछ । व्यक्तिको चौतर्फी विकासमा सहयोग पुऱ्याइरहेको हुन्छ ।

शिक्षालाई व्यापक अर्थका रूपमा व्याख्या गर्ने क्रममा शिक्षाविद् एवम् दार्शनिक जोन डिवे (John Dewey) ले शिक्षालाई जीवन र जीवनलाई शिक्षाका रूपमा हेरेको पाइन्छ । उनकाअनुसार "शिक्षा जीवन हो, जीवन भनेको वृद्धि हो, त्यसैले शिक्षा भनेको वृद्धि हो ।" (Education is life, life is growth, therefore education is growth - John Dewey)

निष्कर्षमा भन्नुपर्दा शिक्षाको व्यापक अर्थले कुनै पनि शिक्षालयको सीमित घेराभित्र मात्र शिक्षा प्राप्त नगरी शिक्षालयभित्र औपचारिक माध्यमबाट वा बाहिर अनौपचारिक र अन्य माध्यमहरूबाट पनि जीवनभर प्राप्त गरिने ज्ञान तथा सिप नै शिक्षा हो भन्ने जनाउँछ ।

## शिक्षाको परिभाषा (Definition of Education)

विभिन्न दर्शन तथा शिक्षाविद्हरूले शिक्षालाई विभिन्न ढङ्गले परिभाषित गरेका छन् । शिक्षाका केही परिभाषाहरू तल प्रस्तुत गरिएका छन् :

- शिक्षाले अज्ञानता हटाउँछ, असल ज्ञान दिन्छ र विद्यार्थीको व्यक्तित्त्व विकास एवम् परिवर्तन गर्छ । व्यक्तिको भित्री चेतनाबारे उसलाई सचेत गराइदिन शिक्षा सफल हुनुपर्छ । जीवनमा कर्तव्यको महत्त्वबारे व्यक्तिको मनोवृत्तिको विकास गराउने पनि शिक्षा हो : भागवत् गीता ।
- हरेक व्यक्तिमा बुद्धि र ज्ञान अन्तरनिहित हुन्छ । अर्थात् हरेक व्यक्तिमा बुद्धिमान् ज्ञानवान् हुने सम्भावना हुन्छ । तर धेरै जनालाई भ्रम र गलत धारणाले गर्दा आफ्नो यस्तो क्षमताका बारेमा चेतना हुँदैन । शिक्षाको अर्थ उक्त अन्तरनिहित क्षमता चिनाउनु हो : बौद्ध दर्शन ।
- व्यक्तिमा निहित कुशलतालाई प्रत्यक्ष रूपमा अगाडि ल्याइदिनु शिक्षा हो । ढुङ्गामा निहित आगाको झिल्का जस्तै ज्ञान पहिले नै मनमष्तिस्कमा हुन्छ । सुझाव घर्षण हो जसले उक्त भिल्का अर्थात् ज्ञानलाई उजागर गरिदिन्छ : स्वामी विवेकानन्द ।
- शिक्षा अरू केही होइन, बानीहरूको निर्माण मात्र हो । (Education is nothing but the formation of habit) : Jean-Jacques Rousseau
- ज्ञान प्राप्त गर्ने, बटुल्ने र तथ्यहरूलाई दाँज्ने मात्र शिक्षा होइन । जीवनलाई एउटा पूर्ण रूपमा यसको

महत्त्व बुझ्नु शिक्षा हो । शिक्षाले दीर्घकालीन गुण पत्ता लगाउन मदत गर्छ जसले गर्दा हामीहरू खाली सूत्रमा झुन्डिने वा नारा रट्ने मात्र गर्ने छैनौँ : Jiddu Krishnamurti

- भविष्यको सफल जीवनको तयारी नै शिक्षा हो । (Education is the preparation for a succeeful life in future) : Herbert Spencer.
- शिक्षा त्यो प्रक्रिया हो जसबाट बालबालिकाले आफ्ना आन्तरिक गुणहरूलाई बाहिर प्रकट गर्छन् । (Education is a process by which the child makes its internal external) : Friedrich Froebel.
- व्यक्तिमा आफ्नो वातावरणलाई नियन्त्रण गरी आफ्ना सम्भावनाहरूलाई पूरा गर्न सक्ने क्षमताहरूको विकास गराउनु नै शिक्षा हो । (Education is the development of all those capacities in an individual which will enable him to central his environment and fulfill his possibilities) : John Dewey.

शिक्षाका सम्बन्धमा शिक्षाविद् र दर्शनहरूले फरक फरक विचारहरू प्रस्तुत गरे तापनि सबैले व्यक्तिमा भएका चरित्र र क्षमतालाई विकास गराउने साधनका रूपमा शिक्षालाई परिभाषित गरेको पाइन्छ । आधुनिक समयका शिक्षाविद्ले शिक्षालाई व्यावहारिक जीवनसँग जोडेका छन् । यसलाई सफल जीवनयापनका लागि आवश्यक पर्ने ज्ञान र सिप हासिल गर्ने माध्यम मानेका छन् । व्यक्तिको सर्वाङ्गीण विकास गर्ने महत्त्वपूर्ण माध्यमका रूपमा शिक्षालाई परिभाषित गरेका छन् । हरेक अवस्थामा ज्ञान, सिप प्राप्त गर्नु असल बानी र व्यवहार प्रस्तुत गर्नु र समाजमा मिलेर बस्न सक्ने क्षमताको विकास गर्नु नै शिक्षा हो ।

## १.२ शिक्षाका उद्देश्यहरू (Objectives of Education)

शिक्षाद्वारा बालबालिकामा व्यक्ति तथा समाजले चाहेको व्यवहारको निर्माण गराउन सकिन्छ । निश्चित ज्ञान, सिप तथा व्यवहारको छनोट गरी उनीहरूलाई तोकिएको समयावधिभित्र ती ज्ञान, सिप तथा व्यवहारहरू प्रदान गर्ने प्रयास गरिन्छ । त्यसका निम्ति पाठ्यक्रमका माध्यमद्वारा उद्देश्यहरू तोकिएका हुन्छन् । ती तोकिएका उद्देश्यहरू निश्चित समयावधिमा पूरा भए नभएको लेखाजोखा गरिन्छ । शिक्षाका उद्देश्यहरू व्यक्तिगत, सामाजिक र राष्ट्रिय आवश्यकताका आधारमा निर्माण गरिएका हुन्छन् । उद्देश्यहरूको निर्माणबिना सिकाइ अन्यौल हुन जान्छ । त्यसैले सिकाइका निम्ति सर्वप्रथम उद्देश्यहरू निर्माण गर्नुपर्दछ ।

समाज परिवर्तनशील छ । समाजको परिवर्तनसँगै व्यक्ति र समाजका पनि आवश्यकताहरू बदलिँदै जान्छन् । तसर्थ शिक्षाका उद्देश्यहरू तय गर्दा राष्ट्रको विद्यमान आवश्यकता, सामाजिक आवश्यकता, राजनीतिक परिवेश, धार्मिक एवम् सांस्कृतिक परिवेश जस्ता पक्षहरूलाई विशेष ध्यान दिइएको हुन्छ । यसै कारण समय समयमा विद्यालय तथा महाविद्यालयका पाठ्यक्रमहरू परिवर्तन गरिन्छन् । शिक्षाको कार्य सामाजिक यथार्थ

आवश्यकतालाई समेट्नु र साथसाथै समाजलाई समयानुकूल परिवर्तन पनि गर्दै लैजानु हो । परम्परागत समाजमा शिक्षाको उद्देश्य यथास्थितिको संरक्षण गर्नु हो भने प्रगतिशील समाजमा शिक्षाको उद्देश्य खोज वा अनुसन्धान गर्दै परिवर्तनसमेत गर्नु हो । यसका आधारमा शिक्षाका उद्देश्यहरूलाई निम्नानुसार बाँड्न सकिन्छ :

१.२.१. शिक्षाको व्यक्तिगत उद्देश्य (Individual Objective of Education)

१.२.२. शिक्षाको सामाजिक उद्देश्य (Social Objective of education)

१.२.३. शिक्षाको राष्ट्रिय उद्देश्य (National Objective of education)

## शिक्षाको व्यक्तिगत उद्देश्य (Individual Objective of Education)

व्यक्ति, समाज र राष्ट्रको एउटा एकाइका रूपमा रहेको हुन्छ । त्यसैले व्यक्ति व्यक्ति मिलेर समाज र समाज समाज मिलेर राष्ट्र निर्माण भएको हुन्छ । त्यसैकारण राष्ट्रको एउटा सानो एकाइका रूपमा रहेका प्रत्येक व्यक्तिको विशेष महत्त्व हुन्छ । शिक्षा व्यक्तिका लागि दिइन्छ । कृष्णमूर्तिले भने झैँ हरेक व्यक्तिमा अपार क्षमता र गुणहरू हुन्छन् । ती गुण एवम् क्षमतालाई शिक्षण सिकाइमार्फत उजागर गर्ने र सुधार गर्दै लैजानु नै शिक्षाको प्रमुख उद्देश्य हो । यो उद्देश्यले नै व्यक्तिको सर्वाङ्गीण विकास गराउने हुनाले नै यसलाई शिक्षाको व्यक्तिगत उद्देश्य भनिएको हो ।

घरमा विद्यार्थीका अभिभावकले आफ्ना परम्परा, अनुभव, माया, ममता सिकाउनुका साथै नैतिकता र असल चरित्रका पाठहरू सिकाउँछन् । विद्यालयमा पाठ्यक्रम र पाठ्यपुस्तकका आधारमा शिक्षकहरूले आफ्ना विद्यार्थीलाई सिपयुक्त नैतिकवान् र व्यावहारिक व्यक्ति बनोस् भन्ने चाहना राखेका हुन्छन् ।

विद्यालयमा हुने अतिरिक्त क्रियाकलाप तथा सहक्रियाकलापका माध्यमबाट विद्यार्थीहरूमा व्यक्तिगत रूपमा भएको क्षमतालाई समूहमा प्रदर्शन गर्ने अवसर दिइन्छ । शिक्षाकै माध्यमबाट जीवनोपयोगी ज्ञान, सिप व्यवहार र अनुभवहरू प्रदान गरिन्छ । यसरी शिक्षाले बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक र संवेगात्मक विकासमा सहयोग पुऱ्याइराखेको हुन्छ ।

बालबालिकाको उमेरअनुसार शिक्षाको उद्देश्य पनि परिवर्तन हुँदै जान्छ । तसर्थ बालबालिकालाई सक्षम नागरिक बन्न सहयोग गर्ने ज्ञान एवम् सिप प्रदान गर्नु शिक्षाको व्यक्तिगत उद्देश्य हो ।

## शिक्षाको सामाजिक उद्देश्य (Social Objective of Education)

समाजमा विभिन्न सामाजिक मूल्य, मान्यता, संस्कृति, भाषा, लैङ्गिक पहिचान, जातीयता, धर्म र परम्परा बोकेका व्यक्तिहरू हुन्छन् । तिनीहरूले आआफ्ना पृष्ठभूमिअनुसारको पहिचान हुन्छन् । ती प्रत्येक व्यक्तिले समाजमा रहेर विभिन्न माध्यमहरूद्वारा आफ्ना आवश्यकताहरूको परिपूर्ति गरिरहेका हुन्छन् । व्यक्तिबिनाको

समाजको परिकल्पना गर्न सकिँदैन भने समाजबिना व्यक्तिको अस्तित्त्व रहँदैन । विविधताबिनाको समाजको पनि परिकल्पना गर्न सकिँदैन । तसर्थ सामाजिक मूल्य, मान्यता, संस्कृति, भाषा, लैङ्गिक पहिचान, जातीयता, धर्म र परम्परा एवम् पहिचानको बोध गराउनु पनि शिक्षाको उद्देश्य हो । शिक्षाले सामाजिक आवश्यकताको पहिचान गराउन तथा समाजमा एकअर्काको पृष्ठभूमिको सम्मान गर्दै आपसमा मिलेर बस्न सक्ने बनाउने उद्देश्य राखेको हुन्छ । शिक्षाले समाजको विकास गराउन सक्ने व्यक्तिहरूको जमात तयार पार्ने उद्देश्य पनि राखेको हुन्छ । तसर्थ शिक्षाका उद्देश्यहरूलाई देशको आर्थिक र राजनीतिक आवश्यकताहरूका साथै सामाजिक मूल्य मान्यता एवम् आवश्यकताहरूले पनि प्रभाव पारेका हुन्छन् ।

### शिक्षाको राष्ट्रिय उद्देश्य (National Objective of Education)

शिक्षाको राष्ट्रिय उद्देश्यले राष्ट्रिय हित र आवश्यकताहरूलाई सम्बोधन गर्छ । देशको आर्थिक तथा सामाजिक विकासको निम्ति आवश्यक जनशक्ति उत्पादन गर्ने, विविध सामाजिक पृष्ठभूमि बोकेका नागरिकहरूलाई एक अर्कालाई सम्मान गर्दै मिलेर बस्न सिकाउने आदिलगायतका शिक्षाका राष्ट्रिय उद्देश्य हुन सक्छन् ।

## १.३ शिक्षाका प्रकारहरू (Types of Education)

शिक्षा दिने र लिने माध्यमहरू विविध हुन्छन् । शिक्षा भन्ने शब्दले व्यापक अर्थ दिन्छ । यो व्यापक वस्तु ग्रहण गर्ने विधि पनि एउटै मात्र हुन सक्दैन । शिक्षा प्राप्त गर्ने वा सिकाइका बाटाहरूको कुरा गर्दा प्रायः जसो  तीनओटा माध्यमहरूबारे चर्चा हुने गरेका छन् । ती तीन माध्यमहरू हुन् - औपचारिक, अनौपचारिक र अरितिक । यिनै माध्यमहरूलाई औपचारिक शिक्षा, अनौपचारिक शिक्षा र अरितिक शिक्षा पनि भनिन्छ । यिनलाई औपचारिक सिकाइ अनौपचारिक सिकाइ र अरितिक सिकाइ पनि भन्ने गरिन्छ ।

### औपचारिक शिक्षा वा सिकाइ (Formal education or learning)

आधुनिक शिक्षाको विकाससँगै सङ्गठित रूपमा शिक्षा प्रदान गर्ने चलन चल्यो । यो सङ्गठित रूपलाई नै औपचारिक शिक्षा भनिन्छ । शिक्षाको सङ्गठित माध्यममार्फत सिकाइमा संलग्न हुनु र सिक्नु औपचारिक सिकाइ हो । औपचारिक शिक्षा वा सिकाइका आफ्नै विशेषताहरू हुन्छन् । प्रारम्भिक बालशिक्षा तथा विकासदेखि कक्षा १ हुँदै कक्षा ८ सम्मको आधारभूत तह,  कक्षा ९ देखि कक्षा १२ सम्मको माध्यामिक तह तथा उच्च शिक्षा (विश्वविद्यालय तहको शिक्षा) हुने हुँदा यो लामो समयको हुन्छ । तसर्थ औपचारिक शिक्षा निरन्तर रूपमा कुनै निश्चित समय, उमेर समूह, वातावरण, स्थान र पाठ्यक्रमभित्र बसेर हासिल गरिन्छ । १० बजेदेखि ४ बजेसम्म हरेक दिन चल्ने विद्यालय जहाँ बालबालिकाहरू १ कक्षामा भर्ना भएर दश वा बाह्र कक्षा पास गरेर प्रमाणपत्र लिएर निस्कन्छन् । औपचारिक शिक्षा वा सिकाइले प्रायः शिक्षाको एक तहबाट अर्को तह चढ्न तयार पार्छ ।

## अनौपचारिक शिक्षा वा सिकाइ (Non-formal education or learning)

अनौपचारिक शिक्षा वा सिकाइ एउटा छाता शब्दावली हो । यसभित्र विभिन्न प्रकारका शिक्षण सिकाइका माध्यमहरू भेटिन्छन्, जस्तै : प्रौढ साक्षरता शिक्षा, वैकल्पिक विद्यालय, खुला शिक्षा वा सिकाइ तथा सिपमूलक शिक्षा आदि । Coombs/ Ahmed (सन् १९७४) का अनुसार अनौपचारिक शिक्षा औपचारिकभन्दा बाहिरको सङ्गठित पद्धति हो । तसर्थ अनौपचारिक शिक्षा पनि सङ्गठित नै हुन्छ । तर यसमा समय, वातावरण, स्थान तथा पाठ्यक्रम निश्चित नहुन सक्छ । यसमा शिक्षार्थीको उमेरको सीमा पनि रहँदैन । अनौपचारिक शिक्षामा अनौपचारिक शिक्षाको अवसर नपाएका एक निश्चित कक्षा वा तहसम्मको शिक्षा प्राप्त गरेर विद्यालय छाड्ने बालबालिका, युवा र पौढहरूका लागि वैकल्पिक शिक्षाको अवसर प्रदान गरिन्छ ।

अनौपचारिक शिक्षाको अन्तिम लक्ष्य प्रमाणपत्रभन्दा पनि सिकाइ हुन्छ । नेपालमा अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रममार्फत पढेको विद्यार्थीले औपचारिक शिक्षाको कक्षा ५ बराबरको ज्ञान र सिप हासिल गरेको छ भने उसलाई औपचारिक विद्यालयको कक्षा ६ मा  भर्ना गरिन्छ । तर उच्च शिक्षामा अनौपचारिक माध्यमबाट शिक्षा हासिल गरेर औपचारिक शिक्षातर्फ थप शिक्षा आर्जन गर्न जाने हो भने प्रमाणपत्र आवश्यक पर्छ । यस अवस्थामा प्रमाणपत्र उपलब्ध पनि हुन्छ ।

अनौपचारिक शिक्षा प्राय: जीवनोपयोगी सिप प्रदान गर्न बढी प्रयोग हुन्छ, जस्तै, साक्षरता सिप, जीविकोपार्जनका सिपहरू, स्वास्थ्य सरसफाइसम्बन्धी ज्ञान तथा सिप । व्यावसायिक एवम् व्यवहारजन्य सिपहरू प्रदान गर्न अनौपचारिक माध्यम बढी सहज हुन्छ । यो माध्यम जुनसुकै उमेर समूह र शिक्षार्थीको अनुकूल समयमा सञ्चालन गरिन्छ । यसर्थमा अनौपचारिक शिक्षा व्यक्तिको जीवनसँग बढी सम्बन्धित हुन्छ । औपचारिक शिक्षाले दिन नसकेका जीवनोपयोगी ज्ञान तथा सिपहरू अनौपचारिक शिक्षाका माध्यमबाट प्राप्त गर्न सकिन्छ ।

माथि भनिए जस्तै विविध कारणले नियमित रूपमा शिक्षण संस्थामा गएर पढ्न नसक्ने व्यक्तिहरूका लागि औपचारिक शिक्षा सरहको सिकाइ सिप तथा ज्ञान प्रदान गर्ने काम अनौपचारिक शिक्षाले गर्दछ । औपचारिक शिक्षाले दिने मान्यता सरहको वैकल्पिक माध्यमबाट प्रदान गरिने शिक्षालाई समकक्षी शिक्षा पनि भनिन्छ । तर समकक्षी हुनका लागि सिकाइ उद्देश्य, उपलब्धि, मूल्याङ्कन, शिक्षक योग्यता, आदि पनि बराबरको वा समकक्षी नै हुनुपर्छ । सिकाउने तरिका, सिकाइको समयावधि तथा मूल्याङ्कन तरिका भने भिन्न हुन्छन् ।

## अरितिक शिक्षा वा सिकाइ (Informal Education or Learning)

सङ्गठित व्यवस्थाभन्दा बाहिर पनि प्रशस्त सिकाइ भइरहेका हुन्छन् । यस्तो सिकाइ आदिमकालदेखि चल्दै आएको छ, जस्तै : जङ्गलमा गएर जनावर मारेर ल्याउने ज्ञान र सिप मानिसहरूले विद्यालयको स्थापना हुनु अगाडि नै अर्थात् परापूर्व कालमै सिकिसकेका थिए । अरितिक शिक्षा वा सिकाइ व्यक्तिको चाहना वा आवश्यकतामा आधारित हुन्छ । यो औपचारिक र अनौपचारिक शिक्षा जस्तो योजनाबद्ध र अभिप्रेरित

हुन पनि सक्छ, नहुन पनि सक्छ । अर्थात् सिकाउनेको अभिप्राय: हुन सक्छ तर सिक्नेको नहुन सक्छ । त्यस्तै सिक्नेको अभिप्राय हुन सक्छ तर सिकाउनेको नहुन सक्छ, जस्तै : जनमानसलाई केही कुरो सिकाउने अभिप्रायले रेडियोमार्फत विभिन्न सूचना तथा जानकारीहरू सम्प्रेषण गरिन्छन् । तर स्रोताको सिक्ने अभिप्राय नहुन सक्छ । अभिप्राय नहुँदा नहुँदै पनि सुन्दा सुन्दा सिकाइ भई राखेको हुन्छ । त्यस्तै कुनै कार्यालयमा वा कार्यशालामा अरूको काम गराइको तौर तरिका वा बानी व्यवहार नियाल्दा नियाल्दै कति सिपहरू सिकिन्छ ।

व्यक्तिको जीवनमा औपचारिक, अनौपचारिक र अरितिक सिकाइ क्रमबद्ध रूपमा हुँदैन । एकपछि अर्को भन्ने हुँदैन । यी तीनओटै माध्यमबाट सिकाइ साथसाथै वा निरन्तर भइरहन्छ, जस्तै : विद्यालयमा पढ्दै गर्दा विद्यार्थीहरूले कुनै संस्थामा अनौपचारिक माध्यमबाट चित्रकला वा कम्प्युटर वा कुनै खेल सिकिरहेका हुन्छन् । सोही विद्यार्थीले घरमा पकाउने वा सिलाउने वा अन्य पारिवारिक व्यवसायसम्बन्धी काम सिकिरहेको हुन सक्छ । सिकाइ अभिप्राय: राखेर घर परिवारमा कसैले केही गरेको हेरेर सिकिराखेको हुन सक्छ । स्वयम् सिक्ने इच्छाले सहयोगीका रूपमा काम गरेर सिकिराखेको हुन सक्छ । घरका ठुलाठालुले सिकाउने अभिप्रायले काममा संलग्न गराउँदा पनि सिकाइ भइराखेको हुन्छ । त्यस्तै विद्यालयमा एउटा विद्यार्थीले कक्षाकोठाभित्र औपचारिक माध्यमबाट शिक्षा हासिल गरिरहेको हुन्छ । उसले अतिरिक्त क्रियाकलापमा सहभागी भएर अनौपचारिक माध्यमबाट विविध सिप तथा ज्ञान हासिल गरिरहेको हुन्छ । साथीभाइसँगको सङ्गत वा अन्तरक्रियामा संलग्न भएर अरितिक माध्यमबाट पनि केही न केही सिकिरहेकै हुन्छ । तसर्थ जोकोहीले पनि जीवनमा यी तीनओटै माध्यमबाट निरन्तर शिक्षा हासिल गरिराखेकै हुन्छ ।

## १.४ आजीवन सिकाइ (Lifelong Learning)

जीवनमा हरेक व्यक्तिले कुनै न कुनै माध्यमबाट केही न केही सिकिराखेकै हुन्छ । उसले सिकेका केही सिप जीवनमा काम लाग्न सक्छन् । केही सिप त्यत्ति काम लाग्ने नहोलान् । समाज, प्रविधि र आवश्यकताहरू परिवर्तन हुँदै जाँदा काम गर्ने तौरतरिका एवम् आवश्यक ज्ञान र सिपमा पनि परिवर्तन हुँदै जान्छ । कतिपय अवस्थामा नयाँ ज्ञान सिप सिक्नुपर्ने हुन्छ । कतिपय अवस्थामा आफ्ना ज्ञान सिपलाई अद्यावधिक गर्नुपर्ने हुन्छ । तसर्थ परिवर्तित कार्यथलो, समाज तथा घरपरिवारमा आफूलाई समायोजन गर्दै सहज रूपमा जीवन जिउन निरन्तर रूपमा केही न केही सिकिरहनुपर्ने हुन्छ । कम्प्युटर, मोबाइल फोन, इन्टरनेट र महिलाले स्कुटर चलाउन सिक्नु त्यही परिवर्तनले उब्जाएका आवश्यकताहरू हुन् । यसरी निरन्तर रूपमा आवश्यकता, चाख एवम् रुचि पूरा गर्नका लागि सिकिरहनु नै आजीवन सिकाइ हो । अर्थात् सिकाइ जीवनभर चलिरहन्छ । एउटा व्यक्तिले औपचारिक, अनौपचारिक र अरितिक गरी तीनओटै धारहरूको प्रयोग गरेर जीवनभर सिकिराखेको हुन्छ । तसर्थ यी तीनओटै धारहरू आजीवन सिकाइका अवसरहरू पनि हुन् ।

## १.५ शिक्षाका कार्यहरू (Functions of Education)

शिक्षा एक बृहत् अवधारणा हो । उल्लेख गरेअनुसार शिक्षाका माध्यम पनि विविध हुन्छन् । तसर्थ यसका कार्यहरू पनि विविध नै हुन्छन् । शिक्षाका कार्यहरूलाई व्यक्ति, समाज र राष्ट्रको तहहरूमा राखेर हेरिनुपर्छ । शिक्षा प्रदान गर्ने संस्थाहरूले शिक्षाका कार्यहरू पूरा गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याइरहेका हुन्छन् ।

सन् १९६२ मै John S. Brubacher (जन एस. ब्रुबाकर) नाम गरेका अमेरिकी विद्वान् प्रोफेसरले विद्यालयका निम्नलिखित चार कार्यहरू पहिचान गरेका थिए :

१. परम्परागत कार्य (TraditionalFunction)

२. प्रगतिशील कार्य (Progressive Function)

३. तटस्थ कार्य (Neutral Function)

४. क्रान्तिकारी कार्य (Revolutionary Function)

### १. परम्परागत कार्य (TraditionalFunction)

विद्यालयले परम्परागत सामाजिक एवम् सांस्कृतिक चालचलन, मूल्यमान्यता संरक्षण तथा विकास गर्ने काम गर्छ । यी मूल्यमान्यताको जगेर्ना गर्नु र नयाँ पिँढीलाई हस्तान्तरण गर्नु शिक्षको परम्परागत काम हो । विद्यालयले कक्षाकोठाको सिकाइ सहजीकरण तथा अतिरिक्त क्रियाकलापमार्फत यो काम गर्छ ।

### २. प्रगतिशील कार्य (Progressive Function)

विद्यालयले परम्परालाई संरक्षण गर्ने काम मात्र गर्दैन । यो समाजको ऐना मात्र होइन । विद्यालयले शिक्षामार्फत समाजलाई परिवर्तन पनि गर्न सक्छ । आधुनिक समाजको निर्माण गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । विद्यालयले समाजमा बिस्तारै नवीन कार्य, ज्ञान र सोच फैलाउँछ जसबाट समाज परिवर्तन हुँदै जान्छ । समाजमा आएका परिवर्तनहरूलाई आत्मसात् गर्दै अघि बढ्न सघाउने शिक्षाको कार्यलाई प्रगतिशील कार्य भनिन्छ ।

### ३. तटस्थ कार्य (Neutral Function)

समाजमा उत्पन्न विवादास्पद मुद्दाहरूबाट विद्यालय टाढै रहनु विद्यालयको कार्य हो । कुनै पनि विवादमा एक वा अर्को पक्ष नलिने र झिना मसिना चासोभन्दा माथि उठेर बौद्धिक कार्यमा लाग्न सिकाउनु शिक्षाको तटस्थ कार्य हो ।

### ४. क्रान्तिकारी कार्य (Revolutionary function)

समाजमा उत्पन्न विवादास्पद मुद्दाहरूबाट विद्यालय टाढै रहनु विद्यालयको कार्य हो । तर शैक्षिक संस्थाहरू समाजमा क्रान्तिको संवाहक पनि हुने गर्छन् । समाजमा आमुल परिवर्तन ल्याउन खोज्ने विचार तथा जोस

बोकेका शिक्षामा संलग्न व्यक्तिहरूले सामाजिक क्रान्तिको अगुवाइ गरिरहेका हुन्छन् । यसर्थमा समाजमा आमूल परिवर्तन ल्याउन अभिप्रेति गर्ने शिक्षाको कार्यलाई क्रान्तिकारी कार्य भनिन्छ ।

शिक्षाविद् पाउलो फ्रेरे (सन् १९२१-१९९७) ले विद्यार्थीहरू खाली घैँटो होइनन् तसर्थ शिक्षकले प्रवचनमार्फत भरिदिने काम मात्र गर्नु ठिक होइन भनेका छन् । उनले शिक्षाले व्यक्तिलाई शोषणबाट मुक्त हुन सघाउनुपर्छ भन्ने विचार राख्दथे । यही सोचअनुसार शिक्षाका कार्यक्रम सञ्चालन पनि गर्दथे । यसर्थमा पाउलो फ्रेरेको यस अभियानलाई शिक्षाको क्रान्तिकारी कार्य भन्न सकिन्छ ।

पाउलो फ्रेरेबाहेक अन्य धेरैजसो विद्वान्हरूले औपचारिक शिक्षालाई मात्र दृष्टिगत गरेर शिक्षाका कार्यहरू पहिचान गरेको पाइन्छन् । तर अगिल्लो खण्डमा उल्लेख गरिएका शिक्षाका तीनओटै माध्यम वा धारहरूलाई समेटेर शिक्षाका कार्यहरू पहिचान गर्नुपर्छ । किनकि व्यक्तिको जीवन एवम् राष्ट्रको विकासमा यी तीनओटै शिक्षाले महत्त्वपूर्ण योगदान दिइरहेका हुन्छन् । तसर्थ समग्रमा शिक्षाको कार्यहरू बहुआयामिक हुन्छन् र तिनलाई व्यक्ति, सामाज र राष्ट्र, तीन तहमा बाँडेर हेर्न सकिन्छ ।

## १.६ शिक्षाका तहगत कार्यहरू (Levelwise Functions of Education)

शिक्षाका कार्यहरूलाई विभिन्न तीन तहमा विभाजन गरिएको छ । ती तीनओटै तहहरूलाई तल विस्तृत रूपमा व्याख्या गरिएको छ :

### व्यक्तिगत तह (Individual Level)

यस तहमा शिक्षाको कार्य विद्यार्थीको अन्तरनिहित क्षमतालाई विकास र प्रदर्शन गर्न सहयोग गर्नु हो । विद्यार्थीले चित्रकला वा खेलकुद वा कथा, कविता लेखन वा वाचनमा क्षमता दर्शाउँछ भने उसलाई उक्त प्रतिभा अझ विकसित गर्न मदत गर्नु शिक्षाको कार्य हो । अर्थात विद्यार्थीको क्षमता र रुचिअनुसारको ज्ञान सिप प्रदान गर्नु शिक्षाको काम हो । यो कार्य शिक्षकहरूले गर्न सक्छन् । विद्यालयले यसका निम्ति वातावरण बनाइदिनुपर्छ ।

व्यवहार परिवर्तन पनि शिक्षाले व्यक्तिको तहमा गर्ने कार्य हो । जस्तै बालबालिकाहरूलाई विद्यालयले समूहमा मिलेर काम गर्ने, अरूलाई सम्मान गर्ने, पढ्ने बानीको विकास गर्ने, आदि सिपहरू सिकाउन सक्छ । कुनै कुनै यस्ता सिपहरू वा बानी विद्यार्थीले विद्यालय आउँदा जानेर आएका हुँदैनन् ।

अनौपचारिक शिक्षाले बालबालिका, युवा तथा प्रौढहरूलाई तालिम वा छलफलका माध्यमबाट स्वास्थ तथा सरसफाइसम्बन्धी ज्ञान तथा सिप सिकाउने काम गरिहेको हुन्छ । प्रौढ महिला तथा पुरुषहरूका लागि साक्षरता एवम् आयआर्जन सिप विकास कार्यक्रमहरू सञ्चालन गरिन्छ । त्यस्तै अध्यात्मिक सिप विद्यालयका चार पर्खालभन्दा बाहिर सञ्चालित शिक्षाले सिकाइराखेको हुन्छ । बालबालिकाहरूले अरितिक शिक्षामार्फत घरको कामकाज वा सामाजिक व्यवहार सिकिरहेका हुन्छन् ।

सर्वाङ्गीण विकास शिक्षाको प्रमुख कार्य हो । शिक्षाले व्यक्तिको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक, अध्यात्मिक तथा आर्थिक विकासको लक्ष्य राख्छ । यी सबै केही मात्रामा औपचारिक शिक्षाले पूरा गर्दछ । यसमा अनौपचारिक र अरितिक शिक्षाहरूले पनि ठुलो योगदान पुऱ्याइरहेका हुन्छन् । यसर्थमा शिक्षाले एउटा व्यक्तिको समग्र बौद्धिक क्षमता, नैतिकता, शारीरिक, मानसिक, संवेगात्मक अध्यात्मिक र आर्थिक पक्षहरू बलियो बनाइदिने काम गर्दछ ।

शिक्षाको अर्को प्रमुख कार्य विद्यार्थीलाई भविष्यका लागि तयार पार्नु हो । निरन्तर परिवर्तन भइरहने समाज, प्रविधि, वातावरण इत्यादिले चुनौतीहरू पनि खडा गरिदिन्छन् । भोलिका चुनौती आज थाहा पाइदैन । तसर्थ परिवर्तन र चुनौतीलाई सामना गर्न सक्ने क्षमताको विकास गराउनु शिक्षाको काम हो । सिर्जनात्मक सिप, विश्लेषण सिप, जिज्ञासु बानी र स्वच्छ प्रतिस्पर्धा गर्न सिकाउनु शिक्षाको कार्य हो । यी सिपहरूले विद्यार्थीहरूलाई भविष्यका निम्ति तयार पार्दछ । साथै यसबाट विद्यार्थीहरू दिगो जीविकोपार्जनका उपायहरू सिक्न र खोज्न सक्षम हुन्छन् । नयाँ वातावरणमा आफूलाई समायोजन गर्न सक्षम हुन्छन् ।

## सामाजिक तह (Social Level)

समाज चलायमान हुन्छ । यो स्थिर हुँदैन । त्यहाँ नकारात्मक संस्कृतिको विकास पनि भइराखेकै हुन्छ । तर सकारात्मक सामाजिक एवम् सांस्कृतिक परिवर्तनहरू तथा नयाँ नयाँ अन्वेषण, आविष्कारहरूका माध्यमबाट शिक्षाले समाजको प्रगति गर्छन् । सबैको परम्परा, रीतिरिवाज, भाषा आदिको सम्मान गर्दै एकआपसमा मिलेर बस्ने बानीको विकास गराउन सक्छ । समाजमा परम्परागत ज्ञान, रीतिरिवाजको संरक्षण र हस्तान्तरण पनि भइराखेको हुन्छ । यो संरक्षण र हस्तान्तरणको प्रक्रिया प्राय: अनौपचारिक र अरितिक शिक्षामार्फत भइराखेका हुन्छन् । नयाँ नयाँ अन्वेषण तथा आविस्कारहरू प्राय: औपचारिक शिक्षामार्फत भइराखेका हुन्छन् । यही चलायमान विविध परिवेशमा बालबालिका हुर्कन्छन् । उनीहरूको विकास भइराखेको हुन्छ । शिक्षाको कार्य उनीहरूलाई समाजमा भइरहेका परिवर्तनहरूलाई सकारात्मक विकासका निम्ति उपयोग र व्यवस्थापन गर्ने सिप विकास गराउने हो । साथै शिक्षाको कार्य परिवर्तनसँग आफ्ना चालचलन एवम् व्यवहार समायोजन गर्दै लैजान चाहिने ज्ञान र विश्लेषणात्मक सिप सिकाउनु पनि हो । यिनै ज्ञान तथा सिपले नकारात्मक सोच र अभ्यासलाई नियन्त्रण गर्न पनि सिकाउँछ ।

शिक्षा आजीवन प्रक्रिया हो । हामी कुनै न कुनै तरिकाबाट केही न केही सिकिराखेकै हुन्छौँ । तसर्थ शिक्षा जीवन हो र जीवन नै शिक्षा हो । जीवनमा भरपुर अनुभवहरू जम्मा भएका हुन्छन् । तर आफ्ना पुराना अनुभवले व्यक्तिलाई नयाँ परिवर्तित अवस्थामा समायोजन हुनका लागि चाहिने क्षमता प्रदान नगर्न पनि सक्छ । शिक्षाले त्यो क्षमताको विकास गर्न मदत गर्दछ, जस्तै : बैङ्कमा ठुला ठुला अभिलेख फाइलहरूमा सम्पूर्ण हिसाब किताब लेख्ने चलन थियो । कम्प्युटरको प्रयोगले यो काम सजिलो बनाइदियो । तर अभिलेख फाइलमा लेखेरै हिसाब किताब मिलाइराखेका कर्मचारीहरूलाई कम्प्युटरमा काम गर्न सहज हुँदैन ।

कम्प्युटर शिक्षा प्रदान गरिएपछि ती कर्मचारीहरूले नयाँ अनुभव प्राप्त गरे । नयाँ अनुभवले गर्दा प्राविधिको प्रयोगमार्फत काम गर्ने वातावरणमा आफूलाई समायोजन गर्न उनीहरूलाई सहज भयो ।

समाजमा धेरै थरिका मानिसहरू हुन्छन् । त्यहाँ राम्रा नराम्रा सबैखाले घटना घटिरहेका हुन्छन् । जात, लिङ्ग, भाषा आदिका आधारमा भेदभाव पनि भइरहेको हुन्छ । विद्यालयभित्रै पनि विभेदका घटना घटिरहेका हुन्छन् । विभेद उन्मूलन गर्न विद्यालयभित्र विद्यालय प्रशासन तथा शिक्षकहरूले आफ्ना व्यवहारप्रति सचेत हुनुपर्छ । विद्यार्थीहरूलाई पनि यसबारे सचेत गराउनुपर्छ । विद्यालयमा शिक्षकहरूले र घरमा अभिभावकहरूले छात्राको सिकाइलाई बेवास्ता गरिदिने, कथित तल्लो जातका छात्रछात्रालाई सिकाइमा प्रोत्साहन नगर्ने, समुदायमा छुवाछुत गर्ने जस्ता अभ्यासहरूलाई शिक्षाले निर्मूल पार्न सक्छ । औपचारिक विद्यालयले यस विषयबारे बहस, अनुसन्धान, विश्लेषण एवम् लेखनकार्य गराउन सक्छ । यस्ता क्रियाकलापले शिक्षक तथा विद्यार्थीहरूको मनोवृत्ति र व्यवहारमा दिगो परिवर्तन ल्याउन सक्छ । त्यस्तै अनौपचारिक शिक्षाले सामुदायिक अध्ययन केन्द्रहरूमार्फत टोल टोलमा परामर्श र सार्वजनिक बहस सञ्चालन गरेर समुदायका सदस्यहरूको मनोवृत्ति र व्यवहारमा परिवर्तन ल्याउन सक्छ । यसरी दुवै प्रकारका शिक्षाले व्यक्ति तथा समाजमा सामाजिक र नैतिक दायित्वको विकास गराउन सक्छ । यसरी शिक्षाले समाजमा समता, समानता सहिष्णुता एवम् सदभावको संस्कृति विकास गराउने काम गर्न सक्छ ।

### राष्ट्रिय तह (National level)

शिक्षाको प्रमुख कार्य राष्ट्र निर्माणमा टेवा पुऱ्याउनु पनि हो । शिक्षाले यो काम विभिन्न तरिकाबाट गर्दछ । सर्वप्रथम औपचारिक शिक्षाले विद्यार्थीमा लोकतान्त्रिक संस्कृतिको विकास गराउन सक्छ । उनीहरूलाई आफ्ना अधिकार र कर्तव्यको बोध तथा अभ्यास गराउन सक्छ । त्यस्तै अनौपचारिक शिक्षाले मानव अधिकार शिक्षा, नागरिक शिक्षा, मतदान शिक्षा, आयआर्जनसम्बन्धी तालिम, स्वास्थ्य शिक्षा जस्ता विषयमा कार्यक्रमहरू सञ्चालन गरेर राष्ट्रको सामाजिक विकासमा सहयोगीको काम गर्दछ । अरितिक सिकाइमार्फत घरपरिवार तथा विद्यालयमा आफूभन्दा ठुलाबडाले गर्ने समतामूलक व्यवहार, नैतिक आचरणको प्रदर्शन, सद्भाव आदिबाट बालबालिकाहरूले सामाजिक न्यायका गुणहरू सिकिरहेका हुन्छन् । सामाजिक न्याय देश विकासको महत्त्वपूर्ण पक्ष हो ।

शिक्षाले विविध सिकाइ एवम् अतिरिक्त क्रियाकलापहरूमार्फत विद्यार्थीहरूमा नेतृत्व विकासको कार्य पनि गर्दछ । नेतृत्वको असल गुणहरू सिकेका विद्यार्थीहरूले पछि आआफ्नो कार्य क्षेत्रमा प्रभावकारी भूमिका निभाउन सक्छन्, जस्तै : विद्यालयमा छात्र तथा छात्रालाई कक्षाको अगुवा बनाउने अभ्यास, वक्तृत्व प्रतिस्पर्धा इत्यादि भने विद्यालयबाहिर महिला सशक्तीकरण, महिला नेतृत्व विकास कार्यक्रम, बाल अधिकार तालिम जस्ता क्रियाकलापबाट शिक्षाले नेतृत्व विकासका कामहरू गरिरहेको हुन्छ ।

शिक्षाको अर्को प्रमुख कार्य मानव संसाधनको विकास हो । शिक्षाले नै समाज र राष्ट्र विकासका निम्ति आवश्यक जनशक्ति तयार पार्ने काम गर्दछ । देश विकासका लागि आवश्यक अर्थविज्ञ, प्राविधिक, शिक्षक,

शिक्षाविद्, व्यवस्थापन विज्ञ, वैज्ञानिक आदि उत्पादन गर्ने काम शिक्षाले नै गर्दछ । अनौपचारिक शिक्षाले विशेषतः अभ्यासको तहमा सक्षम व्यवसायी तयार पार्ने काम गर्दछ । कलाकार, कृषक, सामुदायिक स्वास्थकर्मी, साना उद्यमी, प्राविधिकहरू तयार पार्ने र निरन्तर सहयोगमार्फत उनीहरूको ज्ञान तथा सिप अद्यावधिक गर्दै उनीहरूको क्षमता अभिवृद्धि गर्ने काम पनि अनौपचारिक शिक्षाले गर्दछ ।

कार्यथलोमा अरितिक शिक्षामार्फत सिक्ने सिकाउने काम भइराखेको हुन्छ । मोटरसाइकल मर्मत गर्ने, गहना बनाउने कारखानाहरूमा सिकारु कामदारले जानकार पुराना कामदारहरूसँग सिक्दै सैद्धान्तिक र व्यावहारिक दुवै ज्ञान तथा सिप हासिल गर्छन् । तिनै पछि गएर विज्ञ कामदार हुन्छन् । यसरी अरितिक शिक्षामार्फत पनि दक्ष कालिगढहरू उत्पादन भइरहेका हुन्छन् ।

समग्रमा शिक्षाले मानिसलाई सिक्नका लागि सिक्ने (Learning to learn), गरिखान सिक्ने (Learning to do), मिलेर सँगै बस्न सिक्ने (Learning to live together) र स्वतन्त्र, विवेकशील, चेतनशील व्यक्ति हुन सिक्ने (Learning to be) अवसर र मार्गदर्शन दिने काम गर्छ ।

## अभ्यास

### १. तलका भनाइ ठिक भए √ चिह्न र बेठिक भए X चिह्न लगाउनुहोस् :

(क) बौद्ध दर्शनअनुसार व्यक्तिमा बुद्धि र ज्ञान अन्तरनिहित हुन्छ ।

(ख) शिक्षाका व्यक्तिगत र सामाजिक उद्देश्यहरू हुन्छन् ।

(ग) बौद्ध दर्शनअनुसार भ्रम र गलत धारणाले गर्दा आफ्नो क्षमताका बारेमा धैरै व्यक्तिलाई चेतना हुँदैन ।

(घ) भागवत् गीताअनुसार शिक्षाले विद्यार्थीको व्यक्तित्त्व विकास एवम् परिवर्तन ग र्छ ।

(ङ) विद्यालयभित्र विद्यार्थीहरूले औपचारिक माध्यमबाट मात्र शिक्षा हासिल गर्छन् ।

(च) समाजमा बिस्तारै नवीन कार्य, ज्ञान र सोच फैल्याउँदै समाज परिवर्तन गर्दै लैजानु शिक्षाको तटस्थ कार्य हो ।

### २. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) शिक्षाको अर्थ के हो ?

(ख) शिक्षाका उद्देश्यहरू के के हुन् ?

(ग) शिक्षाका कार्यहरू कस्ता कस्ता हुन्छन् ?

(घ) शिक्षा कुन कुन माध्यमबाट प्राप्त गर्न सकिन्छ ?

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) शिक्षाका कति ओटा कार्यहरू हुन्छन् ? ती कार्यहरू कस्ता कस्ता हुन्छन् ?

(ख) शिक्षाको सामाजिक कार्यको व्याख्या गर्नुहोस् ।

(ग) 'शिक्षाले दीर्घकालीन गुण पत्ता लगाउन मदत गर्छ जसले गर्दा हामीहरू खाली सूत्रमा झुन्डिने वा नारा रट्ने मात्र गर्ने छैनौँ' भन्ने भनाइले के बुझाउँछ, उदाहरणसहित व्याख्या गर्नुहोस् ।

(घ) शिक्षाले व्यक्तिगत तहमा के के काम गर्दछ, उदाहरणसहित व्याख्या गर्नुहोस् ।

(ङ) तपाईँको जीवनमा शिक्षाले के महत्त्व राख्दछ, किन ? उदाहरणसहित व्याख्या गर्नुहोस् ।

(च) शिक्षाका विभिन्न माध्यमहरूको महत्त्व व्याख्या गर्नुहोस् । तपाईँले के के ज्ञान तथा सिप कुन कुन माध्यमबाट सिक्नुभयो, उल्लेख गर्नुहोस् ।

## (घ) प्रयोगात्मक क्रियाकलाप

आफ्नो घरका कुनै सदस्य वा आफ्नो एक जना साथीलाई उहाँले सिकेको जीवनमा काम लाग्ने कुनै दुईओटा सिप के के हुन् र ती सिपहरू कोबाट कसरी सिक्नुभयो भनी सोध्नुहोस् र प्रतिवेदन तयार पारी कक्षामा प्रस्तुत गर्न लगाउनुहोस् ।

एकाइ
२

# शैक्षिक उद्देश्य, संरचना र शिक्षा विकासका प्रयासहरू (Objectives, Structure and Efforts in Educational Development)

शिक्षा देश विकासको आधार हो । शिक्षाले देशको चौतर्फी विकासमा सहयोग पुऱ्याउँछ । नेपालमा राजनीतिक परिवर्तनसँगै सांस्कृतिक र सामाजिक मूल्यमान्यतामा पनि परिवर्तन आउन थाल्यो । बदलिँदो विश्व परिवेशले पनि प्रभाव पार्न थाल्यो । यी परिवर्तनहरूलाई आत्मसात् गर्दै शिक्षाको उद्देश्य र संरचना सोहीअनुरूप संयोजन गरियो । यसै सन्दर्भमा यस एकाइमा नेपालमा शिक्षाको राष्ट्रिय र विद्यालयको तहगत उद्देश्य (सक्षमता) र संरचनाका बारेमा चर्चा गरिएको छ ।

## २.१ शिक्षाका राष्ट्रिय उद्देश्यहरू (National Objectives of Education)

शिक्षाको प्रमुख उद्देश्य व्यक्ति, समाज र राष्ट्र विकासका निम्ति आवश्यक मानव स्रोत उत्पादन एवम् सुधार गर्नु हो । ती आवश्यकताको पहिचान गरी सोही आधारमा शिक्षाका राष्ट्रिय तथा तहगत उद्देश्यहरू निर्धारण गरिएको हुन्छ । 'विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७५ अनुसार शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार रहेका छन् :

१. प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने
२. राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान्, सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य मान्यताप्रति प्रतिबद्ध, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने
३. श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनमुखी, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने
४. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने
५. प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने
६. प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मदत गर्ने
७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

८. वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने

९. रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका सहिष्णु र भाषिक सक्षमतामा निपुण नागरिक तयार गर्ने

१०. नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भएका नेपालको इतिहास, भूगोलको ज्ञान भएको, नेपाली पहिचान र जीवनशैलीप्रति गौरव गर्ने नागरिक तयार गर्ने

११. जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपत् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने

१२. सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने

## २.२ नेपालको शिक्षाको संरचना र तहगत उद्देश्यहरू (Structure and Level wise Objectives of Education in Nepal)

यस खण्डमा विद्यालय तथा विश्वविद्यालय तहहरूका वर्तमान संरचना र उद्देश्यहरू प्रस्तुत गरिएका छन् :

### विद्यालय शिक्षाको संरचना र तहगत उद्देश्यहरू (Structure and objectives of school education in Nepal)

ब्राजिलमा सन् २०१२ मा सम्पन्न दिगो विकाससम्बन्धी संयुक्त राष्ट्रसङ्घको सम्मेलनले दिगो विकासका लक्ष्यहरू तय गर्ने निर्णय गऱ्यो । त्यहाँ संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूले सहस्राब्दी विकास लक्ष्यहरू र सन् २०१५ पश्चात्का विकासका कार्यक्रमहरूलाई एकै ठाउँमा मिलाएर दिगो विकासका लक्ष्यहरू तय गर्ने सोच बनाइयो । तत्पश्चात् 'दिगो विकासका लक्ष्यहरू (२०१६-२०३०)' निर्माण गरिए । तिनै लक्ष्यहरूमध्ये चौथो लक्ष्य हो - 'समाहित समतामूलक गुणस्तरीय शिक्षा र सबैका लागि आजीवन सिकाइ अवसरहरू सुनिश्चित गर्ने ।' दिगो विकासका लक्ष्यहरू पूरा गर्न सदस्य राष्ट्रहरूले आआफ्ना देशका निम्ति योजना तथा कार्यक्रमहरू तय गरे । यसै सन्दर्भमा दिगो विकास लक्ष्य सन् २०१६-२०३० का आधारमा नेपालले शैक्षिक सुधारका निम्ति विद्यालय क्षेत्र विकास योजना (वि.सं. २०७३/०७४–२०७९/०८०) निर्माण गरी कार्यान्वयन भइरहेको छ ।

विद्यालय क्षेत्र विकास योजनाले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुई भागमा विभाजन गरेको छ । यस विभाजनले विद्यालय शिक्षालाई नयाँ संरचनामा ढालेको छ । आधारभूत शिक्षाभित्र एक बर्से प्रारम्भिक बालशिक्षा तथा विकास/पूर्वप्राथमिक शिक्षा, अनौपचारिक/वैकल्पिक शिक्षा र कक्षा १ देखि कक्षा ८ सम्म समेटिएको छ । माध्यमिक शिक्षाभित्र कक्षा ९ देखि कक्षा १२ सम्म समेटेको छ । यही विभाजनका आधारमा आधारभूत शिक्षाको उद्देश्य तथा कार्यक्रमहरू तय गरिएका छन् जसलाई तल प्रस्तुत गरिएको छ :

## आधारभूत शिक्षा (Basic Education)

नेपालको विद्यालय शिक्षाको वर्तमान संरचनामा पहिलो तह आधारभूत शिक्षा हो । यसअन्तर्गत प्रारम्भिक बाल विकास तथा १-८ कक्षासम्मको शिक्षा समावेश गरिएको छ । समग्रमा चारदेखि बाह्र वर्ष उमेर समूहका सबै बालबालिकाका लागि गुणात्मक आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्नु यसको उद्देश्य रहेको छ ।

## प्रारम्भिक बालशिक्षा तथा विकास/पूर्वप्राथमिक शिक्षा (Early Childhood Education and Development/Pre-primary Education)

ससाना बालबालिकाहरूलाई विद्यालय प्रवेशका लागि तयार पार्न विद्यालय क्षेत्र विकास योजनाले एक बर्से प्रारम्भिक बालशिक्षा तथा विकास/पूर्वप्राथमिक शिक्षालाई आधारभूत शिक्षा चक्रको अभिन्न अङ्ग बनाएको छ । यसका निम्नलिखित उद्देश्य रहेका छन् :

१. पाँच वर्षमुनिका बालबालिकाको शारीरिक, सामाजिक संवेगात्मक, संज्ञानात्मक, आध्यात्मिक तथा नैतिक क्षमताको विकास गरी प्रारम्भिक बालशिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षालाई अधिकारमा आधारित बनाउनु

२. विद्यालय प्रवेशको तयारी गराउनु ।

## आधारभूत (कक्षा १-८)

विद्यालय क्षेत्र विकास योजनाले औपचारिक तथा अनौपचारिक दुवै माध्यमबाट शिक्षा प्रदान गर्ने गरी कक्षा १-८ सम्मको आधारभूत शिक्षाको संरचना निर्माण गरेको छ । हालसम्म पनि केही युवा विद्यालय बाहिर रहेका छन् । तिनीहरूलाई अनौपचारिक शिक्षामार्फत आधारभूत शिक्षाको दायरामा ल्याइएको छ । विद्यालय जान नपाएका युवाहरूलाई पुनः आधारभूत शिक्षाका वैकल्पिक अवसर प्रदान गर्न सकिने भएकाले अनौपचारिक शिक्षालाई पनि आधारभूत शिक्षाको दायरामा ल्याएको छ । आधारभूत शिक्षामा पहुँच तथा गुणस्तर सुनिश्चित गर्नका लागि आधारभूत विद्यालय, शिक्षणको भाषाका रूपमा मातृभाषाको प्रयोग, सक्षम शिक्षक एवम् सहयोगी सामग्रीको उपलब्धता, विद्यार्थीको क्षमताको विश्वसनीय परीक्षणको प्रावधान र भिन्न क्षमता भएका विद्यार्थीका आवश्यकताको सम्बोधनका लागि पाठ्यक्रमको निरन्तर पुनरावलोकन तथा परिमार्जनको व्यवस्था गर्नेसमेत विद्यालय क्षेत्र विकास योजनाको लक्ष्य छ । यसै सन्दर्भमा आधारभूत शिक्षाका निम्नलिखित उद्देश्यहरू छन् :

१. निर्धारित सिकाइ सक्षमता हासिल गरेका विद्यार्थीलाई माध्यमिक शिक्षामा प्रवेशको तयारी गराउनु

२. सामाजिक सांस्कृतिक विविधतामा सामाञ्जस्य र राष्ट्रिय अर्थतन्त्रप्रति अभिमुख गरी बालबालिकामा जीवनोपयोगी सिप तथा मूल्यमा आधारित शिक्षा हासिल गराउनु

३. वैकल्पिक तथा लचिला मोडका शिक्षा कार्यक्रममार्फत औपचारिक शिक्षालाई सहयोग पुऱ्याउनु ।

## माध्यमिक शिक्षा : कक्षा ९-१२

आधारभूत तहको शिक्षा र उच्च शिक्षो शिक्षा माध्यमिक शिक्षा हो । कक्षा ९ देखि कक्षा १२ सम्मको शिक्षालाई माध्यमिक तहको शिक्षा मानिन्छ । विद्यालय क्षेत्र विकास योजनाले माध्यमिक शिक्षालाई प्रयोगात्मक बनाउन सघाउ पुऱ्याउने खालका वैकल्पिक उपायहरू अपनाएको छ । गणित तथा विज्ञान जस्ता विषयहरूको पठनपाठनका लागि विज्ञ शिक्षककहरूको उपलब्धतामा पनि पर्याप्त ध्यान दिइएको छ । माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षाको एकीकृत पाठ्यक्रमको विकास गर्ने योजना पनि छ । प्राविधिक शिक्षा अध्यापन गराउने शिक्षककहरूको क्षमता विकास गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले पनि न्यून आय समूहका विद्यार्थीका लागि अवसरको सिर्जना गर्नमा लगानी गर्ने छ । यसै सन्दर्भमा माध्यमिक शिक्षाका निम्ति निम्नलिखित उद्देश्यहरू तय गरिएका छन् :

१. सिपयुक्त मानवीय स्रोतको विकास गरेर विद्यार्थीलाई कामको संसारमा प्रवेशका लागि तयार राख्नु
२. गुणस्तरमा सम्झौता नगरी शिक्षाको पहुँचमा जोड दिनु
३. विद्यार्थीहरूको सिकाइलाई प्रमाणीकृत गरी प्राविधिक र साधारण माध्यमिक शिक्षामा जाने विकल्प प्रदान गर्नु
४. संस्थागत सम्बन्ध सुदृढ गर्नु र उच्च शिक्षामा प्रवेशका लागि सहजीकरण गर्नु
५. विद्यार्थीहरूलाई नागरिक दायित्व निर्वाहका लागि तयार पार्नु
६. माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षामार्फत विद्यार्थीको आधारभूत सिप प्राप्तिको सुनिश्चित गरी किशोरकिशोरीहरूलाई विभिन्न सिप हासिल गर्न सहयोग गर्नु ।

माध्यमिक शिक्षाका माथिका उद्देश्यहरू पूरा गर्न विद्यालय क्षेत्र विकास योजनाले विभिन्न कार्यक्रमहरू तय गरेको छ ।

## उच्च शिक्षा (Higher education)

माध्यमिक शिक्षासम्मको पढाइपश्चात् प्राप्त गरिने स्नातक, डिप्लोमा कोर्स, स्नातकोत्तर, विद्यावारिधि र विद्यावारिधिभन्दा माथिको तहको शिक्षालाई नै उच्च शिक्षा भनिन्छ । यस तहको शिक्षा कलेज वा महाविद्यालय र विश्वविद्यालयहरूमार्फत प्राप्त गर्न सकिन्छ । नेपालको सबैभन्दा जेठो महाविद्यालय त्रिभुवन विश्वविद्यालय हो । यी विश्वविद्यालयहरूको मुख्य उद्देश्य स्तरीय गुणात्मक शिक्षाका माध्यमबाट उच्च स्तरीय सक्षम जनशक्ति तयार पार्नु हो । हालसम्म नेपालमा ११ ओटा विश्वविद्यालयहरू स्थापना भइसकेका छन् । यी विश्वविद्यालयअन्तर्गत विभिन्न क्याम्पसहरू सञ्चालित छन् ।

## नेपालका विश्वविद्यालयहरू

नेपालमा वि.सं. २०३० को दशकदेखि नै बहुविश्वविद्यालयको अवधारणा आएको हो । एउटा मात्र विश्वविद्यालयले उच्च शिक्षा प्रदान गर्न सकेन भन्ने ठहर भएपछि राष्ट्रिय शिक्षा आयोग २०४९ ले पनि

यो अवधारणा अघि साऱ्यो । यसै अवधारणालाई पच्छ्याउँदै नेपालमा विश्वविद्यालयहरू खुल्न थाले । हाल सङ्घीय प्रणालीअन्तर्गत सङ्घीय तहमा विश्वविद्यालय स्थापना गरिनुपर्छ भन्ने अवधारणाा आउनु स्वाभाविक नै छ । फलस्वरूप हाल नेपालमा सार्वजनिक र निजी गरी जम्मा ११ ओटा विश्वविद्यालयहरू छन् । यी विश्वविद्यालयहरूबारे तल छोटकरीमा चर्चा गरिएको छ ।

## त्रिभुवन विश्वविद्यालय

त्रिभुवन विश्वविद्यालय वि.सं. २०१६ मा स्थापना भएको हो । यो विश्वविद्यालयमा ४ ओटा सङ्काय र ५ ओटा अध्ययन संस्थाहरू छन् । हाल प्रवीणता प्रमाणपत्र (स्वास्थ्य क्षेत्रमा स्टाफनर्स मात्र) स्नातक, स्नातकोत्तर, एमफिल र विद्यावारिधिसम्मको पढाइ तथा अध्ययन अनुसन्धान हुँदै आएको छ । त्रिभुवन विश्वविद्यालयको केन्द्रीय कार्यालय कीर्तिपुर काठमाडौँमा छ ।

## नेपाल संस्कृत विश्वविद्यालय

नेपाल संस्कृत विश्वविद्यालयको स्थापना २०४३ सालमा भएको हो । यसको प्रधान कार्यलय बेलझुन्डी दाङमा छ । यो नेपालको दोस्रो विश्वविद्यालय हो । यसको स्थापना गर्दाको नाम महेन्द्र संस्कृत विश्वविद्यालय हो भने २०६२/०६३ को जनआन्दोलनपश्चात् यस विश्वविद्यालयको नाम 'नेपालमा संस्कृत विश्वविद्यालय' भनी परिवर्तन गरिएको हो । स्नातक (शास्त्री) देखि विद्यावारिधिसम्मको पठनपाठन तथा अध्ययन अनुसन्धान हुन्छ ।

## काठमाडौँ विश्वविद्यालय

काठमाडौँ विश्वविद्यालयको स्थापना वि.सं. २०४८ मा भएको हो । यसको प्रधान कार्यालय धुलिखेल काभ्रेपलाञ्चोकमा रहेको छ । यो नेपालको पहिलो निजी क्षेत्रको विश्वविद्यालय हो । काठमाडौँ विश्वविद्यालयमा ६ ओटा सङ्कायहरू छन् । यस विश्वविद्यालयमा पनि प्रवीणता प्रमाणपत्र तहदेखि विद्यावारिधि तहसम्म पठनपाठन तथा अध्ययन अनुसन्धान हुँदै आएको छ ।

## पूर्वाञ्चल विश्वविद्यालय

पूर्वाञ्चल विश्वविद्यालयको स्थापना वि.सं. २०५० मा भएको हो । यसको केन्द्रीय कार्यालय विराटनगर मोरङमा छ । यस विश्वविद्यालयमा स्नातकोत्तर तहसम्मको अध्यापन हुँदै आएको छ ।

## पोखरा विश्वविद्यालय

पोखरा विश्वविद्यालयको स्थापना वि.सं. २०५५ सालमा भएको हो । यसको केन्द्रीय कार्यालय लेखनाथ, कास्कीमा रहेको छ । उच्च शिक्षामा निजी क्षेत्रको सहभागितामा सर्वसाधारणलाई सर्वसुलभ रूपमा शिक्षा उपलब्ध गराई राष्ट्रिय विकासमा सहयोग पुऱ्याउने उद्देश्यका साथ यसको स्थापना भएको हो । यस विश्वविद्यालयमा पनि स्नातकोत्तर तहसम्मको पठनपाठन हुँदै आएको छ ।

## लुम्बिनी विश्वविद्यालय

लुम्बिनी विश्वविद्यालयको स्थापना वि.सं. २०६१ मा भएको हो । यसको केन्द्रीय कार्यालय रूपन्देही, लुम्बिनीमा रहेको छ । बौद्ध दर्शन, साहित्य, शिक्षा र संस्कृतिको अध्ययन अध्यापन र अनुसन्धान गर्ने उद्देश्यले यसको स्थापना भएको हो । यसमा स्नातक, स्नातकोत्तर तथा विद्यावारिधि तहका अध्ययन अनुसन्धान हुँदै आएका छन् ।

## मध्य पश्चिमाञ्चल विश्वविद्यालय

मध्य पश्चिमाञ्चल विश्वविद्यालयको स्थापना वि.सं. २०६७ मा भएको हो । यसको केन्द्रीय कार्यालय सुर्खेतमा छ । गुणात्मक र स्तरयुक्त शिक्षाको अवसर दुर्गमलगायत सबै क्षेत्रका जनतालाई सर्वसुलभ रूपमा प्रदान गर्नुपर्छ भन्ने उद्देश्यका साथ यसको स्थापना भएको हो । सरकारी लगानीमा यस विश्वविद्यालयको स्थापना भएको हो । यहाँ पनि स्नातकोत्तरसम्मको पठनपाठन हुँदै आएको छ ।

## सुदूर पश्चिमाञ्चल विश्वविद्यालय

सुदूर पश्चिमाञ्चल विश्वविद्यालयको स्थापना वि.सं. २०६७ मा भएको हो । यो विश्वविद्यालयको सातओटा सङ्कायहरू सञ्चालन गर्ने लक्ष्य रहे तापनि हाल यहाँ चार ओटा सङ्कायहरू मात्र सञ्चालनमा छन् । यसको केन्द्रीय कार्यालय कञ्चलपुर जिल्लाको महेन्द्रनगरमा छ ।

## कृषि तथा वन विज्ञान विश्वविद्यालय

कृषि तथा वन विज्ञान विश्वविद्यालयको स्थापना वि.सं. २०६७ मा भएको हो । यसको प्रधान कार्यालय रामपुर, चितवनमा छ । नेपाल कृषिप्रधान देश भएको हुँदा लगभग तीन चौथाइ जनता कृषिमै आधारित छन् । कृषि तथा वनको विकासलाई ध्यानमा राखेर उच्च तहको अध्यापन, अध्ययन र अनुसन्धान गर्ने उद्देश्यका साथ यो विश्वविद्यालयको स्थापना भएको हो । यसमा स्नातकोत्तर तहसम्मको पठनपाठन हुँदै आएको छ ।

## नेपाल खुला विश्वविद्यालय

नेपाल खुला विश्वविद्यालयको स्थापना वि.सं. २०७३ मा भएको हो । यसको प्रधान कार्यालय मानभवन, ललितपुरमा छ । नियमित रूपमा विश्वविद्यालयको उच्च शिक्षा लिन नसक्नेले आफ्नै कार्यस्थल तथा क्षेत्रमै बसेर पठनपाठनलाई निरन्तरता दिन सकुन् भन्ने उद्देश्यले यो विश्वविद्यालयको स्थापना भएको हो ।

## राजर्षि जनक विश्वविद्यालय

राजर्षि जनक विश्वविद्यालयको स्थापना वि.सं. २०७३ मा भएको हो । यसको प्रधान कार्यालय जनकपुरमा छ । यो नै हालसम्मका एघारओटा विश्वविद्यालयमध्येको कान्छो विश्वविद्यालय हो । यसका विशेषताहरू मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल विश्वविद्यालयहरूसँग मिल्दोजुल्दा छन् ।

## अभ्यास

१. तलका भनाइ ठिक भए ठिक (✓) चिह्न र बेठिक भए (✗) चिह्न लगाउनुहोस् :

(क) आधारभूत शिक्षाले १ देखि ८ कक्षासम्मको शिक्षालाई जनाउँछ ।

(ख) माध्यमिक शिक्षाले ९ देखि १२ कक्षासम्मको शिक्षालाई जनाउँछ ।

(ग) नेपालमा हाल १० ओटा विश्वविद्यालयहरू छन् ।

(घ) नेपाल खुला विश्वविद्यालय सबैभन्दा कान्छो विश्वविद्यालय हो ।

(ङ) त्रिभुवन विश्वविद्यालयको केन्द्रीय कार्यालय भक्तपुरमा रहेको छ ।

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) नेपालको वर्तमान विद्यालय संरचना कस्तो छ, उल्लेख गर्नुहोस् ।

(ख) प्रारम्भिक बालशिक्षा तथा विकास भनेको के हो ?

(ग) आधारभूत शिक्षाभित्र कुन कुन कक्षाहरू पर्दछन् ?

(घ) माध्यमिक शिक्षाभित्र कुन कुन कक्षाहरू पर्दछन् ?

(ङ) नेपालमा उच्च शिक्षा प्रदान गर्ने विश्वविद्यालय कतिओटा छन्, सूची बनाउनुहोस् ।

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) नेपालको शिक्षाका राष्ट्रिय उद्देश्यहरू उल्लेख गर्नुहोस् । ती उद्देश्यहरूले कस्ता जनशक्ति उत्पादन गर्ने सोच राखेका छन्, व्याख्या गर्नुहोस् ।

(ख) वर्तमान आधारभूत शिक्षाको उद्देश्यहरूले शिक्षाका कस्ता कस्ता कार्यहरूलाई समेटेको छ र कसरी ? व्याख्या गर्नुहोस् ।

(ग) वर्तमान माध्यमिक शिक्षाको उद्देश्यहरूले शिक्षाका कस्ता कस्ता कार्यहरूलाई समेटेको छ र कसरी ? व्याख्या गर्नुहोस् ।

४. प्रयोगात्मक क्रियाकलाप

नेपालको वर्तमान विद्यालय संरचना र पहिलेको संरचनामा के भिन्नता छ, अध्ययन गरी छोटो प्रतिवेदन तयार गर्नुहोस् । (अध्ययनका क्रममा आफ्ना शिक्षकहरूलाई अन्तरवार्ता लिन सक्नुहुने छ ।)

एकाइ
३

# बालविकास र बालमनोविज्ञान
(Child Developent and Child Psychology)

## ३.१ बालविकासको अर्थ (Meaning of Child Development)

विकास भन्नाले समग्र परिवर्तन र उन्नति भन्ने जनाउँछ । बालबालिकाको चौतर्फी विकासका लागि शारीरिक, मानसिक, बौद्धिक तथा संवेगात्मक अवस्थाहरूको सामञ्जस्यपूर्ण ढङ्गले विकास हुन आवश्यक छ । यसका निम्ति बालबालिकाको उमेर चाहना, आवश्यकता तथा रुचिअनुरूपको सिकाइ सहयोग आवश्यक हुन्छ ।

गर्भाधारणदेखि प्रारम्भ भई मृत्युपर्यन्त मानव जीवनमा विभिन्न परिवर्तनहरू भइरहेका हुन्छन् । यस्ता परिवर्तनहरू मुख्य गरी दुई प्रकारका हुन्छन् । पहिलो परिमाणात्मक परिवर्तन र दोस्रो गुणात्मक परिवर्तन हो ।

## ३.२ वृद्धि र विकास (Growth and Development)

वृद्धि भन्नाले शरीरको आकार र बनावटमा आएको वा भएको परिवर्तन हो । वृद्धि परिमाणात्मक हुन्छ, जस्तै : उचाइ, चौडाइ, मोटाइ, तौल, आयतन आदि बढ्नु । त्यसकारण वृद्धि शारीरिक प्रक्रिया मात्र हो । यसअन्तर्गत शरीरको बाहिरी र भित्री दुवै आकार बढ्दै जान्छन् । बालबालिकाको उमेरसँगै उनीहरूको उचाइ तथा तौलसमेत बढ्दै जान्छ । यसरी बढ्दै गएको उचाइ तथा तौललाई हामीले सजिलैसँग प्रत्यक्ष रूपमा नाप्न सक्छौँ । यसरी प्रत्यक्ष रूपले नाप्न सकिने परिवर्तनलाई वृद्धि भनिन्छ । मानव वृद्धि निश्चित समयसम्म हुने गर्दछ । वृद्धिको क्रम गर्भधारणदेखि सुरु हुन्छ भने किशोरावस्थाको अन्त्यतिर लगभग अन्त्य हुन्छ । स्त्रीहरूले १८/१९ वर्ष र पुरुषहरूले २०/२१ वर्षको उमेरसम्ममा आफ्नो उचाइ प्राप्त गर्छन् । वृद्धिको मुख्य कारण वृद्धि रस (Growth hormones) हो ।

विकास निरन्तर चलिरहने प्रक्रिया हो । यसले परिमाणात्मक र गुणात्मक दुवै पक्षलाई समेट्छ । विकास भनेको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक, भाषिक आदि पक्षहरूको एकीकृत रूप एवम् गुणात्मक परिवर्तन हो । शरीरमा आएको परिमाणात्मक परिवर्तन गुणात्मक अवस्थामा पुग्नु विकास हो । विकास उमेरगत परिवर्तनसँगै देखा पर्ने शारीरिक अनुपात र कार्यक्षमताको संयुक्त रूप हो । यसलाई अनुभव र वातावरणले प्रत्यक्ष प्रभाव पारेको हुन्छ ।

प्रसिद्ध विकासात्मक मनोवैज्ञानिक एलिजावेथ बी. हर्लक (Elizabeth B. Hurlock) का शब्दमा भन्ने हो भने परिपक्वता र अनुभवको परिणामस्वरूप व्यक्तिमा देखापर्ने क्रमिक प्रगतिशील परिवर्तन नै विकास हो । वृद्धि र विकास एक सिक्काका दुईओटा भागका रूपमा लिइन्छ । वृद्धिबिना विकास र विकासबिना वृद्धि पूर्ण हुँदैन । वृद्धिको कारणले मस्तिष्क बढ्छ । मस्तिष्कको बनावट र आकार बढेको कारणसँगै बालबालिकाले विषयवस्तु सिक्ने र सम्झने क्षमतामा वृद्धि हुँदै जान्छ । सिक्ने, सम्झने र अनुभव गर्ने कुराहरू विकासका

प्रमुख उदाहरणहरू हुन् । वृद्धि र विकास समानान्तर रूपमा अगाडि बढिरहेको हुन्छन् । निष्कर्षका भन्नुपर्दा वृद्धि परिमाणात्मक परिवर्तनसँग सम्बन्धित छ भने विकास परिमाणात्मक र गुणात्मक परिवर्तनसँग सम्बन्धित छ । सङ्क्षेपमा वृद्धिले व्यक्तिको आकारमा हुने परिमाणात्मक परिवर्तनलाई जनाउँदछ भने विकासले यस्तो परिमाणात्मक परिवर्तनको साथसाथै मानसिक क्षमताको विकास सहितको गुणात्मक परिवर्तनको संयुक्त रूपलाई जनाउँदछ ।

## ३.३ वृद्धि र विकासबिच भिन्नता (Difference Between Growth and Development)

वृद्धि र विकास एकआपसमा अन्तरसम्बन्धित छन् । एउटै सिक्काका दुईओटा भाग भए तापनि बिचमा भिन्नता भने रहेको छ । वृद्धि एक स्वतन्त्र पक्ष हो । यसले बालबालिकाको शारीरिक बनावट, आकार तथा प्रकारमा परिवर्तन देखाउँछ । यसलाई सजिलैसँग नापतौल गर्न सकिन्छ । वृद्धिले परिमाणात्मक परिवर्तनलाई जनाउँछ । यसका निम्ति विकासको भूमिका रहँदैन । तर विकास स्वतन्त्र पक्ष नभई यो वृद्धिसँग सम्बन्धित हुन्छ । किनकि वृद्धिसँगै शरीरका भित्री तथा बाह्य अङ्गहरूमा हुने परिवर्तनले बालबालिकाको विकासमा सहयोग पुऱ्याएको हुन्छ । त्यसै कारणबाट व्यक्तिको सिकाइ, अनुभव र व्यवहारमासमेत परिवर्तन देखापर्दछ । साथै बालबालिकाले सिक्ने, स्मरण गर्ने र व्यवहारमा परिवर्तन ल्याउने गर्छन् । तसर्थ विकास परिमाणात्मक र गुणात्मक दुवै हुन्छ । वृद्धि र विकासका भिन्नतालाई तल तालिकामा थप प्रस्ट्याइएको छ :

| वृद्धि र विकासका भिन्नता | |
|---|---|
| वृद्धि | विकास |
| शारीरिक परिवर्तनसँग सम्बन्धित हुन्छ, जस्तै : आकार, उचाइ, तौल आदि बढ्नु । | शारीरिक, मानसिक, संवेगात्मक नैतिक तथा भाषिक परिवर्तनको संयुक्त रूप हो । |
| परिणात्मक परिवर्तन हो । | गुणात्मक तथा परिमाणात्मक परिवर्तन हो । |
| नाप्न वा तौलिन सकिन्छ । | निरीक्षण, अवलोकन तथा मूल्याङ्कन मात्र गर्न सकिन्छ । |
| बनोट र आकारको परिवर्तनसँग सम्बन्धित हुन्छ । | बनोट र कार्यको एकीकृत रूप हो । |
| वृद्धिको प्रक्रिया निश्चित अवधिसम्म मात्र हुन्छ । | विकास निरन्तर चलिरहन्छ । |
| वृद्धि भन्नु नै विकासको पूर्वाधार हो । वृद्धि नभई विकास सम्भव हुँदैन । | विकास भन्नु नै सर्वाङ्गीण पक्षको परिवर्तन हो । |

## ३.४ विकासका विभिन्न चरणहरू (Stages of Development)

मानव विकास क्रमिक रूपमा भएको हुन्छ । मानव विकासका चरणहरू तिनका विशेषताका आधारमा गरिन्छ । एलिजावेथ हर्लकले बालबालिलकाका विभिन्न अवस्थाहरू बारेमा गरेको अध्ययनलाई मुख्य आधार मानी मानव विकासका विभिन्न अवस्थाहरू बारेमा निम्नानुसार प्रस्तुत गरिएको छ :

- गर्भावस्था : गर्भधारणदेखि जन्मपूर्वको अवधि
- नवजात अवस्था : जन्मदेखि २ हप्ताको अवधि
- शैशवावस्था : २ हप्तादेखि २ वर्षको अवधि
- पूर्वबाल्यावस्था : २ वर्षदेखि ६ वर्षको अवधि
- उत्तरबाल्यावस्था : ६ वर्षदेखि १०-१२ वर्षको अवधि
- पूर्वकिशोरावस्था : १०-१२ वर्षदेखि १३-१४ वर्षको अवधि
- किशोरावस्था : १३-१४ वर्षदेखि १८ वर्षको अवधि
- युवावस्था : १८ वर्षदेखि ४० वर्षको अवधि
- मध्यम उमेर : ४० वर्षदेखि ६० वर्षको अवधि
- वृद्धावस्था : ६० वर्षदेखि मृत्यु पूर्वसम्म

### गर्भावस्था (Prenatal Period)

स्त्री र पुरुषको परिपक्व यौनकोषको मिलन हुन पुगेपछि गर्भधारण हुन्छ । पुरुषको यौन गुण (Male sex cell) र महिलाको यौन गुण (Female sex cell) को मिलनबाट जीवनको प्रारम्भ हुन्छ । गर्भधारणदेखि जन्मपूर्वको अवस्थालाई गर्भावस्था भनिन्छ । यो अवधि करिब २७० देखि २८० दिनको वा ९ महिनाको हुन्छ । गर्भावस्था जन्मभन्दा पहिलेको अवस्था भए पनि यस अवस्थाले भावी विकासको दिशानिर्देश गर्दछ । तसर्थ यसलाई मानव विकासका अवस्थाहरूभित्र राख्ने गरिएको छ ।

गर्भावस्थालाई तीन भागमा विभाजन गरिन्छ : डिम्बावस्था (Period of zygote), भ्रूणावस्था (Period of embryo) र गर्भस्थ शिशुको अवस्था (Period of the fetus) ।

#### (क) डिम्बावस्था (Period of zygote)

यो अवस्था गर्भधारणदेखि दुई हप्तासम्मको अवधि हो । यस अवस्थालाई बीजावस्था (Germination period) पनि भनिन्छ । दुई हप्तासम्म जाइगोटमा कुनै परिवर्तन आउँदैन । यसलाई बाहिरी पौष्टिकता पनि चाहिँदैन । डिम्ब (Ovum) को जीवरसले यसलाई जीवित राख्छ । यस गर्भावस्थाको शिशु अण्डबाहिनी

नली हुँदै गर्भाशयको पर्खालमा टाँसिन्छ । गर्भधारण भएको करिब दश दिन पछाडि मात्र जाइगोट पाठेघरको भित्तामा टाँसिएर भ्रूणका रूपमा विकसित हुन थाल्छ ।

### (ख) भ्रूणावस्था (Period of embryo)

डिम्बावस्थापछि अर्थात् गर्भधारणदेखि १४ दिनपछि गर्भधारणको ६० दिन अर्थात् दुई महिनासम्मको अवधि भ्रूणावस्था हो । यो अवस्थामा भ्रूणको विकास तीव्र गतिले हुन्छ । भ्रूणावस्थाबाट नै जीवित कोष मानिसको सानो रूपमा विकसित हुन थाल्छ । यस अवस्थामा मानव शरीरमा सम्पूर्ण अङ्गप्रत्यङ्गको आकृतिको निर्माण सुरु हुन्छ । यस अवस्थामा सुरुमा टाउकाका अङ्गहरू र त्यसपछि हातखुट्टाको विकास तीव्र गतिमा हुन्छ । यसका साथै शरीरका भित्री भागहरूको समेत निर्माण सुरु हुन्छ ।

### (ग) गर्भस्थ शिशुको अवस्था (Period of the fetus)

दुई महिनाको समाप्ति तथा दोस्रो महिनाको सुरु वा ६० दिनपछि बालबालिका नजन्मेसम्मको अवधिलाई गर्भस्थ शिशुको अवस्था भनिन्छ । यस अवस्थामा पहिले भ्रूणावस्थामा आकारप्रकार निर्धारण भइसकेका शारीरिक अङ्गप्रत्यङ्गहरूले पूर्णता प्राप्त गर्छन् । यसै अवस्थामा ती अङ्गप्रत्यङ्गहरूले कार्य गर्न सुरु गर्छन् । पाँच महिनासम्म आन्तरिक अङ्गहरू पूर्ण मानवजन्य रूपमा विकसित भइसकेका हुन्छन् । पन्ध्रौँ हप्तामा मुटुको गति प्रारम्भ हुन्छ । अठारदेखि बाइस हप्ताका बिचमा गर्भस्थ शिशु आमाको पेटमा चल्न थाल्छ । सातौँ महिनासम्ममा गर्भस्थ शिशु बाँच्न सक्ने अवस्थामा पुग्छ । सात महिनादेखि बालबालिकाले जन्म लिन सक्छ । यदि समय नपुग्दै अर्थात् नौ महिनाभन्दा कम समयमा बालबालिका जन्मिएका परिपक्व नहुँदैको जन्म (Premature birth) भनिन्छ । सामान्यतया गर्भधारणपछि करिब २७० देखि २८० दिन वा (९ महिना) मा जन्मिएको बालबालिका पूरा अवधि आमाको गर्भमा रहँने हुँदा बाहिरी वातावरणमा समायोजन हुन सक्छ ।

गर्भधारण गरेकी महिलाले बालबालिकाको स्वास्थ्य स्वस्थ राख्नका निम्ति पौष्टिक आहार खानुपर्दछ । थोरै र अधिक दुवै प्रकारको आहार बालबालिकाको निम्ति उचित हुँदैन । बालबालिकाले आमाको रक्तनलीबाट आहार प्राप्त गर्दछ । गर्भमा रहेको भ्रूणको विकासको निम्ति गर्भधारणको सुरुको तुलनामा अन्त्यतिर सम्पूर्ण पौष्टिक तत्त्वहरू पुऱ्याउनका निम्ति गर्भवतीलाई प्रोटिन, चिल्लो पदार्थ तथा कार्बोहाइड्रेटको आवश्यकता पर्दछ । तसर्थ गर्भवती महिलाको खानामा यी सम्पूर्ण तत्त्वहरू समावेश भएको हुनुपर्दछ ।

गर्भधारण गरेकी महिलाको गर्भमा रहेको भ्रूणको उचित विकासका निम्ति पौष्टिक आहार सेवन गरेमा जन्मने बालबालिकाको गर्भमा रहँदा उचित विकास हुन्छ । गर्भवती महिलाले सुर्ती, रक्सी जस्ता नसालु चिजहरू खानुहुँदैन ।

गर्भवती महिलाले एक्सरे गर्दा कैयौँ कोषहरू (Cells) नष्ट हुन सक्छन् । साथै नसालु औषधीहरू (Drugs) सेवन गरेमा बालबालिकाको स्वास्थ्यमा असर पर्दछ । त्यसले गर्दा बालबालिका अपाङ्ग जन्मिने सम्भावना

बढी हुन्छ । यसको अलावा गर्भवती महिलालाई मानसिक रूपमा तनाव रहित वातावरण प्रदान गर्नुपर्दछ । यदि सो वातावरण प्रदान नगरेको अवस्थामा बालबालिकाको उचित शारीरिक र मानसिक विकास नहुन सक्छ । त्यसकारण आमा सधैँ प्रसन्न रहनुपर्दछ ।

### गर्भावस्थाका विशेषताहरू

गर्भावस्थाका प्रमुख विशेषताहरू निम्नानुसार छन् :

- गर्भावस्था वंशानुक्रमको प्रसारणको समय हो ।
- यो तीव्र वृद्धि र विकासको अवस्था हो ।
- यो लिङ्ग निश्चित गर्ने अवस्था हो ।
- यो जिम्मेवार मानिसहरूको मनोवृत्तिले प्रभाव पार्ने अवस्था हो ।
- यो सङ्कटपूर्ण अवस्था हो ।

### नवजात शिशु अवस्था (Infancy)

आमाको गर्भमा नौ महिनासम्म रहेपछि बालबालिकाको जन्म हुन्छ । बालक जन्मिएपछिको प्रथम वा सुरुको अवस्था भनेको नवजात अवस्था अर्थात् शिशु अवस्था हो । बालबालिका जन्मदेखि दुई हप्तासम्मको अवधिलाई शिशु अवस्था भनिन्छ । आमाको गर्भबाट बाहिर निस्केर बाहिरी वातावरणमा समायोजन गर्न सक्ने हुनुपर्छ । यस अवस्थामा बालबालिका आफैँले दिसापिसाब त्याग गर्न, दुध चुस्न र निल्न, श्वासप्रस्वास गर्न र तापक्रममा समायोजन गर्न सक्नुपर्छ । त्यसैले शिशुको जीवन कष्टकर हुन्छ । मानव विकासका विभिन्न चरणहरूमध्ये यो सबैभन्दा छोटो अवस्था हो ।

नवजात शिशुअवस्थालाई दुई भागमा विभाजन गरिन्छ : सालनालसहितको अवस्था (Partunate) र सालनाल काटिसकेपछिको अवस्था (Neonate)।

#### (क) सालनालसहितको अवस्था (Partunate)

आमाको गर्भबाट शिशु बाहिर निस्किएपछि सालनाल नकाटुन्जेलसम्मको अवधिलाई सालनालसहितको अवस्था भनिन्छ । समयको हिसाबले यो सामान्यतया १५ देखि ३० मिनेटसम्मको अवधि हो । यस अवस्थामा शिशुको नाल नकाटिएको हुँदा आमाको गर्भबाट बाहिर भए तापनि ऊ आमामै आश्रित भएको ठहरिन्छ । यस अवस्थामा ऊ बाहिरी वातावरणसँग समायोजन भएको हुँदैन ।

#### (ख) सालनाल काटिसकेपछिको अवस्था (Neonate)

सालनाल काटिसकेपछि दुई हप्तासम्मको समयावधिलाई सालनमल काटिसकेपछिको अवस्था भनिन्छ । यो नै शिशुको निम्ति प्रथम चरणको स्वतन्त्रताको अवस्था हो । सालनाल काटिसकेको हुनाले शिशु आमामा

आश्रित हुँदैन । यसै अवस्थादेखि शिशु बिस्तारै बाह्य वातावरणमा समायोजन हुँदै जान्छ । यस अवस्थापछि बालबालिकाले उत्सर्जन क्रिया गर्दछ ।

## नवजात अवस्थाका विशेषताहरू

नवजात अवस्थाका प्रमुख विशेषताहरू निम्नानुसार छन् :

- नवजात अवस्था मौलिक समायोजनको अवस्था हो
- नवजात अवस्था विकासमा एउटा पठार (अवरोध) को अवस्था हो
- नवजात अवस्था उत्तर विकासको एउटा पूर्वावलोकन हो
- नवजात अवस्था सङ्कटपूर्ण अवस्था हो
- नवजात अवस्था जीवन अवधिको सबैभन्दा छोटो अवस्था हो ।

## नवजात अवस्थाका मुख्य समायोजनहरू

शिशुको जन्मपश्चात् आमाको गर्भको वातावरणभन्दा नितान्त फरक बाहिरी नयाँ वातावरण प्राप्त गर्दछ । यसरी प्राप्त गरेको फरक वातावरणमा समायोजन हुने क्रममा उसको तौलमा केही कमी आउँछ । यस अवस्थामा विकासात्मक पठार (Pleteau) वा अवरोध सिर्जना हुन्छ र विकासात्मक प्रत्यागमन (Regression) पनि देखापर्न सक्छ । यसैको कारण समायोजन गर्न नसक्ने पनि हुन सक्छ र कारणवश शिशुको मृत्युसमेत हुन सक्छ । तसर्थ समायोजन शिशुका निम्ति धेरै कठिन हुने स्पष्ट छ । नवजात अवस्थाकाले मुख्यतया निम्नलिखित चारओटा पक्षमा समायोजन गर्नुपर्ने हुन्छ :

### (क) तापक्रम परिवर्तन

गर्भावस्थामा करिब ३८ डिग्री सेन्टिग्रेड तापक्रममा शिशु रहेको हुन्छ भने जन्मपछि ऊ करिब १६ डिग्री सेन्टिग्रेडदेखि २१ डिग्री सेन्टिग्रेडसम्मको तापक्रममा रहनुपर्दछ । यो १७ डिग्री सेन्टिग्रेडदेखि २२ डिग्री सेन्टिग्रेडसम्मको तापक्रम परिवर्तनलाई नवजात शिशुले समायोजन गर्नुपर्ने हुन्छ । तापक्रममा यो भिन्नता आउँदा शिशुलाई समायोजनमा निकै कठिनाइ हुन्छ । बढी ठन्डी भएमा निमोनिया (Pneumonia) हुने डर हुन्छ ।

### (ख) श्वासप्रश्वास समायोजन

गर्भमा रहेको शिशुले गर्भनालबाट अक्सिजन प्राप्त गर्दछ । जन्मेपछि नाभि काटिसकेपछि आफैँले श्वासप्रश्वास क्रिया गर्नुपर्ने हुन्छ । यस अवस्थामा श्वासप्रश्वास क्रियामा नवजात शिशुलाई धेरै कठिनाइ भइरहेको हुन्छ । शिशु जन्मपश्चात् रुन्छ । त्यो रुवाइ नै श्वासप्रश्वासको सङ्केत हो । यसको परिणाम शिशुले वातावरणसँग

श्वासप्रश्वास गर्न सुरु  गऱ्यो वा सक्यो भन्ने हुन्छ । तर यो आफैँमा शिशुका निम्ति कठिन कार्य हो । शिशु स्वयम्ले श्वासप्रश्वास गर्न कठिन भए अक्सिजनसमेत दिनुपर्दछ ।

### (ग) मुखबाट खाना वा पोषण प्राप्त

गर्भावस्थामा रहेको शिशुले गर्भनालबाट खाना प्राप्त गर्दछ । शिशुको जन्मपश्चात् मुखबाट खाना वा पोषण प्राप्त गर्नुपर्ने हुन्छ । यसका निम्ति शिशुले चुस्ने र निल्ने कार्य गर्नुपर्ने भएकाले चुस्ने र निल्ने (Sucking and swallowing) कार्यमा समायोजन हुनुपर्ने हुन्छ । शिशु यस कार्यका निम्ति पूर्ण दक्ष भएको हुँदैन । फलस्वरूप आवश्यक खाना वा पोषण प्राप्त गर्न नसकी उसको वजन कम हुन्छ ।

### (घ) उत्सर्जन क्रिया

गर्भावस्थामा रहेको शिशुले गर्भनालबाट उत्सर्जन क्रिया गरेको हुन्छ । शिशुको जन्मपश्चात् मात्र उत्सर्जन वा निश्काशन अङ्गहरूको माध्यमबाट शरीरलाई काम नलाग्ने पदार्थ (दिसा, पिसाब) निष्काशन गर्नुपर्ने हुन्छ । यस अवस्थामा निष्काशनका सम्पूर्ण अङ्गहरू क्रियाशील हुनुपर्दछ । त्यसकारण उत्सर्जन कार्यको समायोजन पनि शिशुलाई कठिन कार्य भएकाले यसलाई शिशुको महत्त्वपूर्ण समायोजन भनिन्छ ।

शिशुको जन्मको प्रकृति, गर्भावस्थाको समय जस्ता पक्षहरूका आधारमा समायोजनको कठिनाइ स्तर निर्धारण हुन्छ । प्राकृतिक जन्म, चाडो जन्म, ढिलो जन्म, अन्य प्रकारको जन्म जस्ता पक्षहरूले समायोजनमा प्रभाव पारेका हुन्छन् ।

जन्मपश्चात् समायोजन उचित तवरले नहुनु भनेको तौलमा कमी आउनु, शिशुको असङ्गठित व्यवहार देखापर्नु र शिशुको मृत्यु नै हुन् ।

## शैशवावस्था (Babyhood)

शिशु जन्मेको दुई हप्तादेखि दुई वर्षसम्मको अवधिलाई शैशवावस्था भनिन्छ । यस अवस्थाको सुरुमा शिशुहरू आफ्ना प्रत्येक आवश्यकताहरू पूरा गर्न अन्य व्यक्तिमा भर पर्दछन् । क्रमश: शिशुको विकाससँगै यस अवस्थाको अन्त्यतिर परनिर्भरतामा कमी आउने गर्दछ । यस अवस्थामा विकासको गति तीव्र हुन्छ । यस अवस्थामा शिशुले आधारभूत शारीरिक तथा व्यावहारिक सिपहरू सिक्छ, जस्तै : खाना खान, हिँड्न, बोल्न, उठ्न, बस्न, खेल्न सक्ने हुन्छन् । यस अवस्थाका शिशु जिज्ञासु हुने भएकाले वातावरणबाट प्राप्त हुने क्रियाकलापहरूको नक्कलसमेत गर्छन् । मनोवैज्ञानिकहरू मानव विकासका चरणहरूमध्ये यसलाई सबैभन्दा बढी संवेदनशील अवस्थाका रूपमा लिन्छन् । यस अवस्थामा शिशुमा क्रोध, भय, उत्सुकता, हर्ष, स्नेह, चिन्ता जस्ता विभिन्न संवेगहरू उत्पन्न हुन्छन् । सुरुमा शिशुको मांसपेसीहरू कमजोर हुन्छन् र बिस्तारै उनीहरूको मांसपेसीहरू नियन्त्रण गर्ने क्रम पनि बढिरहेको हुन्छन् ।

## शैशवावस्थाका विशेषताहरू

शैशवावस्थामा देखापर्ने मूल्य विशेषताहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

- आधारशीलाको उमेर
- तीव्र वृद्धि र परिवर्तनको उमेर
- निर्भरता कम हुँदै जाने उमेर
- व्यक्तिगतताको वृद्धि हुने उमेर
- सामाजिकीकरणको सुरुआतको समय
- अनुरोध गर्ने उमेर
- सङ्कटपूर्ण उमेर
- आकर्षणको उमेर
- सिर्जनात्मकताको सुरुआतको उमेर

## शैशवावस्थाका विकासात्मक कार्यहरू

शैशवावस्थाका प्रमुख विकासात्मक कार्यलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- ठोस खाना खान थाल्नु
- बोल्न तथा हिँड्न सक्नु
- उत्सर्जन क्रियामा आंशिक नियन्त्रण गर्नु
- भोक र निद्रामा स्थिरता आउनु
- परिवारका सदस्यहरूसँग संवेगात्मक सम्बन्ध राख्नु
- अरूको भनाइ जान्नु तथा शब्दको सही उच्चारण गर्नु ।

## *अभ्यास*

### १. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) विकास र वृद्धिमा के भिन्नता छ ?

(ख) बाल विकास र बाल वृद्धि भन्नाले के के बुझिन्छ ?

(ग) मानव विकासका विभिन्न अवस्थाहरूको सूची तयार गर्नुहोस् ।

(घ) गर्भावस्थाका विभिन्न चरणहरूबारे छोटकरीमा लेख्नुहोस् ।

(ङ) नवजातावस्थाको विशेषताहरू उल्लेख गर्नुहोस् ।

(च) शैशवावस्थाले बाल विकासमा कस्तो प्रभाव पार्दछ ?

(छ) शैशवावस्थाका विशेषताहरूको सूची बनाउनुहोस् ।

२. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) नवजात अवस्थाका मुख्य समायोजनहरू उल्लेख गरी तिनको छोटकरीमा चर्चा गर्नुहोस् ।

(ख) शैशवावस्थाका बारेमा परिचय दिई त्यसका विशेषतासमेत उल्लेख गर्नुहोस् ।

३. प्रयोगात्मक क्रियाकलाप

(क) तपाईंले पढ्ने विद्यालय वा घर/छरछिमेकमा प्रारम्भिक बालशिक्षा तथा विकास कार्यक्रममा सहभागी तीन जना विद्यार्थीहरूको निम्नलिखित तथ्याङ्क सङ्कलन गर्नुहोस् । प्राप्त जानकारीहरूलाई विकास र वृद्धिको पाटोबाट व्याख्या गर्दै प्रतिवेदन तयार गर्नुहोस् :

(अ) उमेर (आ) उचाइ (इ) तौल (ई) सरसफाइ (उ) रुचि (खाना, साथी, लुगा, खेल) (ऊ) धारणासम्बन्धी ज्ञान (राम्रो, नराम्रो, ठिकै) र (ऋ) शब्दभण्डारसम्बन्धी ज्ञान र समूह व्यवहार (नेतृत्व लिने/नलिने)

**एकाइ ४**

# पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री
(Curriculum, Textbook and Teaching Materials)

## ४.१ पाठ्यक्रमको परिचय (Introduction to Curriculum)

पाठ्यक्रमको परिभाषाका बारेमा बिभिन्न सोच भेटिन्छन् । ती सोचहरू व्यक्तिका दृष्टिकोण तथा राजनीतिक, सांस्कृतिक एवम् शिक्षण विधिहरूबाट प्रभावित भएका हुन्छन् । तर पनि पाठ्यक्रमलाई एउटा प्रणालीबद्ध बृहत् दस्तावेजका रूपमा बुझ्न सकिन्छ । किनकि पाठ्यक्रम शिक्षण सिकाइको उद्देश्यको सङ्गालो पनि हो । यो आवश्यक पाठ्यवस्तु चयन गर्ने सहयोगी हो । पाठ्यक्रम योजना पनि हो र एउटा दस्तावेज पनि हो । पाठ्यक्रमलाई अनुभव पनि भनिन्छ । सु (सन् २०१२) ले पाठ्यक्रमको यो अवधारणालाई निम्नानुसार प्रस्तुत गरेका छन् :

१. उद्देश्यको सङ्गालोका रूपमा पाठ्यक्रम = लक्ष्य अथवा उद्देश्य ।

२. अध्ययन क्रम वा विषयसूचीका रूपमा पाठ्यक्रम = विषयसूची + लक्ष्य ।

३. योजनाका रूपमा पाठ्यक्रम = विषयसूची + लक्ष्य + शिक्षण विधि ।

४. दस्तावेजका रूपमा पाठ्यक्रम = विषयसूची+ लक्ष्य + विधि + मूल्याङ्कन ।

५. अनुभवका रूपमा पाठ्यक्रम = विषयसूची + लक्ष्य + विधि + मूल्याङ्कन + अतिरिक्त क्रियाकलाप तथा सिकाइ वातावरण + छद्अ पाठ्यक्रम + संस्कृति ।

उल्लिखित अवधारणाले पाठ्यक्रमलाई समग्रमा शिक्षण सिकाइलाई निर्देशित गर्ने एउटा बृहत् दस्तावेज हो भन्ने बुझाउँछ । यो अवधारणाा पाठ्यक्रमविद् मुर्रे प्रिन्टको अवधारणासँग मेल खान्छ । प्रिन्ट (सन् १९९३) को भनाइमा शिक्षण संस्थाले विद्यार्थीलाई प्रदान गरिने सम्पूर्ण योजनाबद्ध अवसरहरू एवम् ती अवसरहरू लागु गर्ने क्रममा विद्यार्थीले बटुल्ने अनुभवहरू पाठ्यक्रम हो । प्रिन्टको भनाइमा पनि पाठ्यक्रम योजनाबद्ध सिकाइ अनुभवहरू हुन्, यो शिक्षण संस्था वा कार्यक्रमले उपलब्ध गराउँछ, यो दस्तावेजका रूपमा रहन्छ र यसमा पाठ्यक्रम लागु भए पछिको भोगाइ वा अनुभव पनि समावेश हुन्छ ।

नेपालको सन्दर्भमा राष्ट्रिय पाठ्यक्रम प्रारूप विद्यालय शिक्षाको पाठ्यक्रमसम्बन्धी मूल दस्तावेज हो । यसले पाठ्यक्रम सम्बद्ध नीति, क्षेत्र तथा सिकाइ सहजीकरण क्रियाकलाप, अनुगमन तथा मूल्याङ्कनलाई मार्गनिर्देश गर्न आधार प्रदान गर्छ । यसले विद्यालय शिक्षाका सबै प्रकारका सिकारुलाई सरल र सहज रूपमा सिक्न मार्ग प्रशस्त गर्छ । यसले पाठ्यक्रमको स्थानीयकरण, समावेशीकरण, विषयगत स्वरूप र शिक्षक व्यवस्थापनका नीतिगत पक्षलाई निर्दिष्ट गर्छ ।

समग्रमा भन्नुपर्दा पाठ्यक्रम शिक्षण सिकाइको पूर्ण योजनाको दस्तावेज हो । यसले शिक्षाको लक्ष्य प्राप्त गर्ने उद्देश्य बोकेको हुन्छ । शिक्षाका उद्देश्यहरू पूरा गर्नका लागि विषयगत पाठ्यक्रमहरू निर्माण गरिन्छन् । एउटा शैक्षिक सत्रभरि विद्यार्थीले कक्षाकोठामा सिक्ने सिकाइको सम्पूर्ण योजनाका रूपमा पाठ्यक्रमलाई लिन सकिन्छ । यसभित्र एकाइहरू, एकाइका उद्देश्यहरू, एकाइअन्तर्गतका पाठहरू, एकाइको पाठ्यभार, शिक्षण विधि, मूल्याङ्कन विधि तथा पाठ्यसामग्रीको सूचीसमेत उल्लेख गरिएको हुन्छ । त्यसैले यसलाई बृहत् योजनाबद्ध सिकाइ अनुभवका रूपमा लिइन्छ ।

## ४.२ पाठ्यपुस्तकको परिचय (Introduction to Textbook)

पाठ्यपुस्तक एक लिखित पाठ्यसामग्री हो । संसारमा जबदेखि लेख्ने संस्कृतिको विकास भयो त्यति बेलादेखि नै पाठ्यसामग्रीहरू उपलब्ध हुन थाले । तर ती सबै पाठ्यसामग्रीहरू पाठ्यपुस्तक भने थिएनन् । धम्मपद, पुराण, कुरान, बाइबल इत्यादि पाठ्यसामग्री हुन् तर पाठ्यपुस्तक भने होइनन् । धर्मशास्त्र पढाउँदा यी सामग्रीहरूलाई पाठ्यसामग्रीका रूपमा भने प्रयोग गरिन्थ्यो र अहिले पनि प्रयोग गरिन्छ ।

पाठ्यपुस्तक मूलत: औपचारिक विद्यालय शिक्षा पद्धतिले विशेष उद्देश्य पूरा गर्न निर्माण गरेको पाठ्यसामग्री हो । खास विषयहरूका बारेमा विद्यार्थीहरूलाई विविध ज्ञान दिन तथा सिप सिकाउन पाठ्यपुस्तक लेखिन्छन् । तोकिएको विषयसम्बन्धी ज्ञान तथा सिप दिन सक्ने अन्य पुस्तकहरूलाई पनि पाठ्यपुस्तकका रूपमा प्रयोग गर्न सकिन्छ । कुनै पनि पाठ्यपुस्तक निश्चित उद्देश्य पूरा गर्न बनाइएका हुन्छन् । उक्त निश्चित उद्देश्य विद्यार्थीको सिकाइ र शिक्षकको शिक्षणलाई मार्गदर्शन दिन बनाइएको दस्तावेजमा आधारित हुन्छ । उक्त दस्तावेज भनेको पाठ्यक्रम हो ।

पाठ्यपुस्तकलाई शिक्षकका सहयोगीका रूपमा पनि बुझ्ने गरिन्छ । तर यो मुख्य रूपमा विद्यार्थीको सिकाइका लागि सहयोगी सामग्री हो । तसर्थ सिकाइ सहयोगी हुनाले पाठ्यपुस्तकलाई स्वाध्ययन सामग्रीका रूपमा पनि प्रयोग गरिन्छ, जस्तै : शिक्षक नहुँदा कतिपय विद्यार्थीहरू आफैं पाठ्यपुस्तक पढेर कतिपय विषय वस्तुहरूबारे सिक्ने जान्ने गर्छन् । तसर्थ पाठ्यपुस्तकको लक्ष्य ज्ञानको आधार निर्माण गर्न मदत गर्नु हो ।

माथिको छोटो परिचयले पाठ्यपुस्तकको कुनै एक निश्चित परिभाषा हुँदैन भन्ने जनाउँछ । तर यसो हुँदाहुँदै पनि साधारण भाषामा भन्ने हो भने पाठ्यक्रम व्यवस्था गरिएका सिकाइ उपलब्धि हासिल गर्न विद्यार्थीको अध्ययनका लागि छापिएको सामग्री नै पाठ्यपुस्तक हो । तसर्थ पाठ्यपुस्तकहरू अन्य पुस्तकभन्दा भिन्न हुन्छन् ।

## ४.३ पाठ्यपुस्तकको सङ्क्षिप्त इतिहास (Brief History of Textbook)

गोस्लिन (Goslin, सन् २०१८) का अनुसार पाठ्यपुस्तक सबैभन्दा पहिले सोह्रौं शताब्दीमा ल्याटिन भाषामा लेखिएका थिए । उतिबेला पढ्ने पढाउने माध्यम भाषा ल्याटिन थियो । तसर्थ पाठ्यपुस्तक पनि सोही भाषामा

लेखिन्थ्यो । यसबाहेक परापूर्वकालमा ग्रिस, रोम, चीन, भारत, इजिप्ट तथा अन्य ठाउँहरूमा पनि पाठ्यपुस्तक प्रयोग गरिन्थ्यो । एरिस्टोटल (Aristotle) ले पनि शिक्षण सिकाइ प्रक्रियालाई मदत गर्नका निम्ति विभिन्न विषयमा आफैँले पाठ्यपुस्तक लेखेका थिए । तर हातैले तयार पार्नुपर्ने भएको हुँदा ती पाठ्यपुस्तकहरू सीमित मात्रामा मात्र उपलब्ध थिए । जब पन्ध्रौँ शताब्दीमा छपाइ मेसिनको आविष्कार भयो तब पाठ्यपुस्तकहरू पनि व्यापक रूपमा उपलब्ध हुन थाले । पाठ्यपुस्तकको उपलब्धता व्यापक र सहज हुन थालेपछि औपचारिक विद्यालय शिक्षामा धेरै जनमानसको पहुँच बढ्यो ।

धेरै समयसम्म विद्यालयको पाठ्यपुस्तक सबै उमेर समूह एवम् कक्षाका लागि एकै प्रकारका थिए । शिक्षक थोरै मात्र हुन्थे । ती शिक्षकले पनि दक्षता हासिल गरिनसकेका अवस्थामा एकै खाले पाठ्यपुस्तकले काम चलाउने गरिन्थ्यो । पाठ्यपुस्तकहरू ज्ञान वा जानकारी कण्ठ पार्नका निम्ति प्रयोग गरिन्थ्यो । विषयवस्तु तथा शिक्षणबारे दक्ष शिक्षकको त्यति आवश्यकता पनि थिएन । पढाइ भनेको बुझेर सिक्नेभन्दा पनि घोक्ने र सम्झने भन्नेमा सीमित थियो । त्यसैले पाठ्यपुस्तकलाई वर्गीकरण गर्नुपर्ने जरुरत थिएन । तर बिस्तारै पढाइ भनेको प्राप्त जानकारीलाई बुझ्ने र सिक्ने हो भन्ने सोचको विकास हुन थाल्यो । कण्ठमात्र पारेर प्राप्त गरेका सबै ज्ञानबाट सिकाइ हुँदैन र तिनलाई उपयोग गर्न पनि जानिँदैन भन्ने सोचको विकास भयो । यस सन्दर्भमा अभियान नै चल्न थाल्यो । यसै क्रममा कुन उमेरका, कुन तहका कस्ता विद्यार्थीका निम्ति कस्ता पाठ्यपुस्तक ठिक हुन्छ भन्नेबारे व्यापक रूपमा छलफल हुन थाल्यो । यो छलफल र विचार विमर्शमा शिक्षाशास्त्री, मनोवैज्ञानिक तथा भाषाशास्त्रीहरूसमेत संलग्न भए । फलस्वरूप विभिन्न उमेर समूह, कक्षा र तहअनुसार पाठ्यपुस्तकहरू बनाउन थालियो ।

विद्यालय शिक्षामा पहुँच बढ्न थालेपछि पाठ्यपुस्तकको माग पनि झन् बढ्दै गयो । सुरु सुरुमा नेपाल जस्ता देशहरूले पाठ्यपुस्तक अन्य देशहरूबाट ल्याएर चलाउँथे । किनकि यी देशहरूमा छपाइको सुविधा थिएन । पुस्तक लेख्ने मानिसहरूको पनि कमी थियो । अब नेपालमा विद्यालय तहका पाठ्यपुस्तकहरू देशभित्रै लेख्ने र छाप्ने क्षमता छ । उच्च शिक्षामा भने धेरै विषयहरूमा विदेशमा लेखिएका र छापिएका पुस्तकहरू नै प्रयोग गरिन्छ । यसको प्रमुख कारण विभिन्न देशहरूमा ठुला ठुला र धेरै विश्वविद्यालयहरू छन् । ती विश्वविद्यालयहरूमा पढ्ने पढाउने हजारौँ मानिसहरू हुने हुँदा पनि ती देशहरूमा पुस्तक लेखन र छपाइको काम अत्यधिक हुन्छ । अर्थात् बौद्धिक अभ्यास प्रशस्त हुन्छन् जसको परिणामस्वरूप प्रशस्त पाठ्यसामग्रीहरू उत्पादन गरिन्छन् ।

पाठ्यपुस्तकहरू प्राय: ज्ञान दिनेमा मात्र केन्द्रित हुँदै गए । तसर्थ विद्यार्थीको सोच, समझ, सिप इत्यादिलाई फराकिलो पार्न अन्य माध्यमहरूको पनि उपयोग गर्न थालियो, जस्तै : सम्बन्धित विषयसँग मेलखाने अन्य लिखित वा विद्युतीय सहयोगी पाठ्यसामग्रीहरूको पनि विकास एवम् उत्पादन हुन थाल्यो । साथै दृष्टिविहीन वा अन्य कारणले गर्दा पारम्परिक मुद्रित पाठ्यपुस्तक पढ्न नसक्नेका लागि ब्रेल लिपि तथा अन्य विद्युतीय

पाठ्यपुस्तक एवम् सहयोगी पाठ्सामग्रीहरूको उत्पादन गर्न थालियो । धनी देशहरूमा यस्ता पाठ्यपुस्तक तथा सहयोगी सामग्रीहरू प्रशस्त मात्रामा सहजै उपलब्ध हुन्छन् ।

ज्ञान स्थिर हुँदैन । ज्ञानको प्रकृति र त्यस्को उपलब्धतामा दिनानुदिन विकास भइरहन्छ । यस अवस्थामा मुद्रित स्थिर प्रकृतिका पाठ्यपुस्तकहरूले यो परिवर्तनलाई समेट्न सक्दैनन् । तर सीमित स्रोत र चुनौतीपुर्ण भौगोलिक अवस्था भएका नेपाल जस्ता देशमा परम्परागत पाठ्यपुस्तकको विकल्प तत्काललाई छैन । तसर्थ पाठ्यपुस्तकमा समेटिएका ज्ञान र सूचनाहरूलाई प्राविधिको प्रयोग गर्दै शिक्षक तथा विद्यार्थीहरूले अद्यावधिक गर्नुपर्छ । पारम्परिक पाठ्यपुस्तकका विकल्पका रूपमा पाठ्यक्रममा आधारित अन्तरक्रियात्मक विद्युतीय पाठ्यपुस्तकहरू पनि धमाधम बजारमा उपलब्ध हुँदैछन् । यस्ता पाठ्यपुस्तकहरू प्राय: विद्यार्थीहरूले स्वयम् अर्थात् आफैँ पढेर सिक्न सक्ने खालका हुन्छन् । यस्ता सामग्रीको प्रयोगले शिक्षक तथा विद्यार्थी दुवैको ज्ञान तथा सिपको दायरा फराकिलो बनाउँदै लैजान्छ । यो अभ्यासले शिक्षक र विद्यार्थीको विश्लेशणात्मक र सिर्जनात्मक सिपको विकास गर्न मदत गर्छ । पाठ्यपुस्तकको उद्देश्य पनि यिनै हुन् ।

विद्यार्थीहरूले विभिन्न वातावरणमा र विभिन्न तरिकाले सिक्छन् । माथि भने झैँ निश्चित कक्षाकोठा र पाठ्यपुस्तकको घेराभन्दा बाहिर पनि उनीहरू पढ्न र सिक्न सक्छन् । तसर्थ पाठ्यपुस्तक मात्र सिकाइको स्रोत होइन । तर पाठ्यपुस्तक सिकाइको एक महत्त्वपूर्ण स्रोत भने हो । विद्यार्थीको सिकाइमा यसले महत्त्वपूर्ण भूमिका खेल्छ । तसर्थ गुणस्तरीय वा असल पाठ्यपुस्तकले पठन सिप र सिक्ने क्षमताको विकास गर्न मदत गर्दछ । ज्ञानको आधार निर्माण गर्न मदत गर्छ । शिक्षक नहुँदा पाठयपुस्तकले विद्यार्थीहरूलाई स्वाध्ययन गरी सिक्न मदत गर्दछ । तर खराब वा गुणस्तरहीन पाठ्यपुस्तकले यी कामहरू गर्न सक्दैन । तसर्थ साधारणतया एउटा असल पाठ्यपुस्तकले विद्यार्थीमा सिकाइप्रति रुचि जगाउन र सिकाइमा संलग्न गराई रहन सक्छ ।

## ४.४ पाठ्यक्रम र पाठ्यपुस्तकबिच सम्बन्ध (Relation Between Curriculum and Textbook)

पाठ्यक्रमलाई प्रभावकारी ढङ्गमा लागु गर्नका लागि विभिन्न वस्तुहरूका साथै सिकाइलाई सहज बनाइदिने सिकाइ वातावरणको आवश्यकता पदर्छ । तीमध्ये एउटा प्रमुख वस्तु पाठ्यपुस्तक हो । अर्थात् पाठ्यक्रम लागु गर्ने प्रमुख माध्यमहरूमध्ये पाठ्यपुस्तक एक हो । तर पाठ्यपुस्तक गुणस्तरीय भएन भने यसले पाठ्यक्रमलाई असफल बनाइदिन सक्छ । पाठ्यपुस्तकको गुणस्तर मापनको एउटा प्रमुख सूचक यसको पाठ्क्रमसँगको सम्बन्ध हो । तसर्थ पाठ्यपुस्तक विषयगत पाठ्यक्रमले तोकेको सिकाइ लक्ष्य, उद्देश्य, सिकाइ उपलब्धि, मूल्याङ्कन प्रक्रिया इत्यादिलाई  पूरा गर्ने खालको हुनुपर्छ ।

अझ महत्त्वपूर्ण पक्ष त पाठ्यक्रमविना पाठ्यपुस्तक निर्माण हुँदैन । पाठ्यक्रमका आधारमा निर्माण भएका पाठ्यपुस्तकमार्फत विद्यार्थीले ज्ञान तथा सिप हासिल गर्न सक्छन् । साथै उनीहरूमा सकारात्मक मनोवृत्तिको विकास हुन सक्छ । कुनै पनि कक्षा वा तहको पाठ्यक्रम निर्माण गर्दा सोभन्दा तल्लो कक्षा वा तहका

आधारमा सामान्यदेखि विशिष्ट रूपले निर्माण गरिन्छ । त्यसैगरी पाठ्यपुस्तकमा पनि पाठ्यक्रमको मर्मअनुरूप सामान्यदेखि विशिष्ट प्रकारका विषयवस्तुहरू प्रस्तुत गरिन्छन् । यसलाई लम्बीय सम्बन्ध भनिन्छ । त्यसैगरी पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गर्दा एउटै कक्षाका वा एउटै तहका विभिन्न विषयहरूबिचमा समेत एकआपसमा समान विशेषता एवम् समान जटिलता भएका विषयवस्तु प्रस्तुत गरिन्छ । यसलाई समतलीय सम्बन्ध भनिन्छ ।

## ४.५ असल पाठ्यपुस्तकका गुणहरू (Qualities of a Good Textbook)

एउटा असल पाठ्यपुस्तकले केही विषयबारे बताउने, विद्यार्थीलाई सिकाइमा संलग्न गराउने र विद्यार्थीसँग अन्तर्क्रिया गर्ने काम गर्दछ । समग्रमा असल पाठ्यपुस्तकले विभिन्न पक्षलाई ध्यान दिएको हुन्छ । ती पक्षहरू तल छलफल गरिएका छन् :

### (क) पाठ्यक्रमको उद्देश्यसँग मेल

स्तरीय पाठ्यपुस्तक पाठ्यक्रमले पूर्वनिर्धारण गरेको उद्देश्यअनुरूप लेखिएको हुन्छ । अर्थात् पाठ्यक्रम र पाठ्यपुस्तकबिच समन्वय हुन्छ ।

### (ख) तर्कसङ्गत सङ्गठन

पाठ्यपुस्तकमा विषयवस्तु, सिकाइ क्रियाकलाप, इत्यादि तर्कसङ्गत हिसाबमा प्रस्तुत गरिएको हुन्छ । यसमा विषयवस्तु, ज्ञान, सिप र क्रियाकलापहरू सजिलोबाट सुरु गरेर गाह्रो बनाउँदै लगिएका हुन्छन् । साथै पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तु वा पाठ्यवस्तुहरूबिच एकरूपता हुन्छ । क्रम मिलाएर प्रस्तुत गरिएका हुन्छन् । प्रस्तुत अवधारणाहरू विचारात्मक हिसाबले एकअर्कासँग गाँसिएका हुन्छन् । पाठ्यपुस्तकमा शिक्षण गर्नुपर्ने विषयवस्तुबारे पर्याप्त जानकारी दिइएको हुन्छ र पाठहरू प्रस्ट बुझिने तथा शृङ्खलाबद्ध हुन्छन् । तसर्थ यसले नयाँ शिक्षकहरूलाई आत्मबल प्रदान गर्दछ ।

### (ग) विद्यार्थीको सिक्ने क्षमता अनुकूल

असल पाठ्यपुस्तकले विद्यार्थीको रुचि, आवश्यकता, मनोवैज्ञानिक माग, मानसिक तह इत्यादिसँग अनुकूलन गरिएको हुन्छ । बालबालिकाहरूले गीत, कथाहरू, नाटक जस्ता सामग्रीहरू पढ्न मन पराउँछन् । पाठ्यपुस्तकमा यस्ता सामग्रीहरू पनि समावेश गरिएमा विद्यार्थीको पढ्ने बानीको विकास हुन्छ ।

पाठ्यपुस्तकले विद्यार्थीहरूलाई सिक्नुपर्ने विषयवस्तु वा जान्नुपर्ने जानकारीहरू सहजै उपलब्ध गराउँछ । सिकाइलाई सहज बनाउन सिकाइ संरचना उपलब्ध गराउँछ । पाठ्यपुस्तकमा पाठहरू श्रृङ्खलाबद्ध एवम् उस्तै ढाँचामा प्रस्तुत गरिने हुँदा कसरी सिकाइ प्रक्रिया बढाउने भन्नेबारे विद्यार्थीहरूलाई जानकारी हुन्छन् ।

### (घ) विषयवस्तुको निष्पक्षता

असल पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तु वा जानकारी निष्पक्ष हुन्छन् । त्यसमा लेखकको आफ्नो मूल्यमान्यता झल्केको हुँदैनन् । साथै असल पाठ्यपुस्तकमा कुनै पनि जातजाति लिङ्ग, धम वा क्षेत्रलाई आघात पुग्ने वस्तु समावेश गरिएको हुँदैन । बरु समता, समाहितीकरण, लैङ्गिक समानता जस्ता सामाजिक न्यायका विषयहरूलाई प्रवर्धन गर्ने विषयवस्तु, सोच एवम् सिकाइ क्रियाकलाप समावेश गरिएका हुन्छन् ।

### (ङ) विषयवस्तु र यसको प्रस्तुतीकरण

असल पाठ्यपुस्तकमा तर्कपूर्ण ढङ्गले विषयवस्तु प्रस्तुत गरिएका हुन्छन् । कुनै पनि विषयलाई शीर्षक र उपशीर्षकमा बाँडेको हुन्छ । यसले विद्यार्थीलाई विषयवस्तु बुझ्न सजिलो बनाइदिन्छ । असल पाठ्यपुस्तकले विद्यार्थीलाई सिकाइ क्रियाकलापमा संलग्न गराउन मार्गनिर्देश गर्छ । असल पाठ्यपुस्तकले पाठहरूलाई व्यवस्थित ढङ्गले शिक्षण गर्न मदत गर्ने हुँदा यसले शिक्षकको समय बचत गरिदिन्छ ।

### (च) बाह्य आवरण

असल पाठ्यपुस्तकको बाह्य आवरण सधैँ आकर्षक हुन्छ, जस्तै : गुणस्तरीय कागजमा छापिएको हुन्छ । अक्षरको आकार उपयुक्त र छपाइको ढाँचा आकर्षक हुन्छन् । असल पाठ्यपुस्तकको वजन ठिक मात्रामा हुन्छ । छपाइमा गल्तीहरू हुँदैनन् ।

### (छ) विषयवस्तुको व्याख्या

असल पाठ्यपुस्तकले विविध सिकाइ वस्तुहरूमार्फत विषयवस्तुलाई बुझाउन खोज्छ, जस्तै : तालिका, चित्र, क्रियाकलाप, वास्तविक उदाहरण इत्यादिको प्रयोग गरी सिकाउन खोजिएको हुन्छ । विविध सिकाइ वस्तुहरूले शिक्षकको समय वचत गरिदिन्छन् र शिक्षणलाई सहज बनाइदिन्छन् । विभिन्न माध्यमहरू प्रस्तुत गर्दा लेखकले सामाजिक मूल्यमान्यता सामाजिक न्याय, सहिष्णुता एवम् पाठ्यक्रमले तोकेका उद्देश्यलाई ध्यानमा राखेको हुन्छ ।

### (ज) सन्दर्भ सामग्री

कुनै कुनै पाठ्यपुस्तकमा लेखकहरूले लेख्ने क्रममा प्रयोग गरेका सामग्रीहरू, जस्तै : पुस्तक, जर्नल लेख, अखबार, आदिलाई सही ढङ्गले सही ठाउँमा उल्लेख गरेको हुन्छ । साथै पाठ्यपुस्तकको अन्त्यमा ती सन्दर्भ सामग्रीहरूको सूची तयार गरेर प्रस्तुत गरिएको हुन्छ । यसो गर्नाले बौद्धिक चोरीको आरोपबाट पनि बचिन्छ । साथै शिक्षक विद्यार्थीलाई कुनै विषयबारे थप पढ्न मन लाग्यो भने खोजी गर्न सजिलो हुन्छ र प्राज्ञिक संस्कृतिको पनि विकास हुन्छ ।

### (झ) सिकाइ मूल्याङ्कन

पाठ्यपुस्तकले निर्धारित पाठ वा विषयवस्तुबारे विद्यार्थीले के कति जाने वा जानेनन् भन्ने पत्ता लगाउन अभ्यासहरू राखिदिएको हुन्छ ।असल पाठ्यपुस्तकमा अभ्यासहरू प्राय: सिर्जनात्मक र विद्यार्थीलाई अनुसन्धान, विश्लेषण एवम् सिप सिकाउने खालका हुन्छन् ।

## ४.६ पाठ्यपुस्तकको महत्त्व (Importance of Textbook)

पाठ्यपुस्तक शिक्षण सिकाइको प्रमुख स्रोत हो । तसर्थ पाठ्यपुस्तकले शिक्षक तथा विद्यार्थी दुवैलाई मदत गर्दछ । पाठ्यपुस्तकहरू विषय विशेषज्ञहरूले लेख्ने हुँदा विषयवस्तुहरू विश्वसनीय र पर्याप्त हुन्छन् । ती विशेषज्ञहरू विषयवस्तुमा अद्यावधिक हुन्छन् । यसको लाभ शिक्षक तथा विद्यार्थी दुवैले प्राप्त गर्छन् ।

विद्यार्थीलाई असल पाठ्यपुस्तकको धेरै महत्त्व हुन्छ । विद्यार्थीलाई पाठ्यपुस्तकले सुरक्षित महसुस गराउँछ किनकि पाठ्यपुस्तकले सिक्नुपर्ने विषयवस्तु तथा सिक्ने तरिकाबारे मार्गनिर्देशन प्रदान गर्दछ । यसले गर्दा विद्यार्थीलाई आफूले के अपेक्षा गर्ने र आफूबाट शिक्षकले के अपेक्षा गरेको छ भन्ने कुरा थाहा हुन्छ ।

पाठ्यपुस्तकमा पाठसँग सम्बन्धित अभ्यास तथा क्रियाकलापहरू समावेश गरिएका हुन्छन् । यसले शिक्षकलाई विद्यार्थीको सिकाइ जाँच्ने आधार प्रदान गर्छन् । पाठ्यपुस्तकमा क्रियाकलाप र चित्रहरू पनि समावेश गरिएका हुन्छन् । यी विविध सिकाइ वस्तुहरूले शिक्षकको समय बचत गरिदिन्छन् र शिक्षणलाई सहज बनाइदिन्छन् ।

पाठ्यपुस्तक शिक्षण सिकाइको एक महत्त्वपूर्ण स्रोत हुँदाहुँदै पनि यसका केही सीमितताहरू पनि छन् । शिक्षक तथा विद्यार्थीहरू पाठ्यपुस्तकमा मात्र निर्भर भए भने उनीहरूले सिकाइका अन्य स्रोत तथा सामग्रीहरूलाई वास्ता गर्ने छैनन् । यसले गर्दा शिक्षक र विद्यार्थी दुवैको खोजी गर्ने, नयाँ नयाँ वा थप ज्ञान तथा सिप हासिल गर्ने मनोवृत्ति तथा बानीको विकास हुँदैन । यस अवस्थामा विद्यार्थीमा निरन्तर सिक्ने, खोजी गर्ने र सिर्जनात्मक सिपको विकास गराउन शिक्षक सफल हुँदैनन् । तसर्थ जुन शिक्षक पाठ्यपुस्तकमा मात्र निर्भर रहन्छ उसको शिक्षण सिपमा ह्रास आउँछ ।

## ४.७ शिक्षक निर्देशिका र प्रयोग (Teachers'Guide and Use)

शिक्षक निर्देशिका कुनै पनि विषय शिक्षण गर्न शिक्षकलाई सहयोग गर्ने सामग्री हो । प्रत्येक विषयको छुट्टाछुट्टै शिक्षक निर्देशिका तयार पारिएको हुन्छ । शिक्षक निर्देशिकाले आफूले शिक्षण गर्ने विषयबारे बुझ्न तथा विषयवस्तुलाई विद्यार्थीलाई बुझाउन एवम् विद्यार्थीको सिकाइलाई सहजीकरण गर्न सहयोग गर्दछ । शिक्षक निर्देशिकामा हरेक पाठको उद्देश्य, सिकाइ उपलब्धि र शिक्षण विधि प्रस्तुत गरिएका हुन्छन् । शिक्षक निर्देशिकाले प्रभावकारी शिक्षण सिकाइका निम्ति हरेक विषयको हरेक पाठ वा खण्डलाई कुन कुन शैक्षिक सामग्री तथा सिकाइ क्रियाकलापको प्रयोग गरेर शिक्षण गर्न सकिन्छ भनि निर्देशन दिएको हुन्छ, जस्तै : कक्षा

९ को विज्ञान विषयको शिक्षक निर्देशिकाले ज्वालामुखी पढाउँदा एउटा कोकाकोलाको सिसी र सिसी खोल्ने औजारको प्रयोग गरेर विद्यार्थीलाई ज्वालामुखीबारे ज्ञान दिलाउन सिकाएको छ ।

## ४.८ सन्दर्भ सामग्री (Reference Material)

सन्दर्भ सामग्री पाठ्यक्रम वा पाठ्यपुस्तकमा उल्लेख गरेका कुनै विषय पढाउन वा पढ्नका निम्ति सहयोग पुऱ्याउने पाठ्यसामग्री हो । तसर्थ सन्दर्भ सामग्री विषयवस्तुसँग सम्बन्धित हुन्छ तर पाठ्यक्रमसँग यसको सीधा सम्बन्ध नहुन सक्छ । यो मुद्रित पुस्तकका रूपमा उपलब्ध हुन्छ । कुनै विषयवस्तुबारे थप जानकारी, विचार, ज्ञान तथा सिप सन्दर्भ ग्रन्थ सामग्रीले दिन्छ । विद्यार्थीले सन्दर्भ ग्रन्थ सामग्रीको प्रयोग गरेर आफ्नो पठन सक्षमता र शब्दभण्डार बढाउन सक्छन् । यसले विद्यार्थीलाई सिकाइमा सक्रिय हुन, रुचि एवम् उत्प्रेरण जगाउन तथा आफैँ पठन सामग्रीहरू खोजेर पढ्ने बानीको विकास गर्न मदत गर्दछ ।

शिक्षकका निम्ति पनि सन्दर्भ सामग्री महत्त्वपूर्ण हुन्छ । यसले शिक्षणको निम्ति थप सूचना तथा विकल्पहरू दिन्छ । अझ महत्त्वपूर्ण त शिक्षकको ज्ञानको भण्डार जति बढ्यो विद्यार्थीहरू त्यत्ति नै लाभान्वित हुन्छन् । सन्दर्भ सामग्री भने सबै प्रकारका मुद्रित पुस्तक एवम् श्रव्य, श्रव्यदृश्य तथा विद्युतीय सामग्रीहरू हुन सक्छन् । कुनै पुस्तक वा अन्य पाठ्यसामग्री लेखनका क्रममा प्रयोग गरिएका सन्दर्भ सामग्रीहरूको सूची पुस्तक वा पाठ्यसामग्रीको अन्त्यमा दिइएको हुन्छ ।

## ४.९ पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीबिच सम्बन्ध (Relation Between Curriculum, Textbook and Reference Material)

पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीबिचमा घनिष्ट सम्बन्ध रहेको पाइन्छ । कुनै एक पक्ष अर्को पक्षबिना पूरा हुन सक्दैन । पाठ्यक्रमका आधारमा वा पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरू पूरा गर्नका निम्ति पाठ्यपुस्तकको निर्माण गरिन्छ । यसरी निर्माण गरेको पाठ्यपुस्तकका पाठहरूलाई पठनपाठन गर्न शिक्षकलाई शिक्षक निर्देशिकामार्फत निर्देशन वा सहयोग प्रदान गरिन्छ । पाठ्यपुस्तकमा भएका पाठहरू लेखन गर्दा विभिन्न सन्दर्भ सामग्रीको सहयोग लिएर लेखिएको हुन्छ । यसरी सहयोग लिएका विभिन्न लेखकका लेख, पुस्तक, अनुसन्धान आदिलाई पाठ्यपुस्तकको अन्त्यमा अमेरिकन साइकोलोजिकल एसोसियन (एपिए) वा अन्य शैलीमा उल्लेख गरिएको हुन्छ । यी उल्लिखित कारणबाट पनि प्रस्ट हुन्छ कि पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र सन्दर्भ ग्रन्थका बिचमा घनिष्ट सम्बन्ध छ । साथै शिक्षकले पाठ्यक्रमले निर्दिष्ट गरेका विषयवस्तुहरू शिक्षण गर्ने क्रममा र विद्यार्थीले पढ्ने/सिक्ने क्रममा पाठ्यपुस्तकमा समावेश गरिएका जानकारी एवम् ज्ञानहरू अपर्याप्त हुन सक्छन् । तिनीहरू पुराना भइसकेका हुन सक्छन् । ज्ञान दिनहुँ जसो अद्यावधिक भइरहेका हुन्छन् । तसर्थ शिक्षण सिकाइका क्रममा थप सन्दर्भ सामग्रीहरूको प्रयोग गर्नु अनिवार्य नै भइसकेको छ । यसले पनि पाठ्यक्रम र सन्दर्भग्रन्थ सामग्रीको सम्बन्ध देखाउँछ ।

## अभ्यास

१. तलका भनाइहरूमा ठिक भए ठिक √ चिह्न र बेठिक भए X चिह्न लगाउनुहोस् :

(क) पाठ्यपुस्तकमा सन्दर्भ सामग्रीको सूची राखिएको हुँदैन ।

(ख) असल पाठ्यपुस्तकको बाहिरी आवरण आकर्षक हुनुपर्दछ ।

(ग) सन्दर्भ सामग्री पाठ्यवस्तुसँग सम्बन्धित हुन्छ ।

(घ) पाठ्यपुस्तकले नयाँ शिक्षकलाई आत्मबल प्रदान गर्दछ ।

(ङ) शिक्षण सिकाइका क्रममा थप सन्दर्भ सामग्रीहरूको प्रयोग गर्नुपर्छ ।

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) विद्यार्थीका लागि पाठ्यपुस्तक किन महत्त्वपूर्ण छ ?

(ख) शिक्षकका लागि पाठ्यक्रम किन महत्त्वपूर्ण हुन्छ ?

(ग) सुरु सुरुमा पाठ्यपुस्तक के का निम्ति प्रयोग गरिन्थ्यो ?

(घ) अन्य पाठ्यसामग्रीहरू किन आवश्यक छन् ?

(ङ) शिक्षक निर्देशिकाको प्रयोग किन गरिन्छ ?

(च) सन्दर्भ सामग्रीको प्रयोग गर्नु किन आवश्यक छ ?

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) असल पाठ्यपुस्तकका विशेषताहरू के के हुन् ? सूची तयार पार्नुहोस् र हरेकको छोटकरीमा उदाहरणसहित व्याख्या गर्नुहोस् ।

(ख) शिक्षक निर्देशिका के हो र यो कसरी प्रयोग गरिन्छ ?

(ग) पाठ्यपुस्तकको बेफाइदा के हो ? आफ्नो अनुभवका आधारमा व्याख्या गर्नुहोस् ।

(घ) सन्दर्भग्रन्थ सामग्रीको महत्त्वबारे चर्चा गर्नुहोस् ।

४. प्रयोगात्मक क्रियाकलाप

(क) असल पाठ्यपुस्तकका विशेषताहरू तपाईंको कुनै एउटा पाठ्यपुस्तकमा कसरी लागु भएका छन् वा छैनन् हेरी एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

(ख) तपाईंको एक जना शिक्षकलाई शिक्षक निर्देशिकाको महत्त्व र प्रयोग गर्ने तरिकाबारे सोधी छोटो प्रतिवेदन तयार पार्नुहोस् ।

एकाइ ५

# शैक्षणिक योजना र कक्षाकोठा व्यवस्थापन
# (Instructional Plan and Classroom Management)

## ५.१ शैक्षणिक योजनाको परिचय (Introduction to Instructional Plan)

कुनै पनि कार्यक्रमको अपेक्षित उपलब्धिलाई कार्यान्वयनमा उतार्नका लागि तयार पारिएको खाका नै योजना हो । कुनै कार्यक्रमलाई तोकिएको अवधिभित्र निर्धारित ढाँचामा सम्पन्न गर्नका लागि तयार पारिएको दस्तावेज योजना हो । योजनाले कुनै पनि कामलाई नियमित र व्यवस्थित रूपमा सञ्चालन गर्न मदत पुऱ्याउँछ । मानिसले कुनै पनि कामको थालनी गर्नु अगाडि आफ्नो पूर्वअनुभव, उपलब्ध साधन र स्रोत तथा भविष्यमा प्राप्त हुन सक्ने प्रतिफलको लेखाजोखा गरेको हुन्छ । यसरी लेखाजोखा गरेपछि कामको बाँडफाँड, उपलब्ध साधन र स्रोतको परिचालन तथा अनुगमनको व्यवस्था गर्न नै योजना हो । मानिसले सानोभन्दा सानो क्रियाकलापका निमित्त पनि योजना बनाएको हुन्छ ।

कुनै पनि कार्यक्रमको सफलता र असफलता योजनामा भरपर्ने हुनाले विद्यालयमा पनि योजनाको महत्त्वपूर्ण स्थान रहन्छ । विद्यालयको मुख्य काम विद्यार्थीहरूलाई उपयुक्त शिक्षण वातावरण सिर्जना गरी गुणस्तरीय शिक्षा प्रदान गर्नु हो । विद्यार्थीहरूलाई कुन समयमा कस्तो शिक्षा दिने ? कति दिने ? कसरी दिने ? भन्ने जस्ता कुराहरूको योजना विद्यालयले बनाउनुपर्छ । यस्ता योजनालाई शैक्षणिक योजना (Instructionalplan) भनिन्छ । विद्यालयले सञ्चालन गर्ने प्राज्ञिक एवम् गैर प्राज्ञिक शैक्षिक क्रियाकलापसम्बन्धी योजनालाई शैक्षणिक योजना भनिन्छ । विद्यालयले एक शैक्षिक सत्रभित्र गर्ने सम्पूर्ण शैक्षिक क्रियाकलापहरू वार्षिक, त्रैमासिक, मासिक एवम् दैनिक रूपमा विभाजन गरी विद्यार्थीहरूका शैक्षिक उपलब्धि एवम् सर्वाङ्गीण विकास हासिल गर्नका लागि नियमित रूपमा विद्यालयभित्र वा बाहिर सञ्चालन गरिने प्रस्तावित कार्यक्रमलाई शैक्षणिक योजना भनिन्छ ।

समग्रमा शैक्षणिक योजना भन्नाले शिक्षणसँग सम्बन्धित योजना हो । विद्यार्थीहरूमा ज्ञान तथा सिप प्रदान गर्न अपनाइने प्रक्रिया एवम् उपायहरूको दस्तावेज शैक्षणिक योजना हो । अर्थात् समग्र शिक्षण सिकाइ कार्यका लागि निर्माण गरिएको योजना नै शैक्षणिक योजना (Instructional Plan) हो ।

## ५.२ शैक्षणिक योजनाको आवश्यकता (Need of Instructional Plan)

शैक्षणिक योजनामा विद्यार्थीको भर्ना कार्यक्रम, कक्षा प्रारम्भ एवम् नियमित कक्षा सञ्चालन, विभिन्न परीक्षाहरू सञ्चालन, अतिरिक्त क्रियाकलापहरू, विद्यालयको वार्षिक दिवस तथा अभिभावक दिवस जस्ता कार्यक्रमहरू समावेश गरिन्छन् । मानव जीवनका प्रत्येक पक्षमा योजनाको आवश्यकता भए जस्तै विद्यालयमा पनि शैक्षणिक योजनाको महत्त्वपूर्ण स्थान हुने कुरा निर्विवाद छ । शैक्षणिक योजनाको अभावमा विद्यालयका

शैक्षिक गतिविधिहरू सुचारु रूपले सञ्चालन हुन सक्दैनन् । तसर्थ बुँदागत रूपमा भन्नुपर्दा शैक्षणिक योजनाको आवश्यकता र महत्त्व निम्नानुसार छन् :

- उद्देश्य प्राप्तिमा सहयोग गर्दछ ।
- योजनाबद्ध, व्यवस्थित र क्रमबद्ध बनाउँछ ।
- शिक्षकमा सिप विकास गराउँछ ।
- शिक्षकलाई आत्मविश्वासी बनाउँछ ।
- शिक्षकको पेसागत विकासमा सहयोग पुऱ्याउँछ ।
- शिक्षण सामग्री, स्रोतसाधन र समय सन्तुलन कायम गर्दछ ।
- विद्यालय परिवारमा सम्बन्ध बढाउँछ ।
- शिक्षण प्रक्रियामा नियमितता ल्याउँछ ।
- शिक्षकमा उत्प्रेरणा र उत्साह बढाउँछ ।
- शिक्षा र पाठ्यक्रमका लक्ष्य तथा उद्देश्य पूरा गर्न सहयोग गर्दछ ।

## ५.३ शैक्षणिक योजनाका प्रारूपहरू (Designs of Instructional Plan)

शैक्षणिक योजनाले विद्यालयका शैक्षिक गतिविधिहरूलाई निश्चित उद्देश्यअनुरूप सञ्चालन गर्न सहयोग पुऱ्याउँछ । उद्देश्यबाट निर्देशित भएर सञ्चालन गरिएका शैक्षिक क्रियाकलापहरूले अपेक्षित उपलब्धि हात पार्न सजिलो हुन्छ । शिक्षाका निर्धारित लक्ष्य र उद्देश्य प्राप्तिका लागि प्रभावकारी योजनाको आवश्यकता पर्दछ । शैक्षिक योजना विनाको सिकाइ सहजीकरण क्रियाकलाप बाटो बिराएको बटुवा जस्तो हुन जान्छ । निर्धारित समयभित्र पाठ्यांश पूरा नहुनु पाठ्यक्रमका सबै एकाइहरूमा तोकिएअनुसार वा निर्धारित भएअनुसार सम्बन्धित सामग्रीहरू नपाइनु, आदि शिक्षण क्षेत्रका समस्याहरू समाधानका लागि पनि शैक्षणिक योजनाको आवश्यकता हुन्छ । खास गरी योजनाले शिक्षण उद्देश्य प्राप्त गर्न, अध्ययन र अध्यापन कार्यलाई सजिलो पार्न, सिक्ने र सिकाउने प्रक्रियामा नियमितता र स्थायित्व ल्याउनु, विद्यार्थीहरूमा सिक्ने अभिरुचि बढाउन, विद्यार्थीहरूको व्यक्तिगत भिन्नतालाई ध्यान दिन, समयको सदुपयोग गर्न, शिक्षकलाई बढी सक्षम र आत्मविश्वासी बनाउन मदत पुऱ्याउँछ । शैक्षणिक योजनाले मानवीय तथा भौतिक स्रोतको सदुपयोग गरी विद्यालयको उच्चतम उपलब्धि हासिल गर्नका लागि निर्देशन तथा मार्गनिर्देश गर्नुका साथै नियन्त्रण तथा अनुगमनका लागि आधारसमेत प्रदान गर्छ । यसरी नयाँ ज्ञान तथा प्राविधिको विकास शिक्षण विधि तथा शैक्षणिक सामग्रीको क्षेत्रमा भएको प्रगति, बढ्दै गएको शैक्षिक प्रतिस्पर्धा, आदि कारणहरूले गर्दा प्रत्येक विद्यालयले शैक्षणिक योजना बनाउनु अत्यावश्यक छ ।

पाठ्यक्रमद्वारा राखिएका उद्देश्यहरू प्राप्त गर्नका लागि शिक्षण सिकाइसँग सम्बन्धित योजनाहरू शैक्षणिक योजना हुन् । प्रत्येक शिक्षण संस्थाहरूमा निर्धारित उद्देश्यहरू प्राप्तिका लागि विभिन्न शैक्षणिक योजनाहरूको निर्माण र कार्यान्वयन गरिन्छ । विद्यालयमा निर्माण तथा प्रयोग गर्ने विभिन्न शैक्षणिक योजनाहरू (Instructural Plans) लाई निम्नानुसार बाँडिएको हुन्छ ।

(क) वार्षिक कार्यपात्रो/तालिका

(ख) वार्षिक कार्ययोजना

(ग) एकाइ कार्ययोजना

(घ) दैनिक पाठ योजना

## (क) वार्षिक कार्यपात्रो/तालिका (Annual Calendar)

वार्षिक कार्यपात्रो वा वार्षिक कार्यतालिका समानार्थी रूपमा प्रयोग हुने शब्दावली हुन् । एक शैक्षिक सत्र वा वर्षमा विद्यालयमा सञ्चालन गरिने सम्पूर्ण क्रियाकलापहरू प्रस्तुत गरिएको पूर्व योजनालाई वार्षिक कार्यपात्रो भनिन्छ । अर्को शब्दमा भन्दा विद्यालयमा कुन कुन महिना, दिन र बारमा कुन कुन कार्यक्रमहरू सञ्चालन गरिन्छ । तिनीहरूको विस्तृत योजनाको दस्तावेजलाई वार्षिक कार्यपात्रो/तालिका भनिन्छ । यसलाई नै वार्षिक शैक्षिक पात्रोका रूपमा लिइन्छ । वार्षिक कार्यपात्रो/तालिकालाई विद्यालयको  वर्षभरिको सम्पूर्ण योजना पनि भन्ने गरिन्छ ।

वार्षिक कार्यतालिका प्रधानाध्यापकको नेतृत्वमा शिक्षक, विद्यालय निरीक्षक, स्रोतव्यक्ति, अभिभावक तथा विद्यार्थीहरूको आवश्यक सहयोगमा निर्माण गरिन्छ । सम्पूर्ण सरोकारवालाहरूलाई जिम्मेवारीपूर्ण रूपमा शैक्षिक कार्यक्रममा संलग्न गराउने माध्यम नै वार्षिक कार्यपात्रो हो । यसमार्फत विद्यालयका वर्षभरिका सम्पूर्ण गतिविधि प्रस्तुत हुने भएकाले यसलाई विद्यालयको वार्षिक ऐनाका रूपमा लिन सकिन्छ । यसको कारण विद्यालय प्रशासनले वा शिक्षकले वर्षभरि के गर्ने भन्ने कार्यमा अलमल रहँदैन । निरन्तर आफ्ना शैक्षिक र अतिरिक्त क्रियाकलापहरू व्यवस्थित तरिकाले सञ्चालन गर्न सहयोग पुग्छ ।

वार्षिक कार्यतालिका निर्माण गर्दा एक शैक्षिक वर्षभरिमा पर्ने राष्ट्रिय विदा, स्थानीय विदा, कार्यसञ्चालनका दिन, परीक्षा सञ्चालन हुने मिति, अतिरिक्त क्रियाकलाप सञ्चालन गरिने दिन स्थानीय तथा राष्ट्रिय चाडपर्वहरू, स्टाफ बैठकहरू जस्ता सम्पूर्ण कुराहरू उल्लेख गरिएको हुन्छ । वार्षिक कार्यतालिका विद्यालयअनुसार फरक पर्न सक्छ भने विद्यालय शैक्षिक सत्र सुरु हुने दिन र अन्त्य हुने दिन भने समान हुन्छन् । वार्षिक कार्यतालिका निर्माण गर्दा राष्ट्रिय, तहगत, कक्षागत तथा विषयगत उद्देश्यहरूका बारेमा ध्यान दिनुपर्छ । त्यस्तै विद्यालय वातावरण एवम् भौतिक सुविधाहरूका बारेमा जानकारी लिएर कार्यतालिका व्यावहारिक बनाउनुपर्छ ।

वार्षिक कार्यतालिकामा समावेश गर्नुपर्ने विविध पक्षहरू निम्नानुसार छन् :

## १. वार्षिक शैक्षिक कार्यक्रम

(क) भर्ना फारामसम्बन्धी विवरण

(ख) प्रवेश परीक्षा

(ग) प्रवेश परीक्षा नतिजा

(घ) भर्ना अवधि

(ङ) कक्षा सञ्चालन र अन्त्य हुने दिन

(च) सबै प्रकारका परीक्षा सञ्चालन

(छ) नतिजा प्रकाशन

(ज) शिक्षक प्रशिक्षण (तालिम, कार्यशाला)

(झ) शैक्षिक भ्रमण

## २. अतिरिक्त क्रियाकलाप

(क) खेलकुद

(ख) हाजिरीजवाफ, हिज्जे एवम् वादविवाद

(ग) सांस्कृतिक कार्यक्रम

(घ) हस्तकला, चित्रकला र मूर्तिकला

## ३. भौतिक व्यवस्था

(क) निर्माण तथा मर्मत

(ख) आर्थिक स्रोत सङ्कलन

(ग) शैक्षिक उपकरण

## ४. विविध कार्यक्रम

(क) शिक्षक बैठक

(ख) विद्यालय व्यवस्थापन समितिको बैठक

(ग) अभिभावक भेटघाट कार्यक्रम

(घ) अभिभावक दिवस

(ङ) विद्यालयको वार्षिक दिवस

(च) सामाजिक सेवा, स्वास्थ्य तथा सरसफाइ कार्यक्रम

# वार्षिक कार्यपात्रोको खाका

**शैक्षिक वर्ष :.......**

**विद्यालयको नाम र ठेगाना : ..........**

| गते | महिना | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बार | | | | | | | | | | | | |
| १ | आइतबार | | | | | | | | | | | | |
| २ | सोमबार | | | | | | | | | | | | |
| ३ | मङ्गलबार | | | | | | | | | | | | |
| ४ | बुधबार | | | | | | | | | | | | |
| ५ | बिहिबार | | | | | | | | | | | | |
| ६ | शुक्रबार | | | | | | | | | | | | |
| ७ | शनिबार | | | | | | | | | | | | |

......................

**प्रधानाध्यापक**

**द्रष्टव्य : प्रस्तुत कार्यपात्रोमा प्रत्येक महिनाको हरेक दिन के के कार्यक्रम गरिन्छ, छोटकरीमा प्रस्तुत गर्नुपर्छ ।**

## शितला माध्यमिक विद्यालय

### बालाजु-१६, काठमाडौँ

### वार्षिक कार्यपात्रो तालिका

**तल दिइएको वार्षिक कार्य पात्रोको अध्ययन गर्नुहोस् । उक्त कार्य पात्रोमा विद्यालय वर्षभरिमा के के कार्य गर्ने योजना गरेको छ, साथीहरूसँग छलफल गरी टिपोर्ट गर्नुहोस् ।**

**शैक्षिक सत्र २०७५/०७६**

| गते ↓ | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नयाँ भर्ना प्रक्रिया | विद्यालयको जन्म दिन | निबन्ध प्रतियोगिता | * | * | * | ♥ | शनिबार | कीर्तिपुर जात्रा | ♥ | * | * | |
| २ | | * | शनिबार | * | शनिबार | * | ♥ | * | कीर्तिपुर जात्रा | ♥ | * | शनिबार | |
| ३ | | * | * | * | * | * | शनिबार | * | * | ♥ | छोटो भ्रमण (कक्षा ४-६) | * | |
| ४ | | * | * | * | * | * | ♥ | * | * | ♥ | शनिबार | * | |
| ५ | | शनिबार | * | शनिबार | * | वक्तृत्वकला प्रतियोगिता | ♥ | * | * | शनिबार | * | * | |
| ६ | नयाँ शैक्षिक सत्र सुरु | * | * | * | * | शनिबार | ♥ | * | * | ♥ | * | फागु पूर्णिमा (होली) | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | * | * | * | * | * | * | दसैँको बिदा अन्त्य | * | शनिबार | ♥ | प्रजातन्त्र दिवस | * | |
| ८ | शनिबार | * | * | * | * | * | * | शनिबार | * | ♥ | * | * | |
| ९ | * | * | शनिबार | * | शनिबार | खेलकुद दिवस सुरु | * | * | * | ♥ | * | शनिबार | |
| १० | * | * | * | * | जनै पूर्णिमा | * | शनिबार | * | क्रिसमस डे | ♥ | छोटो भ्रमण (कक्षा ७-९) | * | |
| ११ | * | * | * | शिक्षा दिवस | गाईजात्रा | * | * | * | * | ♥ | शनिबार | * | |
| १२ | * | शनिबार | * | शनिबार | * | खेलकुद दिवस अन्त्य | * | * | * | शनिबार | * | अन्तिम परीक्षाको तयारी बिदा | |
| १३ | * | * | * | * | * | शनिबार | * | * | दोस्रो त्रैमासिक परीक्षा प्रकाशन तथा वितरण | ♥ | * | अन्तिम परीक्षा सुरु | |
| १४ | * | * | * | * | * | * | * | * | शनिबार | ♥ | * | ♣ | |
| १५ | शनिबार | * | गर्मी बिदा सुरु | * | प्रथम त्रैमासिक परीक्षा नतिजा प्रकाशन र वितरण | * | * | शनिबार | माघी पर्व | जाडो बिदा अन्त्य | * | ♣ | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | * | * | शनिबार | * | शनिबार | * | हाजिरी जवाफ प्रतियोगिता | * | जाडो बिदा सुरु | * | * | शनिबार | |
| १७ | बुद्ध जयन्ती | * | ♥ | * | श्रीकृष्ण जन्माष्टमी | * | शनिबार | * | ♥ | * | * | ♣ | |
| १८ | मजदुर दिवस | हिज्जे प्रतियोगिता तथावृक्षारोपण | ♥ | शनिबार | * | * | * | * | ♥ | * | शनिबार | ♣ | |
| १९ | * | शनिबार | ♥ | प्रथम त्रैमासिक परीक्षा तयारी बिदा | * | * | * | दोस्रो त्रैमासिक परीक्षा तयारी बिदा | ♥ | शनिबार | * | ♣ | |
| २० | * | * | ♥ | प्रथम त्रैमासिक परीक्षा सुरु | * | शनिबार | * | दोस्रो त्रैमासिक परीक्षा सुरु | ♥ | * | महाशिवरात्री | ♣ | |
| २१ | * | * | ♥ | ♣ | * | * | तिहार बिदा सुरु | ♣ | शनिबार | * | * | अन्तिम परीक्षा समाप्त | |
| २२ | शनिबार | * | ♥ | ♣ | * | * | ♥ | शनिबार | ♥ | सोनाम ल्होसार | * | घोडेजात्रा | |
| २३ | * | * | शनिबार | ♣ | शनिबार | दशैंको विशेष कार्यक्रम | तिहार बिदा अन्त्य | ♣ | ♥ | * | ग्याल्पो ल्होसार | शनिबार | |
| २४ | * | * | ♥ | ♣ | बुवाको मुख हेर्ने दिन (कुसेऔँसी) | दशैं बिदा सुरु | शनिबार | ♣ | ♥ | * | महिला दिवस | * | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २५ | * | हिज्जे प्रतियोगिता र भ्रमण | ♥ | ♣ | * | ♥ | * | ♣ | ♥ | छोटो भ्रमण (कक्षा १-३) | शनिबार | * | |
| २६ | * | शनिबार | ♥ | शनिबार | * | ♥ | * | ♣ | ♥ | शनिबार | * | * | |
| २७ | * | * | ♥ | ♣ | तीजको व्रत | शनिबार | * | ♣ | ♥ | वसन्त पञ्चमी | * | * | |
| २८ | * | * | ♥ | प्रथम त्रैमासिक परीक्षा अन्त्य | * | ♥ | * | दोस्रो त्रैमासिक परीक्षा अन्त्य | शनिबार | * | * | * | |
| २९ | शनिबार | * | गर्मी बिदा अन्त्य | * | ऋषि पञ्चमी/ बालदिवस | ♥ | * | शनिबार | ♥ | * | * | अन्तिम परीक्षाको नतिजा प्रकाशन र वितरण | |
| ३० | * | * | शनिबार | * | शनिबार | ♥ | * | — | ♥ | — | * | शनिबार | |
| ३१ | * | * | * | * | * | ♥ | - | - | - | - | - | - | |
| ३२ | - | - | * | - | - | - | - | - | - | - | - | - | |

* : कक्षा सञ्चालन

♣ : परीक्षा सञ्चालन

♥ : गर्मी, जाडो, दशैं र तिहार बिदा

...............

**प्रधानाध्यापक**

वार्षिक कार्यपात्रो वर्षभरिको कार्यक्रमको प्रस्तुतीकरण हो । यसमा प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र आवश्यकताअनुसार विद्यालय व्यवस्थापन समिति एवम् अभिभावकहरू बिचको समझदारी तथा सहयोगका आधारमा क्रमिक रूपमा प्रस्तुत भएका कार्यक्रमहरूलाई समावेश गरिन्छ । तसर्थ वार्षिक कार्यपात्रोले सम्पूर्ण सरोकारवालाबिचमा सुमधुर सम्बन्ध स्थापना गर्दछ ।

### (ख) वार्षिक कार्ययोजना (Annual Work Plan)

वार्षिक कार्यतालिकाको निर्माणपश्चात् सोका आधारमा कुनै खास कक्षाका शिक्षकले आफ्नो विषय पठनपाठन गर्दा वर्षभरिका निम्ति निर्माण गरिने योजनालाई वार्षिक कार्ययोजना भनिन्छ । वार्षिक कार्ययोजना प्रत्येक शिक्षकले बनाउनुपर्छ । वार्षिक कार्ययोजनाका आधारमा शिक्षकले समयमै सिकाइ सहजीकरण क्रियाकलाप पूरा गर्नुका साथै ठिक समयमै परीक्षासमेत लिन सक्छन् ।

शैक्षिक सत्र एक वर्षको हुने भएकाले यसलाई वार्षिक कार्ययोजना पनि भनिएको हो । विद्यालय सञ्चालन हुने दिन र सम्बन्धित विषयले पाउने साप्ताहिक घन्टी वा समयका आधारमा एक शैक्षिक सत्रभरि प्राप्त हुन सक्ने समयभित्र सिकाइनुपर्ने पाठ्यवस्तु र तत्सम्बन्धी अपेक्षित क्रियाकलाप तथा विषयको उद्देश्य प्रकृति र गहिराइलाई समेत ध्यान दिएर वार्षिक कार्ययोजना निर्माण गर्नुपर्छ । विषयगत रूपमा कुन पाठलाई कति घन्टी पाठ्यक्रममा तोकिएको छ सोही आधारमा त्यसको कार्ययोजना बनाइन्छ । विषयगत रूपमा सहक्रियाकलाप भएमा सोसमेत कार्ययोजनामा समावेश गर्नुपर्छ । विद्यार्थीहरूको मूल्याङ्कन गर्ने समय र विधिसमेत वार्षिक कार्ययोजनामा समावेश गरिन्छ ।

यसरी वार्षिक कार्ययोजना निर्माण गरी शिक्षकले पठनपाठन तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दा वार्षिक कार्यतालिकाका निम्ति सहयोग पुग्छ । विषयगत सिकाइ सहजीकरण क्रियाकलापलाई व्यवस्थित रूपले सञ्चालन गर्न र विद्यार्थीहरूको मूल्याङ्कन गर्न वार्षिक कार्ययोजनाले सहयोग गर्छ । साथै शिक्षकलाई पाठयोजना एवम् एकाइ योजना बनाउन र तोकिएको समयमै पठनपाठन क्रियाकलाप सम्पन्न गर्न सहयोग पुऱ्याउँछ । कुन विषयवस्तु पठनपाठन गर्न कस्तो प्रकारका शैक्षिक सामग्रीको आवश्यकता पर्ने हो, त्यसको व्यवस्थापन गर्नसमेत वार्षिक कार्ययोजनाले सहयोग गर्दछ । यसका अलवा ती विषयवस्तु पठनपाठन गर्न कस्तो प्रकारका सहक्रियाकलापहरूको आवश्यकता पर्ने हो, त्यसकोसमेत आवश्यकताअनुसार व्यवस्थापन गर्न यसले सहयोग गर्दछ ।

वार्षिक कार्ययोजनाको खाका र नमुना तल प्रस्तुत गरिएका छन् :

# वार्षिक कार्ययोजनाको खाका

विद्यालयको नाम र ठेगाना : ............................ शैक्षिक वर्ष : ..........

विषय शिक्षकको नाम : ............... कक्षा : ..................

विषय : ............. घन्टी ......................... वर्षभरि पढाइ हुने दिन सङ्ख्या

| मिति (महिना) | महिनामा पढाइ हुने दिन घन्टी | एकाइ (शीर्षक) | विषयवस्तु | शैक्षणिक सामग्री | शिक्षण विधि | मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| वैशाख | | | | | | | |
| जेठ | | | | | | | |
| असार | | | | | | | |
| साउन | | | | | | | |
| भदौ | | | | | | | |
| असोज | | | | | | | |
| कात्तिक | | | | | | | |
| मङ्सिर | | | | | | | |
| पुस | | | | | | | |
| माघ | | | | | | | |
| फागुन | | | | | | | |
| चैत्र | | | | | | | |

विषय शिक्षक प्रधानाध्यापक

................ .....................

## वार्षिक कार्ययोजना

विषय : शिक्षा

शैक्षिक सत्र : २०७५/०७६

| मिति (महिना) | महिनामा पढाइ हुने दिन घन्टी | एकाइ (शीर्षक) | विषयवस्तु | शैक्षिक सामग्री | शिक्षण विधि | मूल्याङ्कन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| वैशाख ६ देखि १४ | वैशाख- २० दिनमध्ये ७ दिन | शिक्षाको परिचय | • शिक्षाको अर्थ र परिभाषा<br>• शिक्षाको उद्देश्य<br>• शिक्षाको प्रकार<br>• शिक्षाको कार्यहरू | शिक्षाको अर्थ लेखिएका विभिन्न चार्टहरू | छलफल र प्रश्नोत्तर | मौखिक तथा लिखित प्रश्नोत्तर | |
| यसैगरी अन्य पाठहरू | | | | | | | |

विषय शिक्षक ................ प्रधानाध्यापक .....................

### (ग) एकाइ योजना (Unit Plan)

एउटा एकाइभित्र विभिन्न पाठहरू समावेश भएका हुन्छन् । एकाइ योजना विषय शिक्षकद्वारा निर्माण गरिन्छ । एकाइ योजना शिक्षकले शिक्षण गर्नुपर्ने सम्पूर्ण विषयवस्तुको पूर्वाधार हो । एकाइ योजनामा शिक्षण सिकाइको प्रस्तुतीकरण गर्ने सम्पूर्ण विधिहरू समावेश गरिएको हुन्छ । एकाइ योजना विषयवस्तुको बृहत् पूर्वाधार हो जसलाई कक्षाकोठा शिक्षणमा प्रयोग गरिन्छ ।

कुनै विषयअन्तर्गतका विभिन्न एकाइहरूलाई व्यवस्थित, प्रभावकारी र क्रमबद्ध रूपमा शिक्षण गर्न बनाइएको योजना नै एकाइ योजना हो । यो सबै एकाइहरूका लागि तयार गरिन्छ । एकाइ योजना वार्षिक योजनाभन्दा विशिष्ट हुन्छ । यसमा प्रत्येक एकाइलाई कसरी र कुन उद्देश्यका शिक्षण सिकाइ गर्ने भन्ने सम्बन्धमा विस्तृत योजना बनाइएको हुन्छ । त्यसैगरी कस्तो सिकाइ सहजीकरण क्रियाकलाप, शैक्षिक सामग्रीको प्रयोग, कस्ता विधिहरू तथा कस्तो मूल्याङ्कन रणनीति प्रयोग गर्ने र कति समयमा एकाइको शिक्षण कार्य सम्पन्न गर्ने भन्नेबारेमा विस्तृत योजना एकाइ योजनाभित्र पर्दछ ।

वार्षिक कार्यतालिका र वार्षिक योजनालाई ध्यानमा राखेर एकाइ योजना निर्माण गरिनुपर्छ । एकाइ योजनाले शिक्षक र विद्यार्थी दुवैलाई पूर्वतयारीका साथ शिक्षण सिकाइमा संलग्न हुने अवसर दिन्छ । शिक्षण सिकाइका निम्ति आवश्यक पर्ने स्रोत साधन, सामग्री र विधिहरूको पूर्वयोजना गर्न सहयोग गर्दछ । यसले शिक्षकलाई आत्मविश्वास र कौशलता प्रदान गर्दछ । यसले अपेक्षित सिकाइ उद्देश्य हासिल गर्न मदत मिल्छ ।

एकाइ योजनाको खाका र नमुना तल प्रस्तुत गरिएका छन् :

## एकाइ योजनाको खाका

विद्यालयको नाम र ठेगाना : .......................... शैक्षिक वर्ष .....................

शिक्षकको नाम : .......................................... कक्षा : ............................

विषय : ....................................................... पाठ्यघण्टा : ......................

एकाइ शीर्षक : ..........................................................................................

| मिति (देखि-सम्म) | पाठ | सिकाइ उपलब्धि | | | शैक्षिक सामग्री | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन विधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | ज्ञान | सिप | अभिवृत्ति | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

विषय शिक्षक

................

प्रधानाध्यापक

.....................

## एकाइ योजनाको नमुना

शैक्षिक सत्र: २०७५/०७६

विद्यालयको नाम : श्री सिद्धार्थ माध्यमिक विद्यालय, मालारानी-८, अर्घाखाँची

विषय : शिक्षा कक्षा : ९

एकाइ शीर्षक : शिक्षाको परिचय पाठ्यघण्टा : ७

| मिति (देखि-सम्म) | पाठ | सिकाइ उपलब्धि | | | शैक्षिक सामग्री | सिकाइ सहजीकरण क्रियाकलाप | मूल्याङ्कन विधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | ज्ञान | सिप | अभिवृत्ति | | | | |
| २०७५/१/६-१४ | शिक्षाको अर्थ र परिभाषा<br>शिक्षाको उद्देश्य<br>शिक्षाका प्रकारहरू<br>शिक्षाका कार्यहरू | शिक्षाको अर्थबारे बताउन | विद्यार्थीले प्राप्त गरेको शिक्षालाई प्रयोगमा ल्याउन | शिक्षा प्राप्त गर्ने तरिकाहरूको पहिचान गर्न | शिक्षाका अर्थका बारेमा लेखिएका विभिन्न चार्टहरू | प्रश्नोत्तर, छलफल, प्रदर्शन | प्रश्नोत्तर | |
| यसैगरी अन्य पाठहरू | | | | | | | | |

विषय शिक्षक प्रधानाध्यापक

................ .....................

### (घ) दैनिक पाठयोजना (Daily Lesson Plan)

विद्यालयमा प्रत्येक दिन शिक्षकले कक्षा शिक्षण गर्नुपर्छ । प्रत्येक पाठ वा प्रत्येक दिनको सिकाइ सहजीकरण क्रियाकलापलाई व्यवस्थित रूपमा अगाडि बढाउन बनाइने योजना नै दैनिक पाठयोजना हो । विषय शिक्षकले दैनिक कक्षाकोठामा प्रवेश गर्नुभन्दा पहिला उक्त कक्षामा प्रवेश गरेपछि गर्नुपर्ने सम्पूर्ण क्रियाकलापहरूलाई समेटेर बनाउने योजना नै दैनिक पाठयोजना हो । पाठयोजनाले शिक्षकलाई कक्षाकोठामा कुन दिनमा कुन विषय, कुन पाठ/शीर्षक, केके उद्देश्यहरू पूरा गर्न पढाउने भन्नेबारे बताउँछ । कस्ता शैक्षिक सामग्रीको प्रयोग गरी, कस्ता सिकाइ सहजीकरण क्रियाकलापहरूमार्फत र कस्तो मूल्याङ्कनको साधन अपनाएर उक्त विषय शिक्षण गर्ने भन्नेबारेमा पनि दैनिक पाठयोजनाले निर्दिष्ट गर्दछ । यसले गर्दा शिक्षकले स्पष्ट, व्यवस्थित र प्रभावकारी रूपमा सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्न सक्दछन् । दैनिक शिक्षणलाई स्पष्ट मार्गदर्शन गर्ने खाका नै पाठयोजना हो ।

शैक्षणिक योजनाहरूमध्ये दैनिक पाठयोजना सबैभन्दा सूक्ष्म वा सानो योजना हो । दैनिक पठनपाठन गर्ने हरेक शीर्षकको दैनिक पाठयोजना निर्माण गरिएको हुन्छ । यसले प्रत्येक एकाइ शीर्षकका उद्देश्यहरू पूरा गर्न सहयोग गर्दछ । क्रमशः विषयगत, कक्षागत र तहगत हुँदै शिक्षाका राष्ट्रिय उद्देश्यहरूसमेत हासिल गर्न सहयोग गर्दछ । दैनिक पाठयोजनाले शिक्षक र विद्यार्थीहरूको सक्रियतालाई बढाउँछ । यसले निर्धारित समयमा पाठ्यक्रमले तोकेका विषयवस्तु सिकाइ सहजीकरण क्रियाकलापमार्फत पूरा गर्न सघाउँछ । त्यस्तै गरी शिक्षकले सिकाइ सहजीकरण क्रियाकलापमा प्रस्तुत गर्ने विषयवस्तुलाई सङ्गठित गरी प्रभावकारी शिक्षण गर्न सहयोग पुऱ्याउँछ । दैनिक पाठयोजनाले के विषयवस्तु कसरी, किन र कति मात्रामा शिक्षण गर्ने भन्नेबारे मार्गनिर्देशन दिने हुँदा शिक्षकलाई विश्वस्त बनाई दिन्छ ।

दैनिक पाठयोजनाकोखाका र नमुना तल प्रस्तुत गरिएका छन् :

## दैनिक पाठयोजनाको खाका

दैनिक पाठयोजना ......

विषय : ............................................... मिति ....................................

एकाइ : ............................................... समय ....................................

पाठ शीर्षक : ......................................... घन्टी ....................................

कक्षा : ............................................... विद्यार्थी सङ्ख्या ..........................

१. कक्षागत सिकाइ उपलब्धि : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) ..............................

(ख) ..............................

(ग) ..............................

२. शैक्षणिक सामग्री

३. सिकाइ सहजीकरण क्रियाकलाप

४. मूल्याङ्कन

५. गृहकार्य

विषय शिक्षक ................ प्रधानाध्यापक .....................

# दैनिक पाठयोजना १

विद्यालयको नाम : शान्ति मा.वि., धारापानी, अर्घाखाँची | मिति : २०७५/१/१०

विषय : शिक्षा | समय : ३:२०

एकाइ : शिक्षाको परिचय | घन्टी : पहिलो

पाठ शीर्षक : शिक्षाको अर्थ | विद्यार्थी सङ्ख्या : ४०

कक्षा : नौ

१. कक्षागत सिकाइ उपलब्धि : यस पाठको अन्त्यमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुने छन् :

(क) शिक्षाको शाब्दिक अर्थ बताउन

(ख) शिक्षाको सङ्कुचित अर्थ भन्न

(ग) शिक्षाको व्यापक अर्थ उल्लेख गर्न ।

२. शैक्षाणिक सामग्री : दैनिक प्रयोगका सामग्री (चक/मार्कर, डस्टर, लेखन पाटी), शिक्षाको अर्थ लेखिएका चार्टहरू

३. सिकाइ सहजीकरण क्रियाकलाप

(क) सर्वप्रथम विद्यार्थीहरूलाई पूर्व पाठको पुनरावलोकन गर्दै आजको पाठ शिक्षाको अर्थका बारेमा ध्यान केन्द्रित गराउने ।

(ख) शिक्षाको शाब्दिक अर्थका बारेमा विद्यार्थीहरूलाई प्रश्न गर्ने र प्राप्त उत्तरलाई लेखन पाटीमा टिपोट गर्ने । त्यसपछि शिक्षाको शाब्दिक अर्थ लेखेको चार्टलाई प्रस्तुत गरी थप प्रस्ट पार्ने ।

(ग) शिक्षाको सङ्कुचित अर्थका बारेमा विद्यार्थीहरूलाई पूर्वज्ञान के छ भनी सो बारेमा प्रश्नोत्तरको माध्यमबाट प्राप्त बुँदालाई लेखन पाटीमा टिपोट गर्ने र त्यसपछि शिक्षकले शिक्षाको सङ्कुचित अर्थका बारेमा प्रस्तुत गरेको चार्टलाई प्रस्तुत गर्ने र सोका बारेमा थप प्रस्ट पार्ने ।

(घ) शिक्षाको व्यापक अर्थका बारेमा विद्यार्थीबिचमा छलफल गर्न लगाउने र सो छलफलबाट निष्कर्ष बुँदाहरूलाई लेखन पाटीमा टिपोट गर्ने । त्यसपछि शिक्षकले विद्यार्थीले भनेका बुँदालाई आधार मानी शिक्षाको व्यापक अर्थ लेखेको चार्टलाई विद्यार्थीको अगाडि प्रस्तुत गर्ने र थप प्रस्ट पारिदिने ।

४. मूल्याङ्कन

(क) शिक्षाको शाब्दिक अर्थ के हो ?

(ख) शिक्षाको सङ्कुचित अर्थ भनेको के हो ?

(ग) शिक्षाको व्यापक अर्थ भनेको के हो ?

५. गृहकार्य

शिक्षाको अर्थबारे छोटकरीमा उल्लेख गर्नुहोस् ।

.................. ...................

प्रधानाध्यापक विषय शिक्षक

## ५.३ कक्षाकोठा व्यवस्थापन अवधारणा, आवश्यकता र महत्त्व (Concept, Need and Importance of Classroom Management)

### कक्षाकोठा व्यवस्थापन अवधारणा (Concept of Classroom Management)

औपचारिक रूपमा सिक्नका लागि बस्ने ठाउँलाई कक्षाकोठा भनिन्छ । अर्थात् औपचारिक रूपमा शिक्षण सिकाइ प्रक्रिया सम्पन्न गरिने स्थल कक्षाकोठा हो । तसर्थ कक्षाकोठा विषय, निर्धारित शिक्षण सिकाइ विधि र विद्यार्थीको उमेर अनुकूल हुनुपर्छ । यसो भएमा मात्र निर्धारित सिकाइ उद्देश्यहरू पूरा गर्न सकिन्छ । तसर्थ विद्यालयमा उपलब्ध न्यूनतम स्रोत र साधनको उच्चतम प्रयोग गरी निर्धारित उद्देश्य पूरा गर्न सिकाइ सहजीकरण क्रियाकलाप अनुकूल कक्षाकोठाको व्यवस्था गर्ने कार्य नै कक्षाकोठा व्यवस्थापन हो । कक्षाकोठाको उचित व्यवस्थापनमार्फत शिक्षण सिकाइलाई प्रभावकारी बनाउन सकिन्छ ।

परम्परागत मान्यतामा कक्षाकोठा व्यवस्थापन भन्नाले विद्यार्थीलाई कडा अनुशासन र नियन्त्रणमा राख्ने कुरालाई सङ्केत गरेको पाइन्छ । कक्षाकोठामा विद्यार्थी चुपचाप र शान्त भएर शिक्षकलाई सुन्ने मात्र काम गरे भने त्यसलाई कक्षाकोठाको उचित व्यवस्थापन मानिन्थ्यो । तर हिजोआज भने कक्षाकोठाको व्यवस्थापनलाई उच्चतम सिकाइ उपलब्धि हासिल गर्ने उपायका रूपमा लिइन्छ । कक्षाकोठामा भौतिक, शैक्षिक सामग्री, शिक्षण सिकाइ, विविधता, इत्यादि पक्षहरूको उपयुक्त व्यवस्थापनलाई नै उचित कक्षाकोठा व्यवस्थापन मानिन्छ ।

कक्षाकोठा व्यवस्थापनको भौतिक पक्षअन्तर्गत उपलब्ध फर्निचर, प्रकाश, हावा, कक्षाकोठाको आकार प्रकार, शैक्षणिक पाटी/लेखनपाटीको अवस्थिति, विद्यार्थी सङ्ख्या, सरसफाइ, कक्षाकोठाको सजावट, इत्यादि पर्दछन् । नेपालको सन्दर्भमा विद्यार्थी शिक्षक अनुपात हिमालमा ४०:१, पहाड ४५:१ र तराई तथा उपत्यकामा ५०:१ तोकिएको छ । त्यस्तै कक्षाकोठाको आकार प्रकारमा न्यूनतम ९ फिट उचाइ र साविकको पूर्व प्राथमिक र प्राथमिक तहमा प्रति विद्यार्थी ०.७५ वर्गमिटर, निम्न माध्यमिक र माध्यमिक तहमा प्रतिविद्यार्थी १:०० वर्ग मिटर तोकिएको छ ।

शैक्षिक सामग्री व्यवस्थापनभित्र विद्यार्थीसँग पाठ्यपुस्तकको उपलब्धता, अन्य शिक्षण सिकाइ सहयोगी सामग्रीको उपलब्धता, प्राविधिको उपलब्धता, जस्ता पक्षहरू पर्दछन् । त्यस्तै शिक्षण सिकाइ व्यवस्थापनभित्र भयरहित वातावरण, विविध शिक्षण विधिको प्रयोग, विद्यार्थीको सिकाइमा सक्रिय सहभागिता, प्राविधिको उचित प्रयोग इत्यादि पर्दछन् ।

विविधता व्यवस्थापनभित्र भाषा, संस्कृति, लैङ्गिक पहिचान, धर्म, आर्थिक अवस्था, अपाङ्गता, आदि विभिन्न पृष्ठभूमिबाट आएका विद्यार्थीहरूको निम्ति समतामूलक शिक्षण सिकाइको अवसरको उपलब्धता पर्दछ । शिक्षकले सबै जनालाई समतामूलक व्यवहार गर्दै कक्षाकोठा शिक्षण सिकाइमा समाहित गर्नु विविधताको व्यवस्थापनाको एउटा पाटो हो । विविधता व्यवस्थापनको अर्को पाटो भनेको विद्यार्थीहरूमा एकअर्काका विविध पृष्ठभूमिलाई सम्मान गर्ने एवम् समता र समाहितीकरणको सोच तथा अभ्यासको विकास गराउने हो ।

उपयुक्त कक्षाकोठा व्यवस्थापनले शिक्षक एवम् विद्यार्थीहरूको सक्रियता बढाइ सिकाइ उपलब्धि सुधार्न सकिन्छ । विद्यार्थीहरूको कक्षा छाड्ने प्रवृत्तिमा पनि कक्षाकोठा व्यवस्थापनको महत्त्वपूर्ण भूमिका हुन्छ । कक्षाकोठामा उचित व्यवहार र उपयुक्त सिकाइ वातावरण प्राप्त भएन भने विद्यार्थीको सिकाइ हुँदैन र पढाइप्रति रुचि कम हुँदै जान्छ । यो अवस्थामा विद्यार्थी कक्षाकोठाभित्र धेरै दिन टिक्न सक्दैन र उसले कक्षा छोड्छ । तसर्थ शिक्षण सिकाइ वातावरण उचित र प्रभावकारी बनाउनका लागि उपयुक्त कक्षाकोठा व्यवस्थापन महत्त्वपूर्ण हुन्छ ।

## कक्षाकोठाको व्यवस्थापनको आवश्यकता र महत्त्व (Need and importance of classroom management)

विद्यार्थी, शिक्षक, अभिभावक र सरकारको लगानीको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइ, व्यवहार तथा उपलब्धिसँग जोडिएको हुन्छ । पाठ्यक्रमका अपेक्षित उद्देश्यहरू उचित शिक्षण सिकाइ व्यवस्थापनबाट मात्र पूरा गर्न सकिन्छ । त्यसैले कक्षाकोठा व्यवस्थापनलाई महत्त्वपूर्ण कार्यका रूपमा लिन जरुरी हुन्छ ।

कक्षाकोठा व्यवस्थापनलाई व्यावहारिक, वैज्ञानिक र सिकाइ अनुकूल बनाउन कक्षा शिक्षक तथा विषय शिक्षकले निकै मिहिनेत गर्नुपर्दछ । यसका निम्ति शिक्षकले प्रधानाध्यापक, अभिभावक, विद्यार्थी बिचमा राम्रो सम्बन्ध राखी सम्पूर्णबाट सहयोग लिई कक्षाकोठाको व्यवस्थापन गर्नुपर्छ ।

शिक्षक शिक्षक, विद्यार्थी शिक्षक, विद्यार्थी विद्यार्थी, विद्यार्थी प्रधानाध्यापक, शिक्षक प्रधानाध्यापक, विद्यार्थी अभिभावक, अभिभावक शिक्षक, अभिभावक प्रधानाध्यापक, प्रधानाध्यापक स्रोतव्यक्ति बिचमा समन्वय भएमा कक्षाकोठा व्यवस्थापनमा मदत पुग्दछ । शिक्षण सिकाइ प्रक्रियालाई सहज, अनुकूल, उद्देश्यमूलक र विद्यार्थीकेन्द्रित बनाउन कक्षाकोठा व्यवस्थापनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । कक्षाकोठा व्यवस्थापनको मुख्य मुख्य महत्त्वहरूलाई तलका अनुच्छेदहरूमा प्रस्तुत गरिएको छ :

- विद्यार्थीको सिकाइ र उपलब्धिमा सुधार ल्याउन कक्षाकोठा व्यवस्थापनको ठुलो भूमिका हुन्छ । कक्षाकोठा व्यवस्थापनले विद्यार्थीको सिकाइका विविध पक्षलाई समेट्छ, जस्तै : अपेक्षा, अन्तरक्रिया, उत्प्रेरणा तथा  बानी व्यहोरा । यसभित्र चारओटा पक्षहरू समेटिन्छन् । ती हुन् : नियम तथा प्रक्रिया, अनुशासन कायम गर्ने उपाय, शिक्षक विद्यार्थी सम्बन्ध र कक्षाकोठा व्यवस्थापनका निम्ति शिक्षकको मानसिक तयारी ।

- सफलतापूर्वक हरेक विद्यार्थीलाई सक्रिय बनाउन कक्षाकोठा व्यवस्थापन महत्त्वपूर्ण हुन्छ । विद्यार्थीहरूले छोटो समयका निम्ति, अर्थात् परीक्षाको निम्ति मात्र पढ्नुको साटो साच्चै सिकाइको निम्ति पढेका छन् भनेर निश्चित हुन कक्षाकोठा व्यवस्थापनले मदत गर्दछ । विद्यार्थीहरूलाई बेलाबेलामा प्रश्न सोधेर र सिकाइ क्रियाकलापमा संलग्न गराएर यो सम्भव हुन्छ ।

- कक्षाकोठा व्यवस्थापनले कक्षाकोठाको समयलाई प्रभावकारी ढङ्गमा उपयोग गर्न मदत गर्छ । निश्चित समयभित्र लागु गर्न सकिने गरी शिक्षण योजना बनायो भने उपलब्ध समयलाई प्रभावकारी ढङ्गले प्रयोग गर्न सकिन्छ ।

- कक्षाकोठामा सकारात्मक वातावरण बनाई राख्न पनि कक्षाकोठा व्यवस्थापनले मदत गर्छ । शिक्षकले नियम, कार्य तालिका, आचारसंहिता लागु गरेर सकारात्मक वातावरण बनाइराख्न सक्छन् । अनुशासन कायम गर्न विद्यार्थीको व्यवहारलाई सकारात्मक र भयरहित उपायमार्फत व्यवस्थित गर्नुपर्ने हुन्छ । यो गर्न पनि कक्षाकोठा व्यवस्थापनले नै सम्भव गराउँछ ।

- कक्षाकोठामा उपलब्ध स्रोतसाधनको प्रभावकारी ढङ्गले प्रयोग गर्न पनि व्यवस्थापनले नै सहयोग गर्दछ, जस्तै : कक्षाकोठालाइ कसरी मिलाउँदा शिक्षण सिकाइ वातावरण सहज र प्रभावकारी बनाउन सकिन्छ भनि चिन्तन र अभ्यास गर्ने बाटो कक्षाकोठा व्यवस्थापनले नै दिन्छ । शिक्षकको उचित कक्षाकोठा व्यवस्थापनको अभ्यासले विद्यार्थीहरूमा अनुशासित ढङ्गमा अपेक्षाअनुरूप सिकाइ क्रियाकलापमा संलग्न हुने बानीको विकास गराउन सक्छ ।

## ५.४ विद्यालय शान्ति क्षेत्र (School as Zone of Peace)

विद्यालय शान्ति क्षेत्र संयुक्त राष्ट्रसङ्घको बालबालिका सम्बन्धी अधिकार महासन्धि १९८९ बाट निर्देशित अवधारणा हो । यो कार्यक्रम पनि हो । द्वन्द्वग्रस्त देशहरूमा शूरुमा हिंसामुक्त विद्यालयमा बालबालिकाको पहुँच सुनिश्चित गर्ने लक्ष्यसहित विद्यालय शान्ति क्षेत्र भन्ने अवधारणा ल्याइएको छ । सोहीअनुरूप कार्यक्रमहरू सञ्चालन पनि गरिएका छन्, जस्तै : श्रीलंका र नेपालमा द्वन्द्व र तत्पश्चात्का समयमा विद्यालयलाई बालबालिकाका निम्ति सुरक्षित स्थान बनाउने उपायहरू अपनाइए । सशस्त्र द्वन्द्व समाप्त भएपछि कार्यक्रमको रूप पनि बदलिँदै गयो । नेपालमा सशस्त्र द्वन्द्वको समयमा द्वन्द्वरत पक्षहरूलाई विद्यालय परिसरको उपयोग तथा विद्यार्थीहरूमाथि शारीरिक एवम् मानसिक आघात पुग्ने जस्ता कार्यहरूमा केन्द्रित थियो । द्वन्द्वपछि

बालबालिकाको सुरक्षा र उनीहरूको शान्तिपूर्ण वातावरणमा हुर्कन र पढ्न पाउने अधिकार सुनिश्चित गर्न अन्य कार्यक्रमहरू सुरु गरियो ।

नेपालमा विद्यालय शान्ति क्षेत्रको अवधारणालाई लागु गर्न वि.स. २०६७ सालमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय शान्ति क्षेत्र मार्गदर्शन तयार गऱ्यो । विद्यालय शान्ति क्षेत्र मार्गदर्शन सशस्त्र द्वन्द्वको प्रत्यक्ष वा अप्रत्यक्ष प्रभावबाट विद्यालय र विद्यार्थीहरूलाई संरक्षण गर्नेमा केन्द्रित छ । विद्यार्थीकै सुरक्षा र संरक्षणलाई ध्यानमा राखेर अन्य दस्तावेजहरू पनि एकपछि अर्को तयार गरियो । २०६७ सालमै शिक्षा मन्त्रालयले भयमुक्त सिकाइ वातावरणका निमित्त नीतिगत व्यवस्था २०६७ भन्ने दस्तावेज तयार पाऱ्यो । यो दस्तावेज विद्यालयभित्र विद्यार्थीलाई दिइने शारीरिक एवम् मानसिक रूपमा असर पार्ने खालका सजायमा केन्द्रित छ । शिक्षकले विद्यार्थीलाई शारीरिक वा मानसिक आघात पर्ने गरी सजाय दिन नपाइने भन्ने नियम लागु गरियो । साथै यसले भेदभावरहीत, सम्मानजनक शिक्षण सिकाइको वातावरणको परिकल्पनासमेत गरेको छ । यस सन्दर्भमा पाठ्यक्रम, पाठ्यपुस्तक एवम् शिक्षक तालिम सम्मलाई भयरहित, विभेदरहित र सम्मानजनक शिक्षण सिकाइ प्रवर्धन गर्ने गरी परिमार्जन गर्ने व्यवस्था गरिएको छ । २०६७ सालमै बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप तयार गरियो । यसले पनि विद्यालय भर्ना भएका बालबालिकाहरूलाई भयमुक्त सम्मानजनक सिकाइ वातावरण सुनिश्चित गर्न मार्गदर्शन प्रदान गर्दछ ।

## अभ्यास

१. खाली ठाँउ भर्नुहोस् :

(क) औपचारिक रूपमा शिक्षण सिकाइ प्रक्रियाको कार्यथलो ........... हो ।

(ख) एक शैक्षिक सत्र वा वर्षमा विद्यालयमा सञ्चालन गरिने सम्पूर्ण क्रियाकलापहरू प्रस्तुत गरिएको पूर्वयोजनालाई ......... भनिन्छ ।

(ग) कुनै खास कक्षाका विद्यार्थीहरूलाई आफ्नो पठनपाठन गर्न शिक्षकले वर्षभरिका निम्ति निर्माण गरिने शैक्षिक योजनालाई ........ भनिन्छ ।

(घ) कुनै विषयको विभिन्न एकाइहरूलाई व्यवस्थित, प्रभावकारी र क्रमबद्ध रूपमा शिक्षण गर्न बनाइएको योजना नै ........ हो ।

(ङ) प्रत्येक दिनको वा पाठको सिकाइ सहजीकरण क्रियाकलापलाई व्यवस्थित रूपमा अगाडि बढाउन बनाइने योजनालाई .......... भनिन्छ ।

(च) कक्षाकोठामा उपलब्ध स्रोत साधनको प्रभावकारी ढङ्गले प्रयोग गर्न ................ ले सहयोग गर्दछ ।

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) शैक्षणिक योजना भन्नाले के बुझिन्छ ? यो किन महत्त्वपूर्ण हुन्छ ?

(ख) वार्षिक कार्यपात्रो र वार्षिक कार्ययोजनामा के भिन्नता छ ?

(ग) दैनिक पाठयोजना र एकाइ योजनामा के भिन्नता छ ?

(घ) कक्षाकोठा व्यवस्थापनले के बुझाउँछ ?

(ङ) विद्यालय शान्ति क्षेत्र भन्नाले के बुझिन्छ ?

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) एउटा सक्षम शिक्षकले कक्षाकोठा व्यवस्थापन गर्दा के के पक्षहरूमा ध्यान पुऱ्याएको हुन्छ, व्याख्या गर्नुहोस् ।

(ख) पाठ योजनाले शिक्षकलाई कसरी फाइदा पुऱ्याउँछ ?

(ग) वार्षिक कार्ययोजनाले विद्यालयलाई कसरी फाइदा पुऱ्याउँछ ?

(घ) प्रभावकारी कक्षाकोठा व्यवस्थापनले शिक्षण सिकाइमा कसरी फाइदा पुग्छ, उदाहरणसहित व्याख्या गर्नुहोस् ।

(ङ) विद्यालयलाई शान्ति क्षेत्र बनाउन के कस्ता उपायहरू अपनाउनुपर्छ, व्याख्या गर्नुहोस् ।

४. प्रयोगात्मक क्रियाकलाप

(क) वार्षिक कार्यपात्रो निर्माण गरी सूचना पाटी वा कक्षाकोठामा प्रदर्शन गर्नुहोस् ।

(ख) विद्यार्थीहरूको समूह विभाजन गरी हरेक समूहले कक्षामा पढाइ हुने एक एकओटा विषयको वार्षिक कार्ययोजना तयार गरी कक्षाकोठामा प्रस्तुत गर्नुहोस् ।

(ग) दैनिक पाठयोजनाको कुनै एउटा नमुना तयार पार्नुहोस् ।

एकाइ
६

# शिक्षण विधि तथा प्रविधि र शैक्षिक सामग्री

(Teaching Methods, Teaching Techniques and Teaching Materials)

## ६. शिक्षण विधि तथा प्रविधि र शैक्षिक सामग्रीको परिचय

सिकाइ सहजीकरण क्रियाकलापमा विभिन्न प्रकारका शिक्षण विधि तथा प्रविधि र शैक्षिक सामग्रीहरूको प्रयोग गरिन्छ । सामान्यतया शिक्षण विधिअन्तर्गत शिक्षक केन्द्रित विधि, विद्यार्थी केन्द्रित विधि र सामग्री केन्द्रित विधिहरू पर्दछन् । यी विधिहरूअन्तर्गत विभिन्न प्रविधि र शैक्षिक सामग्रीहरू प्रयोग गरिन्छ । उदाहरणका लागि सिकाइ सहजीकरण क्रियाकलापमा सिकाइ सरलबाट जटिलतिर त्यस्तै मूर्तबाट अमूर्ततिरको सिद्धान्त अपनाइन्छ । शिक्षकले अन्य थुप्रै क्रियाकलापहरू, जस्तै : परामर्श, पुरस्कार वा दण्ड प्रक्रियाको अवलम्बन गर्छन् । यसरी व्यापक रूपमा भन्दा सिकाइ सहजीकरण क्रियाकलापमा विभिन्न सिद्धान्तहरू, विधिहरू र नवीनतम प्रविधि अपनाइन्छ । सिकाइ सहजीकरण क्रियाकलापलाई सफल बनाउन शिक्षण सामग्रीको पनि उत्तिकै आवश्यकता पर्दछ । शैक्षिक सामग्रीअन्तर्गत परम्परागत शैक्षिक सामग्रीहरूदेखि लिएर अहिले विज्ञानले आविष्कार गरेका नयाँ प्रविधिहरूसमेत पर्दछन् । यी तिनै पक्षहरू शिक्षण विधि तथा प्रविधि र शैक्षिक सामग्रीहरूको उपयुक्त प्रयोगबाट सिकाइ सहजीकरण क्रियाकलाप सफल बनाउन सकिन्छ ।

## ६.१ शिक्षण विधिको अर्थ र महत्त्व (Meaning and Importance of Teaching Methods)

### शिक्षण विधिको अर्थ (Meaning of Teaching Methods)

सामान्य अर्थमा भन्नुपर्दा शिक्षण भन्नाले विद्यार्थीलाई कुनै ज्ञान, सिप र व्यवहार सिकाउनु वा अध्यापन गराउनु भन्ने बुझ्नुपर्दछ । विधि भन्नाले शिक्षण गरिने विषयवस्तुलाई विद्यार्थीसमक्ष पुऱ्याउने तौरतरिका हो । यसरी शिक्षकले शिक्षण कार्यमा अपनाउने उपाय वा शैलीलाई शिक्षण विधि भनिन्छ । कुनै पनि विषयवस्तु विद्यार्थीसमक्ष लैजानु विधिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षण गर्दा शिक्षकले विभिन्न विधिहरू अपनाउन सक्छन् । उचित शिक्षण विधिद्वारा सिकाइ सहजीकरण क्रियाकलापलाई प्रभावकारीका साथै सहज र सरल बलाउन सकिन्छ । कठिन विषयवस्तुलाई पनि सरल तरिकाले विद्यार्थीमाझ प्रस्तुत गर्न सकिन्छ । तर उचित विधिको छनोट वा प्रयोग गर्न नसकेको खण्डमा सरल विषय पनि कठिन बन्छ र शिक्षण गर्नुको कुनै अर्थ रहँदैन । साथै पाठ्यक्रमले राखेको उद्देश्य पनि प्राप्त हुँदैन । त्यसैले कुनै एउटा विधि सबै विषयवस्तु शिक्षण गर्न उपयुक्त नहुन सक्छ ।

शिक्षकले शिक्षण विधि छनोट गर्दा विषयवस्तुअनुरूप विविधतालाई ख्याल गरेर छनोट गर्नुपर्दछ । शिक्षण विधिको छनोट गर्दा विद्यार्थीको पूर्व ज्ञान, रुचि क्षमता, चाहनामाथि विचार पुऱ्याउनुपर्छ । साथै उनीहरूको

तहगत स्तर, विषयवस्तुको प्रकृति, स्वरूप आदि कुरामाथि पनि ख्याल गर्नुपर्दछ । भौतिक सुविधा तथा तिनको अवस्था तथा उपलब्ध शिक्षण सामग्रीहरूले पनि शिक्षण विधिको छनोटमा प्रभाव पार्दछ । कक्षामा विभिन्न शिक्षण विधिहरू प्रयोग गरिने गरेका छन् । उचित शिक्षण विधिको छनोट र यसको प्रयोबाट मात्र पाठ्यक्रममा उल्लिखित उद्देश्य पूरा गर्न सकिन्छ ।

### शिक्षण विधिको महत्त्व (Importance of Teaching Methods)

शिक्षण आफैँमा कला हो । यसको माध्यमबाट नै शिक्षकले विद्यार्थीहरूलाई ज्ञान, सिप र व्यवहार सिकाइरहेका हुन्छन् । एक सफल शिक्षक हुनका लागि ऊसँग सम्बन्धित विषयको ज्ञानको साथै शिक्षण विधि जान्नु आवश्यक हुन्छ । शिक्षकमा उपयुक्त शिक्षण विधि छनोट गर्ने कुशलता हुनुपर्दछ । वर्तमान समयमा परम्परागत शिक्षण विधिका अतिरिक्त अरू थुप्रै विधिहरू प्रयोगमा ल्याइएका छन् । बदलिँदा समयसँगै शिक्षा पनि बदलिँदो छ । साथै शिक्षा दिने तौरतरिका पनि बदलिँदो छ । शिक्षा प्रविधिमैत्री हुँदै गएको छ । त्यस्ता अवस्थामा एक अब्बल र असल शिक्षक बन्नका लागि शिक्षकले आफूलाई पनि समयको मागसँगै बदल्न जरुरी छ । शिक्षण विधिको महत्त्वलाई तल बुँदागत रूपमा पनि प्रस्तुत गरिएको छ :

१. पाठ्यक्रमले राखेका उद्देश्य पूरा गर्न मदत पुऱ्याउँछ ।

२. सिकाइ सहजीकरण क्रियाकलापलाई मनोरञ्जनपूर्ण र प्रभावकारी बनाउँछ ।

३. शिक्षण सिकाइबाट प्राप्त ज्ञान दिगो र व्यावहारिक हुन्छ ।

४. शिक्षक र विद्यार्थीको सम्बन्ध सुमधुर हुन्छ ।

५. शिक्षकलाई कुशल, कर्मठ र प्रतिभाशाली व्यक्तित्व निर्माणमा सहयोग पुऱ्याउँछ ।

६. शिक्षक र विद्यार्थी दुवैलाई शिक्षण सिकाइबाट आत्मसन्तुष्टि प्राप्त हुन्छ ।

७. कठिन विषयवस्तुलाई पनि सरल र बुझ्ने तरिकाले प्रस्तुत गर्न सकिन्छ ।

९. विद्यार्थीलाई सिकाइप्रति उत्प्रेरित गराउँछ ।

१०. विषयवस्तुको मर्म र भावनाअनुसार सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्न सकिन्छ ।

११. सिकाइ सहजीकरण क्रियाकलाप अन्तरक्रियात्मक र लोकतान्त्रिक बनाउन सकिन्छ ।

१२. सिकाइ सहजीकरण क्रियाकलापमा सबै विद्यार्थीहरू सक्रिय रूपमा क्रियाशील रहन मदत पुऱ्याउँछ ।

१३. गुणस्तरीय शिक्षा प्रदान गर्न सकिन्छ ।

## ६.२ शिक्षण विधिका प्रकारहरू (Types of Teaching Methods)

सिकाइ सहजीकरण क्रियाकलापका क्रममा विषयवस्तु विद्यार्थी समक्ष पुऱ्याउनका निम्ति शिक्षकले अपनाउने माध्यमलाई शिक्षण विधि भनिन्छ । सिकाइ सहजीकरण प्रक्रियामा उपयुक्त शिक्षण विधिको छनोट अपरिहार्य

हुन्छ । उपयुक्त शिक्षण विधि प्रयोग भएको खण्डमा नै सिकाइ पूर्ण सफल बन्न सक्छ । शिक्षण विधि विषयवस्तुको प्रकृति, विद्यार्थीको रुचि र छनोटमा भर पर्दछ । शिक्षण इतिहासको प्रारम्भमा शिक्षक केन्द्रित विधिको बाहुल्यता थियो । आजको आवश्यकता भनेका विद्यार्थी केन्द्रित विधि र सामग्री केन्द्रित विधि हो । शिक्षण विधि छनोट गर्दा सकेसम्म विद्यार्थी केन्द्रित विधिको छनोट गर्नुपर्दछ । शिक्षण क्रियाकलापमा विद्यार्थीलाई बढीभन्दा बढी सहभागी हुने अवसर दिनुपर्दछ । यस पाठमा शिक्षक, विद्यार्थी वा सामग्रीको भूमिकाका आधारमा तीन प्रकारका शिक्षण विधिहरूको वर्णन गरिएको छ :

| विद्यार्थी केन्द्रित विधि (Student Centred Method) | शिक्षक केन्द्रित विधि (Teacher Centred Method) | सामग्री केन्द्रित विधि (Materials Centred Method) |
|---|---|---|
| प्रयोगात्मक विधि | प्रवचन विधि | सानो प्रदर्शन विधि |
| स्थलगत भ्रमण विधि | प्रदर्शन विधि | चलचित्र प्रदर्शन विधि |
| खोज विधि | प्रश्नोत्तर विधि | पुतली प्रदर्शन विधि |
| सर्वेक्षण विधि | आगमन विधि र निगमन विधि | |

## विद्यार्थी केन्द्रित विधिहरू (Student Centred Methods)

शिक्षण क्रियाकलापका क्रममा विद्यार्थी बढी सक्रिय भई सिकाइ गर्ने विधिलाई विद्यार्थी केन्द्रित विधि भनिन्छ । विद्यार्थी केन्द्रित विधि अपनाई शिक्षण गर्दा विद्यार्थी स्वयम् संलग्न हुन पाउँछन् । सिकाइ प्रभावकारी र मनोरञ्जनपूर्ण हुन्छ । विद्यार्थीभित्र लुकेर रहेका अन्तर्निहित क्षमतालाई प्रस्फुटन गराउने अवसर पनि यस विधिले नै प्रदान गर्दछ । यो विधिद्वारा शिक्षण गर्दा घोकन्ते शिक्षण नगराई आफैँ गरेर सिक (Learning by Doing) भन्ने विधिको प्रयोग हुन्छ । यो विधिअनुसार शिक्षण गर्दा शिक्षकको भूमिका भने सहयोगीका रूपमा हुने गर्दछ । केही विद्यार्थी केन्द्रित विधिहरूलाई तल प्रस्तुत गरिएको छ :

### (क) प्रयोगात्मक विधि (Experimental Method)

यस विधिमा विद्यार्थी आफैँ सिक्न उत्सुक र बढी क्रियाशील हुन्छन् । यस विधिलाई सञ्चालन गर्नका लागि प्रयोगशाला भएमा उत्तम मानिन्छ । प्रयोगशालाको व्यवस्था नभएमा शैक्षिक सामग्री र उपकरणहरू कक्षाकोठामा ल्याएर पनि काम चलाउन सकिन्छ । यस विधिमा विद्यार्थी बढी सक्रिय हुने भएकाले विद्यार्थी केन्द्रित विधि भनिएको हो । साथै विद्यार्थी आफैँ गरेर सिक्ने भएकाले सिकाइ स्थायी र दीर्घकालीन हुन्छ । विद्यार्थीले व्यक्तिगत वा सामूहिक रूपमा प्रयोग गरेर सिकाइमा यो विधि प्रयोग गर्न सक्छन ।

### (ख) स्थलगत भ्रमण विधि (Field Trip Method)

कुनै निश्चित शैक्षिक उद्देश्य प्राप्त गर्नका लागि तोकिएको स्थानमा जानु नै स्थलगत भ्रमण हो । यसरी तोकिएको स्थानमा जानुको उद्देश्य अध्ययन र अवलोकनबाट विद्यार्थीले त्यस ठाउँको अनुभव प्राप्त गर्नु हो ।

धार्मिक स्थल वा भौगोलिक स्थल प्रत्यक्ष भ्रमण गरी सिकिने विधि स्थलगत भ्रमण विधि हो । यस्ता विषयका बारेमा मुखले भनेर सिकाउनुभन्दा विद्यार्थी आफैँले स्थलगत भ्रमण गरेर प्रत्यक्ष अनुभव गर्न पाउँछन् । स्थलगत भ्रमण विधिबाट विद्यार्थीले ठोस अनुभव गर्छन् । यसबाट सिकाइ आकर्षक र प्रेरणादायी हुन्छ र सिकाइ पनि दिगो हुन्छ ।

### (ग) खोज विधि (Discovery Method)

खोज विधि विद्यार्थी केन्द्रित विधि हो । कुनै विषयवस्तुमा खोज गरेर त्यसको कारण पत्ता लगाउने विधि नै खोज विधि हो । यस विधिलाई अनुसन्धान वा अन्वेषण विधि पनि भनिन्छ । यस विधिमा कुनै प्रश्नहरूको उत्तर वा समस्याको समाधान विद्यार्थी आफैँल खोज्छन् । विद्यार्थी आफैँले छलफल गरी, खोज गरी उत्तर पत्ता लगाउँछन् । यस विधिले विद्यार्थीलाई समस्याप्रति स्वतन्त्र रूपले चिन्तन मनन गर्ने अवसर प्रदान गर्दछ । अन्त्यमा विद्यार्थी आफैँले काम गर्ने र दायित्व बोधको समेत विकास हुन्छ । सानो कक्षामा विद्यार्थीहरू परिपक्व वा तयारी अवस्थामा नहुने हुनाले शुद्ध खोज विधिभन्दा निर्देशित खोज विधि उपयोगी हुन्छ ।

### (घ) सर्वेक्षण विधि (Survey Method)

विद्यार्थीहरूले कुनै विषय वा पाठ सम्बन्धमा अवलोकन वा निरीक्षण गरी समस्याको निष्कर्ष निकाल्ने शिक्षण विधिलाई सर्वेक्षण विधि भनिन्छ । यो विधिमा विद्यार्थीहरू सम्बन्धित क्षेत्रमा गई विभिन्न क्रियाकलापको माध्यमबाट तथ्याङ्क सङ्कलन गर्छन् र निष्कर्ष निकाल्छन् । विद्यार्थीहरूले तथ्याङ्क सङ्कलनका लागि प्रश्नावली, अन्तरवार्ता वा छलफल प्रक्रिया अपनाउन सक्छन । यस विधिको प्रकारअन्तर्गत गणना सर्वेक्षण, नमुना सर्वेक्षण, सामाजिक सर्वेक्षण आदि पर्दछन् ।

## शिक्षक केन्द्रित विधिहरू (Teacher Centred Methods)

सिकाइ सहजीकरण प्रक्रियामा शिक्षक बढी सक्रिय रहने विधिलाई शिक्षक केन्द्रित विधि भनिन्छ । यी शिक्षण विधिहरू परम्परागत शिक्षण विधि भनेर चिनिन्छन् ।  तल केही शिक्षक केन्द्रित विधिहरू सङ्क्षेपमा प्रस्तुत गरिएको छ :

### (क) प्रवचन विधि (Lecture Method)

प्रवचन विधिमा शिक्षकले बोल्ने र विद्यार्थीले सुन्ने काम हुन्छ । यस विधिमा शिक्षकको भूमिका मुख्य र विद्यार्थीको भूमिका गौण हुन्छ । यस शिक्षण विधिलाई भाषण विधि, प्रवचन विधि, व्याख्यान विधि वा वर्णनात्मक विधि भनिन्छ । यो विधि प्राचीन र परम्परागत प्रचलित शिक्षण विधि हो । यो विधि विद्यालय, महाविद्यालय विश्वविद्यालयमा प्रयोग हुने गर्दछ । यो विधि माथिल्लो कक्षामा सैद्धान्तिक विषय शिक्षणमा बढी प्रयोग गरेको पाइन्छ । यद्यपि यो विधि तल्लो कक्षामा त्यत्ति प्रभावकारी मानिँदैन । यो विधि प्रयोग गरी शिक्षण गर्दा विद्यार्थीहरू अल्छी मान्ने र ध्यान अन्यत्रै लैजाने जस्ता समस्याहरू देखा पर्दछन् । यस विधिमा

धरैजसो शिक्षकले शैक्षणिक पाटी, चक वा डस्टर प्रयोग गर्छन् । यसलाई प्रभावकारी बनाउनका ओभरहेड प्रोजेक्टर, फिल्म आदिको प्रयोग गरी शिक्षण गर्दा थप प्रभावकारी हुन्छ ।

### (ख) प्रदर्शन विधि (Demonstration Method)

विषयवस्तु वा पाठसँग सम्बन्धित कुराहरू शिक्षकले प्रदर्शन गरेर सिकाउने विधिलाई प्रदर्शन विधि भनिन्छ । शिक्षकले गरेको प्रदर्शनका आधारमा नै विद्यार्थीले सिकाइ प्राप्त गर्छन् । यो विशेष गरी प्रयोगात्मक कक्षा वा अन्य विषयमा प्रभावकारी हुन्छ । यहाँ कुनै पनि यन्त्र वा साधनलाई कसरी कुशलताका साथ सञ्चालन गर्ने भनेर सिकाइन्छ । अथवा कुनै वस्तुलाई देखाएर वर्णन गरिन्छ । यो विधिको प्रयोग गर्दा शिक्षकले सबै विद्यार्थीले देख्ने गरी प्रदर्शन गर्नुपर्दछ । यो विधि सिप सिकाइ जस्ता विषयवस्तुका लागि अति महत्त्वपूर्ण हुन्छ । साथै यो विधि सैद्धान्तिक वा प्रयोगात्मक विषयमा प्रयोगमा ल्याउन सकिन्छ ।

### (ग) प्रश्नोत्तर विधि (Question Answer Method)

शिक्षकले कक्षामा शिक्षणका क्रममा विद्यार्थीलाई प्रश्न गर्दै उत्तर लिने विधिलाई प्रश्नोत्तर विधि भनिन्छ । यस विधिमा गलत उत्तर दिएमा शिक्षकले सच्याइदिनुपर्दछ । यो विधिलाई लोकतान्त्रिक विधिका रूपमा पनि मानिन्छ । किनकि यस विधिमा अन्य शिक्षक केन्द्रितभन्दा विद्यार्थी बढी सक्रिए हुन्छन् । प्रश्न गर्दा अध्ययन र अध्यापन गर्नुपर्ने विषयवस्तुसँग सम्बन्धित प्रश्न गर्नुपर्दछ । यस विधिद्वारा शिक्षण गर्दा शिक्षकले विद्यार्थीलाई र विद्यार्थीले शिक्षकलाई प्रश्न सोध्न सक्छन् । तसर्थ यस विधिले विद्यार्थीलाई सतर्क र क्रियाशील बनाउँछ । यो विधि सबै विषयमा उपयुक्त मानिन्छ ।

### (घ) आगमन र निगमन विधि (Inductive and Deductive Method)

आगमन विधिमा विभिन्न किसिमका उदाहरणबाट नियमको खोजी गरेर सिकाइ गरिन्छ । आगमन विधिमा शिक्षकले प्रस्तुत गरेका उदाहरणहरूबाट विद्यार्थीले नियम पत्ता लगाउने गर्छन् । नियम कहाँ लागु भयो भन्ने कुरा थाहा पाउँछन् । यस विधिमा शिक्षकले प्रशस्त उद्धाहरणहरू प्रस्तुत गरेर विद्यार्थीलाई सिक्ने वातावरण सिर्जना गरिदिनुपर्छ । अर्कोतर्फ निगमन विधि भन्नाले सूत्र नियम वा परिभाषाद्वारा सुरु भई प्रयोग वा उदाहरणमा  अन्त्य हुने विधि हो । यस विधिमा पहिले सिद्धान्त, सूत्र र परिभाषा लेखाइन्छ र त्यस सुहाउँदो अभ्यास गराइन्छ । निगमन विधि लोकप्रिय विधि भए पनि विद्यार्थीको रचनात्मक पक्षको विकास गर्न त्यति उपयोगी मानिँदैन । किनभने निगमन विधि आगमन विधिभन्दा बढी शिक्षक केन्द्रित हुन्छ । सानो कक्षामा यी विधिहरूको प्रयोगमा शिक्षकको भूमिका महत्त्वपूर्ण हुने भएकाले शिक्षक केन्द्रित विधि मानिएको हो ।

## सामग्री केन्द्रित विधिहरू (Materials Centred Methods)

सिकाइ सहजीकरण क्रियाकलापमा विभिन्न शैक्षिक सामग्रीहरूको प्रयोग गरी शिक्षण गरिने विधिलाई सामग्री केन्द्रित विधि भनिन्छ । सिकाइ सहजीकरण क्रियाकलापको प्रारम्भिक इतिहासमा चक, डस्टर, शैक्षणिक पाटी

र पाठ्यपुस्तक नै पर्याप्त मानिन्थ्यो । शिक्षक केन्द्रित विधिहरू नै बढी प्रयोगमा आउने गर्दथे । बदलिँदो परिवेश र शिक्षणमा देखिएका नवीनतम धारणासँगै शिक्षण विधिहरू परिमार्जन हुँदै आए । नयाँ नयाँ विधिहरू देखा पर्न थाले । हाल आएर सिकाइ सहजीकरण प्रक्रियामा विषयवस्तु र पाठको प्रकृतिअनुसारको शैक्षिक सामग्रीको प्रयोग गरिन्छ । सामग्रीबिनाको शिक्षणले पाठको उद्देश्य प्राप्त हुन सक्दैन । शैक्षिक सामग्रीहरू श्रव्य, दृश्य, श्रव्यदृश्य वा मुद्रित हुन्छन् । सामग्रीको प्रयोगबाट शिक्षण गर्दा शिक्षण आकर्षक, रोचक र प्रभावकारी हुने गर्दछ । सामग्रीको प्रयोगले विद्यार्थीहरू सिकाइप्रति प्रेरित भई क्रियाशील हुने गर्छन् । सामग्री केन्द्रित विधिअन्तर्गत पनि केही विधिहरू रहेका छन् । तिनीहरूलाई तल सार सङ्क्षेपमा चर्चा गरिएको छ :

### (क) सानो प्रदर्शन विधि (Mini Exhibition Method)



विद्यार्थीहरूद्वारा निर्मित विभिन्न सामग्रीहरूलाई विद्यालय परिसर वा कक्षाकोठाभित्रै प्रदर्शन गर्नुलाई सानो प्रदर्शन भनिन्छ । विद्यालयमा वा कक्षामा विद्यार्थीहरूले विभिन्न सामानहरू बनाउँछन् । यस्ता सामानहरू सङ्कलन र उचित व्यवस्थापन गरी बुलेटिन बोर्ड, सामग्री प्रदर्शन बोर्ड प्रयोगशाला र कक्षाकोठामा प्रदर्शन गरिन्छ । यसरी विद्यार्थी निर्मित सामग्रीलाई प्रदर्शन गर्दा विद्यार्थीको सिकाइप्रति प्रेरणा जाग्छ । विद्यार्थीको आन्तिरिक र सुसुप्त अवस्थामा रहेका प्रतिक्रियाहरू उजागर हुने गर्दछ । यो विधिअन्तर्गत विद्यार्थीलाई विभिन्न ठोस वस्तुहरू बनाउन, चित्रहरू बनाउन लगाउन सकिन्छ । यसरी बनाइएका सामग्रीलाई प्रदर्शनमा राखिन्छ । यो विधिमा विद्यार्थीले गरेर सिक्ने (Learning by doing) मौका पाउँछन् । साथै अन्य विद्यार्थीहरूले पनि अवलोकनबाट सिक्ने मौका पाउँछन् ।

### (ख) चलचित्र प्रदर्शन विधि (Film Show Method)

चलचित्रका क्रियाकलापहरू आवाजहरूसहित सानो वा ठुलो पर्दामा देखाउनुलाई चलचित्र प्रदर्शन विधि भनिन्छ । यस विधिबाट शिक्षण गर्दा श्रव्य र दृश्य दुवै देखाउन सकिन्छ । हाल आएर रेडियो, टेलिभिजनको सट्टा चलचित्रलाई प्रदर्शन गर्नु बढी प्रभावकारी मानिन्छ । चलचित्र प्रदर्शन विधिअन्तर्गत मूक चित्र, चलचित्र वा सिनेमा डकुमेन्ट्री, फिल्म आदि पर्दछन् । यस्ता सामग्रीलाई कक्षामा प्रोजेक्टरद्वारा र विद्यालयको हलमा प्रदर्शन गर्न सकिन्छ । चलचित्र प्रदर्शन विधिद्वारा शिक्षण गर्दा विद्यार्थीहरू ज्यादै उत्सुक हुन्छन् किनभने यसमा मनोरञ्जनात्मक पक्षहरू समावेश भएका हुन्छन् । विद्यालयमा सधैँ यो विधि प्रयोगमा ल्याउन सम्भव नभए पनि समय समयमा प्रदर्शन गर्न सके सिकाइ वास्तविक र प्रभावकारी हुन्छ ।

### (ग) पुतली प्रदर्शन विधि (Puppet Show Method)



शिक्षण सिकाइका क्रममा विभिन्न पुतली वा गुडियाहरूको प्रदर्शन गर्नुलाई पुतली प्रदर्शन भनिन्छ । पुतली प्रदर्शन विधिबाट शिक्षण गर्दा विद्यार्थीमा विभिन्न किसिमको धारणाको विकास हुने गर्दछ । साथै मनोरञ्जनात्मक तरिकाले सिकाइ प्राप्त गर्छन् । पुतली प्रदर्शनलाई अर्को भाषामा कठपुतली प्रदर्शन पनि भनिन्छ । यस विधिद्वारा शिक्षण गर्नका लागि शिक्षकसँग विशेष सिप र दक्षताको आवश्यकता हुन्छ । पुतलीहरू कागजका, कपडाका वा विभिन्न सामग्रीका बनाउन सकिन्छ । पुतलीका प्रकारअन्तर्गत हाते पुतली, डन्डी पुतली, डोरी वा स्प्रिङद्वारा प्रदर्शन गरिने पुतली  पर्दछन् । यसमा जनावरको पुतली पनि बनाउन सकिन्छ ।

## ६.३ शिक्षण विधि छनोटका आधारहरू (Criteria for Selecting Teaching Methods)

विद्यालयको सफलताका लागि शिक्षकको महत्त्वपूर्ण भूमिका रहन्छ । शिक्षकको प्रयासबाट नै विद्यार्थीहरूको व्यवहारमा अपेक्षित परिवर्तन ल्याउन सम्भव हुन्छ । पाठ्यक्रमले अपेक्षा गरेको उद्देश्यहरू विद्यार्थीहरूको ज्ञान, सिप र व्यवहार विकासमा केन्द्रित हुन्छन् । पाठ्यक्रमको सफल कार्यान्वयन शिक्षकको शिक्षण विधिमा निर्भर रहन्छ । शिक्षकका लागि कस्तो शिक्षण विधि उपयुक्त हुन्छ भन्ने निर्णय गर्नु चुनौतीको विषय हो । किनकि एउटै शिक्षण विधि सबै विषयमा, सबै तहका विद्यार्थी र सबै वातावरणमा उपयुक्त हुँदैन । उदाहरणका लागि भाषा शिक्षण र गणित शिक्षणका लागि शिक्षण विधि फरक हुन्छ । भाषा शिक्षणमा चार सिपहरू : सुनाइ , बोलाइ, पढाइ र लेखाइ (Listening, Speaking, Reading and Writing) मा जोड दिइन्छ । तर गणित शिक्षणमा समस्या समाधानमा जोड दिइन्छ । त्यस्तै सानो कक्षामा खेल विधिबाट शिक्षण गर्दा विद्यार्थीमैत्री हुन्छ । माथिल्लो कक्षामा व्याख्यान विधि पनि प्रभावकारी हुन सक्छ ।  यस कारण शिक्षकले विभिन्न पक्षहरू माथि विचार पुऱ्याएर शिक्षण विधिको छनोट गर्नुपर्दछ । केही विचार गर्नुपर्ने बुँदाहरू यस प्रकार छन् :

१. विषयवस्तुको प्रकृति (Nature of subject matters)

२. शैक्षणिक उद्देश्यहरू (Instructional objectives)

३. सिकारुको अवस्था   (State of learner)

४. शिक्षकको कार्यकुशलता (Efficiencyof teachers)

५. शैक्षिक सामग्रीको व्यवस्था (Management of teaching materials )

६. समयको प्रयाप्तता (Adequacy  of time)

७. शैक्षणिक वातावरण (Instructional environment)

## १. विषयवस्तुको प्रकृति (Nature of Subject Matters )

शिक्षण विधि छनोटको महत्त्वपूर्ण आधार विषयवस्तुको प्रकृति हो । विषयवस्तुहरू फरक फरक हुन सक्छन्, जस्तै : भाषा, गणित, विज्ञान, समाज, जनसङ्ख्या, वातावरण, कम्प्युटर र स्वास्थ्य आदि । यी विषयवस्तुका आधारमा शिक्षण गर्नुपर्दछ । कुनै विषय शिक्षणमा विद्यार्थी केन्द्रित हुन्छ त कुनै विषय शिक्षण सामग्री केन्द्रित हुन्छन् । एउटै विषयको पनि पाठअनुसार शिक्षण विधि फरक पर्न सक्छ, जस्तै : विज्ञानमा प्रयोगात्मक विधि उपयोगी हुन सक्छ । त्यस्तै वातावरणमा अवलोकन विधि प्रभावकारी हुन सक्छ ।

## २. शैक्षणिक उद्देश्यहरू (Instructional Objectives)

विषयवस्तु र पाठ्यवस्तुअनुसार शैक्षणिक उद्देश्य फरक फरक हुन्छन् । सामान्यत: शैक्षणिक उद्देश्य तीन प्रकारका हुन्छन् । तीन हुन् : ज्ञानात्मक उद्देश्य, सिपमूलक उद्देश्य र व्यवहार निर्माण गर्ने उद्देश्य । उद्देश्यहरूको प्रकृतिअनुसार शिक्षण विधिको छनोट गर्नुपर्दछ, जस्तै : ज्ञानात्मक उद्देश्य पूरा गर्न प्रवचन विधि पनि उपयोगी हुन सक्छ । सिपमूलक उद्देश्यका लागि प्रयोगात्मक विधि प्रभावकारी हुन्छ ।

## ३. सिकाइको अवस्था (State of Learner)

सिकाइ सहजीकरण क्रियाकलापमा विद्यार्थीको केन्द्रीय भूमिका रहन्छ । उनीहरू सिकाइमा सक्रिय नभएसम्म सिकाइ अघि बढ्न सक्दैन । शिक्षकलाई शिक्षण विषयवस्तुसम्बन्धी विद्यार्थीको पूर्वज्ञानबारे जानकारी हुनुपर्दछ । विद्यार्थीको सिकाइमा तयारी र विद्यार्थीको शारीरिक वा बौद्धिक अवस्थाबारे शिक्षकलाई जानकारी हुनुपर्दछ । यससम्बन्धी पक्षमा ध्यान पुऱ्याएर गरिएको शिक्षण सफल र प्रभावकारी हुन्छ ।

## ४. शिक्षकको कार्यकुशलता (Efficiencyof Teachers)

कस्तो शिक्षण विधि अपनाउने भन्ने कुरा शिक्षणको ज्ञान र सिपमा पनि भर पर्दछ । एक कुशल शिक्षकले परम्परागत शिक्षण विधिलाई पनि प्रभावकारी रूपमा प्रयोगमा ल्याउन सक्छ । अहिलेका आधुनिक प्रविधिलाई पनि शिक्षण क्रियाकलापमा प्रयोग गर्न थालिएको छ । ती प्रविधिहरूलाई पनि प्रयोग गर्न जान्ने सिप एक शिक्षकमा हुन आवश्यक छ । सबै शिक्षण विधिका आ आफ्नै विशेषताहरू छन् । तिनीहरूको प्रयोग गर्दा शिक्षण कौशलताको आवश्यकता पर्दछ । शिक्षकले आफ्नो ज्ञान र सिपलाई ध्यानमा राखेर कुनै शिक्षण विधिको छनोट गर्नुपर्दछ ।

## ५. समयको प्रर्याप्तता (Adequancy of Time)

कक्षाभित्र वा बाहिर गरिने कुनै शिक्षण क्रियाकलापका लागि समयको आवश्यकता पर्दछ । शिक्षण विधिअनुसार समय धेरै वा थोरै लाग्न सक्छ, जस्तै : प्रयोगात्मक विधिलाई व्याख्यान विधिको तुलनामा बढी समय लाग्छ ।

शिक्षकले  शिक्षण विधिको छनोट गर्दा उपलब्ध समयलाई पनि ख्याल गर्नुपर्दछ । कुनै पाठका लागि कति शिक्षण घण्टा छुट्याइएको छ । सोअनुसार विधि छनोट गर्नुपर्दछ । अन्यथा बढी समय लाग्ने भएमा अर्को पाठको शिक्षणमा असर पुग्छ । समय नपुग्ने भएमा अन्य घन्टीहरू समायोजन गरेर पनि शिक्षण गर्न सकिन्छ ।

### ६. शैक्षिक सामग्रीको उपलब्धता (Availability of Teaching Materials)

सिकाइ सहजीकरण क्रियाकलापलाई सफल र प्रभावकारी बनाउन शैक्षिक सामग्रीको महत्त्वपूर्ण भूमिका रहन्छ । शिक्षण विधिअनुसार शैक्षिक सामग्रीको प्रयोग गरिन्छ । जस्तै : शिक्षक केन्द्रित विधिमा प्राय: थोरै सामग्री चक, डस्टर शैक्षणिक पाटी भए पुग्छ । प्रयोगात्मक विधिमा सामग्रीको साथसाथै छुट्टै प्रयोगशालाको जरुरत पर्न सक्छ । त्यस्तै सामग्री केन्द्रित विधिमा सामग्रीकै मुख्य भूमिका रहन्छ । शिक्षण विधि छनोट गर्दा शिक्षकमा शैक्षिक सामग्री सङ्कलन गर्ने, निर्माण गर्ने साथै प्रयोग गर्ने सिप हुन आवश्यक छ । यसरी शैक्षिक सामग्रीको उपलब्धता र त्यसको प्रयोग गर्ने सिपलाई ध्यानमा राखेर विधि छनोट गर्नुपर्दछ ।

### ७. शैक्षणिक वातावरण (Instructional Environment)

शिक्षण सिकाइको महत्त्वपूर्ण स्थान कक्षाकोठा नै हो । कुनै कुनै अवस्थामा शिक्षण कक्षाकोठा वा विद्यालय बाहिर पनि गर्न सकिन्छ । शिक्षण क्रियाकलाप गर्दा स्थानको आवश्यकता पर्दछ । कक्षाकोठाको आकार र क्षेत्रफल, उज्यालोको व्यवस्था, विद्यार्थी सङ्ख्या, विद्यार्थीको बसाई शिक्षण विधि छनोटको आधार हुन सक्छ, जस्तै : अभिनय विधिमा वा चलचित्र प्रदर्शन विधिमा सामान्यतया स्थान बढी चाहिन्छ । अहिलेको प्रविधिहरू, जस्तै : प्रोजेक्टर प्रयोग गर्दा पर्दा राख्ने ठाउँ र बिजुलीको आवश्यकता पर्दछ । यसरी शिक्षण स्थान र उपलब्ध सुविधाहरूलाई ध्यानमा राखेर शिक्षण विधिको छनोट गर्नुपर्दछ ।

## ६.४. शैक्षिक सामग्रीको अर्थ र परिभाषा (Meaning and Definitions of Teaching Materials)

शिक्षण कार्यसँग सम्बन्धित सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ । शिक्षण कार्य सञ्चालनका सन्दर्भमा शिक्षकले विभिन्न सामग्रीहरू प्रयोगमा ल्याउने गर्छन् । शिक्षण सामग्रीहरू विषयवस्तुको प्रकृतिअनुसार फरक फरक हुने हुन्छन् । कुनै पाठको उद्देश्य प्राप्तिका लागि सिकाइ सहजीकरण क्रियाकलापमा प्रयोग गरिने सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ । शैक्षिक सामग्रीअन्तर्गत विभिन्न प्रकारका श्रव्य, दृश्य, श्रव्यदृश्य र मुद्रित सामग्रीहरू पर्दछन्, जस्तै : रेडियो, चित्र, नक्सा । शैक्षिक सामग्रीले सिकाइलाई व्यावहारिक र उद्देश्यमूलक बनाउने भूमिका पनि खेल्ने गर्दछ । साथै शिक्षण सिकाइ प्रक्रियालाई बढी रोचक बनाउन काम शैक्षिक सामग्रीले गर्ने गर्दछ ।। शैक्षणिक सामग्रीको माध्यमबाट सिकाइ प्रक्रिया सञ्चालन गर्दा अमूर्त कुरालाई मूर्त रूपमा प्रस्तुत गर्न सकिन्छ ।

मानिसहरूले सुनेकोभन्दा देखेको वा अनुभव गरेको कुरा सम्झन्छन् । त्यसैले शिक्षण सिकाइ प्रक्रियामा शैक्षणिक सामग्रीको अति नै महत्त्व छ । त्यसैले बदलिँदो समयसँगै शिक्षाको नवीनतम धारणा र चिन्तनसँगै शिक्षकले प्रयोगमा ल्याउने शैक्षिक सामग्रीमा परिवर्तन ल्याउन उत्तिकै जरुरी छ । शैक्षणिक सामग्रीले नै सिकाइलाई अर्थपूर्ण र सार्थक बनाउने गर्दछ । शैक्षिक सामग्रीको सम्बन्धमा विभिन्न शिक्षाविद्‌हरूले दिएका केही परिभाषाहरू यस प्रकार छन् :

श्रव्यदृश्य सामग्री ती सामग्रीहरू हुन् जसले सिकाइको त्रिकोणात्मक प्रक्रिया (उत्प्रेरणा, वर्गीकरण र उद्दीपक) पूरा गर्न मदत गर्दछ । ("Audio-visual aids are those aids which help in completing the triangular process of learning i.e. motivation, classification and stimulation.")

– C. V. Good

श्रव्यदृश्य सामग्रीले सिकारुलाई मानिस, घटना, वस्तुसँगको अनुभव तथा कारण र परिणामको सम्बन्धबाट लाभान्वित हुने अवसर प्रदान गर्दछ । ("Audio-visuals give learners the opportunity to benefit from various experiences with people, events, objects, and cause and effect relations.")

– Crow and Crow

## शैक्षिक सामग्रीको महत्त्व (Importance of Teaching Materials)

शैक्षिक सामग्रीले शिक्षण क्रियाकलापलाई प्रभावकारी बनाउने अहम् भूमिका खेलेको हुन्छ । शैक्षिक सामग्रीबिना शिक्षण गर्दा शिक्षण सिकाइ कठिन बन्छ । त्यसैले सिकाइलाई व्यावहारिक र रुचिपूर्ण बनाउनका लागि शैक्षिक सामग्रीको आवश्यकता पर्दछ । शिक्षण क्रियाकलापमा शैक्षिक सामग्रीको महत्त्वलाई निम्नलिखित बुँदामा उल्लेख गर्न सकिन्छ :

(क) शिक्षण सिकाइलाई अर्थपूर्ण र व्यावहारिक बनाउन

(ख) शिक्षण सिकाइलाई प्रभावकारी बनाउन

(ग) शिक्षणमा नवीनतम विधिलाई प्रयोग गर्न

(घ) पाठ्यक्रमले राखेका उद्देश्यहरू पूरा गर्न

(ङ) विद्यार्थीको आन्तरिक रूपमा रहेका प्रतिभालाई प्रस्फुटन गराउने अवसर प्रदान गर्न

(च) विद्यार्थीहरूलाई सिकाइमा बढी सक्रिय र क्रियाशील बनाउन

(छ) शिक्षणका क्रममा कठिन विषयवस्तुलाई सरल रूपमा प्रस्तुत गर्न

(ज) शिक्षकलाई शिक्षणप्रति आत्माविश्वास बढ्‌ाउनु

(झ) शिक्षकले आफूलाई दक्ष शिक्षकका रूपमा स्थापित गर्न

(ञ) शिक्षक र विद्यार्थीको सम्बन्ध सुमधुर बनाउन

(ट) सिकाइलाई मूर्त रूप दिई ठोस धारणा बसाल्न

(ठ) विद्यार्थीलाई प्रयोगात्मक ज्ञान प्रदान गर्न

(ड) कम खर्चमा स्थानीय स्रोत र साधनको परिचालनबाट प्रभावकारी शिक्षण गर्न ।

## ६.५ शैक्षिक सामग्रीका प्रकार (Types of Teaching Materials)

शिक्षण सिकाइका क्रममा विषयवस्तु र पाठका प्रकृतिअनुसार प्रयोगमा ल्याउन सकिने सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ । साथसाथै कक्षा मनोरञ्जन पूर्ण तरिकाले सञ्चालन भई विद्यार्थीको बानी व्यवहारमासमेत परिवर्तन ल्याउँछ । समाज विकासको क्रमसँगै विज्ञान र प्राविधिको विकासले शिक्षण प्रक्रियामा पनि प्रत्यक्ष प्रभाव पारेको छ । त्यसैले शिक्षकले शैक्षिक सामग्रीका रूपमा दृश्य सामग्री, श्रव्य सामग्री, श्रव्य दृश्य सामग्री प्रयोग गर्नुपर्दछ । सामान्यत : शिक्षकले शिक्षण क्रियाकलापमा प्रयोग हुने शैक्षिक सामग्रीलाई तल तालिकामा देखाइएको छ :

### शैक्षिक सामग्रीका प्रकार

| दृश्य सामग्री | श्रव्य सामग्री | श्रव्यदृश्य सामग्री | मुद्रित सामग्री |
|---|---|---|---|
| नक्सा, ग्लोब | रेडियो | नाटक | पत्रपत्रिका पुस्तक/ पाठ्यपुस्तक सन्दर्भ सामग्री निर्देशिका |
| चार्ट तालिका | रेकर्डर | सिनेमा | |
| वास्तविक ठोस वस्तु | डिस्क | चलचित्र | |
| चित्र | फोन | टी. भी. कार्यक्रम | |
| प्रतिरूप/नमुना | ग्रामोफोन | भिडियो टेप | |
| इमेल | | प्रोजेक्टर/मल्टिमिडिया | |
| इन्टरनेट वेबसाइड | | कम्प्युटर | |

माथि गरिएका शैक्षिक सामग्रीहरूको वर्गीकरणका आधारमा छोटो चर्चा तल गरिएको छ ।


### (क) श्रव्य सामग्री (Audio aids)



शिक्षण सिकाइका क्रममा सुनाइका आधारमा विषयवस्तुको ज्ञान, सिप र अनुभव प्राप्त गर्न सकिने सामग्रीलाई श्रव्य सामग्री भनिन्छ । सधैँ टाढा रहेर पनि विभिन्न प्रकारका ज्ञान, सिप प्राप्त गर्ने कार्यमा श्रव्य सामग्रीले सहयोग

पुऱ्याउँछ । श्रव्य सामग्रीअन्तर्गत रेडियो, एफएम, रेकर्डर, डिस्क फोन, ग्रामोफोन आदि पर्दछन् । समय तालिका मिलाएर रेडिया एफएमलाई शैक्षिक सामग्रीका रूपमा प्रयोग गर्न सकिल्छ । अन्य श्रव्य सामग्रीलाई आवश्यकतानुसार प्रयोग गर्न सकिन्छ

### (ख) दृश्य सामग्री (Visual aids)



शिक्षण क्रियाकलाप सञ्चालनका क्रममा हेरेर वा देखेर विभिन्न ज्ञान तथा सिप प्राप्त गर्न सकिने सामग्रीलाई दृश्य सामग्री भनिन्छ । दृश्य सामग्रीका रूपमा वास्तविक वस्तु, नमुना, चित्र वा तस्बिर दृश्य रूपमा देखाउन सकिन्छ । दृश्य सामग्रीअन्तर्गत नक्सा, ग्लोब, चार्ट, नक्सा चित्र वा वास्तविक वस्तु पर्दछन् । शिक्षकले यस्ता सामग्री देखाएर वा प्रयोग गरेर वा गर्न लगाएर सिकाउदा शिक्षण प्रभावकारी हुन्छ ।

### (ग) श्रव्यदृश्य सामग्री (Audio-visual aids)





सिकाइ सहजीकरण क्रियाकलापमा देखेर र सुनेर दुवै माध्यमबाट प्रयोग गर्न सकिने सामग्रीलाई श्रव्यदृश्य सामग्री भनिन्छ । श्रव्यदृश्य सामग्रीअन्तर्गत नाटक, सिनेमा, चलचित्र, टी. भी., भिडियो, कम्प्युटर, प्रोजेक्टर पर्दछन् । हिजोआज कक्षाकोठामा भिडियो, कम्प्युटर वा प्रोजेक्टरको प्रयोग बढ्दै गएको छ, जस्तै : भाषा विषय शिक्षण गर्दा विभिन्न अडियो, भिडियो, टी. भी., आदि श्रव्यदृश्य सामग्रीका रूपमा प्रयोग गर्न सकिन्छ । नाटक, सिनेमा वा चलचित्रको महत्त्व पनि त्यत्तिकै छ । सिकाइलाई स्पष्ट, स्थायी र व्यावहारिक बनाउन श्रव्यदृश्य सामग्री उपयोगी मानिन्छन् ।

## अभ्यास

### १. तल दिइएका खाली ठाउँमा उपयुक्त शब्द राखी वाक्य पूरा गर्नुहोस् :

(क) शिक्षकले शिक्षण कार्यमा अपनाउने तौरतरिका वा शैलीलाई ......... भनिन्छ ।

(ख) शिक्षणले शिक्षण विधि छनोट गर्दा सकेसम्म ........... केन्द्रित विधि अपनाउनुपर्दछ ।

(ग) विद्यार्थी केन्द्रित विधि, शिक्षक केन्द्रित विधि र सामग्री केन्द्रित विधि शिक्षण विधिका .... हुन् ।

(घ) रेडियो, रेकर्डर, डिस्क, फोन, ग्रामोफोन आदि ........अन्तर्गत पर्ने शैक्षिक सामग्री हुन् ।

(ङ) सिकाइ सहजीकरणका क्रममा विभिन्न पुतली वा गुडियाहरूको प्रदर्शन गर्नुलाई .......... प्रदर्शन भनिन्छ ।

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) शिक्षण विधि भन्नाले के बुझिन्छ ?

(ख) शिक्षण विधिको महत्त्व छोटकरीमा लेख्नुहोस् ।

(ग) विद्यार्थी केन्द्रित विधिको सूची बनाउनुहोस् ।

(घ) शैक्षिक सामग्रीको कुनै एक परिभाषा दिनुहोस् ।

(ङ) श्रव्यदृश्यअन्तर्गत पर्ने सामग्रीहरूको सूची बनाउनुहोस् ।

३. तलका प्रश्नको लामो उत्तर दिनुहोस् :

(क) शिक्षण विधिका प्रकारहरू उल्लेख गरी शिक्षक केन्द्रित विधिहरूको सङ्क्षेपमा बयान गर्नुहोस् ।

(ख) सामग्री केन्द्रित विधि भन्नाले के बुझिन्छ ? सामग्री केन्द्रित विधिअन्तर्गत पर्ने सानो प्रदर्शन र चलचित्र प्रदर्शन विधिका बारेमा छोटकरीमा उल्लेख गर्नुहोस् ।

(ग) शैक्षणिक सामग्री भन्नाले के बुझिन्छ ? शिक्षण क्रियाकलापका सन्दर्भमा शैक्षिक सामग्रीको महत्त्व उल्लेख गर्नुहोस् ।

(घ) शैक्षिक सामग्रीको प्रकारको परिचय दिनुहोस् । शिक्षण क्रियाकलापमा प्रयोग हुने शैक्षिक सामग्रीको सूची बनाउनुहोस् ।

४. प्रयोगात्मक क्रियाकलाप

(क) शिक्षकको सहायता लिई विद्यालयमा विद्यार्थीले तयार पारेका विभिन्न सामग्रीलाई कक्षाकोठाभित्र सानो प्रदर्शनीको आयोजना गर्नुहोस् ।

(ख) सामाजिक विषयमा पाठ्यपुस्तकभित्र रहेका कुनै एक धार्मिक स्थलको स्थलगत भ्रमण गरेर प्रत्यक्ष अनुभूत गरेका कुराहरू समेटी प्रतिवेदन तयार पार्नुहोस् ।

एकाइ
७

# विद्यार्थी मूल्याङ्कन

( Student Evaluation)

## ७.१ विद्यार्थी मूल्याङ्कनको अर्थ र परिभाषा (Meaning and Definitions of Evaluation)



अङग्रेजी शब्द Evaluation को नेपाली रूपान्तरित शब्द मूल्याङ्कन हो । मूल्य + अङ्कन मिलेर मूल्याङ्कन शब्द बनेको हो । समान्य अर्थमा भन्नुपर्दा कुनै पनि वस्तुको लेखाजोखा, छानबिन र जाँचबुझ गर्नुलाई नै मूल्याङ्कन भनिन्छ । व्यापक रूपमा विद्यार्थी मूल्याङ्कनको अर्थ विद्यार्थीले सिकाइ सहजीकरण क्रियाकलापबाट के कति उपलब्धि हासिल  गरे वा गरेनन् भनी लेखाजोखा गर्ने प्रकिया हो । विद्यालयमा जब विद्यार्थीहरू पठन पाठनमा संलग्न हुन्छन् त्यही बेलादेखि नै विद्यार्थीको सिकाइका लेखाजोखा गरिन्छ । मूल्याङ्कनले विद्यार्थीको पठनपाठनको मात्र लेखाजोखा नगरी विद्यालयभित्र सञ्चालन हुने सम्पूर्ण शैक्षिक कार्यकमको लेखाजोखा गर्दछ । शिक्षण क्रियाकलापबाट विद्यार्थीले के कति उपलब्धि हासिल गरे थाहा पाउन मूल्याङ्कनको आवश्यकता पर्छ ।

मूल्याङ्कन एक निरन्तर चलिरहने प्रकिया हो । यसले विद्यार्थीहरूको समस्याको बेलैमा पहिचान भई हल हुन सहयोग पुऱ्याउँछ । साथसाथै विद्यार्थीको कमजोरी पक्षलाई केलाइन्छ र आवश्यक सुझाव वा पृष्ठपोषण दिइन्छ । उनीहरूले समयमा नै सुधार गर्ने मौका पाउँछन् । फलस्वरूप विद्यार्थीको सिकाइ प्रभावकारी हुन्छ । मूल्याङ्कनले निर्णय लिन पनि सहयोग गर्छ । विद्यार्थीलाई एक तहबाट अर्को तहमा चढाउन मूल्याङ्कनको आवश्यकता पर्छ । अहिले विद्यालयहरूमा अक्षराङ्कन प्रणाली (लेटर ग्रेडिङ) अनुसार विद्यार्थीको उपलब्धि स्तर निर्धारण गरिन्छ । यसरी मूल्याङ्कनले विद्यार्थीहरूको पढाइमा सुधार ल्याउन तथा ग्रेडिङ गर्न प्रयोग सहयोग पुऱ्याउँछ ।

शिक्षाको विकाससँगै शिक्षाविद्हरूले मूल्याङ्कनका बारेमा विभिन्न परिभाषाहरू दिएका छन् । तीमध्ये केही परिभाषाहरू निम्नानुसार छन् :

वास्तविक रूपमा शैक्षिक उद्देश्यहरूलई कुन हदसम्म प्राप्त गर्न सकियो भनी किटान गर्ने प्रकिया मूल्याङ्कन हो । ("Evaluation is the process of determining to what extent the educational objectives are actually being realized.")

– टायलर (Tayler)

विद्यार्थीका व्यवहारम परिवर्तन ल्याउने सन्दर्भमा सूचनाहरूको सङ्कलन र प्रयोग गरी शैक्षिक कार्यकममा निर्णय गर्ने वा गराउने काम मूल्याङ्कन भित्र पर्दछ । ("Evaluation consists of collection and use of information concerning changes in pupils behaviour to make decisions about an educational programme.")

– वेली (Welley)

## ७.२. मूल्याङ्कनका प्रकार (Types of Evaluation)

| निर्माणात्मक मूल्याङ्कन (Formative evaluation) | निर्णयात्मक मूल्याङ्कन (Summative evaluation) | निदानात्मक मूल्याङ्कन (Diagonostic evaluation) |
|---|---|---|

### १. निर्माणात्मक मूल्याङ्कन (Formative Evaluation)

सिकाइ सहजीकरण क्रियाकलाप सफल पार्नका लागि आन्तरिक रूपबाट गरिने मूल्याङ्कन नै निर्माणात्मक मूल्याङ्कन हो । यसको मुख्य उद्देश्य शिक्षण सिकाइमा सुधार ल्याउनु हो । यो मूल्याङ्कन कुनै पनि शैक्षिक योजनाको सुरुदेखि अन्त्यसम्म निरन्तर रूपमा सञ्चालन गरिन्छ । यो मूल्याङ्कनको प्रयोगस्थल भनेको कक्षाकोठा नै हो । यो मूल्याङ्कनलाई प्रयोगमा ल्याउँदा उत्तीर्ण र अनुत्तीर्ण छुट्याइरहन आवश्यक पर्दैन । कक्षाकार्य, गृहकार्य, हाजिरीजवाफ, एकाइ परीक्षा, त्रैमासिक परीक्षा, अर्धवार्षिक परीक्षा, अवलोकन आदि मूल्याङ्कनका रूपहरू हुन् ।

शिक्षण सिकाइ गर्ने क्रममा विभिन्न समस्याहरू देखा पर्छन् । त्यस्ता समस्याको सामाधान गर्न मूल्याङ्कनको जरुरत पर्दछ । साथै अन्य के कस्ता कमजोरीहरू छन्, पत्ता लगाएर निराकरण गर्ने उपायसमेत देखाउने हुनाले यसलाई रचनात्मक मूल्याङ्कन पनि भनिन्छ । यसले विद्यार्थीको समस्याको समाधान कार्यक्रम सिकाइ प्रक्रिया चालु रहेकै अवस्थामा गर्छ । साथै शैक्षिक कार्यक्रमको कमजोरी पक्ष पत्ता लगाई बेलैमा सुधार गर्छ । यसले समय र लगानीको समेत पुनरावलोकन गर्छ । यो मूल्याङ्कनले शिक्षण योजनालाई सही रूपमा कार्यान्वयन गर्नसमेत टेवा पुऱ्याउँछ । शिक्षण सिकाइमा देखा परेका त्रुटिहरू तत्कालै हटाई पृष्ठपोषण दिने काम गर्छ । शिक्षणलाई उपयुक्त शिक्षण विधि, शैक्षिक सामग्री छनोट गर्न र प्रभावकारी शिक्षण गर्न सहयोग पुऱ्याउँछ ।

साथै शिक्षक विद्यार्थी बिचको सम्बन्ध सुमधुर र प्रगाढ बनाउँछ । यो मूल्याङ्कनले विद्यार्थीका सम्पूर्ण अनुभव र व्यवहारहरूको दैनिक लेखाजोखा गर्ने हुनाले यसलाई मूल्याङ्कनको अत्यावश्यक अङ्ग मानिन्छ ।

## २. निर्णयात्मक मूल्याङ्कन (Summative Evaluation)

निश्चित सिकाइ र पाठ्यांशको अन्त्यमा गरिने मूल्याङ्कन निर्णयात्मक मूल्याङ्कन हो । यो शैक्षिक उद्देश्यबमोजिम विद्यार्थीले उपलब्धि हासिल गर्न सके वा नसकको निर्णय लिन गरिन्छ । यसअन्तर्गत सिकाइको परिणामपछि विद्यार्थीको स्तर निर्धारण गरिन्छ । यो विद्यार्थीहरूमा गरिने अन्तिम मूल्याङ्कन हो र यो मूल्याङ्कन शैक्षिक उद्देश्यमा भर पर्दछ । उपलब्धिका आधारमा उत्तीर्ण, अनुत्तीर्ण र श्रेणी निर्धारण गरी प्रमाणपत्र प्रदान गर्नु हो । निर्णयात्मक मूल्याङ्कनमा उपलब्धि परीक्षा, प्रयोगात्मक परीक्षा, वार्षिक परीक्षा आदि पर्दछन् ।

निर्णयात्मक मूल्याङ्कन औपचारिक एवम् बाह्य हुन्छ । यो मूल्याङ्कनले कार्यक्रमको उद्देश्य आंशिक वा पूर्ण कति पूरा भयो भनी पत्ता लगाउँछ । विद्यालयको प्रगति र स्तर पत्ता लगाउनुका साथै शैक्षिक क्रियाकलापहरूको प्रभावकारिताको पनि मूल्याङ्कन गर्दछ । निर्णयात्मक मूल्याङ्कनले योजनाको वैधता, प्रामाणिकता र विश्वसनीयता प्रदान गर्दछ ।

## निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका फरक (Difference between Formative and Summative Evaluation)

| भिन्नताका आधारहरू | निर्माणात्मक मूल्याङ्कन | निर्णयात्मक मूल्याङ्कन |
|---|---|---|
| उद्देश्य | १. शिक्षण सिकाइमा सुधार ल्याउनु हो | १. विद्यार्थीको स्तर निर्धारण गरी प्रमाणपत्र दिनु हो । |
| प्रयोगको समय | २. शिक्षक/विद्यालयले आवश्यकताअनुसार प्रत्येक पाठको अन्त्यमा र एकाइको अन्त्यमा गर्न सक्छ । | २. शैक्षिक सत्रको अन्त्यमा र कार्यक्रमका आधारमाबिच समयमा पनि प्रयोग गर्न सकिन्छ । |
| औजार /साधन | ३. कक्षाकार्य, गृहकार्य, मासिक परीक्षा, एकाइ परीक्षा, अवलोकन, अन्तरवार्ता, हाजिरीजवाफ यसका उदाहरणहरू हुन् । | ३ अर्धवार्षिक परीक्षा, वार्षिक परीक्षा, राष्ट्रिय वा क्षेत्रीय स्तरीय परीक्षा आदि यसका उदाहरणहरू हुन् । |
| बारम्बारता | ४. यसको प्रयोग निरन्तर रूपमा गरिन्छ । | ४. यो निश्चित समय वा पाठका आधारमा गरिन्छ । |
| प्रक्रिया | ५. यसमा औपचारिक र अनौपचारिक दुवै प्रक्रिया अपनाइन्छ । | ५. यसमा औपचारिक मूल्याङ्कन प्रक्रिया मात्र अपनाइन्छ । |

| | | |
|---|---|---|
| व्याख्या र विश्लेषण | ६. अपेक्षित उद्देश्यका आधारमा विद्यार्थीले प्राप्त गरेको अङ्कको व्याख्या र प्रयोग गरिन्छ । | ६. समग्र प्राप्ताङ्कको नतिजाका आधारमा व्याख्या गरिन्छ । |
| महत्त्व | ७. यो आन्तरिक रूपमा महत्त्वपूर्ण हुन्छ । | ७. यो प्रमाणपत्र देखाउन र रोजगारी खोज्न बाह्य रूपमा महत्त्वपूर्ण हुन्छ । |
| संलग्नता | ८. यसमा विद्यालय र शिक्षक नै बढी संलग्न हुन्छन् । | ८. यसमा विद्यालय र शिक्षक साथै बाह्य परीक्षाका निकाय, विषय विशेषज्ञ र शिक्षाविद्हरू संलग्न हुन्छन् । |

### ३. निदानात्मक मूल्याङ्कन (Diagonostic Evaluation)

निदानात्मक मूल्याङ्कन अन्य मूल्याङ्कनहरू जस्तै निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनभन्दा भिन्न प्रकारको हुन्छ । यसको उद्देश्य शिक्षण क्रियाकलाप गर्नुअगाडि विद्यार्थीहरूको सबल र कमजोर पक्ष थाहा पाउनु हो । यसबाट विद्यार्थीहरूको पूर्व ज्ञानको जानकारी प्राप्त हुन्छ । यसबाट ज्ञान र सिपको मूल्याङ्कन गरिन्छ । साथै शिक्षण विषयवस्तु र सिकाइ सहजीकरण क्रियाकलाप छनोट गर्न मदत गर्दछ । विद्यार्थीको निदानात्मक मूल्याङ्कनबाट प्राप्त जानकारीका आधारमा सुधारात्मक शिक्षण गर्न सकिन्छ । यसले शिक्षण सिकाइलाई प्रभावकारी बनाउनुको साथै पाठ्यक्रमको उद्देश्य पूरा गर्न सहयोग पुग्छ । यसले प्रत्येक विद्यार्थीको समस्या पहिचान गर्न मदत मिल्छ । हरेक विद्यार्थीको आवश्यकताको पहिचान गरी शिक्षण गर्दा शैक्षिक उपलब्धि राम्रो हुन्छ । निदानात्मक मूल्याङ्कन विद्यार्थीहरूको व्यक्तिगत अभिलेख, सञ्चित अभिलेख, आत्ममूल्याङ्कन, अन्तरवार्ता र अवलोकनबाट लिन सकिन्छ ।

### निरन्तर मूल्याङ्कनको परिचय (Introduction to Continuous Assessment System (CAS)

विद्यार्थीको नियमित रूपमा सिकाइ सहजीकरण क्रियाकलापसँगै मूल्याङ्न गर्नु नै निरन्तर विद्यार्थी मूल्याङ्कन हो । निरन्तर विद्यार्थी मूल्याङ्कन विद्यार्थीको कमी कमजोरी सुधार गर्न अपनाइन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कनबाट कमजोर विद्यार्थीको समस्या पहिचान गरी सुधारात्मक शिक्षण गर्न सहयोग पुग्छ । साथै सक्षम विद्यार्थीलाई पनि अझ अगाडि बढ्न प्रोत्साहन गर्न सकिन्छ । यो मूल्याङ्कन प्रक्रियाले विद्यार्थीलाई कक्षा चढाउनेभन्दा पनि विद्यार्थीलाई सिकाइको अवसर प्रदान गर्नुपर्दछ ।


निरन्तर विद्यार्थी मूल्याङ्कन लागु गरेपछि विद्यालयमा भर्ना भएका बालबालिकालाई प्रत्यक्ष सहयोग पुग्ने अपेक्षा गरिएको छ । असफल हुने, कक्षा दोहोऱ्याउने वा बिचैमा विद्यालय छाड्ने जस्ता प्रवृत्ति घटाउन सकिन्छ । यसले शिक्षाको गुणात्मक विकासमा सहयोग पुऱ्याउँछ । निरन्तर विद्यार्थी मूल्याङ्कनका निम्ति कक्षाकार्य, गृहकार्य, परियोजना कार्य जस्ता निश्चित मापदण्डहरूको अवलोकन गर्नुपर्छ । साथै व्यवहार

परिवर्तन, सिर्जनात्मक कार्य, हाजिरीजवाफ, लिखित मौखिक प्रश्नोत्तर जस्ता विविध कार्यहरू गर्न सकिन्छ । यसका आधारमा विद्यार्थीलाई निरन्तर पृष्ठपोषण दिइन्छ । यस प्रणालीमा विद्याथीको व्यवहारमा आएको परिवर्तनका आधारमा कक्षा चढाइन्छ । हाल नेपाल सरकारले नीतिगत रूपमा नै निरन्तर विद्यार्थी मूल्याङ्कन आधारभूत तहसम्म लागु गरिसकेको अवस्था छ । निरन्तर विद्यार्थी मूल्याङ्कनमा हरेक विषयमा विद्यार्थीको सिकाइ उपलब्धिका आधारमा उनीहरूलाई A, B/ C मा ग्रेडिङ गरिन्छ । यसलाई हरेक विषयका लागि मेट्रिक्स बनाएर सूत्रबद्ध गरिएको छ ।

## ७.४. मूल्याङ्कनका साधनहरू (Tools of Evaluation)

कुनै शैक्षिक क्रियाकलापपश्चात् के कस्तो उद्देश्य हासिल भयो भनी मूल्याङ्कन गर्नुपर्दछ । मूल्याङ्कन गर्नका लागि विभिन्न साधनहरूको आवश्यकता पर्दछ । मूल्याङ्कनका लागि परम्परागत परीक्षाबाहेक अन्य प्रशस्त मात्रामा साधनहरू विकसित भइसकेका छन्, जस्तै: परम्परागत परीक्षाअन्तर्गत लिखित, मौखिक र प्रयोगात्मक परीक्षा पर्दछन् । परीक्षा बाहेकका मूल्याङ्कनका अन्य साधनहरूमा अवलोकन, अन्तरवार्ता, अभिलेख सङ्कलन, आत्ममूल्याङ्कन, परियोजना कार्य, सिर्जनात्मक कार्य, सामाजिक व्यवहार आदि पर्दछन् । मूल्याङ्कनका साधनहरूलाई तल तालिकामा देखाइएको छ :

### परीक्षाका प्रकार



## ७.४ परीक्षा (Examination)

कुनै निश्चित अवधिभित्र के कति उपलब्धि हासिल भयो भनेर मापन गर्ने मूल्याङ्कनको एक साधन परीक्षा हो । एकाइ परीक्षा, त्रैमासिक परीक्षा, शैक्षिक सत्रको अन्त्यमा लिइने वार्षिक परीक्षा आदि परीक्षाका उदाहरणहरू हुन् । उल्लिखित परीक्षा पाठयोजनाअनुसार पाठको अन्त्यमा पनि लिने गरिन्छ । यसरी परीक्षा पाठको उद्देश्य र उपलब्धि मापन गर्ने एक साधन हो । यो सामयिक कार्यक्रम हो । परीक्षामा विद्यार्थीले आफ्नो क्षमता र उपलब्धिको प्रदर्शन गर्छन् । परीक्षामा विद्यार्थीलाई आफ्नो गल्ती र कमजोरी सुधार गर्ने मौका भने हुँदैन । नेपालको सन्दर्भमा भन्ने हो भने परीक्षालाई नै विद्यार्थीको शैक्षिक उपलब्धि मापन गर्ने प्रामाणिक आधार मानिन्छ । परीक्षा विभिन्न प्रकारले सञ्चालन गर्न सकिन्छ जसको वर्णन तल गरिएको छ ।

### १. लिखित परीक्षा (Written Examination)

सोधिएका प्रश्नहरूको उत्तर लेखेर दिने परीक्षालाई लिखित परीक्षा भनिन्छ । लिखित परीक्षाका प्रश्नहरूले विद्यार्थीको विषयवतुको ज्ञान, सङ्गठन, क्रमबद्धता, मौलिकता र शैली जाँच्छन् । लिखित परीक्षाका प्रश्नहरू कुनै लामो उत्तर आउने, कुनै छोटो उत्तर आउने र कुनै वस्तुगत रूपमा उत्तर आउने खालका हुन्छन् । लामो उत्तर आउने लिखित परीक्षाको प्रश्न निर्माण गर्दा व्याख्या गर्ने, कारण दिएर स्पष्ट पार्ने, आफ्नो विचार व्यक्त गर्ने र विशलेषण गर्ने खालका प्रश्नहरू निर्माण गर्नुपर्दछ । त्यसै गरी छोटो उत्तर दिने लिखित परीक्षाका प्रश्न निर्माण गर्दा भने सूची बनाउने, समूह बनाउने, विभाजन गर्ने, तुलना गर्ने, सारंश लेख्ने, टिप्पणी लेख्ने र छोटकरीमा बयान गर्ने खालका प्रश्नहरू सोध्नुपर्छ । वस्तुगत प्रश्नहरू निर्माण गर्दा निर्देशनअनुसार चिह्न मात्र लगाउने, खाली ठाउँ भर्ने, ठिक बेठिक छुट्याउने, जोडा मिलाउने जस्ता प्रश्नहरू निर्माण गर्नुपर्दछ । लिखित परीक्षा दुई प्रकारका हुन्छन् :

(क) विषयगत परीक्षा (Subjective Test)

(ख) वस्तुगत परीक्षा (Objective Test)

### (क) विषयगत परीक्षा (Subjective Test)

विषयगत परीक्षा पनि दुई प्रकारका छन् ।

(अ) लामो उत्तरात्मक प्रश्न

(आ) छोटो उत्तरात्मक प्रश्न

### (अ) लामो उत्तरात्मक प्रश्न

लामो उत्तर आउने प्रश्नद्वारा विद्यार्थीको विषयप्रतिको ज्ञान, अभिव्यक्तिको मौलिकता, विश्लेषण क्षमता, अलोचना, समालोचना आदि क्षमताको मूल्याङ्कन गरिन्छ । यस्ता प्रश्नले विस्तृत र स्वतन्त्र उत्तरको अपेक्षा

गर्छन् । यस्ता प्रश्नको प्रकारअन्तर्गत वर्णनात्मक प्रश्न, विश्लेषणात्मक प्रश्न, तुलनात्मक प्रश्न, सारांश लेख्ने प्रश्न, छलफल गर्ने प्रश्न, कारण दिने आदि प्रश्नहरू पर्दछन् ।

### (आ) छोटो उत्तरात्मक प्रश्न

छोटो उत्तरात्मक प्रश्नमा विद्यार्थीले छोटा, सरल र स्पष्ट उत्तर दिनुपर्दछ । यो लामो उत्तरात्मक र वस्तुगत प्रश्नका बिचको प्रश्न हो । त्यसकारण यस किसिमको परीक्षामा दुवैका गुणहरू समावेश हुन्छन् । यस्ता प्रश्नका उत्तरले अनावश्यक गफ लेख्ने प्रवृत्तिलाई नियन्त्रण गर्दछ । विद्यार्थीलाई यस्ता प्रश्नको उत्तर दिन कम समय लाग्छ भने शिक्षकलाई उत्तर पुस्तिका परीक्षण गर्न पनि कम समय लाग्दछ । सिर्जनजात्मक प्रश्न, तुलना गर्ने प्रश्न, तर्क दिने प्रश्न, कारण दिने प्रश्नहरू छोटो उत्तरात्मक प्रश्नअन्तर्गत पर्दछन् ।

### (ख) वस्तुगत प्रश्न

यस्ता प्रश्नको उत्तरमा लामो उत्तर लेखिरहनुपर्ने आवश्यकता पर्दैन । यस्तो उत्तर लेख्दा ठिक उत्तर छानेर, चिह्न लगाएर वा शब्द मात्र लेखे पनि पुग्ने हुन्छ । शिक्षकलाई यस्तो प्रश्नपत्र बनाउन बढी समय र दक्षताको आवश्यक पर्दछ । यस्ता प्रश्न कम अङ्क प्रदान गरी धेरै विषयवस्तु समावेश गर्न सकिन्छ । वस्तुगत प्रश्नका प्रकारहरू यस प्रकार छन् :

१. खाली ठाउँ भर्ने

२. जोडा मिलाउने

३. ठिक बेठिक छुट्याउने

४. बहुवैकल्पिक प्रश्न

### १. खाली ठाउँ भर्ने

यस्ता प्रश्नमा मुख्य मुख्य शब्द हटाई विद्यार्थीलाई उपयुक्त शब्द खाली ठाउँमा भर्न लगाइन्छ । यस्ता प्रश्नमा विद्यार्थीले विभिन्न मितिहरू, नामहरू र अन्य सान्दर्भिक शब्दहरू भर्नुपर्दछ । यस्ता प्रश्नको उत्तर अनुमानबाट मिलाउन गाह्रो पर्ने हुँदा राम्रो मानिन्छ ।

वस्तुगत प्रश्नको नमुना :

(क) प्रदेश नं. १ को राजधानी ................ हो ।

(ख) नेपालको सबैभन्दा लामो नदी ............. हो ।

### २. जोडा मिलाउने प्रश्न

दुई विषयलाई अलग अलग पङ्क्तिमा राखी तिनीहरूको सम्बन्धका आधारमा मिलाउने प्रश्नलाई जोडा मिलाउने प्रश्न भनिन्छ । जोडा मिलाउने प्रश्नमा दुई समूहमा तल माथि पारेर घटना, मिति, नामावली,

परिभाषा, व्यक्ति, चित्र आदि राखिन्छ । एक स्तम्भमा भएको तथ्यको उत्तर अर्को समूहबाट छानेर जोडा मिलाउन लगाउनुपर्छ । पहिलो समूहमा भएका तथ्यहरूलाई उत्तेजना र दोस्रो पङ्क्तिमा भएकालाई प्रतिक्रिया भनिन्छ । यस्ता प्रश्नहरूमा उत्तेजना र प्रतिक्रियाबिचको सम्बन्ध देखाइन्छ । यस्ता प्रश्न निर्माण गर्दा दोस्रो समूहमा थप तथ्य वा पहिलो तथ्यसँग मेल नखाने तथ्य राख्नु राम्रो मानिन्छ ।

जोडा मिलाउने नमुना प्रश्न

समूह 'क' र समूह 'ख' का मिल्ने विषयवस्तुसँग जोडा मिलाउनुहोस् :

| समूह 'क' | समूह 'ख' |
|---|---|
| प्रदेश न. १ | ८ जिल्ला |
| प्रदेश न. २ | १४ जिल्ला |
| प्रदेश न. ३ | ११ जिल्ला |
| प्रदेश न. ४ | १३ जिल्ला |
| प्रदेश न. ५ | १० जिल्ला |
| प्रदेश न. ६ | १२ जिल्ला |
| प्रदेश न. ७ | १६ जिल्ला |
| | १५ जिल्ला |

## ३. ठिक बेठिक छुट्याउने प्रश्न

दिइएका प्रश्न ठिक बेठिक साँचो झुटो के हो भनी छुट्याउनु पर्ने प्रश्नलाई ठिक बेठिक छुट्याउने प्रश्न भनिन्छ । यस्ता प्रश्नले विद्यार्थीको स्मरण क्षमताको मूल्याङ्कन गर्दछ । साथै ज्ञान बोधको पनि जाँच गर्न सकिन्छ । यस्ता प्रश्न निर्माण गर्दा पुस्तकबाट हुबहु नक्कल गर्नु हुँदैन र दोहोरो नकारात्मक वाक्य दिनु हुँदैन । यस्ता प्रश्नमा धेरै विषयवस्तु समावेश गर्न सकिन्छ । प्रश्नहरू पचास प्रतिशत सही र पचास प्रतिशत गलत राख्नु राम्रो मानिन्छ ।

### ठिक बेठिक छुट्याउने नमुना प्रश्न

१. तल दिइएका वाक्यहरू ठिक भए कोष्ठमा √ चिह्न र बेठिक भए × चिह्न लगाउनुहोस् :

(क) नेपालको पहिलो महिला राष्ट्रपति विद्यादेवी भण्डारी हुन् । (  )

(ख) नेपालमा हाल पचहत्तर जिल्ला रहेका छन् । (  )

(ग) सगरमाथा शिखरको उचाइ २९०२८ फिट हो । (     )

(घ) नेपालको जलस्रोतबाट २२००० मेघावाट विद्युत् उत्पादन गर्न सकिन्छ । (     )

(ङ) मानिसको शरीरमा २०६ ओटा हड्डी रहेका हुन्छन् । (     )

## ४. बहुवैकल्पिक प्रश्नहरू

एउटा प्रश्नको उत्तरका रूपमा विभिन्न विकल्पहरू दिई तिनै विकल्पबाट सही उत्तर छान्ने प्रश्न बहुवैकल्पिक प्रश्न हुन् । यस्तो प्रश्नको उत्तर छान्दा सम्भावित उत्तर नभई सबैभन्दा बढी विकल्पबाट ठिक उत्तर छान्नु पर्दछ । यस्ता प्रश्नमा परिभाषा, समानता, असर, कारण जस्ता कुराहरू विकल्पमा राख्नुपर्दछ । प्रश्नको उत्तरमा विकल्प दिँदा चारओटासम्म दिने गरिन्छ ।

### बहुवैकल्पिक प्रश्नको नमुना

१. २०७३ सालको मदन पुरस्कार कसलाई प्रदान गरियो ?

(क) रामप्रसाद जोशी (ख) घनश्याम कँडेल

(ग) रामनन्द जोशी (घ) विजयकुमार पाण्डे

२. बर्मुडा त्रिकोण कुन महासागरमा पर्दछ ?

(क) प्रशान्त महासागर (ख) आन्ध्र महासागर

(ग) हिन्द महासागर (घ) कुमेरु महासागर

## २. मौखिक परीक्षा (Oral Examination)

मौखिक रूपमा प्रश्न गरी मौखिक रूपमै उत्तर प्रस्तुत गर्ने परीक्षा मौखिक परीक्षा हो । मौखिक परीक्षाका निम्ति प्रश्न निर्माण गर्दा प्रश्न स्पष्ट उत्तर आउने र छोटो खालको हुनुपर्दछ । यस्तो परीक्षा तल्लो स्तरको कक्षाका साथै माथिल्लो कक्षामासमेत प्रयोगमा ल्याइने गरिन्छ । यस्तो परीक्षा लिँदा सुनाइ तथा बोलाइ सिपका साथै विषयवस्तुको ज्ञानलाई समेत परीक्षाको माध्यम बनाउनुपर्दछ ।

## ३. प्रयोगात्मक परीक्षा (Practical Examination)

शिक्षणका क्रममा सिकेका ज्ञान र सिपलाई परीक्षण गर्ने परीक्षा प्रयोात्मक परीक्षा हो । प्रयोगात्मक परीक्षाको प्रश्न बनाउँदा कार्यकलापसम्बन्धी कामहरू दिनुपर्दछ । विशेष गरी विज्ञान र व्यावसायिक विषयमा यस्तो परीक्षा अपनाइन्छ । यस्तो परीक्षाले कक्षमा सिकेको ज्ञानलाई व्यवहारमा प्रयोग गर्ने सिपको विकासमा समेत सहयोग पुऱ्याउँछ ।

## अभ्यास

### १. उपयुक्त शब्द राखी खाली ठाउँ भर्नुहोस् :

(क) कुनै पनि वस्तुको लेखाजोखा, छानबिन र जाँचबुझ गर्नुलाई ............. भनिन्छ ।

(ख) मूल्याङ्कन ............... प्रकारका हुन्छन् ।

(ग) लिखित परीक्षा, मौखिक परीक्षा र प्रयोगात्मक परीक्षा परीक्षाका ................ हुन् ।

(घ) निश्चित सिकाइ र पाठ्यांशको अन्तमा गरिने मूल्याङ्कन ................. मूल्याङ्कन हो ।

(ङ) सिकाइ सहजीकरण क्रियाकलाप सफल पार्नका लागि आन्तरिक रूपबाट गरिने मूल्याङ्कन ............. मूल्याङ्कन हो ।

(च) नियमित रूपमा गरिने मूल्याङ्नलाई ............ विद्यार्थी मूल्याङ्कन भनिन्छ ।

### २. तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :

(क) विद्यार्थी मूल्याङ्कनको अर्थ स्पष्ट लेख्नुहोस् ।

(ख) मूल्याङ्कनको परिभाषा दिनुहोस् ।

(ग) निरन्तर विद्यार्थी मूल्याङ्कनको परिचय दिनुहोस् ।

(घ) परीक्षा भनेको के हो ?

(ङ) जोडा मिलाउने प्रश्नको नमुना तयार गर्नुहोस् ।

### ३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) निर्णयात्मक र निर्माणात्मक मूल्याङ्कनको बिचको भिन्नता वर्णन गर्नुहोस् ।।

(ख) मूल्याङ्कनका साधनहरूको सूची बनाउनुहोस् ।

(ग) निर्माणात्मक मूल्याङ्कनको उद्देश्य सिकाइ सहजीकरण क्रियाकलापमा सुधार ल्याउनु हो भन्ने भनाइप्रति तपाईंको सहमति व्यक्त गर्दै तर्क दिनुहोस् ।

### ४. प्रयोगात्मक क्रियाकलाप

(क) लिखित परीक्षाअन्तर्गत पर्ने परीक्षाका नमुना प्रश्नपत्र तयार गरी शिक्षकलाई देखाउनुहोस् ।

(ख) तपाईंको विद्यालयमा केकस्ता मूल्याङ्कनका साधन प्रयोग हुने गरेका छन् ?साथीहरूसँग समूहमा छलफल गरी कक्षाकोठामा प्रस्तुत गर्नुहोस् । साथसाथै त्यसलाई अझ प्रभावकारी बनाउन के गर्नु गर्ला, सुझावसमेत प्रस्तुत गर्नुहोस् ।

# एकाइ ८

# असल विद्यार्थी तथा शिक्षकका गुणहरू
(Qualities of a Good Student and Teacher)

## ८. असल विद्यार्थी तथा शिक्षकका गुणहरू (Qualities of a Good Student and Teacher)



शिक्षाको उद्देश्य पूरा गर्न विभिन्न पक्षहरू संलग्न हुन्छन् । तीमध्ये शिक्षक र विद्यार्थीको भूमिका महत्त्वपूर्ण हुन्छ । असल शिक्षक र असल विद्यार्थीको उपस्थितिमा मात्र शिक्षण सिकाइ सफल बनाउन सकिन्छ । एक सफल शिक्षकले मात्र शिक्षण सिकाइमा सामेल हुने सबै पक्षलाई सही मार्गमा लगाउन सक्छ । यसका लागि ऊसँग आवश्यक गुणहरू हुनुपर्दछ । एक असल शिक्षकमा विषयवस्तुसम्बन्धी ज्ञान, शिक्षण विधिसम्बन्धी जानकारी र त्यसको प्रयोग गर्ने सिप, विद्यार्थीसँग राम्रो सम्बन्ध बनाउने क्षमता आदि गुणहरू हुन आवश्यक छ । सङ्क्षेपमा भन्नुपर्दा एक असल शिक्षकमा व्यक्तिगत, पेसागत, सामाजिक तथा मनोवैज्ञानिक गुणहरू हुन आवश्यक छ ।

एक असल शिक्षक जस्तै शिक्षण सिकाइको सफलताका लागि असल विद्यार्थीको पनि आवश्यकता पर्दछ । विद्यार्थी नै सिकाइको केन्द्रबिन्दु भएकाले विद्यार्थी पनि असल हुनुपर्दछ । असल विद्यार्थी हुनका लागि आवश्यक गुणहरूसहित यस पाठमा तल चर्चा गरिएको छ :

## ८.१ असल विद्यार्थीका गुणहरू (Qualities of a Good Student and teach)

नेपाली बृहत् शब्दकोशमा 'विद्यार्थी' शब्दलाई नियमित रूपमा विद्याको आर्जनमा लागिरहने व्यक्ति भनी प्रस्ट पारेको छ । त्यस्तै अर्को अर्थमा विद्यार्थी शब्दलाई शिक्षण संस्थामा अध्ययनरत व्यक्ति, छात्र वा शिष्यलाई जनाउँछ । 'विद्यार्थी' शब्द विद्या र अर्थीको संयुक्त रूप हो । यसको अर्थ हो- विद्या आर्जन गर्ने वा चाहना गर्ने व्यक्ति । विद्यार्थी शब्दको अर्थलाई बुझ्ने हो भने कुनै पनि उमेर समूहका व्यक्तिहरू विद्यार्थी हुन सक्छन् । बालक जन्मेदेखि नै सिक्ने क्रम सुरु हुन्छ । उसले आफ्ना आमा, बाबु तथा घर परिवारबाट सिकाइ सुरुआत गर्दछ । आफ्नो बोलीचाली, रहनसहन र संस्कार सिक्दै जान्छ । यस प्रकार अनियमित तर महत्त्वपूर्ण ढङ्गले शिक्षा आर्जन भइरहेको हुन्छ । जब ऊ विद्यालय जाने उमेरको हुन्छ तब औपचारिक शिक्षामा प्रवेश गर्छ । ऊ क्रमशः विद्यालय वा विश्व विद्यालयसम्मको औपचारिक शिक्षा प्राप्त गरिरहेको हुन्छ । यी सबै प्रकारको शिक्षाको मूल लक्ष्य व्यक्तिको अन्तर्निहित प्रतिभाको प्रस्फुटन गराउनु हो । साथै शिक्षाको माध्यमबाट व्यक्तिले उसको व्यक्तित्व विकास गर्नु हो ।

विद्यार्थी आफ्नो समाज, राष्ट्र र विश्वप्रति नै जवाफदेही हुनुपर्दछ । यसका निम्ति ऊसँग आवश्यक ज्ञान, सिप साथै असल संस्कार हुन जरुरी छ । कुनै पनि परिस्थितिसँग सामना गर्न सक्ने सक्षम नागरिक हुनुपर्दछ । उसले विभिन्न ठाउँ, समय र परिस्थितिमन निर्वाह गर्ने भूमिकाहरू फरक फरक हुन सक्छन् । तसर्थ सामाजिक परिवर्तनमा उनीहरूको अहम् भूमिका रहन्छ, जस्तै : समाजलाई शिक्षित बनाउन असल शिक्षकको भूमिका खेल्न सक्छ । सम्बद्ध समाजको हरेक व्यक्तिलाई स्वस्थ राख्न डाक्टरको भूमिका खेल्न सक्छ । समाजमा सुशासन कायम गर्न प्रशासकको भूमिका खेल्नु पर्दछ । त्यस्तै अन्य थुप्रै भूमिकाहरू हुन्छन् । ऊ केवल राष्ट्र सेवक मात्र होइन उद्यमशील हुन पनि उत्तिकै आवश्यक छ । असल र संस्कारयुक्त विद्यार्थीहरूबाट मात्र एक पूर्ण समाजको परिकल्पना गर्न सकिन्छ । उसको कर्तव्य शिक्षा आर्जन गर्ने मात्र होइन, असल संस्कार सिक्नु पनि हो । उसको जिम्मेवार आफ्नो असल शिक्षा र संस्कार सन्ततिहरूमा  हस्तान्तरण गर्नु पनि हो । यसबाट नै समाजमा दिगो विकास हुन सक्छ । एक असल विद्यार्थीमा हुनुपर्ने केही महत्त्वपूर्ण गुणहरू तल प्रस्तुत गरिएका छन् :

## १. नियमितता, उत्सुकता र तत्परता (Regularity, Curiousity and Readiness)

नियमितता, उत्सुकता तथा तत्परताले विद्यार्थीलाई सफल हुन मदत मिल्छ । समयमा सुत्ने, उठ्ने, समयमा खाने, खेल्ने, समयमा विद्यालयमा जाने, कक्षाकार्य एवम् गृहकार्य समयमै गर्ने गर्नुपर्दछ । नियमितता भएको विद्यार्थी विद्यालय वा घर परिवार सबैको प्रशंसा पाउँछ । यस्तो गुणले भविष्यमा सफलता प्राप्त गर्न सहयोग पुग्छ । अनियमितता वा समयको पालना नगर्ने विद्यार्थीले अरूको अनिच्छित उपदेश तथा गाली सुन्नुपर्छ । एक सफल विद्यार्थी हुनका लागि समयको सदुपयोग गर्नुपर्दछ । कार्य विभाजन गरी काम समयमा गर्नाले नियमितत हुने बानी बस्दै जान्छ ।

असल विद्यार्थीको महत्त्वपूर्ण गुण नियमितताका साथै उत्सुकता र तत्परताको पनि हो । कुनै काम गर्न वा सिक्नका लागि उत्सुकता र तत्परताको आवश्यक पर्दछ । यसले व्यक्तिलाई समय सीमाभित्र कुनै विषयवस्तु सिक्न वा काम गर्न सम्भव बनाउँछ । उत्सुकता र तत्परता नभए व्यक्तिको नियमिततामा असर पुग्छ । उदाहरणका लागि कुनै विद्यार्थी शिक्षकले दिएको गृहकार्य उत्सुकता र तत्परताका साथ गर्छ भने सो काम समयमा पूरा गर्न सक्छ । कार्य पनि राम्रो हुन्छ । ऊ नियमित पनि हुन्छ । त्यसैले नियमितता, उत्सुकता र तत्परता एकआपसमा सम्बन्धित छन् ।

## २. लगनशीलता (Laborous)

कुनै काममा प्रयत्नरत रहनु लगनशीलता हो । कुनै कामलाई निरन्तरता दिइरह्यो भने सो काम निश्चय नै पूरा हुन्छ । विद्यार्थीले आफ्नो पढाइलाई चाख दिएर निरन्तर प्रयत्नशील रह्यो भने उसलाई अवश्य सफलता मिल्छ । अल्छी वा नैराश्यता सफलताका बाधक हुन् । सिकाइमा पनि लगनशील वा अध्ययनशील भएर पढेको पाठ राम्ररी बुझिन्छ । सिकाइ राम्रो हुन्छ । त्यसलाई व्यवहारमा ल्याउन सजिलो हुन्छ । लगनशील विद्यार्थीले आफ्नो अध्ययन वा पढाइबाट नै आनन्द प्राप्त गरिरहेको हुन्छ । भनिन्छ मिहिनेतको फल मिठो हुन्छ । लगनशीलताले उसको ज्ञान, सिप वा व्यवहार गरी तीनओटै पक्षको विकासमा सहयोग पुग्दछ । सबै

विषय सबै विद्यार्थीका लागि उत्तिकै सरल नहुन सक्छन् । तर ऊ प्रयत्नशील भएर लागिरह्यो भने कठिन विषय पनि सरलतापूर्वक अध्ययन गर्न सक्छ । त्यसैले विद्यार्थीले अध्ययनशील र लगनशील हुनुपर्दछ, यो उसको व्यक्तित्व विकासका लागि महत्त्वपूर्ण गुण हो ।

## ३. आदर, सत्कार र सद्भाव (Respect, Hospitality and Harmony)

आदर शब्दले कुनै व्यक्तिमा गरिने सम्मान वा सत्कारको भाव बुझाउँछ । सत्कार शब्दले पनि कुनै व्यक्तिप्रति गरिने सम्मान वा आदर नै बुझाउँछ । त्यस्तै सद्भाव शब्दले असल भावना वा विचार, मेलमिलाप वा मैत्रीपूर्ण भावना बुझाउँछ । एक अर्काप्रति सम्मानपूर्वक व्यवहार गर्नु सद्भाव हो । एक असल विद्यार्थीका लागि आदर, सत्कार र सद्भाव नभई नहुने गुण हो । यही गुणले उसलाई सभ्य नागरिक बन्न मदत पुग्छ । कुनै पनि समाजमा बस्न आदर सत्कार तथा सद्भावपूर्ण व्यवहार हुनुपर्दछ । हाम्रो समाजमा परापूर्वकालदेखि नै आदर, सत्कार तथा सद्भावपूर्ण व्यवहार अभ्यास गरिँदै आएको छ । आफ्नो आमा, बुवा, गुरु र मान्यजनप्रति सम्मान गर्नु एक असल विद्यार्थीको कर्तव्य हो । यो विद्यार्थीका लागि मात्र होइन, अन्य व्यक्तिहरूमा पनि उत्तिकै आवश्यक छ । आफ्ना मान्यजनप्रति श्रद्धा प्रकट गर्ने तथा उनीहरूबाट आशीर्वाद लिने चलन प्रचलनमा छ । यस परम्पराले सामाजिक सम्बन्ध बलियो हुन्छ । सामाजिक सद्भावले पनि हामीबिचको सम्बन्ध बलियो बनाउँछ ।

समाजमा विभिन्न प्रकारका मानिसहरू हुन्छन् । तथापि सबै मानव हौँ । जात, वर्ण, रङ, धर्म, संस्कृति वा क्षेत्रका आधारमा कसैप्रति भेदभाव हुनु हुँदैन । सबैको सम्मानपूर्वक बाँच्ने अधिकार छ । यो पृथ्वी हामी सबैको हो भन्ने भावनाको विकास गर्नुपर्दछ । यसले सद्भाव दर्शाउँछ । सद्भावले सामाजिक द्वन्द्वलाई समेत घटाउँछ । आदर, सत्कार तथा सद्भावपूर्ण व्यवहार गर्ने व्यक्ति कुनै पनि समाजमा सहजतासाथ र सम्मानपूर्वक बाँच्न सक्छ । यसरी आदर, सत्कार, सद्भाव वा सदाचार असल विद्यार्थीको गहना हुन् ।

## ४. सरसफाइ (Cleanliness)

सरसफाइ व्यक्ति वा समाजको स्वास्थ्यसँग गाँसिएको हुन्छ । स्वस्थ व्यक्ति वा स्वास्थ समाज समृद्धिको सूचक हो । त्यसैले 'स्वास्थ्य नै धन हो ।' हो भन्ने भनाइ पनि छ । स्वस्थ रहनका लागि सरसफाइको जरुरत पर्दछ । यसले शारीरिक वा मानसिक रूपमा स्वस्थ रहन मदत गर्दछ । एक असल विद्यार्थीका लागि सरसफाइ पनि महत्त्वपूर्ण गुण मानिन्छ । आफ्नो लुगा, बस्ने कोठा, सुत्ने कोठा, पढ्ने कोठा एवम् पाठ्यसामग्री सफा अवस्थामा राख्नुपर्दछ । समयमा नुहाउने, कपाल राम्ररी कोर्ने, नङ काट्ने जुत्ता, मोजा सफा गरेर लगाउने गर्नुपर्दछ । यसो गर्नाले व्यक्तिको व्यक्तित्व पनि झल्किन्छ । साथै शरीर चङ्गा र हलुका भएको महसुस हुन्छ । राम्रो सरसफाइ गर्ने गर्नाले उसको पढाइमा समेत सकारात्मक असर पुग्छ । ऊ घर, परिवार र समाजका लागि नमुना बन्न पुग्छ । विद्यालयमा सिकेका सरसफाइ सम्बन्धी ज्ञान, सिप र व्यवहारले परिवार र समाजमा समेत प्रभाव पर्दछ । सरसफाइ रहनु भनेको स्वस्थ नागरिकको परिचय दिनु पनि हो । यसलाई एक असल विद्यार्थीले नियमित रूपमा ध्यान दिनुपर्दछ ।

## ५. समय पालना (Punctuality)

भनिन्छ "बगेको खोला फर्कँदैन, समयले मानिसलाई पर्खँदैन ।" यो भनाइ समय पालनासँग गाँसिएको छ । कुनै पनि व्यक्ति समयको परिपालना गर्दछ भने उसका लागि सफलता सम्भव छ । झन् विद्यार्थीका लागि त अनिवार्य गुण हो । त्यसैले असल विद्यार्थीको अर्को महत्त्वपूर्ण गुण समयको पालना हो । एक असल विद्यार्थी समयको गतिसँगै चल्न सिक्नुपर्दछ । हरेक क्षणलाई सदुपायेग गर्न सक्ने क्षमता हुनुपर्दछ । कुन समयमा कुन काम गर्ने ध्यान दिनुपर्दछ । आजको काम भोलि गर्छु भनेर साँच्नु हुँदैन । किनकि भोलि फेरि नयाँ कामको थालनी गर्नुपर्दछ । विद्यार्थीले पढ्ने, खाने, खेल्ने, सुत्ने वा घरपरिवारमा सहयोग गर्ने आदि काम समय तालिकाअनुसार गर्नुपर्छ । विभिन्न मनोरञ्जनात्मक साधनहरू, जस्तै : टी.भी., रेडियो वा एफ.एम. पनि समय तालिका बनाएर प्रयोग गर्नुपर्छ । यसो गर्नाले विद्यार्थीमा समयअनुसार चल्ने बानीको विकास हुन्छ । साथै असल आचारणको पनि विकास हुन्छ ।

## ६. अनुशासन (Discipline)

एक विद्यार्थीका लागि घर, परिवार, समाज र विद्यालयले तयार गरेका मूल्यमान्यता मर्यादा वा नियमको परिधिभित्र रहनु अनुशासन हो । यो असल विद्यार्थीमा नभई नहुने लक्ष्यण हो । ऊ सबै गुणहरू जस्तै नियमितता, अध्ययनशीलता, सरसफाइ आदि हुँदाहुँदै पनि अनुशासन छैन भने ती गुणहरू निरर्थक हुन्छन् । विद्यार्थीमा अनुशासन नहुँदा उसको कक्षाकोठा, विद्यालय, घरपरिवार र समाजलाई समेत असर पुऱ्याउँछ । ऊ आफू त असफल हुन्छ नै घरपरिवार र विद्यालयका अन्य व्यक्तिहरूका लागि पनि सफलताको बाधक बन्छ । विद्यालयको नियमको परिपालना गर्नु, तोकेको काम समयभित्र गर्नु र अरूसँग मिठो बोलीवचन गर्नु अनुशासन हो । त्यस्तै मान्यजनप्रति सम्मान गर्नु र आफूभन्दा सानालाई माया गर्नु पनि अनुशासनभित्र पर्दछन् । अनुशासन समाजको नैतिक, धार्मिक राजनीतिक आदि विषयसँग गाँसिएका हुन्छन् । एक असल विद्यार्थीले आफ्नो मन, वचन र इन्द्रियहरूलाई संयमित राखेर व्यवहार गर्नुपर्दछ । यसले विद्यार्थी वा कुनै पनि व्यक्तिलाई अनुशासित बनाउँछ ।

## ७. राष्ट्रिय भावना (Patriotism)

एक असल विद्यार्थीमा हुनुपर्ने अर्को गुण राष्ट्रिय भावना हो । राष्ट्र सबैको साझा हो । अहिलेको परिवेशमा कुनै पनि व्यक्ति विश्वको नागरिक हो । त्यसैले विद्यार्थीमा मेरो देश, मेरो भाषा, मेरो संस्कृति भन्ने भावना जागृत हुनुपर्दछ । विद्यार्थी राष्ट्रका कर्णधार भएकाले आफ्नो भाषा संस्कृति संरक्षण र संवर्धन गर्ने जिम्मेवारी उनीहरूकै हुन्छ । राष्ट्रिय गौरव र अस्मितालाई कसरी जोगाउन सकिन्छ विद्यार्थीले चिन्तन मनन गर्नुपर्दछ । राष्ट्रप्रति बफादार रहने स्वावलम्बी हुने एवम् श्रमप्रति श्रद्धा गर्ने भावनाको विकास गर्नुपर्दछ । आफ्नै देशको स्रोत र साधनलाई उपयोग गरेर कसरी राष्ट्रलाई समृद्धि बनाउन सकिन्छ सोच्नुपर्दछ ।

आजका विद्यार्थी भोलिका प्राध्यापक, शिक्षक, डाक्टर, इञ्जिनियर, पत्रकार, सुरक्षाकर्मी, कृषिविज्ञ, उद्यमी आदि हुन सक्छन् । देशलाई कस्तो बनाउने उनीहरूको काँधमा जिम्मेवारी हुन्छ । राष्ट्रिय भावनाले ओतप्रोत

भएको व्यक्तिले मात्र आफ्नो देशलाई उन्नत बनाउन सक्छ । विश्वमा आफ्नो देशको चिनारी दिन सक्छ । यसका लागि आफूले सिकेको ज्ञान, सिप र व्यहारलाई आफ्नो देशका लागि सदुपयोग गर्नुपर्छ । सबै विद्यार्थीमा राष्ट्रिय भावना हुनुको साथै सिर्जनशील र उत्पादनशील पनि हुनुपर्दछ ।

## ८.२ विद्यार्थीको काम/कर्तव्य र आचारसंहिता (Duty and Code of Conduct of Students)

विद्यार्थी जीवन मानव जीवनको महत्त्वपूर्ण समय हो । यस अवस्थालाई उसको उर्वर अवस्था मानिन्छ । यही अवस्थामा नै उनीहरूले जीवनका लागि आवश्यक पर्ने आधारशीलाहरू तयार पर्दछन् । यसका लागि उनीहरूलाई आफ्नो काम, कर्तव्य र आचारसंहिताबारे राम्ररी जानकारी हुनुपर्दछ । यसबारे केवल जानकारी भएर मात्र पुग्दैन । त्यसलाई व्यवहारमा ल्याउनुपर्दछ । विद्यार्थीहरूले आफूले गर्नुपर्ने काम तथा पालना गर्नुपर्ने आचारसंहिताको राम्ररी पहिचान गर्नुपर्दछ । यसले उसको भविष्य उज्ज्वल हुन्छ । साथै घरपरिवार, समाज र देशलाई नै फाइदा पुग्छ । काममा लगनशील हुनु, समयको परिपालना गर्नु, अनुशासित हुनु आदि विद्यार्थीका सामान्य कर्तव्यहरू हुन् । असल ज्ञान, सिप र व्यवहारको विकास गर्नु विद्यार्थीको मूल लक्ष्य हो । सो लक्ष्यमा पुग्नका लागि काम कर्तव्य राम्ररी पूरा गर्नुपर्दछ । साथै आचारसंहिता पालना गर्नुपर्दछ । असल बानी व्यवहारको विकास गर्नुपर्दछ । नराम्रा विसङ्गतिपूर्ण व्यवहार त्याग्नुपर्दछ वा त्यसबाट टाढै रहनुपर्दछ । कुनै पनि काम उद्देश्यमूलक र जीवनोपयोगी हुन आवश्यक छ । शिक्षा नियमावली, २०५९ मा पनि विद्यार्थीहरूले पालना गर्नुपर्ने केही आचारसंहिताहरू उल्लेख गरिएका छन् । कतिपय विद्यालयहरूले यसका अतिरिक्त अन्य बुँदाहरूसहित आचारसंहिताका चार्ट भित्तामा राखेका हुन्छन् । विद्यार्थीहरूले पालना गर्नुपर्ने केही महत्त्वपूर्ण आचारसंहिता निम्नानुसार छन् :

१. विद्यार्थीले शिक्षकको आज्ञा पालना र आदर गर्नुपर्दछ ।

२. विद्यालयबाहिर जहाँसुकै रहँदा पनि अनुशासनमा रहनुपर्दछ ।

३. राष्ट्रियता, भाषा र संस्कृतिको उत्थानका निमित्त सधैँ प्रयत्नशील रहनुपर्दछ ।

४. विद्यालयले आयोजना गरेका कार्यक्रमहरूमा सक्रिय रूपमा भाग लिनुपर्दछ ।

५. सबैसँग शिष्ट र सम्मानजनक व्यहार गर्नुपर्दछ ।

६. विद्यालयको सम्पत्तिको सुरक्षा गर्नुपर्दछ ।

७. विद्यालयले निर्धारण गरेका अन्य आचारसंहिता पालना गर्नुपर्दछ ।

उल्लिखित बुँदाबाहेक आचारसंहिताका अन्य बुँदाहरू पनि थप्न सकिन्छ । विद्यालय व्यवस्थापन, प्रशासन, शिक्षक, विद्यार्थी, अभिभावक वा सरोकारवालाहरूको सहभागिता आचारसंहिता चार्ट निर्माण गर्न सकिन्छ । आचारसंहिता पालना गर्नु विद्यार्थीको कर्तव्यभित्र पर्दछ । साथै यो विद्यालय परिसर, कक्षाकोठा, खेल मैदान वा अन्य कार्यक्रमहरू सम्पन्न गर्न छुट्टै बनाउन सकिन्छ । यसले कुनै काम सम्पन्न गर्न सहयोग पुऱ्याँउछ ।

## अभ्यास

१. तलका खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् :

(क) विद्यार्थी जीवनमा काम, कर्तव्य र ....... को सही परिचालन गर्नु अपरिहार्य छ ।

(ख) ठिक समयमा ठिक काम गर्नु ........ हो ।

(ग) नियमित, अध्ययनशीलता, आदर, सत्कार र सरसफाइ गर्ने गुण हुँदाहुँदै पनि ........ नभएमा ती गुणहरू निरर्थक हुन्छन् ।

(घ) राष्ट्रियता, भाषा र संस्कृतिको उत्थानका निमित्त प्रयत्नशील रहनु असल विद्यार्थीको ...... हो ।

(ङ) विद्यालयले निर्धारण गरेका आचरसंहिता पालना गर्नु विद्यार्थीको ........ हो ।

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) विद्यार्थीको अर्थ के हो ?

(ख) असल विद्यार्थीमा हुनुपर्ने कुनै पाँचओटा गुणहरू लेख्नुहोस् ।

(ग) नियमिता, उत्सुकता र तत्परता एउटा विद्यार्थीलाई किन नभई नहुने गुण हो ?

(घ) असल विद्यार्थीमा अनुशासनको आवश्यकता सम्बन्धमा छोटकरीमा लेख्नुहोस् ।

(ङ) असल विद्यार्थीमा राष्ट्रिय भावना हुनु किन आवश्यक छ ?

(च) एउटा विद्यार्थीलाई 'अध्ययनशील र लगनशील' भएपछि असल विद्यार्थी भन्न सकिन्छ, कारण लेख्नुहोस्

(छ) समयको पालना गर्न एउटा विद्यार्थीका लागि किन आवश्यक छ ?

(ज) तपाईंको विचारमा यस एकाइमा उल्लेख गरिएकाबाहेक असल विद्यार्थीका लागि चाहिने असल गुणहरू के के हुन सक्छन् ?

३. तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् :

(क) असल विद्यार्थीका गुणहरूको सूची तयार गरी तिनीहरूको छोटो वर्णन गर्नुहोस् ।

(ख) विद्यार्थीले पालना गर्नुपर्ने आचारसंहिता उल्लेख गरी तपाईं तिनीहरूको प्रयोग कसरी गर्नहुन्छ, उल्लेख गर्नुहोस् ।

३. प्रयोगाात्मक क्रियाकलाप

तपाईंको कक्षाकोठामा लागु गर्न आचारसंहिताको सूची तयार गर्नुहोस् । उक्त सूचीलाई सबैले देख्ने गरी कक्षाकोठाको भित्तामा झुन्ड्यानुहोस् ।

# एकाइ ९

# विद्यालयमा सञ्चाल गरिने अतिरिक्त/सहक्रियालाप

(Extra/Co-curricular Activities in School)

## ९.१. अतिरिक्त/सहकार्यकलापको अर्थ र परिचय (Meaning and Introduction of Extra/Co-curricular Activities)

अतिरिक्त/सहकार्यकलाप भन्नाले गर्न लागेको कामलाई सहयोग पुऱ्याउने थप क्रियाकलाप भन्ने बुझिन्छ । विद्यार्थीले सिकेका ज्ञान वा सिपलाई सबलीकरण गरी पाठ्यक्रमद्वारा निर्देशित सिकाइमा थप सहयोग पुऱ्याउन गरिने क्रियाकलाप सहकार्यकलाप हुन्, जस्तै : सन्दर्भ पुस्तकहरूको अध्ययन, विषयगत लेखन, निबन्ध तथा कविता लेखन यसभित्र पर्दछन् । साथै कविता वाचन, वादविवाद, हाजिरीजवाफ, वक्तृत्वकला, शैक्षिक प्रदर्शन आदि पनि यसका उदाहरणहरू हुन् । पाठ्यक्रम तथा पाठ्यपुस्तक बाहेकका अन्य यस्ता क्रियाकलापहरू प्रतियोगितात्मक रूपमा सञ्चालन गर्न सकिन्छ । यस कार्यले विद्यार्थीहरूको प्रतिभा प्रस्फुटन गर्न सहयोग पुग्दछ । यस्ता अतिरिक्त/सहकार्यकलापका प्रतियोगिताहरू अन्तर व्यक्तिगत, अन्तर सदनात्मक तथा अन्तर विद्यालय पनि गर्न सकिन्छ ।

अतिरिक्त/सहकार्यकलापकाले विद्यार्थीको चौतर्फी विकासमा मदत पुऱ्याउँछ । अतिरिक्त/सहकार्यकलापको महत्त्व झन् झन् बढेकै कारण अहिले यसलाई सहपाठ्य क्रियाकलापको नामाङ्कन गरिएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, बौद्धिक र शारीरिक कसरतका लागि खेलकुदको आवश्यक पर्दछ । उनीहरूको सिर्जनात्मक सिप विकासका लागि सांस्कृतिक तथा साहित्यिक कार्यक्रमहरूको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । उनीहरूलाई चेतनामूलक तथा नैतिकतासम्बन्धी विषयवस्तुको जरुरत पनि पर्दछ । त्यसैले विद्यार्थीले बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि आवश्यक हुने विभिन्न क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । यस्ता क्रियाकलापले पाठ्यक्रमको सैद्धान्तिक ज्ञानलाई व्यावहारिक प्रयोगमा ल्याउने सिप विकासमा धेरै ठुलो भूमिका खेल्छ ।

राष्ट्रिय शिक्षा पद्धति योजनाको प्रतिवेदन, २०२८ ले अतिरिक्त/सहकार्यकलापलाई विद्यालयको अभिन्न अङ्गका रूपमा व्यवस्था गरेको थियो । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९ ले विद्यार्थीमा रचनात्मक प्रतिभाको विकास, शारीरिक, मानसिक र बौद्धिक विकास, विभिन्न ज्ञान र समझदारीको विकास, सामाजिक सेवा, वातावरण संरक्षणप्रतिको सचेतना जगाउन उपयुक्त हुने विभिन्न अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने सुझाव दिएको थियो । शिक्षा ऐनमा विद्यालयको अतिरिक्त कार्यकलाप र कार्यक्रम निर्धारणसम्बन्धी नियम बनाउने अधिकारको व्यवस्था गरेको छ । हालको शिक्षा प्रशासनसम्बद्ध केन्द्रीय प्रादेशिक र स्थानीय तहका निकायहरूले विद्यालयमा खेलकुद सङ्गीत, हाजिरिजवाफ लगायतका क्रियाकलापहरू सञ्चालन गर्ने व्यवस्था गरिएको छ ।

## ९.२. विद्यालयभित्र गरिने अतिरिक्त/सहकार्यकलापहरू

विद्यालयभित्र गरिने विभिन्न क्रियाकलापहरू हुन्छन् । यी क्रियाकलाप व्यवस्थित रूपमा सञ्चालन गर्न विद्यार्थीलाई सदन, क्लब र सङ्गठनहरूमा बाँडिएको हुन्छ । यी सदन, क्लब र सङ्गठनहरूमा रहेर विद्यार्थीले आफ्नो काम गर्छन् । यसबाट विद्यार्थीको मौलिकता, अभिव्यक्ति कलाको प्रदर्शन र विकास गर्ने मौका पाउँदछन् । यस्ता क्रियाकलाप सञ्चालनले विद्यार्थीलाई अनुशासित, इमान्दार र कर्तव्यनिष्ठ बन्न मदत गर्दछ । सहकार्यकलापले  देशभक्ति भावनाको विकास गरी असल नागरिकमा हुनुपर्ने गुणहरू प्राप्त गर्ने मौका मिल्छ । जीवनमा आइपर्ने विभिन्न समस्याहरूसँग जुझ्न सक्ने क्षमताको निर्माण पनि विद्यार्थीले यिनै क्रियाकलापबाट गर्दै जान्छन् ।

विद्यालयमा जम्मा भएका विद्यार्थीहरू सबै एउटै स्वभावका हुँदैनन् । कोही विद्यार्थी पढाइमा राम्रा हुन्छन्, मिहिनेत गर्छन् । अतिरिक्त क्रियाकलापमा रुचि हुने विद्यार्थी पढाइका साथै नयाँ नयाँ कुरा सिक्नतिर जान सक्छन् । पढाइ राम्रो भए पनि अन्य क्रियाकलापमा भाग नलिने विद्यार्थीलाई वास्तविक जीवनमा आएर समाजमा समोयाजन गर्न गाह्रो हुन्छ । त्यस्ता विद्यार्थीलाई उत्प्रेणा र हौसला दिएर सहयोग गर्नुपर्दछ । विद्यार्थीले पनि पठनपाठन साथसाथै सहक्रियाकलापमा समय दिएर अघि बढ्नु पर्दछ । पठनपाठन र अतिरिक्त क्रियाकलापलाई सन्तुलित बनाएर लैजानु पर्दछ ।

अतिरिक्त/सहकार्यकलापको पहिचान गर्दा विद्यार्थीहरूको रुचि र क्षमतालाई ध्यान दिनुपर्दछ । त्यस्तै अतिरिक्त क्रियाकलाप सञ्चालन गर्दा व्यवस्थित, सबैलाई पायक पर्ने ठाउँ र योजनाबद्ध रूपमा गर्नुपर्दछ । समाजको चाहना र विद्यार्थीको हितलाई ध्यान दिएर सञ्चालन गरिएको क्रियाकलाप बढी फलदायी र अर्थपूर्ण मानिन्छन् । विद्यालयभित्र गरिने मुख्य अतिरिक्त/सहकार्यकलाप यस प्रकार छन् :

### ९.२.१ गीत, कविता, कथा, वादविवाद, नृत्य, वक्तृत्वकला, हाजिरीजवाफ

#### (क) गीत

बालबालिकाले गीतको माध्यमबाट धेरै कुराहरू सजिलै सिक्न सक्दछन् । यसबाट विद्यार्थीले गायनसम्बन्धी क्षमता प्रस्फुटन गर्न सक्छन् । गीत गाउने विद्यार्थीले दर्शकसामु आफूले प्रस्तुत हुनुपर्ने भएकाले उनीहरूको आत्मविश्वासको विकास पनि हुन्छ । गीत सङ्गीतप्रति सबै सजिलै आकर्षित हुन्छन् । त्यसैले विद्यार्थीलाई मनोरञ्जनका रूपमा पनि गीतहरू गाउने अभ्यास गराउनुपर्दछ । विद्यालयमा गाउने गीतहरू सामान्यतया निम्नानुसारका हुने गर्छन् :

१. राष्ट्रिय गान
२. कक्षागत गीत
३. लोकलयमा आधारित गीत
४. बालगीत

## १. राष्ट्रिय गान

राष्ट्रको सम्मानमा गाइने गीत राष्ट्रिय गान हो । यस्ता गीतले राष्ट्र र समाजप्रति गहिरो माया जगाउनका साथै देशप्रति जिम्मेवार हुन प्रेरित गर्छ । जन्म दिने आमा र जन्मभूमि समान हुन् भन्ने मान्यतालाई राष्ट्रिय गानले समेटेको हुन्छ । त्यसैले देश हाम्री आमा हुन्, देश नरहे हामी रहँदैनौँ भन्ने कुराको ज्ञान दिलाउँछ । राष्ट्रिय गानले राष्ट्रप्रति भक्तिभाव जनाई श्रद्धा र आस्था जगाउने काम गर्दछ । विभिन्न जातजाति भाषा भाषी र संस्कार सस्कृति रहेको देशमा सबैमा एकताको भावना सिर्जना गर्दछ । देशको मौलिक विविधतालाई कायम राखी राष्ट्रिय एकतालाई बलियो बनाउने काम राष्ट्रिय गानले गर्दछ । चौरको प्रार्थना सभामा राष्ट्रिय गान सामूहिक रूपमा विद्यार्थीले गाउने गर्छन् । हाम्रो राष्ट्रिय गानका रचनाकार प्रदीपकुमार राई "व्याकुल माइला" हुन् ।

## २. कक्षागत गीत

विद्यालय तहमा कक्षा १ देखि कक्षा १० सम्मका कक्षागत गीतहरू तयार गरिएका छन् । विद्यालयको प्रार्थना सभापछि विद्यार्थीले आफ्नो कक्षाकक्षामा समूहमा कक्षागत गीत गाउने व्यवस्था छ । यसलाई निरन्तरता दिनुपर्दछ । कक्षागत गीतले विद्यार्थीलाई कक्षामा स्फूर्ति ल्याउन पढाइमा जोस जाँगर बढाउन मदत गर्दछ । कक्षागत गीत सुरुमा क्यासेट प्रयोग गरेर यसको शब्द र सङ्गीत विद्यार्थीलाई सिकाउनुपर्दछ । शब्द र सङ्गीत सिकेपछि प्रत्येक दिन कक्षा सुरु हुनुभन्दा अगाडि कक्षागत गीत समूहमा गाएर विद्यार्थीले कक्षा सुरु गर्छन् । कक्षागत गीतमा कक्षा शिक्षक पनि सहभागी भई विद्यार्थीलाई व्यवस्थित ढङ्गले गाउन मदत गर्नुपर्दछ । कक्षागत गीत सामान्यत: पाठ्यपुस्तकको अन्तिम आवरण पृष्ठको पछाडि लेखिएको हुन्छ ।

## ३. लोकलयमा आधारित गीत

लोकमा प्रचलित, लोकद्वारा रचिएको, लोककै लागि रचिएको गीत लोक गीत हो । त्यसैले लोक गीतमा लोकलाई पढ्न र देख्न सकिन्छ । लोकमा भएका दु:ख, वेदना, सामाजिक चालचलन एवम् रहनसहन लोक गीतमा देखिन्छ । यस्ता लोक गीतहरू सङ्कलन गर्ने र विद्यार्थीलाई सङ्कलन गराउने अवसर प्रदान गर्न आवश्यक हुन्छ ।

लोक गीत देशको महत्त्वपूर्ण सम्पदा हो । यसको आवश्यकता र महत्त्व विद्यार्थीलाई प्रारम्भदेखि नै बोध गराउन आवश्यक छ । यसले देशको कला संस्कृति, आर्थिक, सामाजिक र शास्त्रीय परिवेशको जानकारी गराउँदछ । लोक गीतको प्रचारले आफ्नो कला तथा संस्कृतिको संरक्षण र देशको सम्पदाप्रति मोह बढाउन सकिन्छ । विद्यार्थीलाई लोक गीतले मनोरञ्जन पनि गराउने भएकाले यस्तो क्रियाकलापमा सरिक गराउनुपर्दछ । लोकगीत सङ्कलन गरी स्वस्थ प्रतिस्पर्धाको विकास गर्नाले गायनसम्बन्धी सिपको विकास

पनि गर्दछ । लोकगीतका क्रियाकलापका लागि विद्यालयले स्रोतव्यक्तिको व्यवस्था गर्न सक्छ । त्यसो नभए विद्यालयमा भएको सङ्गीत शिक्षकको सहयोग लिएर अन्तरसदनात्मक रूपमा पनि सो क्रियाकलाप सञ्चालन गर्न आवश्यक छ ।

### ४. बालगीत

विद्यालयको नियमित पठनपाठनसँगै बालगीतहरू सङ्कलन गर्ने र गाउन लगाउने गर्नुपर्दछ । बालबालिका स्वयम्लाई बालगीत लेख्न पनि प्रेरित गर्न सकिन्छ । यसले विद्यार्थीमा नयाँ सिर्जना गर्ने बानी बस्नुका साथै सिर्जनशील प्रतिभाले प्रस्फुटन हुने अवसर प्राप्त गर्दछ । बालबालिकालाई बालगीत प्रतियोगिता गराई उनीहरूमा स्वच्छ प्रतिस्पर्धाको विकास गर्न सकिन्छ । उनीहरूले लेखेका बालगीतहरू विभिन्न पत्रपत्रिकामा प्रकाशन गरेर पनि उनीहरूको प्रतिभाको कदर गर्न सकिन्छ ।

### (ख) कविता तथा कथा

विद्यालयमा विद्यार्थीलाई उनीहरूको क्षमताअनुसारको कविता लेखन तथा कविता वाचन प्रतियोगिता गर्न सकिन्छ । कक्षाभित्र वा विभिन्न कक्षाका विद्यार्थीबिच उनीहरूलाई कुनै निश्चित शीषर्क दिएर वा आफ्नै स्वतन्त्र शीर्षकमा कविता लेख्न लगाउन सकिन्छ । यस कार्यले साहित्यप्रतिको रुचि बढ्नुका साथै कल्पना शक्तिको विकास हुन्छ । त्यस्तै विद्यार्थीले आफूले सुनेको वा पढेको कथाहरू भन्न लगाउन सकिन्छ । उनीहरूको स्तरअनुरूप सामाजिक लघु कथाहरू लेख्न लगाई प्रतियोगिता गर्न सकिन्छ । विद्यार्थीले लेखेका कथा कविताहरू भित्तेपत्रिकामा क्रमैसँग प्रकाशन गर्ने व्यवस्था गर्नुपर्दछ । भित्ते पत्रिका वा सूचना पाटीमा टाँस्ने गर्नाले पनि उनीहरू अरू सिर्जना गर्न प्रोत्साहित हुन्छन् । कविता वा कथा लेखन र वाचनले विद्यार्थीको अभिव्यक्ति शैलीको विकासमा मदत पुग्दछ ।

### (ग) वक्तृत्वकला तथा वादविवाद

कुनै विषयवस्तुमा आफ्ना विचारलाई तथ्यपूर्ण र तर्कसङ्गत रूपमा प्रस्तुत गराउन वक्तृत्वकला वा वादविवाद गराउन सकिन्छ । दिइएको विषयवस्तुमा आफ्नो स्वतन्त्र विचार प्रस्तुत गर्न यसले मदत गर्दछ । आफूले भन्न खोजेको कुरालाई सहज र सही ढङ्गले राख्न सक्ने सिप विकास वक्तृत्वकला प्रतियोगिताले गर्दछ । वक्तृत्वकला र वादविवादमा अलि फरक छ । वक्तृत्वकला एउटा शीर्षकमा विभिन्न विद्यार्थीले आफ्ना स्वतन्त्र र तथ्यपूर्ण विचारहरू प्रस्तुत गर्छन् । वादविवादमा भने पक्ष वा विपक्षमा आफ्ना गहकिला तर्कहरू प्रस्तुत गर्छन् । वादविवादले तार्किक शक्ति तथा कल्पना शक्तिको विकास गर्दछ । यसमा आफ्ना विपक्षीका कुराहरू को खण्डन गर्दै आफ्नो तर्कलाई अगाडि बढाइन्छ ।

### (घ) नृत्य

विद्यार्थीलाई शास्त्रीय वा आधुनिक नृत्यमा सरिक गराउनुपर्दछ । नृत्यका लागि शिक्षक नियुक्त गरी नियमित तालिम वा सैद्धान्तिक कक्षा चलाएर पनि विद्यार्थीलाई नृत्यसम्बन्धी सिपालु बनाउन सकिन्छ । अहिले

कम्प्युटर, मोबाइल वा इन्टरनेटका माध्यमबाट पनि नृत्य सिकाउन सकिन्छ । कक्षाको निर्धारित समयमा नृत्यको सैद्धान्तिक वा प्रयोगात्मक कक्षा सञ्चालन गरी उनीहरूलाई प्रतियोगिता गराई यसप्रति उत्प्रेरित गर्नुपर्दछ । लोक गीत आधुनिक गीत तथा राष्ट्रिय गीतहरूमा नृत्य गराउन सकिन्छ । नृत्यबाट विद्यार्थीले समूहमा आफूलाई प्रस्तुत गर्न सक्ने क्षमताको विकास गर्छन् । विद्यार्थीमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन हुनका साथै विभिन्न गीतमा गरिने नृत्यले शारीरिक तन्दुरुस्तीमा पनि मदत गर्दछ ।

### (ङ) हाजिरीजवाफ

कक्षा शिक्षणसँग सम्बन्धी विभिन्न विषयको प्रश्न तयार गरी हाजिरीजवाफ सञ्चालन गर्न सकिन्छ । हाजिरी जवाफ सञ्चालन गर्न तीनदेखि पाँच जनाको समूहमा विद्यार्थीले सहभागी हुन पाउँछन् । अरू दर्शक दीर्घामा बस्ने विद्यार्थीले पनि यसबाट उपलब्धि हासिल गर्न सक्छन् । हाजिरीजवाफका लागि बनाइएका प्रश्नहरू पठनपाठनसम्बन्धी र समसामयिक गतिविधि, देशको आर्थिक, राजनीतिक, ऐतिहासिक घटनामा आधारित प्रश्नहरू पनि तयार गर्नुपर्दछ । यसले उनीहरूमा सामान्य ज्ञानको पनि विकास हुन्छ । हाजिरी जवाफको प्रतियोगिताले विद्यार्थीमा अन्य सामान्य ज्ञानका पुस्तक र सन्दर्भ पुस्तकहरू पढ्ने बानी बस्छ । समसामयिक विषयमा सचेत भएर पत्रपत्रिका पढ्ने एवम् देश विदेशमा भइरहेका घटनाहरू सुसूचित हुने गर्दछ ।

अतिरिक्त क्रियाकलापअन्तर्गत विद्यार्थीको स्तरअनुसारको नाटक एकाङ्की लेख्न लगाई अभिनय गराउन सकिन्छ । हस्तलेखन प्रतियोगिता, वनभोज कार्यक्रम र शैक्षिक भ्रमणको पनि आयोजना गर्न सकिन्छ । नाटक वा एकाङ्कीको अभिनयले विद्यार्थीलाई अरूसमक्ष आफूलाई सहज रूपले प्रस्तुत हुने बानी बस्छ । आत्मविश्वास बढ्छ, भन्न खोजेको कुरा सजिलै भन्न सक्ने बानीको विकास हुन्छ । बेला बेलामा गरिने हस्तलेखन प्रतियोगिताले विद्यार्थीलाई राम्रो र छिटो लेख्ने सिपको विकास हुन्छ । शैक्षिक भ्रमणबाट विद्यार्थीले सिक्नुपर्ने कुराहरू आफैँले अनुभव गरेर सिक्ने मौका पाउँछन् । पुस्तकमा पढेका कुराहरू आँखाले देखेर सिक्ने अवसर पाउँछन् । यसका साथै वनभोज कार्यक्रमले विद्यार्थीलाई सामाजिकीकरण हुन मदत पुग्छ ।

## ९.२.२ चित्रकला/हस्तकला

चित्रकला एवम् हस्तकला पनि सहक्रियाकलापको महत्त्वपूर्ण अङ्ग हो । पठनपाठनसँगै विद्यार्थीलाई सानैदेखि पुस्तकमा भएका चित्रहरू कोर्न लगाउनुपर्दछ । चित्रकला एवम् हस्तकलाले विद्यार्थीलाई अझ सिर्जनशील बनाउँछ । कतिपय विषयमा त चित्र अनिवार्य नै बनाउनुपर्ने हुन्छ । त्यसैले विद्यालयले हप्तामा एक दिन भए पनि सबै कक्षामा हस्तकला एवम् चित्रकला कक्षाको व्यवस्था गर्नुपर्दछ । यसका साथै हस्तकला एवम् चित्रकला प्रतियोगिताहरू सञ्चालन गर्नुपर्दछ । यस्ता प्रतियोगिताले विद्यार्थीमा लगनशील हुने, कुनै पनि काम ध्यान दिएर गर्ने बानीको विकास हुन्छ । चित्रकला एवम् हस्तकला आकर्षक हुने भएकाले यसको प्रयोगबाट कतिपय विषयलाई मनोरञ्जनात्मक ढङ्गले प्रस्तुत गर्न सकिन्छ । यसबाट कुनै विषयवस्तुलाई आफैँले सरल ढङ्गले

बुझ्न सक्ने सिपको पनि विकास हुन्छ । भविष्यमा आफ्नो रुचिअनुसार विद्यार्थीले यसलाई एउटा पेसाका रूपमा विकास गरेर जान पनि सक्छन् ।

### ९.२.३. शारीरिक व्यायाम र खेलकुद

#### (क) शारीरिक व्यायाम

शारीरिक रूपमा तन्दुरुस्त बालबालिकाले नै राम्रोसँग पढाइ तथा अन्य क्रियाकलाप गर्न सक्छन् । अध्ययन र अध्यापनमा लाग्ने जुनसुकै व्यक्ति पनि शारीरिक रूपमा तयार नभए आफ्नो काम गर्न सक्दैन । त्यसैले शरीरलाई तन्दुरुस्त राख्न मानिसलाई शारीरिक व्यायामको आवश्यक पर्दछ । शारीरिक व्यायामले विद्यार्थीलाई शारीरिक रूपमा तन्दुरुस्त रहन सहयोग गर्नका साथै मनोरञ्जन पनि प्राप्त हुन्छ । व्यायाम सञ्चालन गर्न उपयुक्त ठाउँ, समय, मौसमको विचार गर्नुका साथै विद्यार्थीको मानसिक वा शारीरिक तयारी पनि विचार गर्नुपर्दछ । शारीरिक व्यायामका लागि प्रशिक्षकले प्रदर्शन र अभ्यास गराउनुपर्दछ । शारीरिक व्यायामअन्तर्गत निम्नअनुसारका  अभ्यास गराउन सकिन्छ ।

१. हिँड्ने अभ्यास
२. दौडने अभ्यास
३. उफ्रने अभ्यास
४. पाइला सार्ने (स्किप) अभ्यास

शरीरलाई तन्दुरुस्त राख्न तथा बलियो बनाउन शारीरिक व्यायामले धेरै मदत गर्दछ । त्यसैले विद्यालयमा सञ्चालन गरिने प्रत्येक क्रियाकलापमा व्यायामलाई समावेश गरी बालबालिकाको शारीरिक वृद्धि र विकासमा ध्यान पुऱ्याउनुपर्दछ । यसका लागि कक्षामा स्वास्थ्य तथा शारीरिक शिक्षाका पाठ्यपुस्तकका व्यायाम पनि प्रयोग गर्न सकिन्छ ।

#### (ख) खेलकुद

बालबालिकाका लागि खेलकुद पनि राम्रो व्यायाम हो ।  यसले बालबालिकालाई खुसी रहन अनि स्वस्थ रहन मदत गर्छ । त्यसैले विद्यालयमा विभिन्न खेलहरू खेलाउनुपर्दछ । खेलकै माध्यमबाट सिकाइ क्रियाकलाप सञ्चालन गर्न उपयुक्त हुन्छ । खेलबाट शारीरिक तन्दुरुस्तीको साथै मनोरञ्जन प्राप्त हुन्छ । आधारभूत तहका सुरु चरणका विद्यार्थीलाई विभिन्न प्रकारका खेलहरू खेलाउन सकिन्छ । कतिपय खेलहरू शिक्षक आफैँले कक्षाको परिस्थितिअनुरूप सञ्चालन गर्न सक्छन् । प्राथमिक तहका विद्यार्थीका निम्ति उपयुक्त केही खेलहरू निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

| | |
|---|---|
| यता, उता, कता | मुसो बिरालो |
| नमस्ते चिल र चल्ला | माकुरो र झिँगा |
| पुच्छर लुकाउन | भित्रबाहिर |
| नेता चिन्ने | नक्कल गर्ने |
| हात्ती हिँडाइ | रेल कुदाइ |
| साइकल चलाइ | हवाईजहाज उडाइ |
| घोडा कुदाइ | एक लहरमा हिँड्ने |
| खुट्टाका अगाडि भागले टेकी हिँड्ने | हवाईजहाज बन्ने |
| हाँसको हिँडाइ | पल्टनबाजी खेल |
| गँगटो हिँडाइ | भकुन्डो कुदाइ |
| साथी पत्ता लगाऊ | जुका हिँडाइ |

यी माथिका खेलहरूलाई नियमित पढाइसँगै खेलाउन सकिन्छ । यी खेलहरूबाहेक प्रथमिक तहका विद्यार्थीलाई विभिन्न अन्य खेलकुदमा सरिक गराउन सकिन्छ । यस्तो खेलकुदको अभ्यास गराई प्रतियोगिताका रूपमा सञ्चालन गर्न सकिन्छ । खेलकुदलाई प्रतियोगिताका रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्दछ । खेलकुद प्रतियोगिता सञ्चालन गर्दा विद्यार्थीको समान उमेरलाई विचार गर्नु आवश्यक छ ।

## ९.२.४. दिवस तथा उत्सवहरू

विभिन्न किसिमका दिवस तथा उत्सवहरू विद्यालयका महत्त्वपूर्ण अतिरिक्त क्रियाकलाप हुन् । विद्यालयमा विभिन्न कार्यक्रम सञ्चालन गरी मनाइने मुख्य दिवस तथा उत्सवहरू निम्नानुसार छन् :

### १. विद्यालय दिवस

विद्यालयले वार्षिक उत्सवका रूपमा वर्षमा एक पटक विद्यालय दिवस मनाउनुपर्दछ । विद्यालय दिवस कार्यक्रममा विद्यार्थीहरू प्रत्यक्ष रूपमा सहभागी हुने गर्छन् । सरसफाइ, सजावट, निर्माण, खेलकुद, नृत्य, सङ्गीत, साहित्य आदि कार्यक्रम सञ्चालन गरिन्छ । यस्तो अवस्थामा विद्यार्थीमा रहेका प्रतिभा प्रस्फुटन गर्ने राम्रो अवसर निर्माण हुन्छ । विद्यालय दिवसले विद्यार्थी र शिक्षकबिचको सम्बन्ध पनि सुमधुर बन्दछ । समूहमा काम गर्ने बानी बस्नका साथै एकआपसमा सहयोग गर्ने भावनाको विकास हुन्छ । विद्यालय र शिक्षकप्रति विद्यार्थीले सकारात्मक भावनाको विकास गर्दछ ।

## २. अभिभावक दिवस

विद्यार्थीलाई पठनपाठनका साथै अतिरिक्त क्रियाकलापमा सहभागी गराई उनीहरूको चौतर्फी विकास गर्न सकिन्छ । यसका लागि विद्यालय प्रशासन, विद्यालय व्यवस्थापन, शिक्षक र विद्यार्थी सबै पक्षले राम्रो भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । त्यसैले शैक्षिक सत्रको अन्तमा अभिभावक दिवस मनाएर विद्यालयका बारेमा, विद्यालय परिवार र अभिभावकबिच विचार आदानप्रदान गर्नुपर्दछ । विद्यालय र विद्यार्थीहरूको प्रगति विवरण प्रस्तुत गर्नुपर्दछ । साथै आगामी दिनमा गरिने कार्यक्रम र विद्यालय सञ्चालनका बारेमा उनीहरूसँग राय, सल्लाह लिनुपर्दछ ।

## ३. सरस्वती पूजा

सरस्वतीलाई विद्याकी देवी मानिन्छ । सरस्वती पूजाले विद्यार्थीलाई लगनशील भई आफ्नो कार्यमा लाग्ने प्रेरणा मिल्दछ । सबै विद्यार्थीको सहभागितामा सरस्वती पूजाको आयोजना प्रत्येक वर्ष गर्न सकिन्छ । हरेक वर्ष विद्यालयहरूमा माघ शुक्लपञ्चमीको दिन सरस्वतीको पूजा आराधना गरिन्छ । यसमा विद्यार्थीले प्रत्यक्ष सहभागी हुने अवसर पाउँछन् । यसले बालबालिकामा विद्याको महत्त्व बोध हुन्छ । विद्यार्थीको कर्तव्य बुझेर आफ्नो कर्तव्यमा लागिरहन मदत मिल्छ । पूजा आराधनाले विद्यार्थीमा आध्यात्मिक चिन्तनको विकास गरी आफूलाई अनुशासित बनाउन सक्छन् । नराम्रो कामबाट टाढै रही सकारात्मक सोचको विकास गर्न सक्छन् । विद्यार्थीहरूले आआफ्नो धर्मसंस्कृतिअनुसार विद्याको स्रोतको प्रतीकप्रति आआफ्नै ढङ्गले आस्था प्रकट गर्छन् ।

## ४. संविधान दिवस

२०७२ साल असोज ३ गते सङ्घीय गणतान्त्रिक नेपालको संविधान घोषणा गरियो । यो दिवस प्रत्येक वर्ष असोज ३ गते मनाउने गरिन्छ । जसलाई राष्ट्रिय दिवस पनि भनिन्छ । नेपाल हालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानद्वारा गणतान्त्रिक शासनको मार्गमा अघि बढेको छ । हरेक वर्ष असोज ३ गते संविधान दिवस मनाइन्छ । संविधान दिवसका अवसरमा बालबालिकाको सहभागितामा जुलुस, झाँकी प्रदर्शन गर्न सकिन्छ । यो दिन  सभाको आयोजना गरी विभिन्न कार्यक्रम सञ्चालन गर्न सकिन्छ । संविधान दिवसको महत्त्व र यसको पृष्ठभूमि बताउन सकिन्छ । संविधानको मर्म र जनताको दायित्वका बारेमा जानकारी गराउन सकिन्छ । संविधानका बारेमा पम्प्लेट तथा पर्चा वितरण गर्ने जस्ता कार्यक्रम सञ्चालन गर्न सकिन्छ । यस दिन देशमा प्रजातन्त्र, न्याय, स्वतन्त्रता र समानताका लागि योगदान गर्ने व्यक्तिहरूलाई स्मरण गर्ने गरिन्छ ।

## ५. प्रजातन्त्र दिवस

फाल्गुन ७ गतेलाई प्रजातन्त्र दिवसका रूपमा मनाइन्छ । २००७ सालमा जहानियाँ राणाहरूको निरङ्कुश शासनको अन्त्य भएको दिनलाई प्रजातन्त्र दिवसका रूपमा मनाउने गरिन्छ । यस अवसरमा झाँकी, जुलुस

निकाल्ने र सभा गर्न सकिन्छ । प्रजातन्त्र प्राप्तिका निम्ति स्वतन्त्रता र समानताका निम्ति बलिदान गर्ने सहिदहरूको स्मरण गरिन्छ । त्यसैगरी प्रजातन्त्रका बारेमा बालबालिकाका बिचमा प्रतियोगिता सञ्चालन गर्न सकिन्छ । प्रतियोगिताका राम्रा प्रतिभालाई पुरस्कृत गरी अझ हौसला प्रदान गर्न सकिन्छ ।

## ६. साक्षरता दिवस

सेप्टेम्बर ८ लाई साक्षरता दिवसका रूपमा मनाइन्छ । यस अवसरमा साक्षरतासम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्न सकिन्छ । निरक्षरता विकासको ठुलो बाधक हो । विश्वबाटै निरक्षरता हटाई देशको सम्पूर्ण नागरिक साक्षर बन्नुपर्छ । यस्तो चेतना फैलाउन यो दिवस विश्वभरि नै मनाउने गरिन्छ । नेपालमा धेरै जनता निरक्षर छन् । यस्तो अवस्थामा प्रत्येक विद्यार्थीलाई साक्षरताको महत्त्व बोध गराउने र साक्षरता सम्बन्धी कार्यमा उनीहरूलाई प्रोत्साहित गर्ने यस दिवसको उद्देश्य हो ।

## ७. मानव अधिकार दिवस

डिसेम्बर १० लाई विश्व मानव अधिकार दिवसका रूपमा मनाइन्छ । मानिसले मानिस भएर बाँच्न पाउने गरी संयुक्त राष्ट्रसङ्घले न्यूनतम अधिकारहरू स्थापित गरेको छ । यी अधिकारप्रति सबैलाई सचेत गराउन यो दिवस मनाइन्छ । मानव अधिकारको हनन् कोही कसैबाट पनि हुनु हुन्न भन्ने कुराको ज्ञान दिने यस दिवसको उद्देश्य हो ।

## ८. सहिद दिवस

देशको स्वाधीनताका लागि, न्याय, समानता र स्वतन्त्रताका लागि देशका धेरै व्यक्तिले आफ्नो ज्यानको बलिदान दिएका छन् । यसरी ज्यानको बलिदान दिने व्यक्तिहरू हाम्रा सहिदहरू हुन् । दशरथ चन्द, धर्मभक्त, गङ्गालाल, शुक्रराज शास्त्री जस्ता हजारौँ सहिदहरूले देश लागि बलिदान दिएका छन् । उनीहरूको सम्मान गर्न, उनीहरूको गौरवपूर्ण सङ्घर्षबाट प्रेरणा लिन यो दिवस मनाइन्छ । उनीहरू जस्तै देशलाई आफ्नो सर्वस्व ठानी उनीहरूको विचारलाई अघि बढाउन यो दिवसले प्रेरित गर्दछ । सबै किसिमको अन्याय अत्याचार हटाई देशलाई अघि बढाउन प्रयास गर्दा उनीहरू सहिद भएका हुन् । यो कुरा बुझाउने उद्देश्यले माघ १६ गतेलाई सहिद दिवसका रूपमा विभिन्न कार्यक्रमका साथ मनाउने गरिन्छ ।

## ९. विभिन्न राष्ट्रिय विभूतिका जयन्ती

नेपाली कला, साहित्य, संस्कृति, खेलकुद, राजनीति, समाजसेवा जस्ता क्षेत्रमा महत्त्वपूर्ण योगदान दिने व्यक्तिहरू देशका राष्ट्रिय विभूति हुन् । उनीहरूको योगदानको स्मरण गराउँदै बालबालिकालाई सही मार्गनिर्देशन गर्न राष्ट्रिय विभूतिका जयन्तीहरूले मदत गर्दछ । राष्ट्रिय विभूतिको योगदानको चर्चाले बालबालिकाहरूलाई चिन्तनशील बनाउँछ । जोस, जाँगर र उत्सुकताले उनीहरू सिर्जनशील भई असल कार्यमा लाग्न प्रेरित हुन्छन् ।

### १०. विभिन्न पर्वहरू

नेपाल विभिन्न जातजाति र भाषाको देश हो । यहाँ आआफ्नै समुदायमा मनाउने विभिन्न पर्वहरू छन् । ती पर्वहरूको जानकारी दिने, त्यसभित्र भएका राम्रा कुरालाई अघि बढाउन प्रेरित गर्नुपर्दछ । आफ्ना पर्वमा भएका नराम्रा कुरा हटाउँदै जानका लागि बालबालिकालाई सुसूचित गराउन सकिन्छ । सबै समुदायमा मनाउने विभिन्न पर्वको जानकारीले समाजमा सद्भाव पनि कायम हुन्छ । यसले विद्यार्थीमा पनि सकारात्मक सोचको विकास गर्न मदत गर्दछ ।

### ११. शैक्षिक प्रदर्शनी/मेला

शैक्षिक प्रदर्शनी कार्यक्रममा शिक्षक निर्मित शैक्षिक सामग्री तथा विद्यार्थीका आआफ्ना कला सिप र प्रतिभाहरू प्रदर्शन गरिन्छ । यसबाट विद्यार्थीहरूलाई एकआपसमा सिकाइ आदान प्रदान गर्ने अवसर मिल्छ । विभिन्न क्षमता भएका विद्यार्थीहरूले यहाँ सहभागिता जनाउन पाउने र प्रयोगात्मक रूपमा आफूले सिकेका कुराहरू प्रदर्शन गर्न पाउने भएकाले यस कार्यक्रमले सिकाइमा दिगोपन ल्याई बालबालिकालाई आत्मनिर्भर बनाउने काम गर्दछ । शैक्षिक प्रदर्शनीमा विद्यार्थीहरूबाट निर्मित शैक्षिक सामग्री, वक्तृत्वकला, हाजिरीजवाफ, हस्तकला तथा चित्रकला प्रतियोगिताहरू सञ्चालन गर्न सकिन्छ ।

## *अभ्यास*

१. पाठबाट ठिक शब्द खोजेर खाली ठाउँ भर्नुहोस् :

(क) जीवनको जुनसकै क्रियाकलापमा पनि .............. को आवश्यक पर्दछ ।

(ख) .......... ले निर्धारित उद्देश्यहरू प्राप्त गर्न मदत गर्छन् ।

(ग) राष्ट्रिय शिक्षा पद्धतिको योजना .......... ले अतिरिक्त क्रियाकलापलाई विद्यालयको अभिन्न अङ्ग मानेको छ ।

(घ) अतिरिक्त क्रियाकलापको पहिचान गर्दा विद्यार्थीको रुचि र ..... लाई ध्यान दिनुपर्दछ ।

(ङ) ........ देशको महत्त्वपूर्ण सम्पदा हो ।

२. तलका वाक्य ठिक भए ठिक र बेठिक भए बेठिक लेख्नुहोस् :

(क) पाठ्यक्रमको गहन उद्देश्य पूरा गर्न अतिरिक्त क्रियाकलापले मदत गर्दछ । (    )

(ख) विद्यालयमा आएका सबै विद्यार्थीको चाहना एउटै हुन्छ । (    )

(ग) राष्ट्रको सम्मानमा गाइने गीत राष्ट्रिय गान हो । (    )

(घ) विद्यार्थीले लेखेका कथा एवम् कविताहरू भित्ते पत्रिकामा प्रकाशन गर्नु हुँदैन । (  )

(ङ) वादविवादले तार्किक शक्ति तथा कल्पना शक्तिको विकास गर्दछ । (  )

३. तलका प्रश्नको अति सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) अतिरिक्त क्रियाकलाप भनेको के हो ?

(ख) सन्दर्भ पुस्तक भनेको कस्तो पुस्तक हो ?

(ग) राष्ट्रिय गान कस्तो किसिमको गान हो ?

(घ) कक्षागत गीत कसरी गाउन सकिन्छ ?

(ङ) वक्तृत्वकला र वादविवादमा के फरक छ ?

४. तलका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) अतिरिक्त क्रियाकलाप विद्यार्थीलाई किन आवश्यक छ ?

(ख) बालबालिकाका बिचमा बालगीत प्रतियोगिता कसरी सञ्चालन गर्न सकिन्छ ?

(ग) लोक गीत कसरी देशको सांस्कृतिक सम्पदा हुन सक्छ ?

(घ) विद्यालयमा सञ्चालन गरिने दिवस तथा उत्सवहरूले बालबालिकाहरूमा कस्तो प्रभाव पर्दछ ?

(ङ) विद्यालयमा अभिभावक दिवस कसरी मनाउन सकिन्छ ?

५. तलका प्रश्नको लामो उत्तर लेख्नुहोस् :

(क) विद्यालयमा सञ्चालन गर्न सकिने अतिरिक्त क्रियाकलापहरूको विश्लेषण गर्नुहोस् ।

(ख) विद्यालयमा दिवसका रूपमा सञ्चालन गर्न सकिने कार्यक्रमहरू केके हुन्, वर्णन गर्नुहोस् ।

(ग) शारीरिक व्यायाम भनेको के हो ? यसका लागि विद्यालयमा बालबालिकालाई कस्तो अभ्यास गराउन सकिन्छ ?

६. प्रयोगात्मक क्रियाकलाप

(क) तपाईंको विद्यालयमा सञ्चालन हुने कार्यक्रमहरूमध्ये कुनै एक कार्यक्रमको प्रतिवेदन तयार गर्नुहोस् ।

(ख) विद्यालयमा कविता वाचन प्रतियोगिता सञ्चालन गर्ने कार्यक्रमको सूचीको नमुना बनाउनुहोस् ।

(ग) विद्यालयमा हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गर्नका लागि सामान्य ज्ञानका कम्तीमा बिसओटा प्रश्नहरू तयार गर्नुहोस् ।

एकाइ
१०

# सिकाइ र उत्प्रेरणा
(Learning and Motivation)

## १०. सिकाइ र उत्प्रेरणा (Learning and Motivation)

विभिन्न माध्यम वा विधिबाट कुनै कुरा सिक्नु वा थाहा पाउनु सिकाइ हो । कुनै कुरा जान्न वा सिक्नका लागि कुनै व्यक्तिमा उत्सुकता वा जागरुक्ता हुन आवश्यक हुन्छ । यसरी कुनै कुरा सिक्नका लागि उत्सुकता पैदा हुनु उत्प्रेरणा हो । कुनै व्यक्तिमा उत्प्रेरणा भए मात्र सिकाइ सफल हुन सक्छ । सिकाइ सहजीकरण प्रक्रियामा बाह्य वा आन्तरिक तरिकाबाट उत्प्रेरणा सिर्जना गर्न सकिन्छ । विभिन्न प्रलोभन, पुरस्कार वा अन्य बाह्य शक्तिबाट उत्प्रेरणा जगाउनु बाह्य उत्प्रेरणा हो । व्यक्तिमा अन्तरनिहित चाहनाबाट पैदा हुने उत्प्रेरणा आन्तरिक उत्प्रेरणा हो । सिकाइ सहजीकरण क्रियाकलापमा कुनै पनि तरिकाबाट उतप्रेरणा गर्नु आवश्यक छ । विद्यार्थीको इच्छा र तत्परता, आकाङ्क्षा, प्रवृत्ति, लक्ष्य आदिले उसको उत्प्रेरणामा प्रभाव पार्दछ । एक असल शिक्षकले विद्यार्थीहरूमा उत्प्रेरणा जगाएर गरिएको शिक्षणबाट मात्र सिकाइ सफल हुन्छ । उत्प्रेरणा जगाउनका निम्ति सिकाइको प्रकृति जान्नुपर्ने हुन्छ । यस पाठमा सिकाइ सम्बन्धी विस्तृत वर्णन गरिएको छ :

### १०.१ सिकाइको अर्थ र महत्त्व (Meaning and Importance of Learning)

#### सिकाइको अर्थ (Meaning of Learning)

सामान्यत: व्यक्तिले कुनै कुरा जान्नु वा बुझ्नुलाई सिकाइ भनिन्छ । वास्तवमा यतिले मात्र सिकाइको अर्थ पूरा हुँदैन । सिकाइ व्यक्तिको कुनै अनुभवको माध्यमबाट उसको व्यवहारमा परिवर्तन आउने प्रक्रिया हो । यो मानव जीवनका लागि अपरिहार्य छ । त्यसैले सिकाइलाई जीवनभरि चलिरहने प्रक्रियाका रूपमा लिइन्छ । यो मान्छेको व्यवहारमा आउने आकस्मिक परिवर्तन नभई निश्चित प्रक्रियाबाट पूरा हुन्छ । एउटा बालक जन्मावस्थाबाट नै केही अन्तर्निहित गुणहरू लिएर आएको हुन्छ । जब ऊ परिपक्व हुँदै जान्छ तब सिक्ने क्षमताको पनि विकास हुँदै जान्छ । एउटा बालकको शारीरिक र मानसिक अवस्थामा परिपक्वता आएपछि आफ्ना आमा, बाबु वा परिवारका सदस्यहरूसँगको सम्पर्कबाट बोलीको विकास गर्दछ । त्यस्तै उसले विभिन्न स्रोतबाट प्राप्त अनुभवको माध्यमबाट ज्ञान सिप र व्यवहारहरू सिक्दै जान्छ । ऊ आफ्नो परिवार, समाज र बाह्य संसारमा सामञ्जस्य गर्दै जान्छ । सिकाइ प्रक्रियाबाट नै असल गुणहरूको विकास गर्दछ । यसले व्यक्तिलाई सुसंस्कृत र परिस्कृत गर्दै लान्छ । यद्यपि सिकाइ नकारात्मक पनि हुन सक्छ जसले ऊ र उसको समाजलाई हानी पुऱ्याइरहेको हुन्छ । त्यस्ता नराम्रा बानी व्यहोरा हटाई राम्रा बानी व्यहोराको विकास गर्न सिकाइको जरुरत पर्दछ ।

सिकाइले व्यक्तिको व्यवहारमा स्थायी परिवर्तन ल्याउन जरुरी हुन्छ । व्यक्तिको व्यवहारमा जैविक विकासको कारण आउने व्यवहार परिवर्तनलाई सिकाइ मान्न सकिँदैन । त्यस्तै कुनै घटना रोग वा औषधी सेवनबाट आएको परिवर्तन सिकाइ प्रक्रियाका रूपमा मानिँदैन, जस्तै : मादक पदार्थ सेवनले कुनै व्यक्तिको व्यवहार आकस्मिक परिवर्तन हुनु सिकाइ होइन । सिकाइले वातावरण (उद्दीपक) र प्रतिक्रिया (उत्तेजना) बिचको सम्बन्ध स्थापित गर्दछ । उदाहरणका लागि बालकको अगाडि आगो देखाउनु उद्दीपक हो उसले हात हटाउनु उत्तेजना हो । यसलाई उद्दीपक उत्तेजनाको सम्बन्ध (Stimulus Respone Bond अथवा SRBond) भनिन्छ । अभ्यासको माध्यमबाट यो सम्बन्ध बलियो हुँदै जान्छ । फलस्वरूप व्यक्तिको व्यवहारमा स्थायी परिवर्तन हुँदै जान्छ । सिकाइ प्रक्रिया औपचारिक वा अनौपचारिक रूपमा हुन सक्छ । प्रारम्भिक अवस्थामा सिकाइ ज्ञानेन्द्रियहरूको अनुभवबाट प्राप्त भइरहेको हुन्छ । जीवन विकास क्रमसँगै चिन्तन, मनन, समस्या सामाधान वा खोज गर्ने क्रममा जटिल ज्ञान र सिपहरूको सिकाइ हुने गर्दछ । त्यसैले सिकाइ विश्वव्यापी (Universal) र जीवनभर (Life-long) चलिरहने प्रकृतिको हुन्छ । सिकाइको अर्थलाई अझ स्पष्ट पार्न केही विद्वान्हरूको परिभाषाहरू यसप्रकार उल्लेख गरिएका छन् :

प्रगतिशील व्यवहारको अनुकूलन गर्ने प्रक्रिया नै सिकाइ हो । (“Learning is a process of progressive behavior adaptation as a result of experience.")

– Skinner

आदतहरू, ज्ञानहरू र प्रवृत्तिहरू आर्जन गर्नु सिकाइ हो । (“Learning is the acquisition of habit knowledge and attitude.")

- Crow and Crow

## सिकाइको महत्त्व (Importance of Learning)

सिकाइ मानव जीवनका लागि अपरिहार्य छ । यो जीवन विकास क्रममा चलिरहने प्रक्रिया हो । भनिन्छ सिकाइ जन्मावस्थाबाट सुरु भई जीवनपर्यन्त चलिरहन्छ । यसलाई कसैले नकार्न सक्दैन । सिकाइको महत्त्वलाई तलका बुँदाहरूबाट थप प्रस्ट पार्न सकिन्छ :

(क) सिकाइले वातावरणमा सामन्जस्यता ल्याउन सहयोग गर्दछ । आफ्नो जीवनलाई सहज र सरल बनाउन सक्छ । आफूलाई नयाँ परिस्थितिमा अनकूल बनाउन आवश्यक ज्ञान, सिप र व्यवहारको विकास गर्दछ, यो सिकाइ प्रक्रियाबाट मात्र सम्भव हुन्छ ।

(ख) सिकाइबाट नै व्यक्ति विभिन्न समस्याहरू समाधान गर्न सक्षम हुन्छ । जीवनमा आइपर्ने समस्याहरूसँग जुध्न सक्ने क्षमताको विकास गर्दै जान्छ । विज्ञान तथा प्रविधिले ल्याएको विभिन्न स्रोतनहरूसँग परिचित हुने र तिनीहरूलाई प्रयोगमा ल्याउन सक्ने ज्ञान एवम् सिप सिकाइबाट नै सम्भव छ ।

(ग) व्यक्ति सिकाइको कारण सुसंस्कृत हुँदै जान्छ । यसले जीवन शैलीका नयाँ नयाँ आधारहरू बनाउन सक्छ । सिकाइ प्रक्रियाले उसको व्यक्तिगत तथा सामाजिक रूपान्तरणमा अहम् भूमिका खेल्छ ।

(घ) सिकाइबाट नै व्यक्तिले आफ्नो परिवार, समाज र राष्ट्र प्रति सम्बन्ध बनाउँछ । आफ्नो धर्म, संस्कृति, परम्परा एवम् मूल्यमान्यतासँग परिचित हुँदै जान्छ । त्यसलाई आत्मसात् गर्दै जान्छ । तिनीहरूको संरक्षण र संवर्धन गर्दै अर्को पिँढीमा हस्तान्तरण गर्दै जान्छ ।

(ङ) कुनै व्यक्ति विश्व नागरिक बन्न सिकाइको महत्त्व छ । अहिलेको आधुनिक युगमा मानिस कुनै एउटा सानो समाजको मात्र सदस्य नभएर विश्व नागरिक बन्न पुगेको छ । यसका लागि उसमा कर्तव्य र दायित्वको दायरा पनि बढेको छ । यो जिम्मेवारी पूरा गर्न सिकाइलाई निरन्तरता दिनुपर्ने हुन्छ ।

## १०.२ सिकाइका नियमहरू (Laws of Learning)

बालकको व्यवहारमा स्थायी परिवर्तन हुनका लागि सिकाइसम्बन्धी केही आधारभूत नियमहरू छन् । तिनै नियममा आधारित भएर सिकाइ प्रक्रिया पूरा हुन्छ । उसले व्यवहारमा अपेक्षित परिवर्तन ल्याउन सक्छ । साथै अनपेक्षित व्यवहार परिवर्तन गर्न सक्छ वा त्याग्न सक्छ । कुनै कुरा सिक्नका लागि सर्वप्रथम बालकले रुचि देखाउनुपर्दछ । साथै ऊ शारीरिक र मानसिक रूपमा सक्षम हुनुपर्दछ । यसरी सिकेको कुरालाई स्थायी बनाइराख्न निरन्तर अभ्यास गर्नुपर्ने हुन्छ । यसरी गरिएको अभ्यासले बालकमा कस्तो प्रभाव पर्दछ भन्ने पनि उत्तिकै महत्त्व हुन्छ । यसले पनि सिकाइमा असर पुऱ्याउँछ । उदाहरणका लागि एउटा बालकले साइकल चलाउन सिक्नका लागि उसँग साइकल चलाउन सक्ने शारीरिक विकास हुनुपर्दछ । साथै उसलाई साइकल चलाउन सिक्नका लागि अभ्यासको जरुरत पर्दछ । यसरी गरिने अभ्यासले सकारात्मक असर परेमा उसले सो कार्य दोहोऱ्याइरहन्छ । नकारात्मक असर परेमा उसले अभ्यास गर्न छोड्छ वा कम गर्दै जान्छ । यसर्थ अभ्यासको असरले पनि सिकाइलाई ढिलो वा छिटो गराइदिन्छ ।

मनोवैज्ञानिकहरूले सिकाइसम्बन्धी विभिन्न नियम वा सिद्धान्तहरू प्रतिपादन गरेका छन् । ती नियमहरूलाई आधारभूत र सहायक भनी वर्गीकरण गरिएको छ । यहाँ थर्नडाइकका सिकाइसम्बन्धी आधारभूत नियमहरू उल्लेख गरिएका छन्, ती हुन् :

(क) तयारीको नियम (Law of Readiness)

(ख) अभ्यासको नियम (Law of Practice)

(ग) असरको नियम (Law of Effect)

### (क) तयारीको नियम (Law of Readiness)

सिकाइ प्रक्रियामा तयारीको नियम पहिलो सर्तका रूपमा लिइन्छ । थर्नडाइकअनुसार व्यक्तिले कुनै कुरा सिक्नका लागि तत्पर हुनुपर्दछ । ऊ शारीरिक र मानसिक दुवै रूपले तयारी हुनुपर्दछ । साथै संवेगात्मक

तयारी पनि उत्तिकै जरुरी छ । कुनै व्यक्ति मानसिक र शारीरिक दुवै रूपमा तयारी छ तर सिक्ने इच्छा देखाउँदैन भने सिकाइ सुरुआत हुन सक्दैन । त्यस्तै सिक्ने इच्छा देखाउँछ तर मानसिक र शारीरिक दुवै रूपले परिपक्व छैन भने पनि सिकाइ सम्भव हुँदैन । यसको अर्थ ऊ आन्तरिक र बाह्य दुवै अवस्थामा सिक्नका लागि तत्पर हुनुपर्दछ, जस्तै : एउटा सानो बालक आफ्ना दाजुदिदीहरूले लेखेको देखेर ऊ पनि लेख्न खोज्छ तर सक्दैन किनकि उसले इच्छा देखाउँदैमा सिकाइ सम्भव हुँदैन । शारीरिक रूपमा पनि कलम समाउने र त्यसलाई चलाउन सक्ने हुनुपर्दछ । त्यस्तै अङ्कको ज्ञान नभएको बालकले जोडघटाउ गर्न सक्दैन किनकि ऊ मानसिक रूपमा तयार भइसकेको हुँदैन ।

यसरी जबसम्म बालबालिका मानसिक र शारीरिक रूपमा सिकाइप्रति तत्पर हुँदैनन् तबसम्म उनीहरूको सिकाइ प्रक्रिया अगाडि बढ्दैन । उनीहरू तयारी नभईकन सिकाउन खोजियो भने सिकाइप्रति नकारात्मक असर पैदा हुन्छ । शिक्षक वा आभिभावकले आफ्ना बालबालिकालाई सिकाउनुपर्दा उनीहरूको शारीरिक वा बौद्धिक अवस्थाबारे जानकारी राख्नुपर्दछ । शारीरिक विकास, जस्तै : मांसपेसी एवम् इन्द्रियहरूको विकास हुनुपर्दछ । त्यस्तै मानसिक विकास जस्तै : मष्तिष्कको विकास वा चिन्तन तर्क गर्न सक्ने क्षमताको विकास हुनुपर्दछ । यसरी पूर्वतयारीको अवस्थालाई ध्यान दिएर सिकाइ गरियो भने सिकाइ सहज र सरल हुन्छ । तयारी अवस्थालाई बेवास्ता गरी सिकाइ गर्न खोजेमा बालबालिकामा अनिच्छा पैदा हुन्छ । उनीहरू सिक्नुको सट्टा त्यसबाट टाढै रहन खोज्छन् । यसले उनीहरूको अभ्यास प्रक्रियालाई समेत असर पुऱ्याउँछ । दबाब दिएर गरिएको सिकाइले बालबालिकामा मनोवैज्ञानिक असर पर्दछ । उनीहरू सिक्न मन नपराउने हुन्छन् । विद्यालय जानसमेत अस्वीकार गर्न सक्छन् । उनीहरूको तयारी अवस्थालाई ध्यान दिएर गरिएको सिकाइले बालबालिकामा सिकाइ प्रति सकारात्मक धारणा पैदा हुन्छ । यसले सिकाइ सफल बनाउन सहयोग पुऱ्याउँछ ।

### (ख) अभ्यासको नियम (Law of Practice)

अभ्यासको नियम सिकाइको अर्को महत्त्वपूर्ण पक्ष हो । एकपटक सिकेको कुरालाई लामो समयसम्म वा स्थायी बनाइराख्न अभ्यासको जरुरत पर्दछ । अभ्यासले सिकाइलाई स्थायी र बलियो बनाउन मदत पुऱ्याउँछ । अभ्यासले उद्दीपक (Stimulus) र प्रतिक्रिया (Response) को सम्बन्धलाई बलियो बनाउँछ, जस्तै : शिक्षकले स्याउको चित्र देखाएर स्याउ भन्न लगाउनु ‘उद्दीपक’ हो । बालकले त्यो चित्र हेरेर ‘स्याउ’ भन्नु ‘प्रतिक्रिया’ हो । यो क्रियाकलाप एकपटक गर्दैमा सिकाइ पूरा हुँदैन । उसले स्याउको चित्र हेरेर बारम्बार ‘स्याउ’ भनेर अभ्यास गर्नुपर्दछ । यसरी उद्दीपकप्रति बारम्बार प्रतिक्रिया दोहोऱ्याउने कार्यलाई अभ्यास भनिन्छ । कुनै पनि विषयवस्तु सिक्नका लागि अभ्यास आवश्यक छ । अभ्यासले सिकाइलाई परिपक्व बनाउँछ । त्यसैले भनिन्छ अभ्यासले मानिसलई पूर्ण बनाउँछ (Practice makes a man perfect) । निरन्तर अभ्यासको कारण व्यक्तिले शारीरिक, मानसिक तथा संवेगात्मक विकास गर्न सक्छ । यसरी अभ्यासले एकपटक सिकेको विषयलाई शारीरिक वा मानसिक रूपमा स्थायी बनाउने कार्यलाई थर्न डाइकले उपयोगको नियम (Law

of use) भनेका छन् । अभ्यास नगरिएमा सिकाइ कमजोर हुन्छ । सिकेको कुरा बिर्सँदै जान्छ । यसलाई सिकाइमा अनुपयोगको नियम (Law of disuse) भनिन्छ ।

आमाले स्वाभाविक रूपमा आफ्नो बालबालिकालाई कुनै शब्द, जस्तै : आमा, बाबा उच्चारण गर्न कैयौँ पटक भन्न लगाइरहेको हुन्छिन् । यसले गर्दा ती शब्दहरूसँग बालबालिकाको सहचार्य राम्रो हुन्छ । अभ्यास गर्ने क्रममा त्रुटिहरू हुने गर्छन् । यो स्वाभाविक प्रक्रिया हो । अभ्यासका क्रममा त्रुटिहरू हराउँदै गएमा र सिकाइ पूरा हुन्छ । विद्यालयमा पनि शिक्षकले शिक्षण गरेको विषयवस्तुहरू ज्ञान, सिप वा व्यवहारसँग सम्बन्धित हुन्छन् । ती विषयवस्तुहरूलाई पटक पटक अभ्यास गराउन लगाउनुपर्दछ । अभ्यास कतिपटक वा कति समय गर्नुपर्छ भन्ने कुनै सीमा हुँदैन । यो त सिक्ने विषयको प्रकृति, व्यक्तिको शारीरिक वा मानसिक एवम् उसको वंशाणुगत गुणमा भर पर्दछ । सामान्य ज्ञान वा सिप सिक्न कम अभ्यास गरे पुग्छ भने जटिल सिकाइका लागि धेरै अभ्यास गर्नुपर्दछ । कक्षामा शिक्षकले बालबालिकाको सिकाइ क्षमता र विषयवस्तुको प्रकृतिलाई ध्यानमा राखेर अभ्यास गराउनुपर्दछ । अभ्यास कार्यले राम्रा र असल कुराहरू सिक्नलाई मात्र मदत गर्दैन बरु नराम्रा बानी व्यहोरा हटाउन पनि सहयोग गर्दछ । शिक्षकले पनि नराम्रा बानीहरू जस्तै कक्षामा हल्ला गर्ने, साथीहरूसँग झगडा गर्ने जस्ता बानी हटाउन रचनात्मक वा मनोरञ्जनात्मक काम दिएर अभ्यास गराउन सकिन्छ । यस्तो अभ्यासले नराम्रा बानीहरू हट्दै जान्छन् । साना नानीहरूलाई पनि साबुन पानीले हात धोएर खाने, दाँत ब्रस गर्ने जस्ता सामान्य कार्यदेखि जटिल कार्यहरू सिकाउनका लागि अभ्यासको आवश्यकता पर्दछ । यो नियम मान्छेमा मात्र होइन अन्य जनावरमा समेत लागु हुन्छ, जस्तै : कुकुरलाई दिसापिसाब गर्न सिकाउन अभ्यास गराउनुपर्दछ । यसरी अभ्यासले ज्ञान, सिप वा व्यवहार सिकाउन मदत गर्छ ।

### (ग) असरको नियम (Law of Effect)

कुनै पनि व्यक्तिलाई कुनै कार्य गर्दा सन्तुष्टि मिल्यो भने उसले सो कार्य पुनः गर्दछ, किनकि कार्य सन्तुष्टिले व्यक्तिलाई सकारात्मक असर पुऱ्याउँछ । यसलाई थर्नडाइकले असर वा प्रभावको नियम भनेका छन्, जस्तै : एउटा बालकले साइकल चलाउँछ उसलाई आनन्द प्राप्त भयो भने उसले साइकल चलाउने कार्य पुनः दोहोऱ्याउँछ । कक्षामा पनि शिक्षकले दिएको कार्य गर्दा बालबालिकाहरू सन्तोष भएमा उनीहरू खुसी हुन्छन् । दिएको काम समयमै राम्ररी गर्छन् । यसको अर्थ हो अभ्यास गरिरहन्छन् । परिणामस्वरूप सिकाइ राम्ररी हुन्छ । सिकेको कुनै कुरा झनै राम्ररी बुझ्दै जान्छन् । यसले उल्लेख भएअनुसार जस्तै उद्दीपक र प्रतिक्रिया बिचको सम्बन्ध स्थायी र बलियो हुन्छ ।

कक्षाकार्य गरेपछि शिक्षकले बालबालिकालाई प्रशंसा, पुरस्कार वा प्रोत्साहन दिनुपर्दछ । यसले उनीहरूमाथि सो कार्यको असर राम्रो पर्दछ । शिक्षण सिकाइ पनि सफल हुन्छ । उनीहरूलाई दण्ड दिने, हतोत्साही गर्ने वा गालि गलौज गर्ने जस्ता नकारात्मक व्यवहारले उनीहरूलाई नकारात्मक असर पुग्छ । उनीहरूले त्यस्ता

कार्य गर्न रुचाउँदैनन् । अर्थात पुन: दाहोऱ्याउन चाहँदैनन् । अथवा सो काम गर्नबाट टाढिन्छन् । यो असरको नियमले गर्दा भएको हो । सिकाइमा नकारात्मक असरले शिक्षण सिकाइ सफल हुँदैन । सिकेको कुरा पनि बिर्सँदै जान्छन् । अर्कोतर्फ बालबालिकाले कुनै कार्य गरेबापत कुनै असर देखिएन भने पनि सिकाइ कमजोर हुने मनोवैज्ञानिकहरू बताउँछन् । त्यसैले शिक्षकले सिकाइ प्रक्रियामा सबलीकरण (Reinforcement) वा पुरस्कारको सकारात्मक असर पर्ने क्रियाकलाप गर्नुपर्दछ । नकारात्मक असर पुग्ने कार्य गर्नु हुँदैन ।

सिकाइ सहजीकरणमा तयारीको नियम वा अभ्यासको नियम जस्तै असरको नियम पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । कक्षाकोठाभित्र वा बाहिर बालबालिकाहरूलाई कुनै कार्य गर्न दिँदा त्यसको भावी असर कस्तो पर्दछ भन्ने कुरा विचार गर्नुपर्दछ । गृहकार्य, कक्षाकार्य र विभिन्न शिक्षण क्रियाकलापमा उनीहरू सहभागी भएपछि कस्तो असर पर्छ ? उनीहरूलाई कसरी प्रोत्साहन गर्ने ? पुरस्कार र प्रशंसा कहिले र कसरी दिने ? यस्ता प्रश्नहरूमा ध्यान दिएर गरिएको सिकाइ सफल हुन्छ । सबैलाई एकै प्रकारको सबलीकरणले उत्तिकै प्रभाव नपार्न सक्छ, जस्तै : तल्लो कक्षाका बालबालिकाहरूलाई मूर्त वा ठोस वस्तुका रूपमा पुरस्कार दिइयो भने बढी प्रभावकारी हुन्छ । माथिल्लो कक्षामा सल्लाह सुझाव वा परामर्शले पनि राम्रो असर पुऱ्याउन सक्छ । यस प्रकार असरको मात्राले पनि सिकाइ प्रक्रिया ढिलो वा छिटो हुने निर्धारण गर्दछ ।

## १०.३ परिपक्वता र सिकाइ (Maturation and Learning)

परिपक्वता र सिकाइ दुवै मानव विकासका लागि अपरिहार्य हुन्छ । परिपक्वता र सिकाइको सामूहिक परिणाम नै विकास हो । यी दुवै विषयहरू एकआपसमा अन्तरसम्बन्धित र फरक पनि छन् । परिपक्वता जैविक प्रक्रिया हो र यो वंशाणुगत गुणमा पनि निर्भर रहन्छ । यो व्यक्तिको उमेरअनुसार प्रस्फुटन हुँदै जान्छ । व्यक्तिमा रहेका अन्तरनिहित गुणहरू शारीरिक विकाससँगै देखा पर्न थाल्छन् । यसलाई परिपक्वता भनिन्छ, जस्तै: बालकको शारीरिक वृद्धिसँगै घिस्रनु, बस्नु, उठ्नु र हिँड्न थाल्नु जस्ता क्रियाकलापहरू परिपक्वता हो । यो सिकाइजस्तो आजीवन चलिरहने प्रक्रिया होइन । बरु कुनै समयमा रोकिन्छ । यसका लागि अनुभवको जरुरत पर्दैन । परिपक्वता शारीरिक र मानसिक विकाससँगै सहज रूपमा विकास हुन्छ, जस्तै : चराहरू उड्नु, माछाले पौडी खेल्न सक्नु आदि परिपक्वताका उदाहरणहरू हुन् ।

परिपक्वताले सिकाइको वातावरण तयार गर्दछ । शारीरिक र मानसिक क्षमताको विकासले परिपक्वता ल्याउँछ । यो सिकाइको पूर्वाधार हो, जस्तै : बालकले बोल्ने र सुन्ने शारीरिक एवम् मानसिक विकास भएपछि उसले अरूले बोलेको सुनेर भाषा सिक्छ । सिकाइमा निरन्तर अभ्यास आवश्यक छ । यसबाट के बुझ्न सकिन्छ भने परिपक्वता र सिकाइ मानव विकासका लागि अनिवार्य तत्त्वहरू हुन् । परिपक्वताले सिकाइका लागि विकासात्मक तयारी गराउँछ । यो शारीरिक वा मानसिक हुन सक्छ । बालकले कलम समाउन सक्ने क्षमताको विकास शारीरिक परिपक्वता हो । त्यस्तै स्याउको चित्र हेरेर 'स्याउ' शब्द दिमागमा राख्न सक्नु मानसिक परिपक्वता हो । शारीरिक र मानसिक तयारीले कुनै पनि सिकाइ प्रक्रियालाई सहज सरल र छिटो बनाइदिन्छ ।

शिक्षकले सिकाइ सहजीकरण क्रियाकलापमा बालबालिकाको शारीरिक र मानसिक विकासको पूर्व जानकारी हुनुपर्दछ । शारीरिक र मानसिक विकासबाट आउने परिपक्वता पूर्व अनुमान गर्न सकिने हुन्छ किनकि मानव विकास निश्चित चरणहरूमा पूरा हुन्छ र ती चरणहरूमा देखा पर्ने परिवर्तनको ढाँचा उस्तै हुन्छ, जस्तै : छ/सात वर्ष उमेर नपुगिकन बालकहरू आफ्नो धारणा निर्माण गर्न सक्दैनन् । उनीहरू ठोस वस्तुसँग सहचार्य गरेर मात्र धारणाहरू सिक्न सक्छन् । त्यस्तै बाह्र/तेर वर्षको उमेर पुगेपछि तर्क गर्ने वा परिकल्पना गर्ने क्षमताको विकास हुन्छ । यसरी बालकको उमेरअनुसार शारीरिक र मानसिक विकासका आधारमा सिकाइ गर्नुपर्दछ । ज्ञान, सिप वा व्यवहार सिक्नका लागि बालकको शारीरिक, मानसिक वा संवेगात्मक विकासबारेमा पूर्वज्ञान हुनुपर्दछ । यसरी परिपक्वता र सिकाइको बिचमा अन्योन्याश्रित सम्बन्ध हुन्छ । तथापि तिनीहरू बिचमा फरक पनि छ । परिपक्वता र सिकाइका बिचको भिन्नतालाई तलको तालिकामा बुँदागत रूपमा प्रस्तुत गरिएको छ :

सिकाइ र परिपक्वताबिच भिन्नता (Difference between Learning and Maturation)

| पपिक्वता (Maturation) | सिकाइ (Learning) |
|---|---|
| (क) यो जैविक वा वंशाणुगत प्रक्रिया हो । | (क) यो अनुभव लिने मनोवैज्ञानिक प्रक्रिया हो । |
| (ख) यो मानव विकासको निश्चित चरणसम्म हुन्छ । | (ख) यो जीवनपर्यन्त चरिरहन्छ । |
| (ग) यसको विकास पूर्वनिर्धारित ढाँचामा हुन्छ । | (ग) यो वातावरण र अनुभवमा आधारित हुन्छ । |
| (घ) यो जन्मजात र स्वाभाविक प्रक्रियाबाट हुन्छ । | (घ) यसका लागि उत्प्रेरणाको आवश्यक पर्दछ । |
| (ङ) यो शारीरिक वृद्धि जस्तै : मांसपेसी तथा इन्द्रियहरूको विकासमा भर पर्दछ । | (ङ) यो परिपक्वताको साथै सिकाइ तत्परतामा भर पर्दछ । |
| (च) यसका लागि अभ्यासको न्यून आवश्यकता हुन्छ। | (च) यसका लागि अभ्यास अनिवार्य छ । |
| (छ) यसमा 'असरको नियम' को न्यून प्रभाव रहन्छ । | (छ) यसमा 'असरको नियम' को महत्त्वपूर्ण भूमिका रहन्छ । |

## १०.४ सिकाइमा शिक्षक र विद्यार्थीको भूमिका (Roles of Teachers and Students in Learning)

सिकाइ प्रक्रियामा शिक्षक र विद्यार्थीको उपस्थिति अपरिहार्य छ । साथै विषयवस्तु र वातावरण पनि उत्तिकै महत्त्वपूर्ण हुन्छन् । विद्यार्थीको परिपक्वता, विषयवस्तुको प्रकृति, सिकाइने वातावरण, शिक्षकको शिक्षण कुशलता आदिले शिक्षक वा विद्यार्थीको भूमिका निर्धारण गर्दछ । परम्परागत शिक्षण विधिमा शिक्षकको भूमिका मुख्य र विद्यार्थीको गौण मानिन्थ्यो । सिकाइमा विद्यार्थी निष्क्रिय रूपमा रहन्थे । शिक्षकले जे सिकायो विद्यार्थीले त्यही सिक्नुपर्ने हुन्थ्यो । तर आधुनिक शिक्षण विधिमा विद्यार्थीलाई महत्त्वपूर्ण स्थान दिइएको छ । विद्यार्थी केन्द्रित विधिमा जोड दिइन्छ । विद्यार्थीको सक्रिय सहभागितामा जोड दिइन्छ ।

सिकाइ सहजीकरण क्रियाकलापमा आएका नवीन धारणाहरूसँगै शिक्षकलाई पनि नयाँ चुनौतीहरू थपिएका छन् । शिक्षकले विद्यार्थीलाई कसरी सक्रिय बनाउने ? कस्तो शिक्षण सिकाइ वातावरणबाट विद्यार्थीले सहज रूपमा सिक्छन् ? शिक्षकले नै यस्ता समस्याहरूको समाधान खोज्नुपर्ने हुन्छ । यी नयाँ नयाँ चुनौतीहरूले शिक्षकको भूमिका थप जटिल बनाइदिएको छ । शिक्षकले शैक्षिक नेता, पथप्रदर्शक, सहजकर्ता वा अनुसन्धानकर्ताको भूमिका खेल्नुपर्दछ । विज्ञान र प्रविधिले ल्याएका नयाँ नयाँ उपलब्धिहरूलाई शिक्षण सिकाइमा उपयोग गर्नुपर्ने हुन्छ । शिक्षकले ती प्रविधिहरूसँग परिचित हुनुपर्दछ । तिनीहरूलाई कक्षामा कसरी प्रयोग गर्ने भन्ने ज्ञान र सिप दुवै जान्न आवश्यक छ । शिक्षकले सिकाइमा निर्वाह गर्नुपर्ने भूमिकालाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ :

(क) शिक्षकले विद्यार्थीहरूको शारीरिक र मानसिक परिपक्वताका आधारमा शिक्षण योजना बनाउनुपर्दछ ।

(ख) प्रत्येक विद्यार्थीको क्षमताअनुसार विषयवस्तुको छनोट, शिक्षण क्रियाकलाप र शैक्षिक वातावरण तयार गर्नुपर्दछ ।

(ग) विद्यार्थीले कुनै कार्य गरेपछि सकारात्मक प्रभाव पार्ने गरी पुरस्कारको व्यवस्था गर्नुपर्दछ ।

(घ) हरेक विद्यार्थीलाई प्रश्न सोध्ने, उत्तर दिने वा सिकाइ क्रियाकलापमा सहभागी हुने अवसर दिनुपर्दछ ।

(ङ) सिकाइमा लागु हुने तयारी, अभ्यास र असरको नियमलाई ध्यानमा राखी शिक्षण क्रियाकलाप गर्नुपर्दछ ।

(च) सिकाइमा विद्यार्थीको पृष्ठभूमि पनि बुझेर व्यवहार गर्नुपर्दछ ।

(छ) सिकाइ प्रक्रियामा विद्यालय प्रशासन र अभिभावक पनि आवश्यक पर्ने भएकाले शिक्षकले समन्वयकारी भूमिका खेल्नुपर्दछ ।

(ज) सिकाइको माध्यमहरूमा कक्षा शिक्षणको अतिरिक्त कम्प्युटर, इन्टरनेट वा सामाजिक सञ्जालको पनि प्रयोग हुन थालेको छ । सो सम्बन्धमा शिक्षकले आवश्यकताअनुसार सो प्रविधिलाई कक्षामा कसरी प्रयोग गर्ने जानकारी हुनुपर्दछ ।

"एक हातले ताली बज्दैन ।" यो भनाइ शिक्षण सिकाइ प्रक्रियामा पनि लागु हुन्छ । एकतर्फी रूपमा शिक्षक मात्रै सक्रिय भएर सिकाइ सम्भव हुँदैन । मुख्य भूमिकामा रहनुपर्ने विद्यार्थी पनि उत्तिकै सक्रिय हुनुपर्दछ । विद्यार्थी सिकाइप्रति अभिरुचि र सक्रिय सहभागिता भए मात्र सिकाइ पूरा हुन्छ । सिकाइ प्रक्रियामा विद्यार्थीले खेल्नुपर्ने भूमिका केही बुँदाहरू तल प्रस्तुत गरिएको छन् :

(क) विद्यार्थी सिकाइ सहजीकरण क्रियाकलापमा सक्रिय सहभागी हुनुपर्दछ । उनीहरू शारीरिक र मानसिक रूपमा तयार हुनुपर्दछ । शिक्षक वा साथीहरूले सोधेको प्रश्नहरूको जवाफ मात्र दिने होइन आफूले

पनि जिज्ञासा राख्न सक्नुपर्दछ । तर्क वितर्क गर्ने बानी बसाल्नुपर्दछ । सिकाइका लागि निरन्तर अभ्यास आवश्यक छ । अभ्याासले सिकाइलाई स्थायी बनाउन सहयोग गर्दछ । विद्यार्थीहरूले कक्षामा सिकेको वा सो अध्ययनबाट प्राप्त ज्ञान वा सिपलाई स्थायी बनाउन बारम्बार अभ्यास गर्नुपर्दछ ।

(ग) कुनै पाठ सिक्नका लागि पूर्वज्ञानको जरुरत पर्दछ, जस्तै : जोड तथा घटाउ गर्न अङ्कको ज्ञान हुनुपर्दछ । विद्यार्थीहरूले कुनै पाठ सिक्नु अगाडि सो पाठका लागि पूर्व ज्ञानको तयारी गर्नुपर्दछ ।

(घ) कक्षा शिक्षणले मात्र सबै कुरा सिक्न सम्भव हुँदैन । आफूले नजानेका कुराहरू अन्य माध्यमहरू, जस्तै : कम्प्युटर, इन्टरनेट वा सामाजिक सञ्जालहरूबाट पनि सिक्न सकिन्छ । यी माध्यमहरूको सही प्रयोग गरी सिकाइमा उपयोग गर्न सक्नुपर्दछ । यद्यपि यस्ता माध्यमहरूको प्रयोग गर्नुअगाडि शिक्षक वा अभिभावकको सल्लाह र सुझावको आवश्यकता पर्दछ ।

(ङ) सिकाइ प्रक्रियाबाट लिइएको ज्ञानलाई प्रयोगमा ल्याउन सक्नु गहन सिकाइ हो । आफूले कक्षाकोठाभित्र वा बाहिर सिकेको ज्ञान वा सिपलाई व्यवहारमा ल्याउनुपर्दछ । यसले सिकाइलाई स्थायी बनाउँछ । साथै सिकाइमा सकारात्मक असर पर्दछ । नराम्रा वा गलत बानी व्यवहारलाई त्याग गर्न पनि सिकाइको प्रक्रिया अपनाउन सकिन्छ, जस्तै : भाषिक गल्तीहरूलाई शिक्षक, साथी वा अन्य व्यक्तिहरूको सम्पर्कबाट शुद्ध बनाउन सकिन्छ ।

## अभ्यास

१. तलका खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् :

(क) कुनै व्यक्तिमा अनुभवको माध्यमबाट .......... मा आउने परिवर्तन नै सिकाइ हो ।

(ख) सिकाइ मानव जीवनमा .......... चलिरहने प्रक्रिया हो ।

(ग) मानव विकासमा जैविक एवम् वंशाणुगत प्रक्रियालाई ......... भनिन्छ ।

(घ) विकासको कारक नै परिपक्वता र ........... हो ।

(ङ) सिकाइ प्रक्रियामा तयारीको नियम, अभ्यासको नियमको साथै .......... पनि उत्तिकै महत्त्व छ ।

२. तलका प्रश्नहरूको अति छोटो उत्तर लेख्नुहोस् :

(क) कुनै व्यक्तिमा अनुभव एवम् अभ्यासका माध्यमबाट व्यवहारमा आउने परिवर्तनलाई के भनिन्छ ?

(ख) मानव विकासमा जैविक विकासबाट आउने परिवर्तनलाई के भनिन्छ ?

(ग) सिकाइका तीन नियमहरू के के हुन् ?

(घ) “अभ्यास नगरिएमा सिकेको कुरा बिर्सँदै जान्छ ।” थर्नडाइकले यसलाई कुन नियम भनेका छन् ?

## ३. तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् :

(क) सिकाइको अर्थ के हो, उदाहरणसहित लेख्नुहोस् ।

(ख) मानव विकासमा सिकाइको महत्त्वबारे पाँचओटा बुँदाहरू लेख्नुहोस् ।

(ग) मानव विकासमा परिपक्वता र सिकाइको सम्बन्धबारे उदाहरणसहित लेख्नुहोस् ।

(घ) सफल शिक्षक हुनका लागि तीन आधारभूत नियमहरू लेख्नुहोस् ।

(ङ) सिकाइ प्रक्रियामा किन तयारीको नियमलाई ध्यान दिनु आवश्यक छ ?

(च) अभ्यासको नियमअन्तर्गत उपयोगको नियमले सिकाइमा कस्तो असर पुऱ्याउँछ ?

(छ) शिक्षकले सिकाइ प्रक्रियामा असरको नियमबारे किन ध्यान दिनुपर्दछ, छोटकारीमा उल्लेख गर्नुहोस् ।

(ज) सिकाइमा विद्यार्थीले खेल्नुपर्ने कुनै पाँचओटा भूमिका लेख्नुहोस् ।

## ४. तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् :

(क) सिकाइ प्रक्रियाका तीन आधारभूत नियमहरू छोटकरीमा व्याख्या गर्नुहोस् । ती नियमहरूको सिकाइमा आपसी सम्बन्धबारे उल्लेख गर्नुहोस् ।

(ख) "विकास परिपक्वता र सिकाइको संयुक्त परिणाम हो ।" यस कथनलाई उदाहरणसहित वर्णन गर्नुहोस् ।

(ग) "अभ्यासले मानिसलाई पूर्ण बनाउँछ ।" भन्ने कथनलाई अभ्यासको नियमका आधारमा व्याख्या गर्नुहोस् ।

(घ) "एक हातले ताली बज्दैन ।" यस भनाइलाई सिकाइ प्रक्रियामा शिक्षक र विद्यार्थीको भूमिकाका आधारमा वर्णन गर्नुहोस् ।

(ङ) "परम्परागत शिक्षणमाभन्दा आधुनिक शिक्षण प्रक्रियामा शिक्षकको भूमिका थप चुनौतीपूर्ण बनेको छ ।" यस भनाइलाई उदाहरणसहित वर्णन गर्नुहोस् ।

## ५. प्रयोगात्मक क्रियाकलाप

(क) तपाईँ आधारभूत तहको कक्षा ३ को विषय शिक्षक हुनुहुन्छ । त्यस अवस्थामा सिकाइको नियमलाई कक्षा शिक्षणमा कसरी प्रयोग गर्नुहुन्छ, कक्षाका साथीहरूसँग छलफल गरी एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

(ख) तपाईँले शिक्षण गर्ने कक्षामा विद्याथीहरू तपाईँको शिक्षण क्रियाकलापप्रति रुचि देखाउँदैनन् । तपाईँले दिनुभएको अभ्यास पनि गर्दैनन् । यस्तो परिस्थितिमा तपाईँ कसरी शिक्षणमा सुधार ल्याउन सक्नुहुन्छ, त्यसको कारण पत्ता लगाई सुधार गर्ने उपायहरू लेख्नुहोस् ।

एकाइ
११

# शिक्षक तालिम

(Teacher Training)

## ११.१ नेपालमा शिक्षक शिक्षा/तालिमको परिचय (Introduction to Teacher Training)

देश विकासको प्रमुख आधार शिक्षा हो भने गुणस्तरीय शिक्षाको प्रमुख स्रोत तालिम प्राप्त शिक्षक हो । शिक्षण पेसामा रहेका शिक्षकहरूको ज्ञान, सिप र क्षमतामा थप निपुणता ल्याउनका लागि प्रदान गरिने सिकाइ क्रियाकलापलाई शिक्षक शिक्षा अथवा शिक्षक तालिम भनिन्छ । तालिमले शिक्षक शिक्षिकाहरूलाई सयमानुकूल कक्षाकोठामा शिक्षण गर्न सहयोग पुऱ्याउँछ । पाठ्यक्रम र पाठ्यपुस्तकमा हुने निरन्तर परिवर्तनलाई सफलतापूर्वक कार्यान्वयन गराउनका लागि शिक्षक तालिम अनिवार्य हुन्छ । शिक्षक तालिमले शिक्षकको पेसागत दक्षताको विकास गराउँदै उनीहरूमा आत्मवलको विकास गराउँछ । तालिमबाट सिकेको सिप र ज्ञानलाई शिक्षकले कक्षाकोठामा प्रयोग गर्दा विद्यार्थीहरूमा सिकाइ उपलब्धि पूरा गर्न सहयोग पुऱ्याउँछ । शिक्षकको योग्यता, अनुभव र तालिमले उसलाई निपुण बनाउँछ । एउटा शिक्षकलाई उसले कार्यकालमा विभिन्न चरणमा निरन्तर तालिम दिइरहनुपर्छ । यस्तो तालिमको व्यवस्था सरकारले गरेको हुन्छ ।

### नेपालमा शिक्षक तालिम (Teacher Training in Nepal)

नेपालमा शिक्षक तालिमको इतिहास धेरै लामो छैन । वि.सं. २००४ सालमा राणा प्रधानमन्त्री पद्म शमशेरले भारतको गान्धी शिक्षाबाट प्रभावित भई नेपालमा आधार पाठशालाहरू खोलेका थिए । त्यस्ता पाठशालामा अध्यापन गराउने शिक्षकको क्षमता विकास गराउनका लागि काठमाडौँको ताहाचलमा आधार शिक्षक तालिम केन्द्र वि.सं. २००४ मा खोलेका थिए । यस तालिम केन्द्रमा देशभरका आधार पाठशालाका शिक्षकहरूलाई राखी आवासीय सुविधासहित तालिम दिने काम गरिन्थ्यो । त्यसैले यो नै नेपालको पहिलो शिक्षक तालिम केन्द्र हो । वि.सं. २०११ पछि यसलाई राष्ट्रिय शिक्षक तालिम केन्द्रमा रूपान्तरण गरियो ।

वि.सं. २०१३ सालमा अमेरिकी सरकारको सहयोगमा काठमाडौँको कीर्तिपुरमा शिक्षक शिक्षण महाविद्यालय (College of Education) खुल्यो । यस महाविद्यालयको मुख्य उद्देश्य विद्यालयदेखि क्याम्पससम्मका शिक्षकहरूलाई तालिम दिनु रहेको थियो । यस महाविद्यालयमार्फत साधारण तालिम, घुम्ती साधारण तालिम, स्थलगत तालिम, प्राथमिक शिक्षक तालिम, दुर्गम क्षेत्र शिक्षक तालिम, आधारभूत शिक्षक तालिम तथा दूर शिक्षा शिक्षक तालिम जस्ता कार्यक्रमहरू सञ्चालन भएका थिए ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ अनुसार तयार भएको शिक्षा ऐन, २०२८ ले प्राथमिक शिक्षकलाई तालिम अनिवार्य गरेको थियो । नेपाल सरकार, शिक्षा मन्त्रालयअन्तर्गतको आधारभूत शिक्षक तालिम केन्द्र, दूर शिक्षा तालिम केन्द्रलगायत आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाले विद्यालयमा कार्यरत शिक्षकहरूलाई निरन्तर रूपमा सेवाकालीन तालिम दिने काम भएको थियो ।

## शिक्षक तालिमको आवश्यकता (Need of teacher training)

विद्यालयमा कार्यरत सबै प्रकारका शिक्षकहरूलाई प्रभावकारी ढङ्गले कार्य सम्पादन गर्नका लागि तालिमको आवश्यकता पर्दछ । तालिमको माध्यमबाट शिक्षकले थप ज्ञान, सिप तथा व्यवहारको आर्जन गर्ने मौका पाउँछ । शिक्षण सिकाइका क्रममा विकास भएका नवीन प्रविधिलाई कक्षाकोठामा पुऱ्याइ विद्यार्थीका सिकाइलाई सरलीकरण गर्नका लागि तालिम अपरिहार्य हुन्छ । समग्रमा शिक्षकलाई तालिमको आवश्यकता निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

१. विद्यार्थीको रुचि, आवश्यकता र क्षमताको पहिचान गरी प्रभावकारी शिक्षण गर्न शिक्षकलाई तालिमको आवश्यकता पर्दछ ।

२. कक्षाकोठामा योजनावद्ध रूपमा शिक्षण प्रक्रिया अगाडि बढाउन शिक्षकलाई तालिमको आवश्यकता पर्दछ ।

३. विद्यार्थीको बालमनोविज्ञान बुझी शिक्षणकार्य सम्पन्न गर्न शिक्षकलाई तालिमको आवश्यकता पर्दछ ।

४. स्थानीय स्तरमा पाइने सामग्रीलाई प्रयोग गरी प्रभाकारी कक्षाशिक्षण गर्न तालिमको आवश्यकता पर्दछ ।

५. विद्यालय, शिक्षक र अभिभावकबिच सुमधुर सम्बन्ध स्थापित गर्न शिक्षकलाई तालिमको आवश्यकता पर्दछ ।

६. विद्यालय प्रशासनलाई व्यवस्थित रूपबाट सञ्चालन गर्न शिक्षकलाई तालिमको आवश्यकता पर्दछ ।

७. पाठ्यपुस्तक तथा शिक्षण सामग्रीको अभाव जस्ता कठिन परिस्थितिमा पनि सहज ढङ्गले शिक्षण कार्य सम्प्न्न गर्न शिक्षकलाई तालिमको आवश्यकता पर्दछ ।

८. विद्यार्थीको प्रभावकारी मूल्याङ्कन कार्य पूरा गर्न शिक्षकलाई तालिमको आवश्यकता पर्दछ ।

९. विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको विशेष प्रतिभाको खोजी गरी तिनको विकास गर्न शिक्षकलाई तालिमको आवश्यकता पर्दछ ।

१०. विद्यार्थीलाई प्रभावकारी ढङ्गले पृष्ठपोषण प्रदान गर्न शिक्षकलाई तालिमको आवश्यकता पर्दछ ।

## शिक्षक तालिमको महत्त्व (Importance of teacher training)

राज्यले शिक्षामा गर्ने लगानीमध्ये एउटा महत्त्वपूर्ण क्षेत्र शिक्षक तालिम हो । देशमा भएका विभिन्न तहका शिक्षकहरूलाई तालिम प्रदान गर्न सयौँको सङ्ख्यामा प्रशिक्षणहरू नियुक्त गरिएको हुन्छ र तालिम केन्द्रहरूको स्थापना गरिएको हुन्छ । यस्ता तालिम केन्द्रमा लाखौँ शिक्षकहरूलाई क्रमश: तालिम प्रदान गरिन्छ । तालिम प्राप्त शिक्षकले विद्यार्थीहरूलाई प्रभावकारी ढङ्गले शिक्षण गर्ने र सिकाइ उपलब्धि सजिलै पूरा हुने विश्वास गरिन्छ । त्यसकारण शिक्षक तालिमको महत्त्वलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### १. कक्षा शिक्षणलाई प्रभावकारी बनाउन

तालिम प्राप्त शिक्षकले बालबालिकाको बालमनोविज्ञान बुझी उनीहरूको रुचि र आवश्यकताका आधारमा शिक्षण गर्न सक्छन् । विषयवस्तुको प्रकृति र विद्यार्थीको क्षमताका आधारमा शिक्षण सामग्रीको प्रयोग गरी कक्षा शिक्षण गर्ने हुनाले तालिम प्राप्त शिक्षक शिक्षिकाले जहिले पनि कक्षा शिक्षणलाई प्रभावकारी बनाउन सक्षम हुन्छन् ।

### २. शिक्षण सिकाइको उद्देश्य पूर्तिका लागि सहयोग गर्न

सिकाइ उद्देश्य पूरा गर्नु शिक्षकको पहिलो कर्तव्य हो । योजनाबद्ध ढङ्गले शिक्षण कार्य सम्पन्न गर्दा मात्र उद्देश्यहरू पूरा हुन सक्छन् । कक्षा शिक्षणलाई योजनाबद्ध रूपमा सम्पन्न गर्न तालिमको आवश्यकता हुन्छ । त्यसैले तालिम प्राप्त शिक्षकले कक्षा शिक्षण गर्दा उपयुक्त योजना बनाई शिक्षण गर्ने हुनाले पूर्व निर्धारित उद्देश्यहरू सजिलै पूरा गराउन सक्षम हुन्छन् ।

### ३. कक्षाकोठालाई विद्यार्थीमैत्री बनाउन

एउटा असल शिक्षकले जहिले पनि कक्षाकोठालाई विद्यार्थीमैत्री बनाउनुपर्छ । शिक्षकले आफूले तालिममा प्राप्त गरको सिप र ज्ञानलाई कक्षाकोठामा भरपुर प्रयोग गरी विद्यार्थीलाई मायालु वातावरणमा शिक्षण कार्य पूरा गर्न सक्छ । जटिल विषयवस्तुलाई पनि सहज ढङ्गले प्रस्तुत गर्दै विद्यार्थीमैत्री वातावरणमा शिक्षण गर्न तालिमले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

### ४. शिक्षण सिकाइ सिद्धान्तको प्रयोग गर्न

कक्षाकोठामा प्रभावकारी सिकाइका लागि सिकाइको सिद्धान्तलाई अधिकतम प्रयोग गर्नुपर्छ । शिक्षणमा विभिन्न आधुनिक र वैज्ञानिक सिकाइका सिद्धान्तहरू विकास भएका छन् । एउटा सफल शिक्षकले कक्षाकोठामा उत्प्रेरणा (Motivation), पुनर्बल (Reinforcement), पुरस्कार तथा दण्ड (Reward and Punishment) आदिको उचित प्रयोग गर्नुपर्छ । सिकाइमा प्रचलित विभिन्न सिद्धान्तहरू जस्तै : सरलबाट जटिल (Simple to Complex), ज्ञातबाट अज्ञात (Known to unknown), मूर्त बाट अमूर्त (Concrete to abstract) आगमनबाट निगमन (Inductive to deductive) जस्ता सिद्धान्तहरूको प्रयोग गरी कक्षा शिक्षण गर्न तालिमको महत्त्वपूर्ण भूमिका हुन्छ ।

### ५. शिक्षण सामग्रीको व्यवस्थापन र प्रयोग गर्न

कक्षाकोठामा आवश्यक पर्ने शिक्षण सामग्रीहरू सकेसम्म स्थानीय स्तरमा तयार गर्न सकिने र विद्यार्थीले सजिलै पहिचान गर्न सक्ने खालका हुनुपर्छ । यस्ता सामग्रीहरू मूल्य नपर्ने वा न्यून मूल्य पर्ने (No Cost Low cost) हुनु राम्रो मानिन्छ । तालिम प्राप्त शिक्षकले यस्ता सामग्रीलाई सङ्कलन गरी प्रभावकारी ढङ्गले कक्षाकोठामा प्रयोग गर्न सक्छन् । यसले गर्दा कम खर्चमा प्रभावकारी सिकाइमा सहयोग पुग्छ ।

## ६. शिक्षण सिकाइको विधि छनोटमा सहयोग

शिक्षण सिकाइमा महत्त्वपूर्ण भूमिका शिक्षण विधिको रहेको हुन्छ । सिकारुको तह, पाठको प्रकृति, शिक्षण सामग्री, शिक्षकको पृष्ठभूमि आदिका आधारमा विधिको छनोट गरिन्छ । तालिम प्राप्त शिक्षकले आफूले पाठ पढाउनुपूर्व कुन विधिको माध्यमबाट शिक्षण गर्ने हो किटानी गरी कक्षा सञ्चालन गर्न सक्ने हुँदा तालिमले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

## ७. कठिन परिस्थितिमा कक्षा सञ्चालन गर्न

एउटा तालिम प्राप्त शिक्षकले जस्तोसुकै कठिन परिस्थितिमा पनि सहज ढङ्गले कक्षा सञ्चालन गर्न सक्छ । पाठ्यपुस्तक र सामग्रीको अभाव, विद्यार्थी अनुपातमा कम शिक्षक, सामाजिक द्वन्द्व तथा राजनीतिक दबाब जस्ता परिस्थितिजन्य समस्याहरू बेलाबखत विद्यालयमा आइरहन्छ । यस्ता समस्यालाई पनि शिक्षकले आफूले प्राप्त गरेको तालिमका आधारमा सहज ढङ्गले कक्षा सञ्चालन गरी आफ्नो कर्तव्य पूरा गर्न सक्छ ।

## ११.२ शिक्षक शिक्षा/ तालिमको प्रकार (Types of teacher training)

कुशल शिक्षकका लागि शिक्षक तालिम अनिवार्य छ । आवश्यकताका आधारमा शिक्षकलाई निरन्तर तालिम प्रदान गरिन्छ । यसरी प्रदान गरिने तालिमहरू विभिन्न प्रकारका हुन्छन् जसलाई निम्नानुसार विभाजन गर्न सकिन्छ :

## १. पूर्व सेवाकालीन शिक्षक तालिम

विद्यालय वा विश्वविद्यालयबाट कुनै तह पास गरेको तर विद्यालयमा शिक्षकका रूपमा कार्य नगरेको व्यक्तिलाई शिक्षण पेसामा प्रवेश गर्नु पूर्व प्रदान गरिने तालिम कार्यक्रमलाई पूर्वसेवाकालीन शिक्षक तालिम भनिन्छ । यस्तो तालिम माध्यमिक तह कक्षा ११ र १२ को शिक्षा विषय लिने विद्यार्थी, त्रिभुवन विश्वविद्यालयलगायत विभिन्न विश्वविद्यालयबाट प्रदान गरिने बी. एड. तथा एम. एड. को उपाधि आदि हुन् । शिक्षाशास्त्र सङ्कायमा अध्ययन नगरेका विद्यार्थीहरूले राज्यद्वारा सञ्चालित वा मान्यता प्राप्त तालिम केन्द्रबाट तालिम लिन सक्छन् । यस्तो तालिम एक वर्ष वा दश महिनाको हुन्छ । नेपाल सरकार, शिक्षा मन्त्रालय शैक्षिक जनशक्ति विकास केन्द्रले स्थापना कालमा पूर्व सेवाकालीन दश महिने शिक्षक तालिम सञ्चालन गरेको थियो । हाल यो कार्यक्रम सञ्चालनमा छैन । यस्तो तालिम प्राप्त गर्ने व्यक्ति शिक्षक अनुमतिपत्र लिन योग्य हुन्छ र शिक्षक पदमा नियुक्त हुन सक्छ ।

## २. सेवाकालीन शिक्षक तालिम

शिक्षण पेसामा क्रियाशिल रहेको शिक्षकलाई समयानुकूल रूपान्तरण गराउन प्रदान गरिने तालिमलाई सेवाकालीन शिक्षक तालिम भनिन्छ । शिक्षक पदमा नियुक्ति भई विद्यालयमा अध्यापनरत शिक्षकले राज्यले तोकेको तालिम अनिवार्य रूपमा लिनुपर्छ । सेवाकालीन तालिमले शिक्षकलाई शिक्षण सिकाइमा सहयोग

पुऱ्याउनुका साथै उसको वृत्ति विकासमा पनि मदत गर्दछ । विद्यालयमा कार्यरत शिक्षकलाई प्रदान गरिने सेवाकालीन तालिम पनि सामान्यतया दुई किसिमले दिइन्छ । पहिलो, विद्यालयको कक्षा शिक्षण गर्दै तालिम पनि लिन सकिने (On the Job) दोस्रो, अध्यापन कार्यबाट बिदा लिई तालिममा केन्द्रित भई (Off the Job) तालिम पूरा गरी सकेपछि पुन विद्यालयमा हाजिर हुने गरी तालिम दिन सकिन्छ । यसरी प्रदान गरीने तालिमलाई दुई भागमा विभाजन गर्न सकिन्छ ।

### दीर्घकालीन शिक्षक तालिम

शिक्षकले शिक्षण पदमा रहँदा एक पटक सिकेको सिप, ज्ञान तथा क्षमता उसको जीवनभर प्रयोगमा आउँछ भने त्यस्तो तालिमलाई दीर्घकालीन शिक्षक तालिम भनिन्छ । योजना बनाउने, शिक्षण सामग्री तयार गर्ने, उत्प्रेरणा तथा पूनर्वलको प्रयोग वा बालमनोविज्ञान, मूल्याङ्कन जस्ता क्षेत्रसँग सम्बन्धित तालिमलाई दीर्घकालीन तालिमका रूपमा लिन सकिन्छ ।

### अल्पकालीन शिक्षक तालिम

शिक्षकलाई विद्यालयमा पर्न आएको क्षणिक समस्या समाधान गरी शिक्षण कार्यलाई निरन्तरता दिनका लागि छोटो समयमा प्रदान गरिने तालिमलाई अल्पकालीन तालिम भनिन्छ । यस्तो तालिमले क्षणिक समस्याको समाधान गर्ने भए तापनि दीर्घकाल उपयोगी हुन सक्दैन । उदाहरणका लागि द्वन्द्वरत समाजमा शिक्षण गर्ने कला, विद्यार्थी सङ्ख्या अत्यधिक बढी तथा अति कम भएको विद्यालयमा सम्पन्न गरिने शिक्षण पद्धति तथा भौतिक पूर्वाधारको अभावमा विद्यालय सञ्चालन गर्ने शैली जस्ता क्षेत्रमा शिक्षकलाई अल्पकालीन तालिम दिन सकिन्छ । यस्तो तालिम जुन परिस्थितिमाा दिइएको हो समान्यतया अन्य अवस्थामा प्रयोगमा आउँदैन ।

### ३. पुनर्ताजगी तालिम

लामो समयदेखि शिक्षण पेसामा रहेका शिक्षकहरूलाई पुनर्ताजगी तालिम दिइन्छ । यिनीहरूले विभिन्न प्रकारका तालिमसमेत लिइसकेका हुन्छन । यस्ता शिक्षकहरूलाई उनीहरूले प्राप्त गरेको तालिमको मुख्य अंशहरूलाई पुन:स्मरण गराउन प्रदान गरिने छोटो अवधिको तालिमलाई पुनर्ताजगी तालिम भनिन्छ । यस्तो तालिम शैक्षिक सत्रको सुरुमा वा मध्यतिर सञ्चालन गरिन्छ । पाठ्यपुस्तक र पाठ्यक्रममा हुने संशोधनलाई कक्षाकोठामा प्रभावकारी ढङ्गले पुऱ्याउनका लागि यो तालिम उपयोगी हुन्छ । यस्तो तालिम शैक्षिक सत्रको सुरुमा वा मध्यतिर सञ्चालन गरिन्छ । त्यस्तै गरी पुराना शिक्षक जसको अनुभव धेरै पुरानो छ भने उनीहरूलाई आधुनिक प्रविधिसँग परिचित गराई कक्षा शिक्षण गर्न सक्ने बनाउन यसले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । शिक्षकलाई यस्तो तालिम शैक्षिक जनशक्ति विकास केन्द्रका प्रशिक्षक, विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिहरूले  शिक्षक तालिम केन्द्र, स्रोतकेन्द्र तथा उपयुक्त स्थानमा प्रदान गर्न सक्छ । यस्तो तालिमले शिक्षकलाई आफ्नो पेसामा अद्यावधिक हुन सहयोग पुऱ्याउँछ । पुरानो ज्ञान र सिपलाई स्मरण गराउने र नयाँ प्रविधिलाई अपनाउन पुनर्ताजगी तालिम प्रदान गर्न सकिन्छ ।

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) आधार शिक्षक तालिम केन्द्र कहिले स्थापना भयो ?

(ख) सेवाकालीन शिक्षक तालिम भनेको के हो ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) शिक्षक शिक्षा अथवा शिक्षक तालिम भनेको के हो ?

(ख) नेपालमा शिक्षक तालिमको सुरुआत कहिले भयो ?

३. **तलका प्रश्नहरूको लामो दिनुहोस् :**

(क) नेपालको शिक्षक तालिमको इतिहास सङ्क्षिप्तमा लेख्नुहोस् ।

(ख) शिक्षक तालिमको आवश्यकता र महत्त्वलाई वर्णन गर्नुहोस् ।

(ग) शिक्षक तालिमका प्रकारहरू उल्लेख गर्नुहोस् ।

४. **प्रयोगात्मक क्रियाकलाप**

(क) आफूले अध्ययन गर्ने विद्यालय रहेको वडाअन्तर्गत रहने सम्पूर्ण विद्यालयका शिक्षकहरूको विवरण सङ्कलन गरी उनीहरूले प्राप्त गरेका तालिमका प्रकारहरू समावेश गरी एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

(ख) विद्यालयमा रहेकामध्ये कम्तीमा पाँच जना तालिम प्राप्त शिक्षकहरूलाई भेटी तालिमबाट हुने फाइदाको सूची तयार गर्नुहोस् ।

एकाइ
१२

# शिक्षा र अधिकार
# (Education and Right)

## १२. समावेशी शिक्षाको अर्थ र महत्त्व (Meaning and Importance of Inclusive Education)

### समावेशी शिक्षाको अर्थ (Meaning of Inclusive Education)

शिक्षा प्राप्त गर्नु सम्पूर्ण बालबालिकाको मौलिक अधिकार हो । त्यसैले राज्यले सबै वर्ग र क्षेत्रका बालबालिकाहरूलाई शिक्षाबाट वञ्चित हुन नपरोस् भनी शिक्षाको नीति तयार गरेको हुन्छ । हाम्रो देश नेपाल बहुभाषिक, बहुसांस्कृतिक, बहुजातीय तथा भौगोलिक कारणले विविधता भएको मुलुक हो । नेपालको सातओटा प्रदेश र सत्तहत्तर जिल्लामा सबै जातजाति, भाषाभाषी वर्ग तथा समुदायका मानिसहरू मिलेर वसेका छन् । यसरी बनेको विविधतायुक्त मुलुकमा सबैलाई मान्य हुने गरी अथवा सबैको सहज पहुँच पुग्ने गरी प्रदान गरिएको शिक्षालाई समावेशी शिक्षा भनिन्छ । समाजका सबै वर्ग, धर्म, पेसा, लिङ्ग, वर्ण, व्यवसाय, दलित, फरक क्षमता भएका, बालश्रमिक, सडक बालबालिका, भौगोलिक विकटता, सामाजिक तथा सांस्कृतिक रूपले पिछाडिएका बालबालिकाहरूलाई सजिलै पहुँच पुग्ने गरी व्यवस्थापन गरिएको शिक्षा नै वास्तवमा समावेशी शिक्षा हो । हरेक बालबालिकाको रुचि, आवश्यकता र क्षमताका आधारमा शिक्षा प्रदान गर्नु राज्यको कर्तव्य पनि हो ।

समाजमा भएका हरेक प्रकारका बालबालिकाहरूलाई शिक्षाको अवसरबाट वञ्चित हुन नपरोस् भन्नाका लागि समावेशी शिक्षाको अवधारणाको विकास भएको हो । पछिल्लो समयमा समावेशी शिक्षालाई एउटा नवीन कार्यका रूपमा अगाडि बढाइएको छ । सन् १९९४ मा सालामान्का (Salamanca) मा सम्पन्न विशेष शिक्षा सम्बन्धी सम्मेलनले यस अवधारणालाई प्रयोगमा ल्याएको हो । त्यस्तै गरी सन् २००० मा सेनेगलको राजधानी डकारमा भएको विश्व शिखर सम्मेलनले सबैको लाागि शिक्षा EFA (Education for All) भन्ने नारा अगाडि बढाइसके पछि समावेशी शिक्षालाई अझ व्यापक बनाइएको हो । हाम्रो जस्तो विविधतायुक्त मुलुकमा समावेशी शिक्षा ज्यादै महत्त्वपूर्ण हुन्छ । विद्यालयको कक्षाकोठादेखि विश्वविद्यालयसम्म समावेशी शिक्षालाई सार्थक बनाउन सकिन्छ ।

नेपाल सरकारले पनि शिक्षाको योजना तथा नीति तयार गर्दा समावेशी शिक्षालाई अनिवार्य गर्दै व्यवहारमा लागु गरिसकेको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयदेखि विद्यालय तहसम्म र अभिभावक एवम् समाजसम्म समावेशी शिक्षाको अवधारणाको विकास गर्नका लागि कानुन बनाउने र जनचेतना विस्तार गर्ने कार्य गरिएको छ ।

## समावेशी शिक्षाको महत्त्व (Importance of Inclusive Education)

हाम्रो देश नेपाल जस्तो विविधताले भरिएको मुलुकलााई समावेशी शिक्षा ज्यादै महत्त्वूर्ण हुन्छ । नेपालमा समावेशी शिक्षालाई व्यवहारमा कार्यान्वयन गर्न नसक्दा ठुलो सङ्ख्यामा महिला, दलित, जनजाति, मधेशी समुदाय तथा विभिन्न वर्ग र समूहका बालबालिकाहरू शिक्षाबाट वञ्चित हुन पुगे । यस्तो समस्यालाई समाधान गर्नका लागि राज्यले योजनाबद्ध रूपमा समावेशी शिक्षालाई कार्यान्वयन गर्दै आएको छ । समाजमा रहेका हरेक बालबालिकालाई बिनाभेदभाव सम्मानजनक ढङ्गले शिक्षाको अवर प्रदान गर्नु नै समावेशी शिक्षाको अभिप्राय: हो । बालबालिकाको इच्छा, क्षमता र आवश्यकताका आधारमा समावेशी शिक्षा प्रदान गर्नु राज्यको कर्तव्य पनि हो । त्यसकारण आजको २१ औँ शताब्दीमा समावेशी शिक्षाको महत्त्वलाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

१. शिक्षाको मूलधारबाट वञ्चित भएका वा हुने सम्भावना भएका हरेक वर्ग र समुदायका बालबालिकाहरूलाई शिक्षाको अवसर प्रदान गर्दछ ।

२. राज्यको शैक्षिक विकासमा योगदान पुऱ्याउँछ ।

३. निरक्षर दर घटाउन सहयोग पुग्दछ ।

४. विद्यालयको भर्नादर वृद्धि गर्न मदत गर्दछ ।

५. समाजमा शिक्षा प्रतिको सकारात्मक धारणाको विकास गराउँछ ।

६. शिक्षाबाट विमुख वर्ग तथा समुदायहरूले शिक्षाको अवसर प्राप्त गर्दछ ।

७. सबैका लागि शिक्षा भन्ने नारा कार्यान्वयन गर्न सहयोग पुग्दछ ।

८. सबै वर्ग तथा समुदायले अनुभवको आदान प्रदान गर्ने र सम्मानजनक जीवन जिउने मौका प्राप्त गर्दछन् ।

९. समाजमा विद्यमान विभिन्न सामाजिक तथा सांस्कृतिक विभेदको अन्त्य हुन्छ ।

## समावेशी शिक्षा सञ्चालन गर्दा ध्यान दिनुपर्ने कुराहरू

समावेशी शिक्षा जति महत्त्वपूर्ण छ यसलाई कार्यान्वयन गर्न पनि त्यति नै चुनौतीपूर्ण छ । सामाजिक रूपले पछाडि परेको स्थानमा यसलाई पूर्ण कार्यान्वयन गर्न कठिन हुन्छ । विभिन्न वर्ग, धर्म, लिङ्ग, भाषा, जातजाति, सामाजिक तथा भौगोलिक अवस्थामा रहेका बालबालिकाहरूका लागि उपयुक्त शिक्षामा समान सहभागिताको सुनिश्चितता गर्नु कठिन र चुनौतीपूर्ण हुन्छ । समावेशी शिक्षालाई समाजमा कार्यान्वयन गर्दा निम्नलिखित पक्षमा ध्यान दिनुपर्छ :

१. समाजमा समावेशी शिक्षाको महत्त्व र आवश्यकता प्रस्ट पार्न सक्नुपर्छ ।

२. समावेशी शिक्षासम्बन्धी नीतिगत र कानुनी व्यवस्थालाई प्रस्ट पार्न सक्नुपर्छ ।

३. समावेशी शिक्षालाई कार्यान्वयन गर्ने दायित्व हामी सबैको हो भन्ने भावनाको विकास गराउनुपर्छ ।

४. विद्यालय र समाजमा समावेशी वातावरण तयार गर्नुपर्छ ।

५. विद्यार्थीको वैयक्तिक भिन्नताको पहिचान गरी समावेशी शिक्षा सञ्चालन गर्नुपर्छ ।

६. समाजमा रहेका व्यक्ति तथा वर्गको अस्तित्त्व स्वीकार गर्न सक्ने बानीको विकास गराउनुपर्छ ।

७. लक्षित वर्गसम्म समावेशी शिक्षाको आवश्यकता र महत्त्वलाई व्यापक बनाउन सक्नुपर्छ ।

## १२.२ पाठ्यपुस्तक र सम्बद्ध शैक्षाणिक सामग्रीमा समावेशीकरण (Inclusiveness in Text Book and Related Instructional Materials)

### पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेशीकरण (Inclusiveness in Curriculum and Text Book)

शिक्षाको बृहत्तर विकासका लागि समावेशी शिक्षा एउटा महत्त्वपूर्ण पक्ष हो । समावेशी शिक्षालाई व्यावहारिक रूपमा कार्यान्वयन नगरेसम्म शैक्षिक विकासले पूर्णता प्राप्त गर्न सक्दैन । शिक्षालाई पूर्ण समावेशी बनाउनका लागि पाठ्यक्रम र पाठ्यपुस्तकमा पनि समावेशीकरण गर्नु अनिवार्य हुन्छ । पाठ्यक्रम सिकाइ सहजीकरण क्रियाकलापको बृहत्तर योजना हो । विद्यालयमा सम्पन्न हुने सम्पूर्ण क्रियाकलाप पाठ्यक्रमबाट निर्देशित हुन्छ । पाठ्यक्रममा समावेशीकरण हुन सक्यो भने मात्र शिक्षामा समावेशिताको सम्भावना हुन्छ । शिक्षाको उद्देश्य, विषयवस्तु, शिक्षण क्रियाकलाप तथा मूल्याङ्कन प्रक्रियादेखि विद्यार्थी अनुपातमा शिक्षक शिक्षिका, विद्यालय व्यवस्थापन, अभिभावक शिक्षक सङ्घलगायत सम्पूर्ण पक्षमा समावेशितालाई सम्मानजनक ढङ्गले सम्बोधन गर्न सक्नुपर्छ ।

पाठ्यक्रम तयार गर्दा कुन वर्गका लागि पाठ्यक्रम बनाउने, उनीहरूको सामाजिक आर्थिक अवस्था कस्तो छ भन्ने पक्षलाई केन्द्रबिन्दुमा राख्न सक्नुपर्छ । शिक्षण सिकाइ विधि तथा मूल्याङ्कन प्रक्रियामा समेत समावेशितामा ध्यान दिनुपर्छ । पाठयक्रमले समावेशितालाई सम्बोधन गर्न सकेमा मात्र राज्यले समावेशी शिक्षामा सफलता प्राप्त गर्न सक्छ ।

पाठ्यक्रममा समावेशीकरणपछि अर्को महत्त्वपूर्ण पक्ष पाठ्यपुस्तकमा समावेशीकरण हो । पाठ्यपुस्तक शिक्षक तथा विद्यार्थीको हातमा जाने शिक्षण सिकाइको महत्त्वपूर्ण सामग्री हो । पाठ्यपुस्तकलाई पूर्ण समावेशी बनाउन सकिएन भने सबै वर्ग तथा समुदायले शिक्षामा अपनत्व स्वीकार गर्न सक्दैनन् । पाठ्यपुस्तकमा सबै जातजाति, भाषा, धर्म, संस्कृति, भूगोल आदिलाई समान ढङ्गले स्थान दिनुपर्दछ । पाठ्यपुस्तका हरेक पक्षहरूलाई सबै बालबालिकाले सहजै स्वीकार गर्न सक्ने बनाउनुपर्छ । हरेक विद्यालयमा छात्र/छात्राको सङ्ख्या समान्यतया बराबर हुने हुँदा पाठ्यपुस्तकमा प्रयोग गरीने लैङ्गिक पक्षहरूलाई उचित सम्मान

गर्नुपर्छ । त्यस्तै गरी विभिन्न जाति, धर्म, वर्ग तथा समुदायलाई उचित सम्मान हुने गरी भाषिक तथा विषयवस्तुको प्रयोग गरिनुपर्छ । हरेक जात, जाति तथा समुदायले बुझ्न सक्ने गरी सबैको अस्तित्व, विशेषता तथा योगदानको चर्चा गरिनुपर्छ । त्यसकारण पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेशीकरण गर्दा निम्नलिखित पक्षमा विशेष ध्यान दिनुपर्छ ।

१. देशमा भएको विविधतालाई उच्च सम्मान गर्नुपर्छ ।

२. केन्द्रीय पाठ्यक्रमले सबै पक्षको सम्बोधन नगर्न नसक्ने हुँदा स्थानीय तहमासमेत पाठ्यक्रम निर्माण गर्न सक्नुपर्छ ।

३. पाठ्यक्रम तथा पाठ्यपुस्त तयार गर्दा सरोकारवाला व्यक्ति तथा निकायको राय सुझाव सङ्कलन गर्नुपर्छ ।

४. पाठ्यक्रम तथा पाठ्यपुस्तकले सम्पूर्ण बालबालिकाको रुचि आवश्यकता र क्षमताको सम्बोधन गर्न सक्नुपर्छ ।

५. पाठ्यक्रम तथा पाठ्यपुस्तले कुनै खास क्षेत्र वर्ग वा समुदायलाई मात्र महत्त्व दिनु हुँदैन ।

६. पाठ्यक्रम र पाठ्यपुस्तकको माध्यमले विद्यार्थीले विविधतापूर्ण देशको समग्र पक्षको जानकारी प्राप्त गर्न सक्ने हुनुपर्छ ।

**सम्बद्ध शैक्षणिक सामग्रीमा समावेशीकरण** (Inclusiveness in Related Instructional Materials)

शैक्षणिक क्रियाकलापकको मेरुदण्ड पाठ्यक्रम र पाठ्यपुस्तक भए जस्तै सिकाइ क्रियाकलापलाई पूर्णता दिने अर्को महत्त्ववूर्ण पक्ष शैक्षिणिक सामग्री पनि हो । शिक्षकले कक्षाकोठामा प्रभावकारी शिक्षणका लागि तयार गर्ने सहयोगी सामग्री नै शिक्षण सामग्री हो । कक्षाकोठामा बालबालिकाको अगाडि प्रत्यक्ष रूपमा प्रयोग गरिने हुँदा यस्ता सामग्रीहरू पूर्ण रूपमा समावेशी हुनुपर्छ । कक्षाकोठामा प्रयोग गरिने श्रव्य सामग्रीमा प्रयोग गरिएका आवाजहरूमा पनि भाषिक समावेशिताको आवश्यकता पर्छ । त्यस्तै गरी दृश्य सामग्रीमा प्रयोग गरिने चित्र, पोस्टर, स्लाइड आदिमा पनि पूर्ण समावेशिताले कक्षाकोठाको वातावरण सौहार्दपूर्ण बनाउँछ । त्यस्तैगरी कक्षाकोठामा प्रयोग हुने श्रव्यदृश्य सामग्रीमा पनि पूर्ण समावेशी हुन सक्यो सकेन ध्यान दिन सक्नुपर्छ । कक्षाकोठामा भएका बालबालिकामध्ये कुनैलाई चोट पुग्ने वा कम महत्त्व दिने भाषा सङ्केत वा अन्य व्यवहार प्रयोग गरिनु हुँदैन । कक्षाकोठामा बारम्बार प्रयोग हुने मुद्रित सामग्रीहरूलाई पनि सकेसम्म समावेशी बनाउनुपर्छ । यसरी तयार हुने सामग्रीहरूलाई कक्षाकोठामा प्रयोग गर्दा शिक्षकले कुशलतापूर्वक प्रयोग गर्न सक्नुपर्छ । सम्बद्ध सामग्रीका रूपमा पत्रपत्रिका, लेख तथा विविध विषयवस्तुको छनोट गर्दा पनि समावेशितालाई ध्यान दिन सक्नुपर्छ । शिक्षकले शिक्षण सामग्रीको प्रयोग गर्दा कक्षाकोठामा भएका विद्यार्थीको पहिचान गर्दै उनीहरूको पूर्ण सम्बोधन हुने गरी सामग्रीको छनोट गर्न सक्नुपर्छ । कक्षाकोठामा

प्रयोग गरिएका सामग्रीप्रति विद्यार्थीले अपनत्व देखाउन सक्ने हुनुपर्छ । यस्ता सामग्रीले मात्र कक्षाकोठालाई प्रभावकारी बनाई सिकाइ उपलब्धि पूरा गर्न मदत पुग्छ ।

## १२.३ संविधानमा शिक्षा (Education in Constitution)

नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि भएका विभिन्न आन्दोलनको परिणामस्वरूप २०६४ र २०७० को संविधान सभाको निर्वाचनबाट गठन भएको संविधान सभाले २०७२ साल असोज ३ गते 'नेपालको संविधान जारी गरेको हो । यो संविधान सार्वभौमसत्ता सम्पन्न नेपाली जनताबाट प्रत्यक्ष निर्वाचित जनप्रतिनिधिबाट तयार गरी जारी गरिएको हुनाले यसलाई सम्पूर्ण नेपालीले अपनत्व लिई स्वीकार गरिएका छन् ।

नेपालको संविधान २०७२ को भाग ३ मौलिक हक र कर्तव्यअन्तर्गत दफा ३१ मा शिक्षासम्बन्धी हकको व्यवस्था गरिएको छ । संविधानको मौलिक हक र कर्तव्यअन्तर्गत शिक्षालाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने छ ।

२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क प्राप्त गर्ने हक हुने छ ।

३. अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकहरूलाई कानुनबमोजिम नि:शुल्क उच्च शिक्षा पाउने हक हुने छ ।

४. दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता नागरिकलाई सङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम नि:शुल्क शिक्षा पाउने हक हुने छ ।

५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने छ ।

यसको अतिरिक्त नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षा स्थानीय सरकारले सञ्चालन रेखदेख तथा व्यवस्थापन गर्न सक्ने आधिकार प्रदान गरेको छ । उच्च शिक्षा प्रदेश सरकार र सङ्घीय सरकारले सञ्चालन गर्ने व्यवस्था संविधानमा गरिएको छ । विद्यार्थीलाई विश्वबजारमा प्रतिस्पर्धि बनाई स्वतन्त्र रूपमा अगाडि बढ्न सक्ने गुणस्तरीय शिक्षा प्रदान गर्ने नीतिगत व्यवस्था गरिएको छ । प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिँदै स्वरोजगारको सिर्जना गर्ने शिक्षाको व्यवस्थापन गर्न संविधानले मार्ग निर्देशन गरेको छ ।

## १२.४ सङ्घीयतामा शिक्षा (Education in Federalism)

नेपालको अन्तरिम संविधान, २०६३ को पहिलो संशोधनले नेपाललाई सङ्घीय राज्यका रूपमा घोषणा गरेको हो । नेपालको संविधानले पनि नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रका रूपमा परिभाषित गरेको छ ।

नेपालको संविधानले नेपाललाई ७ प्रदेश र ७५३ स्थानीय तहमा विभाजन गरी नेपाललाई आधुनिक ढङ्गले पुनर्संरचना गरेको छ ।

सङ्घीयताको कार्यान्वयनसँगै शिक्षाको स्वरूपसमेत केही हेरफेर भएको छ । स्थानीय सरकारलाई आफ्नो नगर वा गाउँपालिकाअन्तर्गत पूर्वप्राथमिक तहदेखि कक्षा १२ सम्मको विद्यालय सञ्चालन गर्न सक्ने अधिकार प्रत्यायोजन गरिएको छ । गाउँ वा नगरपालिकालाई आफ्नो क्षेत्रभित्र शिक्षासम्बन्धी ऐन तयार गर्ने तथा मूल्याङ्कन गर्ने एवम् विकास गर्ने अधिकार प्रदान गरेको छ । यस्तै गरी प्रदेश सरकारले आफ्नो प्रदेशभित्र शिक्षा विकासका लागि निर्देशन दिने नीति तयार गर्ने, आर्थिक स्रोत जुटाउने, उच्च शिक्षाको आधार तयार गर्ने, उच्च जनशक्तिको प्रयोग गरी शिक्षाको प्रभावकारिता तथा गुणस्तर मापन गर्ने र स्थानीय सरकारलाई शैक्षिक विकासका लागि मार्गदर्शन दिने व्यवस्था गरिएको छ ।

सङ्घीय सरकारले शिक्षाको केन्द्रीय नीति तयार गरी देश भर लागु गराउने, देशमा आवश्यक शिक्षाका लागि प्रर्याप्त बजेटको व्यवस्थापन गर्ने, देशका लागि आवश्यक उच्च जनशक्ति तयार गर्न केन्द्रीय विश्वविद्यालयलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्ने गराउने विदेशी शिक्षण संस्थासँग समन्वय गरी देशमा सञ्चालित विश्वविद्यालयहरूलाई अझ प्रभावकारी बनाउन सहयोग पुऱ्याउने जस्ता महत्त्वपूर्ण कार्य सङ्घीय सरकारले गर्ने व्यवस्था गरिएको छ । प्रदेश र स्थानीय तहमा शिक्षा सम्बन्धी कार्य गर्न प्रशासनिक संरचना बनाइएको छ ।

## शिक्षा ऐन २०२८ (Education Act 1971)

नेपालामा प्रजातन्त्रको स्थापन वि. सं. २००७ सालमा भएपछि शैक्षिक विकासको बाटो खुलेको हो । प्रजातन्त्रको स्थापनासँगै विद्यालयहरू खुल्ने क्रम तीव्र गतिमा भयो । उच्च शिक्षाका लागि कलेजहरू तथा विश्वविद्यालयसमेत सञ्चालन भएकाले यस्ता निकायहरूलाई व्यवस्थापन गर्न शिक्षा ऐनको खाँचो महसुस गरी शिक्षा ऐन २०२८ जारी गरिएको हो । शिक्षा ऐनको मस्यौदा तयार गरी तत्कालीन संसद् राष्ट्रिय पञ्चायतबाट पास भएको थियो । सो ऐन २०२८ साल भाद्र २४ गते राजाबाट लालमोहर लागी शिक्षा ऐन २०२८ तत्काल जारी भएको थियो । यस ऐनले शिक्षाको व्यवस्थापन र नियमन गर्न मदत पुऱ्याएको छ । यस ऐनलाई परिवर्तित सन्दर्भअनुरूप पटक पटक संशोधन गरिएको छ । यस ऐनको प्रथम संशोधन २०३३ सालमा भएको थियो भने क्रमश: २०३६, २०३७, २०४५, २०४९, २०५५, २०५८, २०७३ र २०७४ नवौँ पटक संशोधन भइसकेको छ । हाल यसलाई शिक्षा ऐन २०२८ को नवौँ संशोधन भन्ने गरिन्छ । पूर्व प्राथमिक विद्यालयदेखि उच्च शिक्षासम्मको व्यवस्थापन गर्ने मूल कानुनका रूपमा यस ऐनको महत्त्वपूर्ण भूमिका रहँदै आएको छ ।

## शिक्षा नियमावली (Education Regulations)

शिक्षा ऐन २०२८ ले गरेको व्यवस्थाबमोजिम उक्त ऐनको अधीनमा रहेर शिक्षा क्षेत्रको हरेक निकाय सञ्चालन गर्नका लागि नियमावली तथा निर्देशिका तयार गरिन्छ । नेपालको विद्यालय सञ्चालन गर्न शिक्षा

नियमावली २०५९ तयार गरिएको छ । हरेक पटकको ऐनको संशोधनपश्चात् नियमावली तथा निर्देशिकामा संशोधन गरिन्छ । शिक्षा ऐन २०२८ को सातौँ संशोधन २०५८ मा सम्पन्न भएपछि शिक्षा नियमावली २०५९ तयार गरिएको हो ।

शिक्षा नियमाावलीमा विद्यालय दर्ता, खारेजी, व्यवस्थापन, शिक्षकको योग्यता काम कर्तव्य अधिकार, सेवा सुविधालगायतका सम्पूर्ण पक्षहरू समावेश गरी मन्त्रिपरिषद्बाट पास गराई संसद्बाट अनुमोदन गरिन्छ । हरेक विद्यालय तथा निकायले यसै नियमावली तथा निर्देशिकको अधीनमा रही आफ्नो दैनिक कार्य सञ्चालन गर्नुपर्छ । यदि कुनै व्यक्ति वा संस्थाले नियमावली वा निर्देशिकाको पालना नगरेमा सोही कानुनबमोजिम सजाय हुने व्यवस्था गरिएको हुन्छ ।

## १२.५ अधिकारका रूपमा शिक्षा (Education as Rights)

प्राचीन वैदिककालदेखि मल्लकालीन नेपालसम्म आइपुग्दा नेपालमा शिक्षा गुरु पुरोहित, राजामहाराजा वा सम्पन्न परिवारमा मात्र सीमित थियो । शाहकाल र राणाकालमा आइपुग्दा विद्यालयहरू खुलेता पनि सर्वसाधारणका छोराछोरीहरूले सजिलै विद्यालयमा पढ्ने मौका पाउँदैन थिए । प्रजातन्त्रको स्थापनासँगै नेपालमा सबैले शिक्षा पाउनुपर्छ भन्ने चेनताको विकास र राज्यले पनि शिक्षा प्राप्त गर्नु जनताको अधिकार हो भन्ने कुरा व्यवहारमा लागु गरेको कारण छोटो समयमा शिक्षाको विकास तीव्र गतिमा हुन सकेको हो । यसरी शिक्षाको विकास तीव्र गतिमा हुनुमा राष्ट्रिय र अन्तर्राष्ट्रिय विभिन्न घटनाक्रम तथा अभियानहरूले मुख्य भूमिका खेलेको थियो । यस्ता अभियनहरूमा मानव अधिकार, बाल अधिकार, सबैलाई शिक्षा अभियान तथा विभिन्न समयमा भएका शिक्षासम्बन्धी विश्व शिखर सम्मेलनहरू हुन् ।

### मानव अधिकार (Human Rights)

विश्वमा घटेको पहिलो र दोस्रो विश्वयुद्धको अन्त्य सन् २०४५ मा भई संयुक्त राष्ट्रसङ्घको स्थापना भयो । लामो समय विश्वका शक्तिशाली राष्ट्रहरू प्रत्यक्ष वा अप्रत्यक्ष युद्धमा समावेश भएको हुँदा त्यस्ता देशमा विकासका कुनै पनि कार्य अगाडि बढ्न सकेको थिएन । अर्कातिर पुनः युद्ध दोहोरिने सम्भावनासमेत थियो । मानिसको बाँच्ने, हिँड्ने, खाने, बोल्ने लगायतका अधिकरको संरक्षण गर्नका लागि संयुक्त राष्ट्रसङ्घले सन् १९४८ डिसेम्बर १० तारिखका दिन विश्व मानव अधिकार घोषणा पत्र जारी गरेको थियो । यसअनुसार हरेक डिसेम्वर १० लाई संसारभर विश्व मानव अधिकार दिवसका रूपमा मनाइन्छ । उक्त घोषणा पत्रमा मानव भएका नाताले पाउने सम्पूर्ण अधिकारहरूलाई ३० ओटा धाराहरूमा समावेश गरिएको थियो । उक्त अधिकारमध्ये हरेक नागरिकलाई शिक्षाको अधिकार हुनेछ भन्ने कुरा महत्त्वका साथ समावेश गरिएको थियो । यसले गर्दा शिक्षा अधिकारका रूपमा स्थापित भयो र राष्ट्रसङ्घका हरेक सदस्य राष्ट्रले यसलाई पालना गरेका थिए । मानव अधिकार घोषणपत्रमा शिक्षाको अतिरिक्त समानताको हक स्वतन्त्रतापूर्वक हिँड्डुल गर्ने हक,

सुरक्षाको हक, सम्पत्तिको हक, बोल्न पाउने हक, कानुनी उपचारको हक, सङ्गठित हुन पाउने हक, निवारक नजरबन्द विरुद्धको हक आदि समावेश गरिएको थियो ।

## बाल अधिकार (Child Rights)

सन् १९४८ को मानव अधिकार घोषणपत्रले बालबालिकालाई समेत अधिकारको व्यवस्था गरे तापनि यसले विशेषगरी बालबालिकाको हितमा उल्लेखनीय काम गर्न सकेन । संसार भरका बालकालिकालाई संरक्षण र संवर्धन गर्नका लागि सन् १९५९ मा राष्ट्रसङ्घले १० बुँदे घोषणापत्र जारी गऱ्यो । त्यस्तै गरी सन् १९८९ मा संयुक्त राष्ट्रसङ्घले बाल अधिकार महासन्धि पारित गरेको थियो । त्यसपछि सन् १९९० मा सम्पन्न संयुक्त राष्ट्रसङ्घको बाल अधिकारसम्बन्धी विश्व शिखर सम्मेलनले ५४ बुँदे बालअधिकार घोषणा पत्र जारी गर्दै सम्पूर्ण सदस्य राष्ट्रहरूलाई अनिवार्य पालन गर्ने निर्देशन दिएको थियो ।

यस घोषणा पत्रमा बालबालिकाले बाँच्न पाउने हक, शिक्षाको हक, आमाबाबुको माया पाउने हक, बाल श्रम विरुद्धको हक जस्ता महत्त्वपूर्ण कुराहरू समावेश गरिएको थियो । संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूले सोही घोषणा पत्रलाई आधार मान्दै आआफ्नो देशमा संविधान तथा कानुनमा बाल संरक्षण र बालबालिकालाई शिक्षाको व्यवस्था अधिकारका रूपमा उल्लेख गरेका थिए । नेपालको संविधान २०४७, अन्तरिम संविधान २०६३ र नेपालको संविधानले पनि शिक्षालाई बालबालिकाको अधिकारका रूपमा उल्लेख गरेको छ ।

## सबैका लागि शिक्षा (Education for All) EFA

सन् १९९० मा थाइल्यान्डको जोम्टिन (Jomtien) सहरमा राष्ट्रसङ्घको सदस्य राष्ट्रहरूको शिक्षामन्त्रीहरू संलग्न विश्व शिखर सम्मेलनले संसारमा १००० मिलियनभन्दा बढी बालबालिका र ८५० मिलियनभन्दा बढी प्रौढहरू निरक्षर रहेको तथ्य सार्वजनिक गरेको थियो । यस्तो अवस्थालाई समाधान गर्न सबैलाई शिक्षा (Education for All) EFA भन्ने नारा उक्त सम्मेलनबाट पारित गरिएको हो । सबैलाई शिक्षाको अर्थ विद्यालय जाने उमेरका सबै बालबालिकाहरूलाई विद्यालय पुऱ्याउने व्यवस्था मिलाउने र सबै उमेरका महिला तथा पुरुषहरूलाई साक्षरताको अभियान सञ्चालन गरी साक्षर बनाउने उद्देश्य रहेको थियो । सन् २००० सम्ममा लक्ष्य पूरा गर्ने अटोठसहित उक्त सम्मेलन अन्त गरिएको थियो ।

सबैलाई शिक्षा अभियान के कति सफल भयो भनी छलफल गर्न विभिन्न सम्मेलनहरू सम्पन्न भएका थिए । त्यस्ता सम्मेलनहरू सन् १९९६ मा जोडनको राजधानी अम्मानमा, सन् २००० मा सेनेगलको राजधानी डकारमा र सन् २००१ मा नेपालको राजधानी काठमाडौँमा सम्पन्न भएका थिए । तर सन् २००० सम्म लक्ष्य पूरा हुन नसकेकाले यसको अवधि थप गरी सन् २०१५ सम्म पुऱ्याइएको थियो । गरिब मुलुकलाई राष्ट्रसङ्घलगायतका विभिन्न निकायहरूले आर्थिक तथा प्राविधिक सहयोग गरी यस कार्यलाई विश्वव्यापी रूपमा सफल बनाउने काम भएको थियो ।

## अभ्यास

१. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) समावेशी शिक्षा भनेको के हो ?

(ख) बाल अधिकार भन्नाले के बुझिन्छ ?

(ग) सबैका लागि शिक्षालाई चिनाउनुहोस् ।

२. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) समावेशी शिक्षाको अर्थ लेखी यसको महत्त्व उल्लेख गर्नुहोस् ।

(ख) पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेशिताको आवश्यकता प्रस्ट पार्नुहोस् ।

(ग) नेपालको संविधानमा उल्लेख गरिएको शिक्षाको व्यवस्थाबारे व्याख्या गर्नुहोस् ।

(घ) शिक्षालाई अधिकारका रूपमा स्थापित गर्ने अन्तर्राष्ट्रिय प्रयासहरू के के हुन् ?

३. **प्रयोगात्मक क्रियाकलाप**

(क) आफू पढ्ने विद्यालयमा विद्यार्थीहरूको सङ्ख्यालाई धर्म, लिङ्ग, जातजाति, भाषा र धर्मका आधारमा वर्गीकरण गर्नुहोस् र यसका आधारमा एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

(ख) आफ्नो गाउँ वा नगरपालिकाअन्तर्गत भएका बाल अधिकारका क्रियाकलापहरूको सूची तयार गर्नुहोस् ।

एकाइ
१३

# विद्यालय र समुदायबिचको सम्बन्ध
# (Relationship Between School and Community)

## १३.१ विद्यालय र समुदायको सम्बन्ध (Relation Between School and Community)

विद्यालय बालबालिकाले शिक्षा आर्जन गर्ने साझा संस्था हो । समाजमा रहेका हरेक वर्ग, क्षेत्र, लिङ्ग आदिका बालबालिकाहरूले समान हैसियतमा विद्यालयमा निर्वाद रूपमा शिक्षा आर्जन गर्न सक्छन् । यस्तो वातावरणको सिर्जना गर्ने काम विद्यालय प्रशासन र समाजको हो । विद्यालय समाजको साझा सम्पत्ति हो भने समाज विद्यालयको साझा अभिभावक हो । विद्यालयको नवीनत शिक्षाले समाजलाई रूपान्तरण गर्न मदत पुऱ्याउँछ भने विद्यालय विकासमा समाजले सहयोग पुऱ्याएको हुन्छ । तसर्थ विद्यालय र समाज बिचको सम्बन्ध अत्यन्त सुमधुर हुनुपर्छ । विद्यार्थीलाई औपचारिक शिक्षा विद्यालयबाट प्रदान गरिन्छ । तर विद्यालयसम्म आइपुग्ने वातावरण र बालबालिकाहरूको सामाजिक व्यवहारलाई असल बनाउन विद्यालय र समाजको भूमिका बराबर रहन्छ ।

स्थानीय समुदायको सहयोग नभई विद्यालय अगाडि बढ्न सक्दैन । विद्यालयमा सञ्चालन हुने हरेक क्रियाकलापमा समुदायको चासो हुनुपर्छ । विद्यालयलाई आवश्यक पर्दा समुदायले सामूहिक रूपमा सहयोग पुऱ्याउनुपर्छ । समुदायको आवश्यकता, धर्म, संस्कृति आदि पक्षलाई आधार मानेर विद्यालयले आफ्ना बालबालिकालाई शिक्षा प्रदान गरे नगरेको समुदायले हेर्न सक्नुपर्छ । आवश्यक परेमा समुदायले विद्यालयलाई रायसुझाव उपलब्ध गराउने र सचेत गराउनेसम्मको भूमिका निर्वाह गर्नुपर्छ । तसर्थ समुदायले विद्यालयलाई निम्नलिखित सहयोग उपलब्ध गराउनुपर्दछ :

१. विद्यालयको नीति निर्माणमा सहयोग गरेर
२. विद्यालयको भौतिक पूर्वाधार (भवन, फर्निचर, खानेपानी, शौचालय, खेलमैदान आदि) निर्माणमा सहयोग गरेर
३. विद्यालयलाई आर्थिक स्रोत जुटाउन मदत गरेर
४. विद्यार्थी भर्ना अभियानमा सहभागी भएर
५. विद्यालयको स्थानीय पाठ्यक्रम निर्माणमा रायसुझाव उपलब्ध गराएर ।

समुदायले विद्यालयलाई सहयोग पुऱ्याए जस्तै विद्यालयले पनि समुदायलाई सहयोग पुऱ्याउन सक्छ । विद्यालय आफैँमा सानो समुदाय हो । समाजका सबै वर्गका विद्यार्थी विद्यालयमा देख्न सकिन्छ । समाजलाई गति दिने, आधुनिकीकरण गर्ने र समाजमा शैक्षिक चेतना फैलाउने सम्मको काम विद्यालयले पूरा गर्नुपर्छ । त्यसकारण समाजको रूपान्तरणमा विद्यालयको भूमिका महत्त्वपूर्ण हुन्छ । विद्यालयले समाजमा पुऱ्याउन सक्ने योगदानलाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

१. शिक्षाको आवश्यकता र महत्त्वसम्बन्धी चेतना विकास गराउने
२. विद्यालय सञ्चालनमा समुदायको दायित्व प्रस्ट पार्ने
३. समाजमा भएका परम्परागत रुढीवादी विरुद्ध सचेतना अभियान चलाउने
४. साक्षरता विकासमा सहयोग पुऱ्याउने
५. स्वास्थ्य तथा वातावरणीय चेतनाको विकास गराउने
६. बालबालिकाको सफलतामा आमाबुबाको भूमिका प्रस्ट पारिदिने ।

## १३.२ विद्यालयसम्बद्ध सङ्गठित संस्थाहरू

विद्यालयलाई नियमित रूपमा व्यवस्थापन र सञ्चालन गर्नका लागि विद्यालय प्रशासनको अतिरिक्त विभिन्न सङ्गठित संस्थाहरू गठन गरिएको हुन्छ । यस्ता संस्थाहरूलाई विद्यालयसम्बद्ध सङ्गठित संस्थाहरू भनिन्छ । यस्ता संस्थाहरू सम्बन्धित गाउँ वा नगरपालिकालाई केन्द्रित गरी गठन गरिन्छ । विद्यालयको रहेक गतिविधिलाई नजिकबाट सहयोग पुऱ्याउन यस्ता संस्थाहरूको कर्तव्य हुन्छ । विद्यालयको प्रशासनले पनि त्यस्ता संस्थाहरूसँग समन्वय गर्दै आफ्ना कार्यक्रमहरू अगाडि बढाउनुपर्दछ । समुदायमा रहेका समाजसेवी, शिक्षाविद्, सामाजिक कार्यकर्ता र स्थानीय सरोकारवाला जनप्रतिनिधिहरू यस्ता संस्थामा आबद्ध गरिएका हुन्छन् । यता व्यक्तिहरूले आआफ्नो भूमिकामा रहेर विद्यालयको दैनिक क्रियाकलापमा सहयोग पुऱ्याइरहेको हुन्छ ।

### विद्यालय व्यवस्थापन समिति (School Management Committee)

विद्यालयलाई प्रत्यक्ष सहयोग पुऱ्याउनका लागि विद्यालय रहेको सम्बन्धित टोल वा समुदायमा आधारित भई विद्यालय व्यवस्थापन समिति गठन गरिएको हुन्छ । शिक्षा ऐन २०२८ मा व्यवस्था भएबमोजिम हरेक विद्यालयले आफ्ना अभिभावकलाई समेटेर एउटा विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्छ । यस्तो समिति निम्नबमोजिम गठन गरिएको हुन्छ :

१. अभिभावकहरूले आफूमध्येबाट छानी पठाएका दुई जना महिलासहित चार जना ................ सदस्य
२. विद्यालय रहेको गाउँ वा नगरपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा सदस्यमध्येबाट वडा समितिले मनोनयन गरेको एक जना ................................................................सदस्य
३. विद्यालयको संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई रु. दश लाखसम्म वा सोभन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना ..........................................सदस्य

४. विद्यालयका शिक्षकहरूले आफू मध्येबाट छानी पठाएको एक जना ....................................सदस्य

५. सम्बन्धित विद्यालयका प्रधानाध्यपक ..........................................................सदस्य सचिव ।

यसरी गठन गरिएको नौ सदस्यीय विद्यालय व्यवस्थापन समितिको अवधि तीन वर्षको हुन्छ । त्यस्तो समितिको बैठक शिक्षा ऐन र नियमावलीले तोकेबमोजिम नियमित रूपमा बस्नुपर्दछ । विद्यालय व्यवस्थापन समितिको बैठकमा विद्यालय हेर्ने सम्बन्धित विद्यालय निरिक्षकलाई पर्यवेक्षकका रूपमा आमन्त्रण गर्न सकिने प्रावधान ऐनमा गरिएको छ । विद्यालयमा गठन हुने विद्यालय व्यवस्थाापन समितिको काम, कर्तव्य र अधिकार निम्नअनुसार तोकिएको हुन्छ :

१. विद्यालय सञ्चालनका लागि प्राप्त साधन स्रोतको परिचालन गर्ने
२. विद्यायको चल अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र संरक्षण गर्ने
३. विद्याययको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने
४. विद्यायको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँ वा नगर शिक्षा समिति र जिल्ला शिक्षा समितिलाई दिने
५. विद्यालयमा स्वच्छ शैक्षिक वातावरण निर्माणमा सहयोग पुऱ्याउने
६. जिल्ला शिक्षा वा स्थानीय सरकारबाट खटिएको शिक्षकलाई हाजीर गराई काममा लगाउने
७. जिल्ला शिक्षा वा स्थानीय तहबाट खटिएको लेखा परीक्षकबाट विद्यालयको लेखा परीक्षण गराउने
८. विद्यालय आफैँले नियुक्ति वा बढुवा गरेको शिक्षकको पारिश्रमिक वा सुविधाको व्यवस्थापन गर्ने
९. विद्यालयको शैक्षिक गुणस्तर विकास गर्न शिक्षक अभिभावक सङ्घ गठन गर्ने ।

## अभिभावक शिक्षक सङ्घ (Parent Teachers Association) PTA

समुदायबाट विद्यालयलाई बृहत्तर सहयोग पुगोस् भन्नका लागि हरेक विद्यालयमा एउटा शिक्षक अभिभावक सङ्घ गठन गरिएको हुन्छ । विद्यालय व्यवस्थापन समितिमा समावेश हुन नसकेको तर विद्यालयलाई आवश्यक पर्ने शिक्षाप्रेमी, शिक्षाविद्, चन्दादाता, समाजसेवीलगायत अन्य अभिभावक र विद्यालयका शिक्षकहरू सम्मिलित गराएर अभिभावक शिक्षक सङ्घ गठन गरिन्छ । विद्यालय व्यवस्थापन समितिले आफ्नो अधिकार क्षेत्रभित्र रहेर यस्तो समितिको गठन गर्दछ । शिक्षक अभिभावक सङ्घ विद्यालय व्यवस्थापन समितिप्रति उत्तरदायी हुन्छ । यसले विद्यालय व्यवस्थापन समितिले जस्तै विद्यालय व्यवस्थापनमा रचनात्मक सहयोग पुऱ्याउन सक्छ । यस सङ्घले विद्यालय समुदायबिचको सम्बन्धलाई सुमधुर बनाउन मदत गर्दछ । विद्यालय हाम्रो साझा सम्पत्ति हो भन्ने भावनाको विकास यस सङ्घले गरेको हुन्छ । विद्यालयको विकास नै समाज विकासको सूचक हो भन्ने भावनाले प्रेरित भएर यस सङ्घले कार्य गर्नुपर्दछ । शिक्षक अभिभावक सङ्घमा वास्तविक अभिभावकको संलग्नता रहने हुनाले विद्यालयको हरेक गतिविधिमा उनीहरूको प्रत्यक्ष चासो र सरोकार हुने गर्दछ ।

विद्यालयलाई शैक्षिक गतिविधिमा सहयोग पुऱ्याउन अन्य विभिन्न सङ्घसंस्था पनि समाजमा सक्रिय रहेका हुन्छन् । यस्ता संस्थाहरूमा बाल तथा युवा क्लब, आमा समूह तथा शिक्षासँग सम्बन्धित विभिन्न सामाजिक सङ्घसंस्थाहरू रहन्छन् । यस्ता संस्थाहरूले समाजमा हुने सामाजिक विभेद, बालश्रम, लैङ्गिय विभेद जस्ता असामाजिक गतिविधिको विरुद्ध सामाजमा आवाज उठाउँदै सामाजिक न्यायलाई स्थापित गर्न मदत पुऱ्याउन सक्छ । यस्ता संस्थाहरूले विदेशी दातृ निकायहरूसँग समन्वय गरी विद्यालयलाई आर्थिक तथा प्राविधिक सहयोगसमेत उपलब्ध गराउन सक्छ । त्यसैले यस्ता सङ्घसंस्थाहरूको भूमिका महत्त्वपूर्ण हुने गर्दछ ।

## १३.३ विद्यालयका प्रकारहरू (Types of schools)

नेपालमा विभिन्न प्रकारका विद्यालयहरू सञ्चालनमा रहेका छन् । चार वर्ष उमेर पूरा गरेका बालबालिकाहरूलाई एक वर्षको प्रारम्भिक बालशिक्षा दिइने व्यवस्था छ । यस्तो शिक्षा दिइने विद्यालयलाई पूर्व प्राथमिक विद्यालय भनिन्छ । कक्षा एकदेखि कक्षा पाँचसम्मको प्राथमिक शिक्षा दिइने विद्यालयलाई प्राथमिक विद्यालय र प्रारम्भिक बालशिक्षादेखि कक्षा आठसम्मको आधारभूत शिक्षा दिने विद्यालयलाई आधारभूत विद्यालय भनिन्छ । कक्षा नौदेखि बाह्रसम्मको शिक्षा दिइने विद्यालय माध्यमिक विद्यालय हुन् ।

नेपाल सरकारबाट अनुदान पाउने वा नपाउने आधारमा दुई प्रकारका विद्यालयहरू सञ्चालनमा रहेका छन् । तिनको सङ्क्षिप्त परिचय तल दिइएको छ :

### १. सामुदायिक विद्यालय

कानुनले व्यवस्था गरेबमोजिम समाजमा स्थापना भई नेपाल सरकारका तर्फबाट नियमित रूपमा अनुदान प्राप्त गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयहरूलाई सामुदायिक विद्यालय भनिन्छ । सरकारी अनुदानमा चल्ने हुनाले यसलाई सामान्यतया सरकारी विद्यालय पनि भन्ने गरिन्छ । भूगोल जनसङ्ख्या तथा विद्यार्थीको सङ्ख्याका आधारमा यस्ता विद्यालयहरूमा पूर्वाधार तोकिएको विद्यार्थी शिक्षक अनुपातका आधारमा शिक्षक दरबन्दीको व्यवस्था गरिएको हुन्छ । सामुदायिक विद्यालयहरू प्रारम्भिक बालशिक्षादेखि कक्षा १२ सम्म सञ्चालन गरिएको हुन्छ ।

माध्यमिक तहमा साधारण, संस्कृत र प्राविधिक तथा व्यावसायिक माध्यमकि शिक्षा प्रदान गर्ने विद्यालयहरू सञ्चालनमा रहेका छन् । एउटै विद्यालयमा साधारण, संस्कृत र प्राविधिक तथा व्यावसायिक शिक्षासमेत दिइने व्यवस्था रहेको छ । साधारण शिक्षामा मानविकी तथा सामाजिक विषयका अतिरिक्त विज्ञान, गणित, व्यवस्थापन र व्यावसायिक विषयहरूको पठनपाठन गर्ने व्यवस्था रहेको छ ।

संस्कृत शिक्षामा अनिवार्य विषयका अतिरिक्त संस्कृत भाषा, संस्कृत व्याकरण, फलित ज्योतिष, कर्मकाण्डलगायतका विषयहरू समावेश गरिएको छ । संस्कृत विद्यालय शिक्षाको माध्यमिक पाठ्यक्रममा ऐच्छिक विषयमा वेद, व्याकरण, न्याय, ज्योतिष, साहित्य, नीतिशास्त्र कर्मकाण्ड, आयुर्वेद, योग शिक्षा, प्राकृतिक चिकित्सा जस्ता विषयहरू छनोट गर्न सकिने व्यवस्था मिलाइएको छ ।

संस्कृत धारका विद्यालयहरू गुरुकुल, वेद विद्यालश्रम र संस्कृत विद्यालयका रूपमा सञ्चालनमा रहेका छन् । माध्यमिक तहको पाठ्यक्रम ढाँचाअन्तर्गत कक्षा ९-१० मा साधारण तथा संस्कृत शिक्षा, प्राविधिक तथा व्यावसायिक धार र परम्परागत धार्मिक शिक्षा समूह रहेका छन् । परम्परागत धार्मिक शिक्षा समूहअन्गर्तत गुरुकुल समावेश गरिएको छ । यसमा ऐच्छिक पहिलो, दोस्रो र तेस्रो पत्रमा वेद, नीतिशास्त्र, सिद्धान्त ज्योतिष न्याय, संस्कृति साहित्य, कर्मकाण्ड, आयुर्वेद, योग शिक्षा, प्राकृतिक चिकित्सालगायतका विषयहरू पठनपाठन गर्ने व्यवस्था मिलाइएको छ ।

माध्यमिक तहको प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षाको कक्षा ९-१० मा नेपाली, अङ्ग्रेजी, गणित विज्ञानलगायत छ ओटा विधागत विषयहरू समावेश गरिएका छन् । विधागत विषयमा कृषि, इन्जिनियरिङ सङ्गीत शिक्षालगायतका विषयहरूको पठनपाठन गरिन्छ । आयमूलक कार्य गर्ने र स्वरोजगारी सिर्जना गर्ने उद्देश्यले प्राविधिक तथा व्यावसायिक धारको शिक्षा पप्रदान गरिन्छ ।

परम्परागत धार्मिक शिक्षा समूहअन्गर्तत गुरुकुलका साथै मदरसा र गोन्पा तथा विहार शिक्षा रहेका छन् । इस्लाम धर्म मान्ने समुदायको बसोबास भएको ठाउँमा इस्लाम धर्मको मूल्य र मान्यताअनुसार सञ्चालन गरिने विद्यालयलाई मदरसा भनिन्छ । मदरसा शिक्षामा अनिवार्य विषयलगायत आचार शिक्षा (दीनीयात), कुरआन, उर्दू भाषा, अरेबिक भाषा साहित्य र व्याकरण आदि विषयको पठनपाठन गरिने व्यवस्था छ ।

गोन्पा तथा विहार शिक्षामा अनिवार्य विषयका अतिरिक्त भोटभाषा वा पाली भाषा, बौद्ध शिक्षा, सम्भोटा व्याकरण, थान्का, बौद्ध कर्मकाण्ड आदि विषयको पठनपाठन गर्न सकिने व्यवस्था रहेको छ । गोन्पा शिक्षा बुद्ध धर्ममा आधारित भएर गुम्बा, विहार तथा स्तुपहरूमा प्रदान गरिन्छ । बुद्ध धर्मका पञ्शील, सदाचार, विश्वशान्ति, सद्कर्मलगायतका मूल विषयवस्तुमा आधारित भई शिक्षालाई सन्तुलित र व्यवस्थित गरिएको छ ।

## २. संस्थागत विद्यालय

नेपाल सरकारबाट नियमित अनुदान नपाउने गरी कानुनबमोजिम अनुमति र स्वीकृति लिई सञ्चालन हुने विद्यालयलाई संस्थागत विद्यालय भनिन्छ । यस्तो विद्यालयमा व्यक्ति वा समूहको निजी लगानी रहने हुनाले यस्तो विद्यालयलाई निजी विद्यालय पनि भन्ने गरिन्छ । नेपालको सहरी तथा बजार एवम् सुगम ग्रामीण क्षेत्रमा यस्ता विद्यालयहरू सञ्चालनमा आएका छन् । सरकारबाट नियमित अनुदान प्राप्त नगर्ने हुनाले सरकारको अधीनमा रही यस्ता विद्यालयले विद्यार्थीहरूबाट शुल्क उठाउँदै आफ्नो नियमित प्रशासन सञ्चालन गरिरहेका हुन्छन् । शुल्क निर्धारण गर्दा राज्यले तोकेको मापदण्डअनुसार गरिनुपर्दछ । यस्तो विद्यालयमा पूर्व प्राथमिक तहदेखि कक्षा १२ सम्म सञ्चालन गरिएको हुन्छ । विद्यालयको व्यवस्थापन राम्रो हुने, अङ्ग्रेजी माध्यममा शिक्षा दिइने, विद्यालय पोसाकको अनिवार्य व्यवस्था, थप पाठ्यसामग्रीहरूको प्रयोग, अतिरिक्त क्रियाकलापको व्यवस्था आदि कारणले विशेष गरी उच्च र मध्यम वर्गका अभिभावकले शुल्क तिरेरै भए पनि आफ्नो छोराछोरीहरूलाई संस्थागत विद्यालयमा पठाउने गरेको पाइन्छ । विद्यालयहरू सुगम क्षेत्रमा मात्र सञ्चालन गरिने हुँदा सबै विद्यार्थीहरूको पहुँचमा यस्ता विद्यालयहरू पुग्न सकेका छैनन् ।

## खुला तथा वैकल्पिक शिक्षा

विद्यालयको नियमित समयमा अध्ययन गर्न नसक्ने बालबालिका, युवायुवती र प्रौढहरूका लागि खुला तथा वैकल्पिक शिक्षाको व्यवस्था गरिएको छ । यस्ता कार्यक्रम सञ्चालन गर्ने विद्यालयलाई खुला विद्यालय र अनौपचारिक प्रौढ विद्यालय भनी नामाकरण गरिएको पाइन्छ । कुनै विद्यालयले अनौपचारिक, दूर तथा खुला शिक्षा सञ्चालन गर्न चाहेमा आवश्यक जाँच बुझ गरी स्वीकृति दिने कानुनी व्यवस्था रहेको छ । यसमा विषयगत पाठ्यक्रमलाई तोकिएको सिकाइ उपलब्धि हासिल हुने गरी विद्यार्थी/सिकारुको उमेर र पूर्व अनुभवसमेत ध्यानमा राखेर सङ्कुचन (Conderse) गरेर कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको छ । हाल कक्षा १-५ को पाठ्यक्रमलाई तीन वर्ष, कक्षा ६-८ को पाठ्यक्रमलाई दुई वर्ष र कक्षा ९-१० को पाठ्यक्रमलाई एक वर्षमा पूरा गर्ने गरी सङ्कुचन गरेर कार्यान्वयन गर्ने व्यवस्था मिलाइको छ । यसरी समायोजित पाठ्यक्रमका लागि निर्धारण गरिएको परीक्षा पद्धतिअनुसार नै परीक्षामा सहभागी हुनुपर्ने र सोही व्यवस्थाअनुसार नै प्रमाणीकरण गर्ने व्यवस्था रहेको छ ।

## १३.४ विद्यालय शिक्षामा अभिभावकको भूमिका (Role of parent in school education)

कुनै पनि विद्यालमा नियमित अध्ययन गर्ने बालबालिकाका आमा, बाबु, हजुरबुबा, हजुरआमालाई अभिभावक भन्ने गरिन्छ । यदि कुनै बालबालिकाको उल्लिखित अभिभावक छैनन् भने नजिकका नातेदारलाई अभिभावकका रूपमा लिन सकिन्छ । त्यस्तो अभिभावक नभएमा विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई नै अभिभावक मानिन्छ । आफ्ना केटाकेटीहरूलाई गुणस्तरीय शिक्षाको व्यवस्थापन गर्नु अभिभावकको कर्तव्य र दायित्व हुन जान्छ । आफ्नो केटाकेटीहरूप्रति जति अभिभावकको दायित्व हुन्छ त्यति नै आफ्ना केटाकेटी पढ्ने विद्यालयप्रति पनि रहन्छ । त्यसैले विद्यालय शिक्षामा हरेक अभिभावकको दायित्व रहेको हुन्छ । असल तथा सचेत अभिभावक रहेको विद्यालयले आफ्ना शैक्षिक कार्यक्रम सजिलै अगाडि बढाउन र सफलता प्राप्त गर्न सक्छन् तर अभिभाभवक इमानदार र सचेत छैनन् भने विद्यालयले गति लिन निकै कठिन हुन्छ । एउटा असल अभिभावकको विद्यालय शिक्षामा निम्नलिखित भूमिकाहरू उल्लेख गर्न सकिन्छ :

१. विद्यालयको पूर्वाधार विकासका लागि आर्थिक सहयोग उपलब्ध गराई सहयोग गर्ने
२. आफ्ना बालबालिकाहरूलाई नियमित विद्यालय पठाई उनीहरूको दैनिक, साप्ताहिक, मासिक आदि प्रगति प्रतिवेदन बुझ्ने र उचित सुझाव विद्यालयलाई प्रदान गर्ने
३. विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक सङ्घ तथा अन्य निकायमा बसी विद्यालयको हरेक गतिविधिमा सहयोग पुऱ्याउने
४. प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीलाई उचित सुझाव र सल्लाह प्रदान गर्ने
५. विद्यालयको अहित हुने वा हानी हुने कुनै सूचना भए समयमा नै विद्यालयलाई जानकारी दिने ।

## १३. ५ विद्यालयमा प्रधानाध्यापकको भूमिका (Role of Headmaster in School)

प्रधानाध्यापक विद्यालयको प्रमुख प्रशासक हो । हरेक विद्यालयमा शिक्षकहरूमध्येबाट उच्च योग्यता र क्षमता भएको प्रशासन सञ्चालन गर्न सक्ने नेतृत्वदायी दक्षता भएको व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको सिफारिसमा जिल्ला शिक्षा कार्यालयले प्रधानाध्यापकमा नियुक्त गर्दछ । यस्तो व्यक्तिले विद्यालयको प्रशासनिक र शैक्षिक दुवै कार्यलाई दैनिक सञ्चालन गर्नुपर्दछ । आफू मातहतका शिक्षक तथा कर्मचारीलाई नेतृत्वदायी भूमिका निर्वाह गर्दै एउटा सफल प्रशासक बन्न सक्नुपर्छ । एउटा कुशल प्रधानाध्यापकको कार्यहरू निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

१. विद्यालय सञ्चालनका लागि वार्षिक कार्ययोजना र विद्यालय सुधार योजना SIP (School Improvement Plan) निर्माण गर्ने

२. विद्यालयलाई आवश्यक आर्थिक स्रोतको प्रबन्ध गर्ने

३. विद्यालयका जिन्सी तथा नगद सम्पत्तिको अभिलेखीकरण गर्ने

४. विद्यालयको शिक्षक तथा कर्मचारीको अभिलेखीकरण गर्ने

५. विद्यालयको दैनिक कार्ययोजना बनाई पठनपाठनलाई प्रभावकारी बनाउने

६. विद्यालयको आन्तरिक अनुगमनकर्ताको भूमिकामा प्रस्तुत भई कार्य सम्पन्न गर्ने

७. विद्यालयका शिक्षक तथा कर्मचारीलाई मार्गदर्शन गर्ने

८. विद्यालय व्यवस्थापन समितिमा सदस्य सचिवको भूमिकामा बैठकका एजेन्डाहरू प्रस्तुत गर्दै निर्णयलाई सुरक्षित राख्ने

९. विद्यालय र अभिभावकबिचको सम्बन्ध सुमधुर बनाउन प्रयत्नशील हुने

१०. विद्यालयलाई प्रविधियुक्त बनाई आधुनिकीकरण गर्न प्रयत्नशील हुने ।

### *अभ्यास*

१. तलका प्रश्नको अतिछोटो उत्तर दिनुहोस् :

(क) विद्यालयसम्बद्ध हुने एक संस्थाको नाम लेख्नुहोस् ।

(ख) विद्यालय व्यवस्थापन समितिमा कति जना सदस्य रहेका हुन्छन् ?

(ग) इस्लाम धर्ममा आधारित विद्यालयलाई के भनिन्छ ?

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) विद्यालय र समुदायबिच सौहार्दपूर्ण सम्बन्ध किन आवश्यक छ, प्रस्ट पार्नुहोस् ।

(ख) विद्यालय व्यवस्थापन समितिका कुनै पाँचओटा कार्यहरू उल्लेख गर्नुहोस् ।

(ग) विद्यालयमा अभिभावकको भूमिकाको चर्चा गर्नुहोस् ।

(घ) प्रधानाध्यापकका कुनै पाँचओटा कार्यहरू वर्णन लेख्नुहोस् ।

(ग) तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

१. विद्यालयसम्बद्ध सङ्गठित संस्थाहरूको सूची बनाई शैक्षिक विकासमा तिनीहरूको भूमिका उल्लेख गर्नुहोस् ।

२. नेपालमा सञ्चालित विद्यालयहरूको सूची बनाई हरेकको छोटकरीमा वर्णन गर्नुहोस्

## प्रयोगात्मक क्रियाकलाप

१. आफ्नो विद्यालय रहेको गाउँ वा नगरपालिकाअन्तरर्गत रहेका विद्यालयको सूचीसहित वर्गीकरण गरी हरेक विद्यालयको सङ्क्षिप्त प्रतिवेदन तयार गर्नुहोस् ।

एकाइ
१४

# शिक्षा परियोजनाहरू

## (Educational Projects)

कुनै विकास योजनाको उद्देश्य तोकिएको समयसीमा भित्रै प्राप्त गर्न परियोजना सञ्चालन गरिन्छ । परियोजनाको व्यवस्थापन दक्ष व्यक्ति वा समूहबाट गरिन्छ । यसमा योजनाको दीर्घकालीन लक्ष्य र उद्देश्य प्राप्तिका लागि प्रक्रिया निर्धारण गर्नुका साथै भौतिक र आर्थिक स्रोतसाधनको परिचालन गरिएको हुन्छ । नेपालमा शैक्षिक योजना निर्माणको थालनी वि.सं. २०१० सालमा राष्ट्रिय शिक्षा योजना आयोगको गठनसँगै भएको थियो । तर वैदेशिक लगानीसमेत परिचालन गरी शैक्षिक परियोजना सञ्चालन गर्ने कार्य वि.सं. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु भएपछि सुरु गरियो । यस एकाइमा नेपालमा सञ्चालन गराएका केही प्रमुख शैक्षिक परियोजनाहरूका बारेमा जानकारी दिइएको छ :

### १४.१ ग्रामीण विकासका लागि शिक्षा परियोजना ERDP (Education for Rural Development Project सेती परियोजना (Seti Project)

नेपालमा वि.सं.२०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना (नयाँ शिक्षा) लागु भएपछि वैदेशिक लगानीमा विभिन्न परियोजनाहरू सञ्चालन भएका हुन । विशेष गरी विद्यालय शिक्षाको गुणस्तर सुधार गर्नका लागि यस्ता परियोजनाहरू सञ्चालन भएका थिए । यसरी सुरु भएको परियोजनामध्ये सबैभन्दा महत्त्वपूर्ण परियोजना ग्रामीण विकासका लागि शिक्षा परियोजना ERDP (Education for Rural Development Project) हो । अन्तर्राष्ट्रिय सहयोगी संस्थाहरू UNDP, UNICEF र UNESCO को सहयोगमा २०३८ सालमा यो परियोजना सुरु भएको हो । पश्चिम नेपालको सेती अञ्चलको डोटी, बझाङ, बाजुरा हुँदै कैलालीसम्म यो परियोजना सञ्चालन भएको थियो । सेती अञ्चललाई सेमेटेर सञ्चालन गरिएको हुनाले यस परियोजनालाई चलनचल्तीको भाषामा सेती परियोजना (Seti Project) भन्न थालियो । यस परियोजनाको पहिलो अवधि २०३८ देखि २०४३ सम्म पाँच वर्ष र दोस्रो अवधि २०४३ देखि २०४८ सम्म गरी १० वर्ष निरन्तर सञ्चालन भएको थियो । यस परियोजनाले विद्यालय जुन स्थानमा छ वा जनु समुदायमा छ उक्त समुदायको आर्थिक, शैक्षिक, सामाजिक, सांस्कृतिक आदि पक्षको विकास गराउन विद्यालयलाई परिवर्तनको वाहकका रूपमा प्रयोग गरिएको थियो । यसले स्थानीय जनतालाई उनीहरूको आफ्नो गाउँ विकास गर्न तथा विकासात्मक क्रियाकलापमा सहभागी गराउन जागरुक बनाएको थियो । यस योजनाको मुख्य लक्ष्य शिक्षामार्फत समुदायको विकास भन्ने रहेको थियो ।

#### ग्रामीण विकासका लागि शिक्षा परियोजनाका उद्देश्यहरू

१. शैक्षिक क्षेत्रमा नयाँ उपायहरू अवलम्बन गरी शिक्षाको गुणस्तर सुधार गर्ने

२. शिक्षकलगायत अन्य सम्बद्ध पक्षलाई तालिम दिने

३. शिक्षा विकासमा नयाँ नीति अवलम्बन गरी यसलाई नमुनाका रूपमा कार्यान्वयन गराउने

४. विद्यालय र समुदायबिचको सम्बन्ध सुमधुर बनाउने

५. प्राथमिक विद्यालयमा आवश्यक शिक्षण सामग्रीको व्यवस्थापन गर्ने

६. विद्यालयको भौतिक पूर्वाधार निर्माणमा सहयोग पुऱ्याउने

७. प्राथमिक विद्यालयको पाठ्यक्रमलाई सुधार गरी समुदाय केन्द्रित बनाउने ।

## ग्रामीण विकासका लागि शिक्षा परियोजनाका क्रियाकलापहरू

वि.सं. २०३८ देखि २०४८ सम्म दुई चरण गरी दश वर्ष सञ्चालन भएको यस परियोजनाले निर्धारित उद्देश्य पूरा गर्न विभिन्न क्रियाकलापहरू सञ्चालन गरेको थियो । यसले सञ्चालन गरेका कार्यक्रमका आधारमा हेर्दा यो परियोजना सफल परियोजनाका रूपमा लिन सकिन्छ ।

### (क) भौतिक पूर्वाधारमा सुधार

यस परियोजनाले कार्यक्रमको पहिलो चरणमा नै विद्यालयको समस्या पहिचान गरी भौतिक पूर्वाधार विकासमा ठुलो सहयोग पुऱ्याएको थियो । यसले डोटी र बझाङको ८४ ओटा विद्यालय भवन निर्माण गरेको थियो । परियोजना सञ्चालन भएका चारओटै जिल्लामा खेल मैदान र विद्यालय हातमा पर्खाल लगाउने काम सम्पन्न गरेको थियो । विद्यालयमा छात्रछात्रालाई सुविधायुक्त चर्पी, पिउने पानी, खेल सामग्री तथा पुस्तकालयको व्यवस्था जस्ता कार्यहरू यस परियोजनाले सफलतापूर्वक पूरा गरेको थियो ।

### (ख) स्रोतकेन्द्रको स्थापना

हरेक जिल्लाका शिक्षा कार्यालयमार्फत विद्यालयको अनुगमन तथा निर्देशन हुँदा सबै ग्रामीण भेगमा त्यसको प्रभावकारिता न्यून हुने र शिक्षाको गुणस्तरमा कमी आउने हुनाले यस परियोजनाले ६ देखि १४ ओटा विद्यालय रहेको क्षेत्रलाई एउटा स्रोतकेन्द्र (Resource Centere ) का रूपमा कार्यालय स्थापना गरेको थियो । प्रत्येक केन्द्र मध्येबाट एउटा माध्यमिक वा निम्न माध्यमिक विद्यालयलाई स्रोतकेन्द्र मान्ने र उक्त विद्यालयको प्रधानाध्यापकलाई स्रोतव्यक्तिका रूपमा प्रयोग गरिएको थियो । एउटा स्रोतकेन्द्रअन्तर्गतको विद्यालयलाई स्याटेलाइट स्कुल (Satellite School) भन्ने गरिन्थ्यो । यस्तो स्रोतकेन्द्रले अन्य विद्यालयको शिक्षकलाई तालिम दिने, शिक्षण सामग्री निर्माण र प्रयोगमा सहयोग पुऱ्याउने तथा परीक्षा सञ्चालनमा समन्वय गर्ने कार्य गर्दथ्यो ।

### (ग) शिक्षक तालिम कार्यक्रम

गुणस्तरीय शिक्षाको प्रमुख आधार तालिम प्राप्त शिक्षा हो भन्ने कुरालाई सेती परियोजनाले आत्मसात् गरेको थियो । परियोजना कार्यान्वयन हुँदा सम्बन्धित क्षेत्रमा तालिम प्राप्त शिक्षक अत्यन्त न्यून रहेको हुँदा यस

परियोजनाले शिक्षक तालिमलाई महत्त्वका साथ अगाडि बढाएको थियो । यस परियोजनाले सञ्चालन गरेको तालिमहरूमा प्राथमिक शिक्षक आधारभूत तालिम, १० महिने शिक्षक तालिम, विद्यालय निरीक्षक तालिम, स्रोतव्यक्तिलाई तालिम, विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई समेत तालिम प्रदान गरेको थियो । यसले गर्दा विद्यालयको शैक्षिक गुणस्तरका साथै प्रशासनिक पक्षमा पनि सुधार आएको थियो ।

### (घ) साक्षरता विकास कार्यक्रम

समुदायका सम्पूर्ण अभिभावक र अन्य सदस्यलाई साक्षर नबनाईकन विद्यालय र समाज दुवैको विकास हुन नसक्ने ठहर गर्दै सेती परियोजनाले साक्षरता विकास कार्यक्रमलाई महत्त्वका साथ अगाडि बढाएको थियो । परियोजना क्षेत्रको साक्षरता दर अत्यन्त कम र महिलाको साक्षरताको अवस्था अझै दयनीय रहेको हुँदा साक्षरता विकास कार्यक्रम अपरिहार्य रहेको थियो । साक्षरता विकास गर्नका लागि यस परियोजनाले सबैभन्दा पहिले प्रौढ शिक्षा कार्यक्रम सञ्चालन गरेको थियो । प्रौढ शिक्षामा समावेश हुन नसक्ने महिलाहरूलाई महिला शिक्षा कार्यक्रम सञ्चालन गरिएको थियो । ६ देखि १२ वर्ष उमेर समूहका केटीहरू जो विद्यालय गएका छैनन् भने उनीहरूका लागि चेलीबेटी शिक्षा कार्यक्रम सञ्चालन गरिएको थियो । प्रत्येक समूहमा २० जना केटीहरू राखी एक जना तालिम प्राप्त महिला सहयोगी कार्यकर्ताद्वारा त्यस्ता केटीहरूलाई शिक्षा दिने काम गरिन्थ्यो ।

विभिन्न कार्यक्रममार्फत विकास भएको साक्षरता अभियानलाई दिगो बनाइ राख्न निरन्तर अभ्यासको खाँचो पर्ने हुँदा फुर्सदको समयमा पढ्ने व्यवस्था मिलाउन गाउँ टोलमा ग्रामीण वाचनालय (पुस्तकालय) को स्थापना गरिएको थियो । त्यस्तो वाचनालयमा धार्मिक पुस्तक, कथा, कविता, साहित्य, पत्रपत्रिका आदि राखिन्थ्यो । त्यस्ता पुस्तकको अध्ययनले साक्षरता विकासमा सहयोग पुग्ने र फुर्सदको समयको सदुपयोगसमेत हुने अपेक्षा राखिएको थियो ।

## १४.२ प्राथमिक शिक्षा परियोजना PEP (Primary Education Project)

राष्ट्रिय शिक्षा पद्धितिको योजना (नयाँ शिक्षा) २०२८ देखि २०३२ सालसम्म देशको तत्कालीन ७५ ओटै जिल्लामा कार्यान्वयन भएको थियो । यसको प्रभावकारिता पत्ता लगाउन २०३३ सालमा अद्यावधिक र २०३७ सालमा पूर्णावधिक मूल्याङ्कन गरिएको थियो । यसरी सम्पन्न पूर्णावधिक मूल्याङ्कनका क्रममा देशको प्राथमिक शिक्षामा केही समस्या भएको देखियो । विद्यार्थी भर्ना कम हुने, उत्तीर्ण हुन नसक्ने, कक्षा दोहोर्‍याउने तथा कक्षा छाड्ने जस्ता जटिल समस्या देखिएको हुँदा यस्तो समस्यालाई समाधान गर्नका लागि प्राथमिक शिक्षा परियोजना सञ्चालन गरिएको थियो ।

प्राथमिक शिक्षा परियोजना अन्तर्राष्ट्रिय विकास नियोग IDA (International Develiopment Agency), विश्व बैङ्क (World Bank) र UNICEF को संयुक्त सहयोगमा २०४१ देखि २०४५ सम्म पहिलो चरण

र २०४६ देखि ०४९ सम्म दोस्रो चरण गरी आठ वर्ष सञ्चालन भएको थियो । यस परियोजनालाई पहिलो चरणमा देशका विभिन्न छओटा जिल्लामा सञ्चालन गरिएको थियो । ती जिल्लाहरूमा झापा, धनकुटा, तनहुँ, दाङ, कास्की र सुर्खेत रहेका थिए । परियोजना सञ्चालन गर्न शिक्षा मन्त्रालयको सचिवको अध्यक्षतामा नौ सदस्यीय परियोजना कार्यान्वयन बोर्ड गठन गरिएको थियो । यसको कार्यालय शिक्षा मन्त्रालय, केशरमहल, काठमाडौँमा रहेको थियो ।

### प्राथमिक शिक्षा परियोजनाका उद्देश्यहरू

१. विद्यालयलाई आधुनिक ढङ्गले नक्साङ्कन गरी स्रोतकेन्द्रको स्थापना गर्नु

२. प्राथमिक विद्यालयका शिक्षकलाई तालिम दिनु

३. विद्यालयको निरीक्षण तथा अनुगमन प्रणालीमा सुधार ल्याउनु

४. शिक्षक निर्देशिका, शिक्षण सामग्री आदिको व्यवस्थापन गर्नु

५. विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र सदस्य एवम् अभिभावकहरूलाई तालिम दिनु

६. विद्यालय भवनको निर्माण तथा मर्मत गर्नु

७. विद्यालयको विकासमा स्थानीय समुदायको सहभागिता विकास गराउनु ।

### प्राथमिक शिक्षा परियोजनाका क्रियाकलापहरू

#### (क) स्रोतकेन्द्रको स्थापना

सेती परियोजनाबाट सुरुभएको स्रोतकेन्द्रको अवधारणालाई यस परियोजनाले पनि प्राथमिकताका साथ अगाडि बढाएको थियो । प्राथमिक शिक्षा परियोजना सञ्चालन भएका छओटै जिल्लालाई नयाँ ढङ्गले नक्साङ्कन गरी ७ देखि १५ ओटा विद्यालय रहेको क्षेत्रलाई एउटा स्रोतकेन्द्रका रूपमा विकसित गरेको थियो । स्रोतकेन्द्रअन्तर्गतको कुनै एक माध्यमिक वा निम्न माध्यमिक विद्यालयलाई स्रोतकेन्द्र मानिन्थ्यो । सोही जिल्लाका माध्यमिक तहका B.Ed उर्त्तीण स्थायी शिक्षकलाई स्रोतव्यक्तिका रूपमा जिल्ला शिक्षा कार्यालयबाट नियुक्ति गरिन्थ्यो । यस्तो शिक्षकको कारण खाली हुन आएको ठाउँमा परियोजनाले नयाँ शिक्षकको व्यवस्थापन गर्दथ्यो । स्रोतकेन्द्रको स्रोतव्यक्तिले विद्यालय निरीक्षकको भूमिकामा काम गर्नु पर्दथ्यो । स्रोतकेन्द्रलाई तालिम तथा गोष्ठी सञ्चालन गर्ने, परीक्षाको समन्वय गर्ने विद्यालयको वार्षिक कार्य तालिकाका र योजना तयार गर्ने, विद्यालयको नियमित अनुगमन तथा निरीक्षण गर्ने र स्थानीय समुदायलाई विद्यालय विकासमा समाहित हुन प्रेरित गर्ने जस्ता कार्यहरू तोकिएको थियो ।

### (ख) तालिम कार्यक्रम

विद्यायका शिक्षक, कर्मचारी तथा अन्य व्यक्तिहरूलाई तालिम दिई शिक्षाको गुणस्तर तथा प्रशासनिक सुधार गर्ने उद्देश्यले प्राथमिक शिक्षा परियोजनाले तालिमको बृहत् कार्यक्रम सञ्चालन गरेको थियो । विदेशी प्रशिक्षकहरूद्वारा नेपालीलाई तालिम दिई त्यस्ता प्रशिक्षकमार्फत विद्यालयको तल्लो तहसम्म तालिम कार्यक्रम विस्तार गरिएको थियो । यस परियोजनाले सञ्चालन गरेको तालिमहरूमा केन्द्रीय तहका कर्मचारी तालिम, स्थलगत कर्मचारी तालिम, जिल्ला स्तरीय कर्मचारी तालिम, विद्यालय व्यवस्थापन समितिका सदस्यहरूको तालिम, अनौपचारिक शिक्षासँग सम्बन्धित जनशक्तिलाई तालिम आदि सञ्चालन गरेको थियो ।

### (ग) भौतिक पूर्वाधार सुधार

प्राथमिक शिक्षा परियोजनाको अर्को महत्त्वपूर्ण उद्देश्य विद्यालयको भौतिक पूर्वाधारमा सुधार ल्याउनु रहेको थियो । विद्यालय विकासमा स्थानीय व्यक्तिको सहभागिता गराउन स्थानीय स्तरबाट ४०% र परियोजनाको तर्फबाट ६०% लगानीमा विद्यालयको भौतिक पूर्वाधार तयार गर्ने योजना ल्याइएको थियो । यस परियोजनामार्फत स्रोतकेन्द्र भवनको निर्माण, विद्यालयको भवन तथा कक्षाकोठा निर्माण तथा मर्मत, विद्यालयमा फर्निचरको प्रबन्ध, खेल मैदान तथा खानेपानी एवम् शौचालय जस्ता अति आवश्यक पूर्वाधारको निर्माण गर्ने कार्य यस परियोजाले कार्यक्रम सञ्चालन भएको छओटै जिल्लामा एकसाथ पूरा गरेको थियो ।

### (घ) अनौपचारिक शिक्षा

अनौपचारिक शिक्षाका माध्यमबाट साक्षरताको विकास गर्दै स्थानीय समुदायलाई विद्यालयको विकासमा समाहित गर्नका लागि प्राथमिक शिक्षा परियोजनाले विभिन्न कार्यक्रम सञ्चालन गरेको थियो । परियोजना सञ्चालन भएको छ ओटै जिल्लामा प्रौढ शिक्षा, महिला शिक्षा, शिक्षा सदन कार्यक्रम (८-१४ वर्षका बालबालिकालाई अनौपचारिक शिक्षामार्फत विद्यालय शिक्षामा जोडने कार्यक्रम), सामुदायिक अध्ययन केन्द्र तथा चेलीबेटी शिक्षा जस्ता कार्यक्रमलाई प्रभावकारी ढङ्गले सञ्चालन गरिएको थियो ।

## १४.३ प्राथमिक शिक्षा विकास परियोजना PEDP (Primary Education Development Project)

वि.सं. २०४२ सालमा तत्कालीन राजा वीरेन्द्रले सन् २००० (२०५७) सम्ममा नेपाली जनताको जीवनस्तर एसियाली मापदण्डअनुरूप पुऱ्याउने महत्त्वकाङ्क्षी घोषणा गरेका थिए । उक्त घोषणालाई सार्थक बनाउन प्राथमिक शिक्षाको विकासमा पनि प्रयाप्त लगानी गर्नुपर्ने भयो । पाँच वर्ष उमेर पुगेका सम्पूर्ण बालबालिकालाई विद्यालय जाने वातवरण तयार गर्नका लागि यस परियोजनाको अवधारणा आएको हो । यस कार्यलाई पूरा गर्नका लागि २०४८ सालमा एसियाली विकास बैङ्क ADB (Asian Development Bank) को सहयोगमा प्राथमिक शिक्षा विकास परियोजना सञ्चालन भएको हो । यस परियोजाको अवधि २०४८ देखि २०५२ सम्म पाँच वर्षको रहेको थियो ।

### प्राथमिक शिक्षा विकास परियोजनाका उद्देश्यहरू

१. देशभरका दुर्गम क्षेत्रका करिब १००० प्राथमिक विद्यालयका भवन पुनर्निर्माण गर्ने

२. शिक्षकहरूलाई तालिम दिन शैक्षिक जनशक्ति विकास केन्द्र तथा प्राथमिक शिक्षक तालिम केन्द्र स्थापना गर्ने

३. तालिमका लागि पाठ्यक्रम र पाठ्यसामग्री तयार गर्ने

४. विद्यालयका प्रधानाध्यापक, विद्यालय निरीक्षक, विद्यालयका शिक्षकहरूलाई तालिम दिने

५. प्राथमिक शिक्षकका लागि योग्य जनशक्ति तयार गर्न शिक्षाशास्त्र सङ्कायलाई सहयोग गर्ने

६. पूर्व सेवाकालीन तालिमका लागि नीति बनाई कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने

७. परियोजनाको उपलब्धि मूल्याङ्कन गर्ने ।

### प्राथमिक शिक्षा विकास परियोजनाको क्रियाकलापहरू

प्राथमिक शिक्षा विकास परियोजनले आफूले निर्धारण गरेका उद्देश्यमा केन्द्रित भएर कार्यक्रमहरू सञ्चालन गरेको थियो । दुर्गम क्षेत्रको १००० प्राथमिक विद्यालयको भवन निर्माण गर्ने योजना भए तापनि थप ५०० सहित देशभर १५०० ओटा प्राथमिक विद्यालयको भवन निर्माण गरेको थियो ।

शिक्षकहरूलाई तालिम दिनका लागि भक्तपुरको सानोठिमीमा शैक्षिक जनशक्ति विकास केन्द्रको केन्द्रीय कार्यालय स्थापना गरी देशको विभिन्न भागमा प्राथमिक शिक्षक तालिम केन्द्र स्थापना गरेको थियो । यस परियोजनाअन्तर्गत स्थापना गरिएका प्राथमिक शिक्षक तालिम केन्द्रहरूलाई हाल शैक्षिक तालिम केन्द्र भनी नामकरण गरिएको छ । हाल यी तालिक केन्द्रहरू सात प्रदेशमा एक एकओटा गरी जम्मा सातओटा रहेका छन् ।

शैक्षिक जनशक्ति विकास केन्द्रले स्थापना कालमा प्राथमिक शिक्षकहरूलाई १० महिने पूर्व सेवाकालीन र सेवाकालीन तालिम सञ्चालनका लागि नीति तयार गर्न नेपाल सरकारलाई सहयोग पुऱ्याएको थियो । त्यस्तै गरी शैक्षिक जनशक्ति विकास केन्द्रमार्फत उच्च स्तरीय जनशक्ति निर्माण गर्न विभिन्न तालिमहरू सञ्चालन गरिएको थियो । शैक्षिक जनशक्ति विकास केन्द्रले स्थापना कालमा प्राथमिक शिक्षकहरूलाई १० महिने पूर्व सेवाकालीन र सेवाकालीन तालिम सञ्चालनका लागि नीति तयार गर्न नेपाल सरकारलाई सहयोग पुऱ्याएको थियो ।

त्यस्तै गरी त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायबाट B.Ed पूरा गर्ने विद्यार्थीको क्षमता विकास गर्नसमेत सहयोग पुऱ्याएको थियो । हालको शैक्षिक प्रशासनको संरचनामा शैक्षिक तालिम केन्द्रहरू प्रदेशअन्तर्गत रहेको छन् भने साविकको शैक्षिक जनशक्ति विकास केन्द्र, शिक्षा विभाग र अनौपचारिक शिक्षा केन्द्र एकीकृत भई शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतको सङ्घीय निकायका रूपमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र रहेको छ ।

## अभ्यास

१. **तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :**

(क) सेती परियोजना कहिले सुरु भएको थियो ?

(ख) हाल नेपालमा शैक्षिक तालिम केन्द्रहरू कतिओटा छन् ?

(ग) प्रारम्भिक शिक्षा कार्यक्रम कसको सहयोगमा सम्बन्धित कार्यक्रम हो ?

२. **तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :**

(क) सेती परियोजनाका उद्देश्यहरू के के थिए ?

(ख) प्राथमिक शिक्षा परियोजनाको सञ्चालन भएका जिल्लाहरूको नाम लेख्नुहोस् ।

(ग) शैक्षिक जनशक्ति विकास केन्द्र कुन परियोजनाअन्तर्गत स्थापना भएको हो ? यसका कार्यहरू के के थिए, प्रस्तुत गर्नुहोस् ।

३. **तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :**

(क) सेती परियोजनाअन्तर्गत सञ्चालन गरिएका कार्यक्रमहरू प्रस्तुत गर्नुहोस् ।

(ख) प्राथमिक शिक्षा परियोजनाका उद्देश्यहरू उल्लेख गनुहोस् ।

(ग) प्राथमिक शिक्षा विकास परियोजनाको क्रियाकलाप तथा योगदानहरूको चर्चा गर्नुहोस् ।

४. **प्रयोगात्मक क्रियाकलाप**

आफ्नो गाउँ वा नगरभित्रका कुनै पाँचओटा विद्यालयको अवलोकन गरी ती विद्यालयहरूमा भौतिक निर्माण, शिक्षक तालिम, शिक्षण सिकाइ, परीक्षा र मूल्याङ्कनको सुधारका लागि कुन कुन निकायहरूले के के सहयोग गरेका रहेछन्, पत्ता लगाउनुहोस् र यससम्बन्धी प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

# एकाइ १५ नेपालका शैक्षिक प्रशासनसम्बद्ध निकायहरू
## (Agencies Related to Educational Administration in Nepal)

### १५.१ शिक्षा प्रशासनसम्बद्ध निकायको परिचय र कार्यहरू (Introduction and Functions of Agencies Related to Educational Adm)

विद्यालय तहदेखि विश्वविद्यालय तहसम्म शैक्षिक विकासको योजना गर्न र प्रशासनिक कार्यहरू सम्पन्न गर्नका लागि केन्द्रदेखि स्थानीय तहसम्म विभिन्न शैक्षिक निकायहरू स्थापना गरिएको छ । केन्द्रीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ भने स्थानीय तहमा गाउँ वा नगर शिक्षा कार्यालय र स्रोतकेन्द्रहरू रहेका छन् । यस्ता नियकाहरूले कानुनले तोकेबमोजिम आफ्ना कार्यहरू सम्पन्न गरिरहेका हुन्छन् ।

**(क) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय** (Ministry of Education, Science and Technology)

नेपालको संविधानले व्यवस्था गरेबमोजिम शैक्षिक प्रशासनको उच्चतम निकायका रूपमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको संरचना तयार गरेको छ । मन्त्रालयले देशभरका लागि शिक्षा नीति तय गर्न, बजेटको व्यवस्थापन गर्ने, जनशक्ति परिचालन गर्ने जस्ता महत्त्वपूर्ण कार्यहरू सम्पन्न गर्दछ । देशलाई कस्ता जनशक्ति कति आवश्यक छ पत्ता लगाई त्यस्तो जनशक्ति उत्पादन गर्ने आधारभूत तहदेखि विश्वविद्यालय तहसम्म शिक्षाको रूपरेखा तयार गर्ने काम मन्त्रालयले गर्दछ ।

प्रतिनिधिसभाको निर्वाचित सदस्यमध्येबाट प्रधानमन्त्रीले एक जना सदस्यलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीका रूपमा नियुक्ति गर्दछन् । मन्त्रालयको प्रशासनिक कार्य सञ्चालन गर्न नेपाल सरकारको राजपत्राङ्कीत विशिष्ट श्रेणीका कर्मचारीलाई सचिवका रूपमा जिम्मेवारी दिएको हुन्छ । मन्त्रालयका कार्यहरूलाई व्यवस्थित तवरले सम्पादन गर्न महाशाखा गठन गरिएको हुन्छ । त्यस्ता महाशाखा राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिवको नेतृत्वमा सञ्चालन गरिएको हुन्छ । त्यस्ता महाशाखाअन्तर्गत आवश्यकताअनुसार उपसचिव, शाखा अधिकृतलगायत अन्य कर्मचारीको व्यवस्थापन गरिएको हुन्छ । मन्त्रालयमा हाल प्रशासन, प्राविधिक तथा व्यावसायिक शिक्षा, विद्यालय शिक्षा, उच्च शिक्षा, योजना तथा अनुगमनलगायत सातओटा महाशाखा रहेका छन् । मन्त्रालयअन्तर्गत शिक्षा तथा मानव स्रोत विकास केन्द्र (Centre for Education and Human Resources Department), पाठ्यक्रम विकास केन्द्र (Curriculum Development Center) र शैक्षिक गुणस्तर परीक्षण केन्द्र (Educational Review Office) जस्ता विभागीय कार्यालयहरू सञ्चालनमा रहेका छन् ।

### शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका कार्यहरू

१. मन्त्रालयले शिक्षाको राष्ट्रिय नीति तयार गर्ने, उक्त नीतिअनुरूप योजना तयार गरी कार्यान्वयनका लागि निर्देशन दिने

२. आधारभूत विद्यालयदेखि विश्वविद्यालय तहसम्म सञ्चालन हुने विभिन्न प्रकारका शिक्षाको नीति तयार गरी कार्यान्वयन गराउने

३. शिक्षा विकासका लागि आवश्यक बजेटको व्यवस्थापन गर्ने

४. देशभर सञ्चालनमा रहेको शैक्षिक कार्यक्रमको अनुगमन, मूल्याङ्कन र निर्देशन दिने

५. शिक्षा विकासका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय निकायहरूसँग समन्वय गर्ने

६. विज्ञान तथा प्रविधि विकासको आधार तयार गर्न योजना बनाउने

७. विद्यालयका शिक्षकदेखि विभिन्न कर्मचारीहरूको साङ्गठनिक स्वरूप निर्धारण गर्ने

८. शैक्षिक विकासका लागि आवश्यक कानुन तथा नियमावली तयार गरी संसद्मा पेस गर्ने

९. राज्यमा सञ्चालित शिक्षाको स्तर निर्धारण गरी अन्तर्राष्ट्रिय शैक्षिक संस्थासँग समन्वय गर्ने ।

### (ख) शिक्षा तथा मानव स्रोत विकास केन्द्र (Centre for Education and Human Resources Department)

शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत रहने केन्द्रीय स्तरको कार्यालय हो । साबिकको शिक्षा विभाग, अनौपचारिक शिक्षा केन्द्र र शैक्षिक जनशक्ति विकास केन्द्रको एकीकृत रूप नै शिक्षा तथा मानव स्रोत विकास केन्द्र हो । सहसचिव स्तरको अधिकृतले यस केन्द्रको महानिर्देशकका रूपमा नेतृत्व गरेको हुन्छ । महानिर्देशकको नेतृत्वमा उपमहानिर्देशक, निर्देशक तथा अधिकृत र अन्य कर्मचारीहरू रहेका हुन्छन् । यस केन्द्रको कार्यालय सानोठिमी भक्तपुरमा रहेको छ । केन्द्रको काम कर्तव्य र अधिकारहरू निम्नानुसार तोकिएको छ :

१. विद्यालय शिक्षाको विकासका लागि विभिन्न निकायसँग समन्वय गर्ने

२. शिक्षासम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धता र सम्झौताअनुरूप विभिन्न योजनाहरूको कार्यान्वयन गर्ने

३. मानव संसाधनको प्रक्षेपण, योजना तयार गरी कार्यक्रम सञ्चालन गर्ने

४. शिक्षाको गुणस्तर सुधार गर्नका लागि अध्ययन अनुसन्धान गर्ने गराउने तथा राष्ट्रिय गुणस्तर मापदण्ड निर्धारण गर्ने

५. प्रदेश स्थानीय तहका शैक्षिक निकायहरूलाई सहजीकरण गर्ने

६. विद्यालय शिक्षाको न्यूनतम भौतिक पूर्वाधारको मापदण्ड तयार गरी निर्माणका लागि सहजीकरण गर्ने

७. अनिवार्य आधारभूत शिक्षा कार्यान्वयनमा सहजीकरण गर्ने

८. शिक्षक व्यवस्थापन तथा विकासका लागि मापदण्ड तयार गरी सहजीकरण गर्ने

९. शिक्षा विकासको निमित्त सञ्चालित योजनाहरूको अनुगमन गर्ने गराउने

१० विद्यालयहरूलाई सूचना प्रविधि मैत्री बनाई आधुनिकीकरण गर्न सहजीकरण गर्ने

११. विद्यालय प्रशासनलाई आधुनिक एवम् वैज्ञानिक ढङ्गले अगाडि बढ्न प्रेरित गर्ने

१२. विद्यालय शिक्षाका लागि आवश्यक आर्थिक सहयोगको प्रबन्ध गर्ने

१३. अनौपचारिक शिक्षा विकासको योजना बनाई प्रभावकारी कार्यान्वयन गर्ने गराउने

१४. जीवनपर्यन्त शिक्षा र वैकल्पिक शिक्षालाई व्यापक बनाई साक्षरताको विकास गराउने

१५. मन्त्रालयले तोकेको कार्यहरू सम्पन्न गर्ने ।

### (ग) पाठ्यक्रम विकास केन्द्र (Curriculum Development Centre)

नेपालमा राष्ट्रिय शिक्षा पद्धतिको योजनाको प्रतिवेदन २०२८ कार्यान्वयनमा आएसँगै २०२८ सालमा पाठ्यक्रम विकास केन्द्रको स्थापना भएको हो । यसको कार्यालय सानोठिमी भक्तपुरमा रहेको छ । यस प्राज्ञिक केन्द्रले देशभरका विद्यालयमा आवश्यक पर्ने सबै कक्षाहरूका सम्पूर्ण विषयको पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको निर्माण तथा विकास गर्ने काम गर्दछ । सिकाइ सहजीकरण क्रियाकलापको बृहत् योजना पाठ्यक्रम हो । यसमा उद्देश्य, विषयवस्तु, शिक्षण विधि तथा मूल्याङ्कनका सम्पूर्ण प्रक्रियाको योजनाबद्ध रूपरेखा तयार गरिएको हुन्छ । यिनै योजनाका आधारमा पाठ्यपुस्तक तयार गर्ने काम पाठ्यक्रम विकास केन्द्रले गर्दछ ।

पाठ्यक्रम विकास केन्द्रको नेतृत्व शिक्षा सेवाको राजपत्राङ्कित प्रथम श्रेणीका महानिर्देशकले गर्दछन् । यस केन्द्रमा योजना तथा कार्यक्रम, भाषा शिक्षा, गणित तथा विज्ञान, सामाजिक अध्ययन, व्यावसायिक शिक्षा, कानुन, मानविकी, वाणिज्य र व्यवस्थापन, प्रारम्भिक बालशिक्षा तथा वैकल्पिक शिक्षा, मान्यता समकक्षता र मूल्याङ्कन, समन्वय तथा प्रकाशन शाखालगायत ११ ओटा शाखाहरू रहेका छन् । आर्थिक प्रशासन बाहेकका सबै शाखाहरूमा राजपत्राङ्कित द्वितीय श्रेणीको कर्मचारीले निर्देशकका रूपमा शाखाको नेतृत्व गर्दछन् । शाखाअन्तर्गत विभिन्न विषयका पाठ्यक्रम अधिकृतलगायतका कर्मचारी रहन्छन् ।

यस केन्द्रले विभिन्न विषयसँग सम्बन्धित शाखाहरूमार्फत विषयगत रूपमा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री विकास र कार्य सम्पादन गर्दछ । निर्माण र संशोधन गर्न साथै केन्द्रले सम्बन्धित विषयका विज्ञहरूको सूची बनाई सोही सूचीअनुसार आवश्यक सहयोग लिई पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गर्दछ ।

## पाठ्यक्रम विकास केन्द्रका कार्यहरू

१. विद्यालयको सम्पूर्ण कक्षालाई आवश्यक पर्ने पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको निर्माण, परिमार्जन र सुधार गर्ने

२. पाठ्यक्रम सुधार र परिमार्जनका लागि गोष्ठी तथा कार्याशाला सञ्चालन गर्ने

३. पाठ्यक्रम तथा पाठ्यपुस्तकको सान्दर्भिकता प्रभावकारिता आदि पत्ता लगाउन अनुसन्धान सञ्चालन गर्ने

४. पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयनको अनुगमन गर्ने

५. शिक्षण कार्यमा सहयोग पुग्ने सन्दर्भसामग्रीको सूची तयार गरी स्वीकृत गर्ने

६. हरेक विषयको शिक्षक निर्देशिका तयार गरी विद्यालयसम्म पठाउने

७. पाठ्यक्रम र पाठ्यपुस्तक कार्यान्वयन हुन पूर्व सरोकारवाला व्यक्ति, जस्तै : शिक्षक, प्रधानाध्यपक, शिक्षा अधिकृत, विद्यालय निरीक्षक आदिलाई आवश्यक अभिमुखीकरण, प्रबोधीकरण तथा निर्देशन दिने

८. सम्पूर्ण विद्यालयका लागि राष्ट्रिय पाठ्यक्रम पारूप तयार गर्ने

९. मातृभाषामा पढाइ हुने विद्यालयका लागि मातृभाषामा पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गर्ने

१०. स्थानीय तह, प्रदेश तथा जिल्लामासम्बद्ध निकायहरूलाई स्थानीय पाठ्यक्रम तयार गर्न आवश्यक प्राविधिक सहयोग पुऱ्याउने

१२. पाठ्यक्रम र पाठ्यपुस्तकसम्बन्धी भावी योजना र नीति तयार गर्ने ।

## (घ) शैक्षिक गुणस्तर परीक्षण केन्द्र (Education Review Office) ERO

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत रहने गरी शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना ०६७ सालमा भएको हो । यस केन्द्रको कार्यालय सानोठिमी भक्तपुरमा रहेको छ । यस केन्द्रले सम्पूर्ण सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर पत्ता लगाउने र आवश्यक सुधारका लागि सुझाव नेपाल सरकारलाई दिने काम गर्दछ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले हरेक वर्ष सार्वजनिक गरेको गुणस्तर प्रतिवेदनका आधारमा नीति तथा योजना तयार गरी देशभर शैक्षिक कार्यहरू सञ्चालन गरेको हुन्छ ।

यस केन्द्रमा नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव स्तरको महानिर्देशकले नेतृत्व गरेको हुन्छ । आवश्यकताअनुसार उपसचिव, शाखा अधिकृत तथा अन्य कर्मचारीहरू कार्यरत रहन्छन् । आधारभूत

तहदेखि माध्यमिक तहसम्मको शिक्षाको गुणस्तर पत्ता लगाउन यस केन्द्रले शिक्षा क्षेत्रका अनुभवी व्यक्ति तथा सङ्घसंस्थाको सहयोगमा उपलब्धि परीक्षा, कार्यकुशलता परीक्षण, प्रारम्भिक तहका विद्यार्थीहरूको पढाइ क्षमता आदिको परीक्षण गर्दछ । हरेक वर्ष देशभरका विद्यालयलाई नमुना छनोट गरी उपरोक्त परीक्षणहरू विभिन्न विषयमा केन्द्रित रही सञ्चालन गर्दछ ।

### शैक्षिक गुणस्तर परीक्षण केन्द्रका कार्यहरू

१. विद्यालय तहको गुणस्तर परीक्षणका लागि विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षा NASA (National Assessment of Student Achivement) सञ्चालन गर्ने

२. विद्यालयहरूको कार्यकुशलता परीक्षण (Performance Audit) सञ्चालन गर्ने

३. प्रारम्भिक बाल विकास तहका बालबालिकाहरूको पढाइ क्षमताको परीक्षण (Early Grade Reading Assessment) सञ्चालन गर्ने

४. विद्यालय शिक्षाको विभिन्न विषय र सवालहरूमा अध्ययन तथा अनुसन्धान सञ्चालन गर्ने

५. पूर्व बाल सिकाइ कार्यक्रमको विकासका लागि कार्यक्रम सञ्चालन गर्ने

६. विद्यालय शिक्षा विकासका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई आवश्यक सुझाव दिने ।

### (ङ) विद्यालय शिक्षक किताबखाना ( Office of the School Teachers Record)

देशभर सञ्चालनमा रहेका सामुदायिक विद्यालयमा अध्यापनरत शिक्षकहरूको अभिलेख राख्ने र सेवा निवृत्त भएपछि निवृत्तिभरण तथा उपदान उपलब्ध गराउने जिम्मेवारी विद्यालय शिक्षक किताबखानाको रहेको छ । यसको कार्यालय काठमाडौँको ताहचलमा रहेको छ । विद्यालय शिक्षक किताबखानाको स्थापना २०५४ सालमा भएको हो । विद्यालयको आधारभूत तहदेखि माध्यमिक तहसम्मका शिक्षकहरूको सेवा अवधिभरको अभिलेख राखी सेवाको अन्त्यमा निवृत्तभरण तथा उपदान दिने कार्य यस कार्यालयले गर्दछ । यस कार्यालयलमा दुईओटा शाखा रहेको हुन्छ । यसअन्तर्गत अभिलेख शाखा र निवृत्तिभरण शाखा पर्दछन् । देशका जुनसुकै भागबाट सेवा निवृत्त भई पदमुक्त भएको शिक्षकहरूले यस कार्यालयबाट आफ्नो अभिलेख तयार गरी जीवनभर आफूलाई पायक पर्ने बैङ्कमार्फत निवृत्तिभरण (पेन्सन) पाउने व्यवस्था मिलाइएको हुन्छ ।

### विद्यालय शिक्षक किताबखानाका कार्यहरू

१. सम्पूर्ण तहका शिक्षकहरूको सेवा अवधिको अभिलेख अद्यावधिक गर्ने

२. शिक्षकको निवृत्तिभरण र उपदानको व्यवस्था गर्ने

३. हरेक जिल्लाबाट सम्पूर्ण शिक्षकको विवरण माग गरी अभिलेख तयार गर्ने

४. शिक्षक आफ्नो सेवाबाट अनिवार्य अवकाश पाउनुभन्दा छ महिना पहिले सम्बन्धित विद्यालय र शिक्षकलाई जानकारी गराउने

५. निवृत्तिभरण कोष सञ्चालन गर्ने

६. शिक्षकको वार्षिक तलबी प्रतिवेदन पास गर्ने

७. सम्पूर्ण शिक्षकको सेवा अवधि गणना गर्ने

८. मन्त्रालय र विभागबाट प्राप्त निर्देशनको पालन गर्ने ।

## (च) शिक्षक सेवा आयोग (Teacher Service Commission) TSC

देश भरका सामुदायिक विद्यालयका शिक्षकहरूको छनोट, सिफारिस तथा बढुवा गर्नका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत रहने गरी शिक्षक सेवा अयोगको गठन गरिएको हो । आयोगले योग्यता पूरा गरेका उम्मेदवारहरूलाई परीक्षामा समावेश गरी अध्यापन अनुमतिपत्र प्रदान गर्दछ । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ को प्रतिवेदनले सिफारिस गरेअनुसार शिक्षा ऐन २०२८ लाई छैटौँ संशोधन गरी शिक्षक सेवा आयोगको गठन २०५६ सालमा भएको हो । शिक्षा ऐन २०२८ को सातौँ संशोधनपछि आयोगको गठन भई यसले आफ्नो कार्य सुरु गरेको हो । यस आयोगले साविकको प्राथमिक तहदेखि माध्यमिक तहसम्मका सम्पूर्ण शिक्षकहरूको नियमअनुसार बढुवा गर्ने, रिक्त शिक्षक पदका लागि परीक्षा सञ्चालन गरी छनोट र सिफारिस गर्ने कार्य गर्दछ । शिक्षकको अध्यापन अनुमतिपत्र वितरण गर्ने जिम्मेवारी यस आयोगको रहेको छ ।

शिक्षक सेवा आयोगको कार्यालय सानोठिमी भक्तपुरमा रहेको छ । तीन सदस्य रहने आयोगमा एक जना अध्यक्ष र एक जना महिलासहित दुई जना सदस्यहरू रहेका हुन्छन् । लोकसेवा आयोगको अध्यक्षको अध्यक्षतामा त्रिभुवन विश्वविद्यालयका उपकुलपति, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सचिव रहेको तीन सदस्यीय टोलीले शिक्षक सेवा आयोगको अध्यक्ष र सदस्यको छनोट गर्दछ ।

शिक्षक सेवा आयोगका लागि आवश्यक कर्मचारी नेपाल सरकारले आवश्यकताअनुसार व्यवस्थापन गर्दछ । आयोगका कर्मचारीमध्येको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत कर्मचारीले सेवा आयोगको सचिव भई कार्य गर्दछ । आयोगको दैनिक कार्य सञ्चालन गर्न विज्ञापन तथ्याङ्क आर्थिक प्रशासन, अन्तरवार्ता तथा सिफारिस, प्रशासन तथा अनुगमन शाखा गठन गरिएका छन् ।

### शिक्षक सेवा आयोगको कार्यहरू

१. आधारभूत तहदेखि माध्यमिक तहसम्मका सम्पूर्ण शिक्षकहरूको स्थायी नियुक्ति तथा बढुवाका लागि सिफारिस गर्ने

२. विद्यालयमा अध्यापन गर्न चाहने व्यक्तिहरूलाई आवश्यक प्रक्रिया पुऱ्याई अध्यापन अनुमति पत्र दिने

३. अध्यापन अनुमति पत्र तथा शिक्षक छनोट परीक्षाका लागि आवश्यक पाठ्यक्रम तयार गर्ने र परीक्षासम्बन्धी कार्य गर्ने

४. शिक्षकको सेवा सर्त र सुविधासम्बन्धी विषयमा मन्त्रालयलाई सुझाव दिने

५. मौजुदा शिक्षा ऐन तथा नियमावलीबमोजिम आयोगले पूरा गर्नुपर्ने काम कारबाहीको विषयमा आवश्यकताअनुसार निरीक्षण तथा जाचबुझ गर्ने ।

## (छ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (Council for Technical Education and Vocational Training) CTEVT

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् CTEVT (Council for Teachnical Education and Vocational Training) को स्थापना २०४५ सालमा भएको हो । नेपाल सरकारद्वारा सञ्चालित यो एउटा स्वायत्त शैक्षिक संस्था हो । देशलाई आवश्यक पर्ने मध्यम जनशक्तिको उत्पादन गर्ने उद्देश्यले यस परिषद्को स्थापना भएको हो । औपचारिक शिक्षाबाट कक्षा १० पूरा गरेका र गर्न नसकेका विद्यार्थीहरूलाई विभिन्न क्षेत्रको व्यावसायिक तालिम प्रदान गरी स्वरोजगारको विकास गर्न वा रोजगारीको अवसर सिर्जना गर्न यस परिषद्ले सहयोग पुऱ्याउँछ । कृषि, विद्युत्, इन्जिनियरिङ, स्वास्थ्य तथा अन्य विषयमा CTEVT मा अध्यापन हुने गर्दछ । १५ महिनादेखि ३ वर्षको पाठ्यक्रम तयार गरी विद्यार्थीलाई व्यावसायिक तालिम प्रदान गर्ने हुनाले कक्षा १० उत्तीर्ण विद्यार्थीको रुचि यस्ता कार्यक्रममा हुने गरेको देखिन्छ ।

यस परिषद्को अध्यक्षता शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीले गर्दछन् । दैनिक प्रशासनिक कार्य पूरा गर्न कार्यकारी प्रमुखका रूपमा नेपाल सरकारले उपाध्यक्षको नियुक्ति गरेको हुन्छ । विभिन्न क्षेत्रका व्यक्तिहरूलाई समेटेर परिषद् गठन गरिन्छ भने CTEVT को वरिष्ठ कर्मचारीलाई सदस्य सचिवको भूमिका दिइएको हुन्छ । भक्तपुरको सानोठिमीमा केन्द्रीय कार्यालय रहेको यस परिषद्ले सम्बन्धन दिएर देशभर प्राविधिक शिक्षालय खुलेका हुन्छन् ।

### प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का कार्यहरू

१. प्राविधिक तथा व्यावसायिक शिक्षा नीति तयार गरी कार्यान्वयन गर्ने

२. देशलाई आवश्यक पर्ने मध्यमस्तरको प्राविधिक जनशक्ति तयार गर्न प्राविधिक शिक्षा विकासको योजना तयार गर्ने

३. निजी तथा सङ्घसंस्थाबाट रीतपूर्वक प्राविधिक विद्यालय सञ्चालन गर्न माग भई आएमा आवश्यक प्रक्रिया पूरा गरी अनुमति दिने

४. आफ्नो सम्बन्धनमा सञ्चालन भएको प्राविधिक शिक्षालयको नियमित अनुगमन गर्ने

५. आफूले सञ्चालन गरेका कार्यक्रमको पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य सामग्री निर्माण गर्ने

६. CTEVT मार्फत सञ्चालित कार्यक्रमहरूको परीक्षासम्बन्धी सम्पूर्ण कार्य पूरा गर्ने

७. अध्ययन तथा तालिम पूरा गर्ने विद्यार्थीलाई प्रमाणपत्र प्रदान गर्ने

८. प्राविधिक तथा व्यावसायिक तालिमसम्बन्धी तालिम सञ्चालन गर्ने

९. सिपको वर्गीकरण, परीक्षण तथा प्रमाणिकरणसम्बन्धी व्यवस्था गर्ने गराउने

१०. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरूको क्षेत्र र स्तर निर्धारण गर्ने

११. नेपाल सरकारलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तलिमका लागि आवश्यक सुझाव दिने

१२. नेपाल सरकारको पूर्वस्वीकृति लिई स्वदेशी तथा विदेशी सङ्घसंस्थासँग सम्झौता गरी कार्यक्रम सञ्चालन गर्ने ।

## (ज) राष्ट्रिय परीक्षा बोर्ड (National Examination Board)

शिक्षा ऐन २०२८ को आठौँ संशोधनले विद्यालय संरचना परिवर्तन गरी कक्षा १ देखि ८ सम्म आधारभूत र कक्षा ९ देखि १२ सम्म माध्यमिक तह भनी परिभाषित गरेको छ । आधारभूत तहको परीक्षा सञ्चालन गर्ने काम स्थानीय तह वा गाउँ र नगर शिक्षा कार्यालयले गर्छ भने माध्यमिक तहको परीक्षा राष्ट्रिय परीक्षा बोर्डले सञ्चालन गर्छ । यसभन्दा अगाडिको उच्च माध्यमिक शिक्षा परिषद्अन्तर्गतको परीक्षा नियन्त्रण कार्यालय र साविकको विद्यालय परीक्षा हेर्ने परीक्षा नियन्त्रण कार्यालयलाई एकीकृत गरी राष्ट्रिय परीक्षा बोर्डको गठन गरिएको छ । यस बोर्डले कक्षा ९ देखि १२ सम्मको परीक्षा सञ्चालन, व्यवस्थापन र प्रमाण पत्रको विवरण गर्ने काम गर्छ । यस राष्ट्रिय परीक्षा बोर्डको स्थापना २०७४ सालमा भएको हो । यस बोर्डअन्तर्गत कक्षा १० को अन्त्यमा हुने एसइई परीक्षा र कक्षा ११/१२ को अन्तिम परीक्षा सञ्चालन भइरहेको छ । माध्यमिक तहको नयाँ पाठ्यक्रम लागु भएपछि कक्षा १२ को अन्त्यमा एस. एल. सी. परीक्षा सञ्चालन गर्ने तयारी भइरहेको छ ।

माध्यमिक शिक्षा परीक्षाको सञ्चालन, समन्वय र व्यवस्थापन गर्न निम्नअनुसारको राष्ट्रिय परीक्षा बोर्ड गठन गरिन्छ ।

१. मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको र शिक्षा तथा परीक्षासम्बन्धी क्षेत्रमा कम्तीमा १२ वर्षको अनुभव प्राप्त व्यक्तिहरू मध्येबाट नेपाल सरकारले नियुक्त गरेको व्यक्ति ..................................................................अध्यक्ष

२. शिक्षा, विज्ञान तथा प्राविधिक मन्त्रालयका सचिव...........................................उपाध्यक्ष

३. महानिर्देशक शिक्षा तथा मानव स्रोत विकास केन्द्र............................................ सदस्य

४. शिक्षा, विज्ञान तथा प्राविधि मन्त्रालयको सहसचिव (विद्यालय हेर्ने) ......................सदस्य

५. महानिर्देशक पाठ्यक्रम विकास केन्द्र .......................................................सदस्य

६. सदस्य सचिव प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् ...........................सदस्य

७. परीक्षा नियन्त्रक त्रिभुवन विश्वविद्यालय ....................................................सदस्य

८. प्राध्यापन, शिक्षा तथा परीक्षा क्षेत्रमा कम्तीमा १० वर्षको अनुभव प्राप्त गरी विशेषज्ञता हासिल गरेको व्यक्तिमध्येबाट बोर्डले मनोनित गरेको कम्तीमा दुई जना महिलासहित तीन जना ....................... .....................................................................सदस्य

९. सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट कम्तीमा १ जना महिलासहित मन्त्रालयले मनोनित गरेको दुई जना ..................................सदस्य

१०. नेपाल सरकार शिक्षा सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत वा बोर्डको बरिष्ठ कर्मचारीहरू मध्येबाट मन्त्रालयले तोकेको कर्मचारी ................................सदस्य सचिव

यसरी गठन भएको १३ सदस्य रहेको राष्ट्रिय परीक्षा बोर्डको मनोनित सदस्यहरूको पदावधि ४ वर्षको हुने छ भने अन्य पदेन सदस्यहरूको पदावधि आफ्नो पदमा वहाल रहुन्जेल रहने व्यवस्था गरेको छ ।

## राष्ट्रिय परीक्षा बोर्डका काम कर्तव्य र अधिकार

१. मन्त्रालयले स्वीकृत गरेको परीक्षासम्बन्धी नीतिको अधीनमा रही बोर्डको नीति निर्धारण गरी कार्यान्वयन गर्ने गराउने

२. बोर्डको दीर्घकालीन योजना तयार गरी कार्यान्वयन गर्ने गराउने

३. बोर्डको दीर्घकालीन योजना तयार गरी कार्यान्वयन गर्ने गराउने

४. विद्यालय शिक्षा परीक्षाको मर्यादा र गुणस्तर कायम भए नभएको सम्बन्धमा मूल्याङ्कन गर्ने गराउने

५. बोर्डको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने

६. बोर्डको काम सुचारु रूपले सञ्चालन गर्न आवश्यक आर्थिक स्रोत जुटाउने

७. बोर्डको आवधिक तथा वार्षिक प्रतिवेदन मन्त्रालयमा बुझाउने

८. नेपाल सरकारले तोकेबमोजिमका अन्य कार्य गर्ने ।

## अभ्यास

१. तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् :

(क) शिक्षक नियुक्तिको सिफारिस कुन निकायले गर्दछ ?

(ख) शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना कहिले भएको हो ?

(ग) राष्ट्रिय परीक्षा बोर्डमा कति जना सदस्य रहेका हुन्छन् ?

(घ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को स्थापना कहिले भएको हो ?

२. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :

(क) शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका कुनै पाँचओटा कार्यहरू लेख्नुहोस् ।

(ख) पाठ्यक्रम विकास केन्द्रका कुनै तीनओटा कार्यहरू उल्लेख गर्नुहोस् ।

(ग) शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यहरू लेख्नुहोस् ।

(घ) शिक्षक सेवा आयोगको परिचय दिनुहोस् ।

३. तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :

(क) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको परिचय दिई शिक्षा प्रशासनको उच्च निकायका रूपमा यस मन्त्रालयको भूमिका वर्णन गर्नुहोस् ।

(ख) प्राविधिक शिक्षा तथा व्यवासयिक तालिम परिषद्को परिचय दिई यसका कार्यहरू लेख्नुहोस् ।

(ग) राष्ट्रिय परीक्षा बोर्डका कार्यहरू उल्लेख गर्नुहोस् ।

४. प्रयोगात्मक क्रियाकलाप

१. आफू अध्ययनरत गाउँ वा नगरपालिकाको वडाअन्तर्गत रहेका विद्यालमा अध्यापनरत शिक्षकहरूको अध्यापन अनुमति पत्र, पद, स्थायी, अस्थायी आदिको विवरण पत्ता लगाई छोटो प्रतिवेदन तयार गर्नुहोस् ।

२. पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित माध्यमिक तहका पाठ्यपुस्तकहरूका राम्रा पक्ष र सुधार गर्नुपर्ने पक्षको अध्ययन गरी सुझावसहितको प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।